कंगना भन्छिन्-
'सन्तानलाई यौन सिकाउनुस्' । १०



एस्टर वर्ष खेलाडी
तेस्रो ऋापा स्पोर्टस् अवार्ड । १९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २२५ काठमाडौं | १४ असोज २०७६ मंगलबार आश्विन शुक्लपक्ष तृतीया | नेपाल संवत् ११३९ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 1, 2019 | पृष्ठ १२+८+८ | १० रुपैयाँ

खुलामै शौच, हचुवामा घोषणा

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्ड नै पूरा नगरी मुलुकलाई दक्षिण एसियामै पहिलो 'खुला दिसामुक्त राष्ट्र' घोषणा गरेको छ । सरकारी तथ्यांकहरूअनुसार मुलुकमा १ करोड ४८ लाख ५० हजारभन्दा बढी घरपरिवार रहेकामा करिब ५६ लाख ६० हजार मात्र शौचालय छन् ।

■ **दीपेन्द्र तिष्ट** (काठमाडौं)

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्डसमेत पूरा नगरी मुलुकलाई 'खुला दिसामुक्त राष्ट्र घोषणा' गरेको छ। ०६८ मा 'एक घर एक चर्पी' नारासहित सुरु गरिएको खुला दिसामुक्त घोषणा अभियान ८ वर्षपछि पूरा भएको दाबी सरकारले सोमबार गरेको हो। दक्षिण एसियामै खुला दिसामुक्त घोषणा गर्ने नेपाल पहिलो मुलुक भएको दाबी सरकारको छ।

सरकारी निकायहरूले सार्वजनिक गरेका तथ्यांकले भने 'एक घर एक चर्पी' को लक्ष्य र पूर्ण सरसफाइका मापदण्ड पूरा नभएको देखाएका छन्। खानेपानी विभागले उपलब्ध गराएको पछिल्लो तथ्यांकअनुसार हाल मुलुकभर करिब ५६ लाख ६० हजार २ सय १४ वटा शौचालय छन्। यो संख्या जम्मा घरपरिवार संख्याको एक तिहाइभन्दा केही बढी मात्रै हो। तथ्यांक विभागले सार्वजनिक गरेको ०७४ को जनसंख्या र घरपरिवारसम्बन्धी प्रक्षेपित तथ्यांकीय विवरणमा मुलुकमा १ करोड ४८ लाख ५० हजार ३२ घरपरिवार रहेको उल्लेख छ। ०६८ मा यो संख्या १ करोड ३६ लाख ४५ हजार ४ सय ६३ थियो।

खानेपानी विभागका अनुसार मुलुकभर करिब २८ सय सार्वजनिक शौचालय छन्। तर मुख्य राजमार्ग र सहरी क्षेत्रमा पर्याप्त शौचालय छैनन्। भएका पनि प्रयोगमैत्री, अपांगमैत्री र बालमैत्री छैनन्। मापदण्डअनुसार तराईमा ५० किमिको फरकमा राजमार्गमा एउटा शौचालय हुनुपर्छ। पहाडमा करिब ३० किमि फरकमा शौचालय हुनुपर्छ। तर, पेट्रोलपम्प भएका स्थानबाहेक अन्यत्र सार्वजनिक शौचालय रहेको पाइँदैन। ०६८ मा कास्की जिल्लालाई खुला दिसामुक्त घोषणा गर्दै सुरु गरिएको अभियान यही असोज ४ गते भोजपुर जिल्लालाई दिसामुक्त घोषणा गरेपछि समापन भएको दाबी गरिएको थियो। तत्कालीन राष्ट्रपति रामवरण यादवले अभियानको सुरुवात गरेपछि तत्कालीन जिल्ला विकास समिति, गैरसरकारी संस्था र जिल्ला खानेपानी कार्यालयले भटाभट खुला दिसामुक्त जिल्ला घोषणा गर्ने प्रतिस्पर्धा चलाए। तर अधिकांश स्थानमा सरसफाइका न्यूनतम मापदण्ड पनि पूरा गरिएनन्। निर्माण भएका शौचालयमा अत्यावश्यक पानीको सुविधासमेत राखिएन। अहिले पनि त्यस्तै अवस्था छ। खानेपानीलगायत पूर्ण सरसफाइका सूचकांकहरूसमेत गाउँ-गाउँमा उपलब्ध नभएको सरकारकै प्रतिनिधिहरूले बताएका छन्। चर्पीको नियमित प्रयोग, साबुन पानी र रुमालको प्रयोग तथा हातधुने बानी, स्वच्छ खानेपानी, स्वच्छ खानेकुरा, घरायसी सरसफाइ र वातावरणीय सरसफाइलगायत पूर्ण सफाइका सूचकांकमा पर्छन्।

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णालीका एक गाउँमा खानेपानीको धारा नै नरहेको बताए। 'पानी भए पो शौचालय सफा हुन्छ, एक घर एक धारा कहिले पूरा हुन्छ भन्न सकिन्न, कतै त पूरै गाउँमा समेत खानेपानीको धारा छैन,' उनले काठमाडौंमा आयोजित कार्यक्रममा भने।

विभागका अनुसार ८९ प्रतिशत जनताको खानेपानीमा पहुँच छ तर २१ प्रतिशतले मात्रै स्वच्छ खानेपानी पिउने गरेका छन्। अधिकांश सार्वजनिक शौचालयमा पानीको समस्या छ। 'पानी शौचालयको न्यूनतम सूचकांक हो, त्यो छैन भने खुला दिसामुक्त घोषणा गरेको कुनै अर्थ छैन,' पूर्ववातावरणमन्त्री एवं पानी संरक्षण अभियन्ता गणेश साहले भने, 'तैपनि यसलाई सकारात्मक कदमका रूपमा लिनुपर्छ, किनभने केही त भएको छ।' उनका अनुसार पानी, साबुन, शौचालयको सरसफाइ सामग्री र सुरक्षालगायत शौचालयका न्यूनतम सूचकांक हुन्।

बाँकी पृष्ठ ९



दीपक गौतम

कागजमा खुला दिसामुक्त, सडक-सडकमा मलमूत्र

महानगरकै खोला किनारमा खुला शौच गर्नेको ताँती

पृष्ठ ८

सभामुखमाथि यौन दुर्व्यवहारको आरोप

सचिवालयद्वारा खण्डन

काठमाडौं (कास)- सभामुख कृष्णबहादुर महरामाथि संसद् सचिवालयमा कार्यरत एक महिलाले यौन दुर्व्यवहार गरेको आरोप लगाएकी छन् भने सभामुखको निजी सचिवालयले त्यसको खण्डन गरेको छ। सचिवालयमा कार्यरत ती महिला कर्मचारीले आइतबार राति आफ्नै निवासमा आएर सभामुख महराले आफूमाथि यौन दुर्व्यवहार गरेको आरोप लगाएकी थिइन्। आफूलाई दुर्व्यवहार गरेको घटनाबारे प्रहरीलाई जानकारी गराएपछि सभामुख महरा निवासबाट बाहिरिएको उनको भनाइ छ। त्यसकै आधारमा सोमबार साँझ अनलाइनहरूमा समाचार आएपछि सभामुख महराका प्रेस सल्लाहकार डिल्ली मल्लले राति विज्ञप्ति जारी गरी खण्डन गरेका हुन्। अनलाइन सञ्चारमाध्यमले सम्प्रेषण गरेका समाचार भ्रामक रहेको उनको दाबी छ। 'सभामुखज्यूले कसैलाई पनि दुर्व्यवहार गरेको कुरा कल्पनासमेत गर्न सकिँदैन। हिजो आइतबार घटना भएको भनी जसरी सभामुखज्यूको चरित्र हत्या गर्ने दुष्प्रयास भइरहेको छ, त्यसमा कुनै पनि सत्यता नभएको म सम्पूर्ण मिडिया र सञ्चारकर्मी साथीहरूमा जानकारी गराउँछु,' मल्लले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

बाँकी पृष्ठ ८

भित्र

सी भ्रमणमा चीनबाटै दुई जहाज र 'एरोहेड कारकेड सेट' ल्याइने

भारतीय नेताहरू खुर्सिद र शास्त्री काठमाडौं आउँदै

कतारमा घाइते नेपालीलाई पौने ३ करोड क्षतिपूर्ति

चन्द समूहले लुकाइराखेको २५ केजी विस्फोटक पदार्थ बरामद

नेकपामा अझै पूर्वएमाले र माओवादी केन्द्र

सरकारले बेच्ने खसीबोका सय रुपैयाँ सस्तो

'डुइङ बिजनेस' सुधार्ने २० राष्ट्रमा परेन नेपाल

आज

८ पृष्ठको विशेषांक



गजब छ बा !

- अविन -



अंकल ! कागत दिनु न अलि !... पुछ्नु परो !



दिव्या पाण्डे

अनि उनले संसार देखे

■ **जनकराज सापकोटा** (काठमाडौं)

२१ वर्षको उमेरसम्म उनले कालो रङ मात्रै चिनेका थिए। रंगीन संसारबारे सुनेका मात्र थिए। त्यो संसार कस्तो होला भनेर एकाधपल्ट कल्पना पनि गरेका थिए। जब त्यो दिन आयो अनि उनले थाहा पाए, संसार साँच्चै रंगीबिरंगी पो रहेछ। कल्पनाभन्दा फरक, सोचेभन्दा अलग।

यो उमेरमा उनले पहिलोपल्ट आकाशको रङ चिने। त्यो नीलो थियो। बादलको रङ चिने। सेतो थियो। रूख हरियो हुन्छ भन्ने सुनेका थिए। तर एउटै रूखका पातहरूमा पनि कैयौं थरी हरियो रङ हुँदा रहेछन् भन्ने चिने। शनैः शनैः रातो, पहेँलो, खैरो, बैजनी, गुलाबी र अरू-अरू रङ पनि चिने। उनले देखे, संसार अनेकन रङहरूले पोतिएको रहेछ। यो सरकारी कागजातमा टोपप्रसाद शर्मा नाम भएका सल्यान दमाचौरका ४५ वर्षीय नरहरिको कथा हो। २१ वर्षअघि र पछि गरी दुई भागमा बाँडिएको उनको जिन्दगीको पहिलो भागमा दुःख, सास्ती र हैरानीको पल्ला छ भने दोस्रो भागमा खुसी, उत्साह र आत्मविश्वासको पल्ला। जोखेर उनले हेरेका छैनन्, जिन्दगीमा केको पल्ला भारी छ। तर उनको निष्कर्ष छ, 'म संसारका विरलै भाग्यमानी मान्छेमध्ये एक हुँ।'

जन्मँदै दृष्टि गुमाएका नरहरि बायाँ आँखाको चेपबाट मसिनो सेतो धर्कोजस्तो उज्यालो मात्रै देख्थे। मुस्किलले दिन र रात खुट्टचाउँथे। उनको दृष्टिक्षमता अक्षर चिन्न, बाटो पहिल्याउन, रङहरू छुम्याउन, मान्छे चिन्नजस्ता कुनै पनि अत्यावश्यक कामका लागि पर्याप्त थिएन। चिना टिप्पन हेर्दै अरूको भाग्य र भविष्य बताउने ज्योतिषी मेघराज शर्मा आफ्ना छोराको भविष्यबारे जानकार थिएनन्। उनकी जेई अर्थात् आमा गुप्तीकुमारी भने साइँलो छोरालाई दैवले ठगेको ठान्थिन्। आँखा नदेख्ने भएकै कारण उनले आठ वर्षको उमेरमा मात्र घरदेखि आधा घण्टाको दूरीमा रहेको भानुभक्त माविं टेके। छोरालाई स्कुल जान सजिलो होस् भनेर बाले काइँलो भाइसँगै उनलाई विद्यालय हाल्दिएका थिए। साथीहरू बेफिक्री दौडिन्थे। उनी पनि त्यसैगरी दौडिन खोज्थे। साथीहरू पुराना कपडा मोजामा कोचेर बनाइएको गोला खेल्थे। उनी पनि खेल्न खोज्थे। तर, प्रत्येकपल्ट ठेस लागेर लड्थे। त्यति बेलै उनले थाहा पाए, म अरूभन्दा फरक छु।

'फरक छु भन्ने त महसुस थियो। तर कति फरक छु भन्ने पत्तो थिएन,' उनले भने। सहपाठीहरू उनको शारीरिक क्षमतालाई गिज्याउने विषय बनाउँथे। उनले भने, 'हिँड्ने बाटोमा सिस्नो राखिदिन्थे। मलाई पोलेपछि उनीहरू खितखिताउँदै हाँस्थे। म रुँदै-रुँदै बाटो लाग्थे। देख्न सक्दैन भनेर बाटोमा काँडा राखिदिन्थे। पैतालामा बिझेपछि म मूर्छा पर्थँ तर साथीहरू हाँस्दै गिल्ला गर्थे।'

बाँकी पृष्ठ १४

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

CELEBRATE DASHAIN WITH MI
mi.com/np

GREATEST SALE EVER !

Xiaomi

Redmi 7A
Smart Desh Ko Smartphone



· 12MP AI Sony IMX486 Rear Camera
· Qualcomm® Snapdragon™ 439

2GB + 32GB
~~Rs: 11,499/-~~ Rs: 10,999/-

Redmi 7
Fastest in class. Power that Lasts.



· 12MP + 2MP Rear Dual Camera
· Qualcomm® Snapdragon™ 632

2GB + 32GB
~~Rs: 14,999/-~~
Rs: 13,999/-

3GB + 32GB
~~Rs: 16,999/-~~
Rs: 15,999/-

Redmi Y3
32MP Super Selfie



· 12MP + 2MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 632

3GB + 32GB
~~Rs: 17,999/-~~
Rs: 16,999/-

4GB + 64GB
~~Rs: 20,999/-~~
Rs: 19,999/-

Redmi Note 7
Capture all with 48MP



· 48MP + 5MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 660

3GB + 32GB
~~Rs: 21,999/-~~
Rs: 19,999/-

Life Style Living Range | flameless COOKING RANGE | Royal Cookery Range | Slimline Range
Live your home

BALTRA®
लै ल्यायौं ल्यायौं

चाडपर्वको यस अवसरमा **BALTRA Big** तथा **Small Appliances** को खरिदमा **५१ जना भाग्यसाली** ग्राहकहरुले **Lucky Draw** मार्फत पाउनुहुनेछ आकर्षक उपहारहरु !

बाल्ट्राका उपहारहरु*

- 55" 4K Smart TV (१ जनालाई)
- 40" Smart TV (२ जनालाई)
- 32" Smart TV (३ जनालाई)
- Sound Bar (५ जनालाई)
- Mixer Grinder (१० जनालाई)
- Rice Cooker (१५ जनालाई)
- Iron (१५ जनालाई)

Lucky Draw मा सहभागी हुन
BT <Space> warranty card serial no
टाइप गरी 31007 मा **SMS** गर्नुहोस् ।
SMS & GET +1 YEAR EXTENDED WARRANTY

Lucky Draw का साथै
Big Appliances मा **Sure Shot Offer** उपहार !

BUY 1 PC 40"/50"/55" TV AND GET FREE ELECTRIC KETTLE ACTIVE

BUY 1 PC WASHING MACHINE AND GET FREE REAL IRON

BUY 1 PC REFRIGERATOR ANY SIZE & MODEL AND GET FREE RICE COOKER 1.8L

BUY 1 PC CHIMNEY ANY MODEL AND GET FREE SS PRESSURE COOKER 3 LITRE

BUY 1 PC DEEP FRIDGE AND GET FREE WATER PURIFIER HYDRA OR PURE

BUY 1 PC AC ANY MODEL AND GET FREE BALTRA AUSTIN COFFEE MAKER

BUY 1 PC SOUND SYSTEM ANY MODEL AND GET FREE FLAME HEATER

*शर्तहरु लागू

यो योजना २५ भाद्र २०७६ देखि सीमित अवधिका लागि मात्र लागू हुनेछ ।
Available at all Bhatbhateni Supermarket, Salesberry, Goshali and Gorkha Departmental Store.
Also Available Online at Daraz, Mero Shopping, Okdam, Sastodeal, Hamrobazaar.

BRO

FOR RETAIL INQUIRY CALL & VISIT
BALTRA RETAIL OUTLET
Kantipath, Kathmandu
+977-01-4258071, 9801904609
Nayabazar, Pokhara
+977-061-524994, 9802832897

For Sales Inquiry: 9801200501
For Dealership Inquiry: 9801010132
For Corporate Inquiry: 9801904610
Email:info.sbtipl@gmail.com
/BaltraHomeAppliancesNepal/
TOLL FREE SERVICE CENTRE 16600122220

AN ISO 9001 : 2008 CERTIFIED CO.

BALTRA® Home appliances

庆祝中华人民共和国成立70周年

जनवादी गणतन्त्र चीन स्थापनाको ७० औं बर्षगाँठ

राजदूतको संदेश



महामहिम हउ यान्छी
नेपालका लागि चिनियाँ राजदूत
ट्वीटरः @PRCAmbNepal

जनवादी गणतन्त्र चीन स्थापना भएको ७० औं वर्षको सुखद उपलक्ष्यमा म नेपालस्थित चिनियाँ राजदुतावास र मेरो आफ्नो व्यक्तिगत तर्फबाट चीन नेपाल मैत्री तथा सहयोगका लागि काम गर्दै आउनु भएका सम्पूर्ण मित्रहरुलाई न्यानो अभिवादन र कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

सन् १९४९ अक्टोबर १ मा अध्यक्ष माओ चतुङले विश्व समक्ष जनवादी गणतन्त्र चीनको स्थापना भएको घोषणा गर्नु भएको थियो । नयाँ चीनको स्थापना हुनु चिनियाँ जातिको पुनर्जन्म र हाम्रो प्राचिन देशको राष्ट्रिय समृद्धी तथा पुनर्जागरणको महान यात्राको प्रारम्भ विन्दु थियो ।

बिगतका सात दशकमा चिनियाँ कम्युनिस्ट पार्टीको सबल नेतृत्वमा चिनियाँ जनताहरुले निरन्तररुपमा व्यावहारिक अभ्यास द्वारा नयाँ राजनीतिक पथको खोजि गरेका छन् र चिनियाँ विशेषतायुक्त समाजवादको पथमा हिंड्न सफल भएका छन् । आज चीन बिकासको क्षेत्रमा विश्वलाई प्रभावित पार्ने उल्लेखनीय उपलब्धिहरुका साथ एक नयाँ ऐतिहासिक प्रारम्भ बिन्दुमा पुगेको छ ।

सन् १९५२ मा चीनको कुल ग्राह्स्थ्य उत्पादन (GDP) ३० अर्ब अमेरिकी डलर थियो भने सन् २०१८ मा सो पहिलेको भन्दा ४५२.६ गुना बढेर १ हजार ३ सय ६१ अर्ब अमेरिकी डलर पुग्यो र विश्व अर्थतन्त्रमा चीनको अर्थतन्त्र करिब १६ प्रतिशत पुग्न गयो । चीन विश्वका १३० देश र क्षेत्रहरुको प्रमुख व्यापारिक साझेदार देश र महत्वपूर्ण निर्यात बजार रहेको छ । सन् २०१० देखि चीन प्रतिव्यक्ति आय, औसत आयु, साक्षरता दर आदि ठोस बिकासका सूचकहरुमा उल्लेखनीय सुधारका साथ विश्वको दोस्रो ठूलो अर्थतन्त्र बनेको छ । ७७ करोड चिनियाँ जनता गरिबीको रेखामुनिबाट माथि उठिसकेका छन् । चीन अभाव र गरिबीबाट समृद्धी र मध्यम स्तरीय सम्पन्नता तर्फ बढिरहेको छ । सन् २०१८ मा विश्व आर्थिक बृद्धिमा चीनको योगदान विश्वकै सबैभन्दा बढी २७.५ प्रतिशत रहेको थियो । चीनको बिकासले आफ्ना जनतालाई मात्र होइन सम्पूर्ण विश्वलाई नै लाभ पुर्याएको छ ।

चीनले आफूलाई विज्ञान र प्रविधिमा उल्लेखनीय उपलब्धि हासिल गर्ने देशको रुपमा स्थापित गर्दै नवीन प्रयोगद्वारा निर्देशित बिकासको रणनीति अपनाइरहेको छ । केहि वर्ष यतादेखि चीनमा विज्ञान प्रविधि क्षेत्रमा भएका उल्लेखनीय उपलब्धिहरुमा थियान्-कुड.-२ अन्तरिक्ष प्रयोगशालाको सफल प्रक्षेपण, पानी मुनिरहने मानवयुक्त जहाज चियोओलोड.लाई समुद्री गहिराइमा प्रतिष्ठापन, पाँच सय मिटर ब्यास भएको भीमकाय टेलिस्कोप थियान्यान्को निर्माण र सन्चालन, मलिन पदार्थ अन्वेषण उपग्रह उखुड. तथा क्वान्टम साइन्स उपग्रह मोच् को सफल प्रेत्क्षपण, चिनियाँ हवाईजहाज C९१९ को सफल परिक्षण उडान, ए. आइ. मा उल्लेखनीय प्रगति, ५G, अन्तरिक्ष विज्ञानमा प्रगति, उच्च गतिका रेलमार्ग निर्माण आदि पर्दछन् ।

विगत ७० वर्षमा चीनले कुनै राजनीतिक शर्त नराखी अरु विकासशील देशहरुलाई सहयोग पुर्याउँदै आएको छ । चीनले अहिले सम्ममा १७० देश तथा अन्तरराष्ट्रिय संस्थाहरुलाई ४ खर्ब य्वीयान् को आर्थिक सहयोग दिइसकेको छ, त्यस्तै ६ लाख भन्दा बढी प्राविधिक तथा कामदारहरु पठाई ५ हजार भन्दा बढी वैदेशिक सहयोगका प्रोजेक्टहरु सम्पन्न गरिसकेको छ । त्यसबाहेक १२० भन्दा बढी विकासशील देशहरुलाई आफ्नो सहस्राब्दी बिकासका लक्ष्यहरु प्राप्त गर्नका लागि सहयोग पुर्याएको छ । चीन दक्षिण-दक्षिण सहयोगलाई अगाडि बढाउने प्रमुख शक्ति हुनाका साथै विश्वका ४० भन्दा बढी अति कम विकसित मुलुकहरुमा सबैभन्दा बढी लगानी गर्ने देश पनि हो ।

चीनले सम्बन्धित देशहरुसँग कनेक्तिभिती र व्यावहारिक सहकार्यहरु बढाई, मानवजाति सामु रहेका साझा चुनौती र जोखिमहरुको सामना गर्दै द्विपक्षीय जित तथा साझा विकासद्वारा बेल्ट एण्ड रोड इनिसिएटिभलाई विस्तार गर्न ती देशहरुसंग संयुक्त प्रयास गरेको छ । अहिले सम्ममा धेरै ठूला संख्यामा सहकार्य प्रोजेक्टहरु आरम्भ भइ सकेका छन् र १५० भन्दा बढी देश तथा अन्तरराष्ट्रिय संस्थाहरुले चीनसंग बेल्ट एण्ड रोड सहकार्यमा चीनसंग सम्झौतापत्रमा हस्ताक्षर गरिसकेका छन् । बेल्ट एण्ड रोडको उच्चस्तर र उज्ज्वल भविष्यका कारण बढी भन्दा बढी मित्र तथा सहकर्मीहरु यसमा सहभागी हुँदैछन् ।

गत ७ दशकमा अझ खासगरी चिनियाँ कम्युनिस्ट पार्टीको १८ औं महाधिवेशन देखि यता चीनले विश्वको शान्ति, समृद्धी तथा उन्नतिका लागि ठोस योगदान पुर्याएको छ । भविष्यमा पनि चीन शान्तिपूर्ण बिकासको पथमा लागिरहने छ, आपसी हितका कार्यहरुको प्रारम्भ गर्ने छ र बहुपक्षीयवाद तथा सँयुक्त राष्ट्र संघको आधारमा निर्माण भएको अन्तरराष्ट्रिय व्यवस्थालाई दृढ रुपमा समर्थन गर्नेछ । चीनले मैत्री, इमान्दारिता, आपसी हित, समावेशीकरण तथा छिमेकी देशहरुसंग मित्रता र सहकार्य बढाउने नीतिको आधारमा आफ्ना छिमेकी देशहरुसंगको सम्बन्धलाई अझ प्रगाढ बनाउदै लैजाने छ । मानवजातिको साझा भविष्यको एक समष्टि निर्माण गर्न हामी अरु सबै देशहरुसंग सहकार्य गर्न तयार छौं ।

चीन र नेपाल पहाड र नदिनालाले जोडिएका छिमेकी देश हुन्, दुई देशबीच युगौं देखि मैत्रीपुर्ण सम्बन्ध रहँदै आएको छ । ६४ वर्ष अघि हाम्रा दुई देशबीच दौत्य सम्बन्ध स्थापना भए यता हाम्रो मैत्रीपूर्ण सम्बन्धको स्वस्थरुपमा निरन्तर विकास हुँदै आएको छ र यो भिन्न आकार र समाज व्यवस्था भएका दुई देश बीचको सुमधुर सहअस्तित्वको राम्रो उदाहरण बनेको छ । यस वर्ष नेपालका सम्माननीय राष्ट्रपति श्रीमती विद्या देवी भण्डारीले चीन भ्रमण गर्नु भई अन्तरराष्ट्रिय सहयोगका लागि बेल्ट एण्ड रोडको दोस्रो फोरममा सहभागी हुनुभयो । चीनका राष्ट्रपति सी चिन् फिङसंगको बहांको भेटवार्ता सफल रह्यो र दुवै नेताहरुको बीचमा चीन नेपाल सम्बन्धलाई अझ प्रगाढ बनाउने कुरामा व्यापक सहमती भयो । दुवै पक्ष "हिमालय वारिपारिको बहुआयामिक कनेक्तिभिती संजाल" अन्तर्गत सुख्खा बन्दरगाह, सडक, रेलमार्ग, हवाई मार्ग तथा संचारमार्गको निर्माणद्वारा कनेक्तिभिती बढाउन बेल्ट एण्ड रोड सहयोग प्रति तत्पर छन् । चीनले आफ्नो क्षमता भित्र नेपालको आर्थिक तथा सामाजिक विकासका लागि सहयोग पुर्याउँदै रहने छ । हामीलाई दृढ विश्वास छ, हाम्रो सँयुक्त प्रयासद्वारा चीन नेपाल सर्वपक्षीय सहयोगात्मक सम्बन्ध तथा युगौं देखिको मित्रता नयाँ युगमा नयाँ उचाइमा पुग्नेछ र नेपाल सरकारको"समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्य पूरा हुनेछ ।

चीन एक झलक

Table 1 Growth of China's Economic Strength

Category	1952	2018	Growth
GDP	RMB67.9 billion	RMB90 trillion	174 times
Fiscal revenue	RMB6.2 billion (in 1950)	RMB18.33 trillion	12.5% annually on average
Industrial added value	RMB12 billion	RMB30.5 trillion	970 times
Per capita GDP	RMB119	RMB64,644	70 times
Final consumption rate	78.9%	54.3%	--
Non-financial FDI	US$920 million (in 1983)	US$135 billion	146 times
Trade in goods	US$1.9 billion	US$4.6 trillion	2,380 times

Table 2 Improvement of the Chinese People's Living Standards

Index \ Year	Early years after the founding of PRC	1980	2018
Proportion of rural population living under the current poverty line	Extreme poverty	96.2%	1.7%
Per capita disposable income	RMB98 (in 1956)	RMB171 (in 1978)	RMB28,228
Life expectancy	35	65	77
Infant mortality rate	200‰	48‰	6.1‰
Preschool enrollment rate	20%	95.5% (in 1978)	Completion rate of nine-year compulsory education: 94.2%
Average years of schooling for people aged 15 and above	80% illiterate	5.3	9.6
Gross enrollment rate for higher education	0.22%	2.22%	48.1%




Figure 1 China's Rural Poverty Incidence, 1978-2018



सन् १९९७ जुलाई १ तारिक दिनको १२.०० बजे चीन सरकारले हङकङ माथिको सर्वभौमिक अभ्यास पुनः प्रयोग गर्न सुरु गरेको थियो । तस्विरमा हङकङको गोल्डन बाहुनिया स्क्वाएरमा सन् २०१० को जुलाइ ३ तारिकमा जनगणतन्त्र चीनको राष्ट्रिय झण्डा र विशेष प्रशासनिक क्षेत्र हङकङको क्षेत्रीय झण्डा ठड्इएको देखिन्छ ।




साङघाइको पुडोङको विकास चीनको सुधार र खुलापनको एउटा झलक हो । विगतको कृषि क्षेत्र अहिले लुजिआजु अन्तर्राष्ट्रिय आर्थिक केन्द्रका रुपमा विशाल गगनचुम्बी भवनहरूले भरिभराउ छ । सन् २०१८ जुन २७ तारिकमा लिइएको यो तस्विरले पुडोङको नयाँ पूर्ण स्वरुपलाई देखाउँछ ।



सन् २०१९ को जनवरी ३ तारिकमा चीनको झाङअ-४ खोजयान चन्द्रमाको दुर्गम भागमा सुरक्षित रुपमा अवतरण गर्दै । यो तस्विर उक्त झाङअ-४ खोज यानको अवतरण यन्त्रमा जडान गरिएको क्यामेराबाट लिइएको हो र यसले चन्द्रयान युटु-२ चन्द्रमामा यात्रा गरिरहेको दृष्यलाई खिचेको छ ।



वेइजिङमा सन् २००८ को अगस्ट ८ देखि २४ सम्म २९ औं ओलम्पिक खेल र सेप्टेम्बर ६ देखि १७ तारिकसम्म १३औं प्याराओलम्पिक खेलको आयोजना गरिएको थियो । सो खेलमा विश्वभरका २०४ देश तथा क्षेत्रहरूबाट ६० हजार भन्दा बढी खेलाडी, प्रशिक्षक र खेल अधिकारीहरु सहभागी भएका थिए । जसमा ४३ विश्व रेकर्ड र १३२ ओलम्पिक रेकर्ड कायम भएको थियो । साथै अन्तराष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष ज्याक्युज रोगीले वेइजिङ ओलम्पिक "वास्तवमै असाधारण खेल" भएको बताउनुभएको थियो । तस्विरमा वेइजिङको राष्ट्रिय रङ्गशालमा सन् २००८ को अगस्ट २४ मा आयोजित वेइजिङ ओलम्पिक खेलको समापन समारोह देखाइएको छ ।



उत्तरी चीनको हइपै प्रान्तको साहिन्वा जंगल जहाँ धेरै पुस्तादेखि निरन्तर रुपमा गरिएको वृक्षारोपणका कारण अहिले विश्व कै ठूलो मानव निर्मित वन बन्न पुगेको छ । सन् २०१७ को डिसेम्बरमा उक्त साहिन्वा वन जोगाउन संलग्न समुदायले 'यूएन च्याम्पेन अफ दि अर्थ' पुरस्कार प्राप्त गरेको थियो । सन् २०१३ को जुलाइमा लिइएको यो तस्विरमा साहिन्वा जंगल क्षेत्रको क्वाङसेनवान जंगल क्षेत्र देख्न सकिन्छ ।



सन् २००८ को डिसेम्बर २६ तारिकमा गल्फ अफ एडन र सोमालियाको जलक्षेत्रमा पहिलो पटक चिनियाँ जलपोतले स्कटेड मिसन (सुरक्षा कार्य) सञ्चालन गरेको थियो । उक्त सुरक्षा अभियानमा ३१ वटा सुरक्षा दस्तालाई परिचालन गरिएको थियो जसमा एक सय जहाज ६७ हेलिकोप्टर र २६ हजारभन्दा बढी सैनिक परिचालन गरिएको थियो । सन् २०१० को सेप्टेम्बरमा लिइएको यो तस्विरले चीनको छैटौं सामुन्द्रिक सुरक्षा दस्ताले चिनियाँ र विदेशी व्यापारिक जहाजलाई गल्फ अफ एडनमा सुरक्षा दिइरहेको दृष्यलाई देखाएको छ ।



चीनले ग्वाङडोङ-हङकङ-मकाउ ग्रेटर बे एरिया (बृहत्तर तटिय क्षेत्र) विकास रणनीतिलाई कार्यान्वयन गरेको छ र मुख्य क्षेत्र तथा हङकङ र मकाउबीच आपसी हितमा आधारित सहयोगलाई पूर्ण रुपमा अगाडि बढाएको छ । कुल ५५ किलोमिटर लामो हङकङ-झुहाइ-मकाउ पुल जुन विश्वको सबैभन्दा लामो समुन्द्रपार परियोजना रहेको छ । जुन सन् २०१८ को अक्टोबर २४ वाट सार्वजनिक यातयातका लागि खुला गरिएको थियो ।



वेइजिङ साङघाइ द्रूत गतिको रेलवे जुन एक हजार ३१८ किलोमिटर लामो छ र यो प्रतिघण्टा ३५० किलोमिटरका गतिले रेल कुदाउन मिल्ने गरी डिजाइन गरिएको विश्वकै व्यापारिक प्रयोजनको पहिलो रेल सेवा हो । यो रेलवेले चीन र सांघाइबीचको यात्राको समयलाई करीब चार घण्टा छोट्याइ दिएको छ । सन् २०१९ को जनवरीमा लिइएको यो तस्विरले "फुसिङ" उच्च गतिको रेलको विस्तारित स्वरुपको झल्को दिन्छ ।



चीनले ग्रामीण वातावरणको पुनर्निर्माण र गाउँलाई नयाँ स्वरुप दिने जस्ता ग्रामीण जागरण अभियानलाई जोड्तोड्का साथ कार्यान्वयन गरी रहेको छ । ग्रामीण पर्यटन आम्दानीको नयाँ स्रोत बनेको छ । सन् २०१८ को जुनमा लिइएको यो तस्विरले फुजियान प्रान्तको लोङहाइ शहरको डोङयुआनस्थित डाइमेइ गाउँको दृष्यलाई देखाएको छ ।

नेपाल-चीन सहयोग



चिनियाँ सहयोगमा सम्पन्न काठमाण्डौ चक्रपथ सुधार र विस्तार परियोजना



चिनियाँ सहयोगमा निर्मित सिभिल सर्भिस अस्पताल परियोजना



भेरि-बबई डाईभर्सन बहुउद्देश्यीय परियोजना



आठौं चीन महोत्सवमा व्याले नृत्य प्रस्तुति

中华人民共和国成立70周年
The 70th Anniversary of the Founding of The People's Republic of China

एक हजार बढीको उपहारमा रोक

■ **प्रताप विष्ट** (हेटौंडा)

मकवानपुरगढी र महनहरी गाउँपालिकाले एक हजारभन्दा बढीको उपहारमा रोक लगाएको छ। दुवै गाउँपालिकाले गाउँसभाबाट यसबारे ऐन नै पारित गरेको छ। ऐनमा ५१ जनाभन्दा बढी जन्ती जान र दाइजो लिनदिन नपाइने व्यवस्था गरिएको छ। ऐनलाई पालिकाका बासिन्दाहरूले सकारात्मक ढंगले लिएका छन्।

स्थानीयको सामाजिक व्यवहारमा सुधार ल्याएर फजुल खर्च र अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गर्ने उद्देश्यले सामाजिक सुधार ऐन ल्याएको मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष विदुर हुमागाईंले बताए। घूसखोरी र भ्रष्टाचार गर्ने प्रवृत्तिलाई न्यूनीकरण गर्न पनि सामाजिक सुधार ऐनको अनिवार्य आवश्यकता रहेको महसुस गरिएकाले ऐन निर्माण गरिएको उनले बताए।

मकवानपुरमा रहेका १० वटा स्थानीय तहमध्ये यी दुईले मात्रै सामाजिक व्यवहार सुधार ऐन पारित गरेर कार्यान्वयन ल्याउन लागेका हुन्। सामाजिक कामकाजमा तडकभडक देखाउने र फजुल खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न यो ऐन ल्याएको मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले बताए। 'सबैभन्दा पहिला जनप्रतिनिधिहरूबाट नै व्यवहारमा उतार्न प्रयास गरिरहेका छौं,' उनले भने।

स्थानीयले विवाहमा बाजागाजासहित ५१ जना बढी जन्ती लैजान नपाउने व्यवस्था उक्त ऐनमा गरेको छ। केटा वा केटी पक्षले आयोजना गर्ने विवाह भोजमा नजिकको नातेदारबाहेक अरू छरछिमेक र इष्टमित्रमध्येबाट ५१ जनाभन्दा बढी आमन्त्रण गर्न नपाउने ऐनमा व्यवस्था गरिएको छ। उक्त ऐनले दाइजो लेनदेनलाई पनि प्रतिबन्ध लगाएको छ। विवाह समारोहमा सहभागी हुँदा केटा वा केटी पक्षबाट आमन्त्रण गरिएका छरछिमेक, इष्टमित्रले उपहार प्रदान गर्दा हजार रुपैयाँभन्दा बढी जिन्सी वा नगद दिन नपाइने व्यवस्थासमेत गरेको छ। न्वारन, जन्मदिवस, पास्नी, चूडाकर्म व्रतबन्ध बुढोपास्नी र पितृ कार्य गर्दा २५ जनाभन्दा बढी सहभागी गर्न नपाइने र हजार रुपैयाँभन्दा बढी उपहार र दक्षिणा दिन पनि उक्त ऐनले रोक लगाएको छ। योसँगै पैसा बाजी थापेर जुवातास, लुडो, पुलहाउस र लङ्गुरबुर्जा खेल्न खेलाउन पारित ऐनले रोक लगाएको छ। देउसीभैलो खेल्दा पनि करकापमा पारेर दक्षिणा लिन नपाउने व्यवस्था गरेको छ। उक्त ऐनले महिला र पुरुषलाई गाउँपालिकाभरि समान कामको समान दामको व्यवस्था गरेको छ। यसअघि महिलाले समान कामको समान ज्याला पाएका थिएनन्। अब गाउँपालिकाले ऐनमा नै पारित गरेकाले महिलाले पुरुष जतिकै ज्याला पाउने अध्यक्ष हुमागाईंले बताए।

५१ जना बढी जन्ती जान नपाइने, दाइजो लिनदिन नपाइने

घरेलु मदिरा उत्पादन गरेर बिक्री वितरण गर्न नपाउने व्यवस्था गरेको छ भने अन्तशुल्कबाट स्वीकृत लिएर मदिरा बिक्री गर्ने पसलहरूले पनि अपराह्न ५ बजेदेखि बेलुका ८ बजेसम्म मात्र बिक्री गर्न पाउने व्यवस्था गरेको छ। धार्मिक स्थल, विद्यालय र सरकारी कार्यालयको ५ सय मिटर वरिपरि सुर्तीजन्य वस्तु र मदिरा बिक्री वितरण गर्न नपाउने व्यवस्था गरेको छ। तरकारी बालीमा प्राविधिक सल्लाहबिना विषादी प्रयोग गर्न नपाउने र विषादी प्रयोग गरेको तरकारी निश्चित समय पार नगरी बिक्री वितरण गर्न नपाउने व्यवस्थासमेत गरेको छ। कसैबाट ऐनविरुद्ध काम गरेमा वडा कार्यालयमार्फत् सम्बन्धित व्यक्तिलाई मौखिक वा लिखित रूपमा अनुरोध गर्ने र अटेर गरेमा व्यक्ति उपर कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा जानकारी दिने व्यवस्था ऐनमा गरेको छ। सामाजिक सुधार ऐनविपरीत कार्य गर्ने व्यक्तिलाई कानुनी कारबाहीसहित गाउँपालिकाबाट प्रवाह गरिने सेवा सुविधा प्रदानसमेत नगर्ने ऐनमा उल्लेख गरिएको छ।

दुर्घटनामा एकको मृत्यु, एक घाइते

धादिङ (कास)- पृथ्वी राजमार्गअन्तर्गत धादिङको बेनिघाट रोराङ ५ बाँदरेमोडमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ। मोटरसाइकल चालक घाइते छन्। दुर्घटनामा मृत्यु भएकामा मोटरसाइकलको पछाडि सवार सिन्धुपाल्चोकका २९ वर्षीय राजीव गुरुङ छन्।

चितवनबाट काठमाडौं आउँदै गरेको बा ३ ख ८३१९ नम्बरको स्वराज ट्रकले विपरीत दिशातर्फ जाँदै गरेको बा ९५ प ९७७१ नम्बरको मोटरसाइकललाई बाँदरेमोडमा ठक्कर दिएको थियो। मोटरसाइकलले अर्को लेनमा गएर ओभरटेक गर्न खोज्दा ठक्कर दिएको हुन सक्ने गजुरीस्थित जिल्ला ट्राफिक इन्चार्ज नेत्रप्रसाद भट्टले बताए। दुर्घटनामा मोटरसाइकल चालक इलामका ३० वर्षीय मिलन राई सख्त घाइते भएका छन्। उनको राजमार्ग अस्पताल मलेखुमा प्राथमिक उपचार गरी थप उपचारका लागि काठमाडौं पठाइएको छ। ठक्कर दिने थाक्रे २ धादिङका ट्रक चालक हरिबहादुर थापालाई प्रहरीले नियन्त्रणमा लिएको छ।



ललितपुर–२ राजतीर्थस्थित वाग्मती कोरिडोरमा टेकु पुलमुनि निर्माणाधीन सार्वजनिक शौचालयसहितको भवन। अधिकारसम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिले यो भवन बनाउन लागेको हो। भवनसँगै २७ हजार लिटर पानी अट्ने ट्यांकी बनाइने समितिले जनाएको छ। *तस्बिर : बिजु महर्जन/कान्तिपुर*

काठमाडौंमा एक महिना विद्यालय बिदा

काठमाडौं (कास)- काठमाडौं महानगरपालिकाले दसैं र तिहारको बीचमा समेत विद्यालय बिदा गर्न सार्वजनिक सूचना जारी गरेको छ। महानगरपालिकाले असोज १२ देखि कात्तिक १२ गतेसम्म विद्यालय बिदा गर्न भनेको छ। उक्त सूचनाप्राप्ति संस्थागत (निजी) विद्यालय सञ्चालक र अभिभावकले आपत्ति जनाएका छन्। महानगरपालिकाले चालू शैक्षिक सत्र सुरु हुनुअघि नै सरोकारवालासँग सहमति गरेर शैक्षिक क्यालेन्डर निर्माण गरेको दावी गरेको छ। दसैं र तिहारको बीचमा चाड अवधिबाहेक ११ कार्यदिन छ।

'वार्षिक शैक्षिक क्यालेन्डर २०७६ बमोजिम आश्विन १२ गते प्रतिपदा तिथिदेखि आश्विन २६ गतेसम्म बडादसैं बिदा, आश्विन २७ गतेदेखि आश्विन महिनामा ३० गतेसम्म र कात्तिक महिनामा ८ गतेसम्म हिउँदे-वर्षे बिदाबाट मिलान हुने गरी बिदा गर्ने,' काठमाडौं महानगरपालिकाकी शिक्षा अधिकारी निर्मला केसीले हस्ताक्षर गरेको सूचनामा भनिएको छ, 'एवं २०७६ कात्तिक १० देखि १२ गतेसम्म तिहार बिदा गरी कात्तिक १३ गते बुधबारदेखि नियमित रूपमा विद्यालय सञ्चालन गर्नु/गराउनुहुन सबै विद्यालयलाई यसै सूचनाद्वारा सूचित गराइन्छ।' संविधानअनुसार विद्यालय तह (शिशुदेखि कक्षा १२ सम्म) स्थानीय सरकार मातहत छ। काठमाडौं महानगरले पहिलो पटक यसरी दसैं/तिहारको बीचको बिदा हिउँदे बिदामा मिलान गर्न भनेको हो। महानगरभित्र ७ सय ४१ विद्यालय छन्। तिनमा १ लाख ७४ हजार विद्यार्थी अध्ययनरत छन्। त्यसमा संस्थागततर्फ १ लाख ३६ हजार विद्यार्थी रहेको शिक्षा प्रमुख केसीले बताइन्। 'हामीले प्याब्सन, नेसनल प्याब्सन र अभिभावक प्रतिनिधिसँग सल्लाह गरेर क्यालेन्डर बनाएका हौं,' गत चैतमै क्यालेन्डर सार्वजनिक भएको उल्लेख गर्दै उनले भनिन्, 'तर संस्थागत विद्यालयले वेवास्ता गरेकाले वेवसाइटमा फेरि सूचना जारी गर्नुपरेको हो।' सरकार र निजीक्षेत्रका कक्षा १२ सम्म पढाउने विद्यालयलाई यो सूचना लागू हुने उनले जानकारी दिइन्।

निजी विद्यालय सञ्चालक र अभिभावकको असन्तुष्टि

लामो समय बिदा हुँदा विद्यार्थी र अभिभावकलाई फलदायी नहुने अभिभावक महासंघका अध्यक्ष सुप्रभात भण्डारीले बताए। 'कुनै पनि स्थानीय सरकारले लामो बिदा दिनुहुँदैन, यसले कामकाजी बाबुआमालाई मर्का पर्छ,' भण्डारीले भने, 'त्यसको सट्टा पाठ्यक्रम पाठ्यपुस्तक, परीक्षा, शैक्षिक गुणस्तर कायम गर्न ध्यान दिन जरुरी छ। लामो बिदा दिने हो भने संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय हुनुपर्छ। एकलौटी बिदा दिनु मनासिब होइन।' पहिलो पटक महानगरपालिकाले दसैं/तिहारको बीचमा समेत बिदा गर्न भनेको विषय अनौठो लागेको नेसनल प्याब्सनका अध्यक्ष ऋतुराज सापकोटाले बताए। 'हुन त यसअघि पनि कतिपय स्कुलले पूरै बिदा दिने गरेका छन्,' उनले भने, 'तर यसरी स्थानीय सरकारले नै बिदा दिन उर्दी जारी गर्दा अप्ठ्यारोमा परेका छौं। बिदा भने पनि विद्यार्थी शुल्क असुल्छौं। यसले अभिभावकलाई अप्ठ्यारो पनि पर्न जान्छ।' महानगरकी शिक्षा अधिकारी केसीले भने विद्यालयको छाता संस्थाको सहमतिमै क्यालेन्डर बनाइएको र कुनै विद्यालयले बीचमा पढाउन चाहे अवरोध नहुने प्रतिक्रिया दिइन्।

जाम खुलाउन अप्रेसन टोली

धादिङ प्रहरीले दसैं, तिहारलगायत चाडपर्वका बेला हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण गर्न विशेष कार्ययोजना बनाएको छ

■ **हरिहरसिंह राठौर** (धादिङ)

राजमार्गलाई सहज बनाउन प्रहरीको अप्रेसन टोली खटिएका छन्। नौबिसे-नागढुंगा सडक खण्डमा सवारी जाम नियन्त्रण गरी सुरक्षित र सहज यात्रा बनाउन जिल्ला प्रहरीले राजमार्ग अप्रेसन टोली परिचालन गरिएको हो।

जिल्ला प्रहरी प्रमुख राजकुमार बैदवारको नेतृत्वमा गठन गरिएको टोलीमा प्रहरी नायव उपरीक्षक रुपक खड्का, गजुरी प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्का, गजुरीस्थित जिल्ला ट्राफिक इन्चार्ज प्रहरी निरीक्षक नेत्रप्रसाद भट्ट र खानीखोला प्रहरी निरीक्षक रुकबहादुर खड्का छन्। जिल्ला प्रहरीले यात्रामा कुनै पनि असहज महसुस भए वा अकारण सवारी जाम भए तत्काल प्रहरीलाई खबर गर्न यात्रुहरूलाई आग्रह गरेको छ। सडकमा ओभरटेकको समस्या देखिएकाले प्रत्येक सय मिटरमा प्रहरी परिचालन गरी सवारी अनुशासनलाई कडाइ गरिएको र प्रहरीलाई समन्वयात्मक भूमिकाको जिम्मेवारी दिइएको छ। यस सडकखण्डमा 'नो-ओभर ट्रयाक जोन' को रूपमा पनि घोषणा गरिएको छ।

धादिङ प्रहरीले दसैं, तिहारलगायतका चाडपर्वमा बेला हुन सक्ने आपराधिक गतिविधिहरू रोकथाम तथा नियन्त्रणका लागि विशेष कार्ययोजनासमेत निर्माण गरेको छ। सुरक्षाका लागि जिल्लाका विभिन्न स्थानमा ६ वटा मोबाइल गस्ती एवं २७ वटा पैदल गस्ती दैनिक रूपमा परिचालन गरेको छ। थाक्रेको महादेवबेंसी बजारदेखि नागढुंगा क्षेत्रका विभिन्न स्थानमा १५ वटा मोटरसाइकल गस्ती गरिएको इलाका प्रहरी कार्यालय खानीखोलाका प्रहरी निरीक्षक रुकबहादुर खड्काले बताए। अघिल्ला वर्षहरूमा घटस्थापनादेखि राजमार्गमा सवारी चाप वृद्धि हुने गरेको थियो। यस वर्ष त्यस अगावै जाम सुरु भएपछि प्रहरीलाई सवारी व्यवस्थापनमा हम्मे परेको थियो।

यता, पृथ्वीराजमार्गमा नियमित चल्ने ठूला मालबाहक साधनको प्रवेशमा रोक लगाएपछि नौबिसे-नागढुंगा खण्डमा आवागमन केही सहज भएको छ। सवारी चापले आजित बनेको यो सडक खण्डमा प्रहरी जनशक्ति बढाएर ठूला मालबाहक सवारीसाधन प्रवेशमा रोक लगाएपछि सवारी जाम केही हटेको हो। साँघुरो र घुमाउरो मोडमा मापदण्डविपरीत बढी भार बोकेका लरी, ट्रक र कन्टेनरहरू ढिलो गुड्ने, सडकमै बिग्रने र बिग्रेका साधनलाई तुत्कालै हटाउन नसक्दा घण्टौं सवारी जाम हुने गरेको थियो।

सवारी जामले बिरामीको समेत मृत्यु भएपछि आइतबारबाट ठूला मालबाहक साधनलाई बढी सवारी चाप हुने समयमा रोक लगाएइको हो। १० चक्केमाथिका मालबाहक साधनलाई खानीखोलाभन्दा तलतिरका खाली स्थानमा रोक्ने र १८ चक्के सवारीलाई भने चितवनदेखि नै रोकेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक राजकुमार बैदवारले बताए। 'चाडपर्व मनाउन राजधानीबाट बाहिरिने सवारीको चाप बढेका कारण ठूला मालबाहक सवारी प्रवेशमा रोक लगाएको हो,' उनले भने, 'यात्रुहरूलाई सहज र सजिलैसँग गन्तव्यमा पुऱ्याउन विभिन्न स्थानमा प्रहरी परिचालन गरेका छौं।'

चाडपर्व नजिकिएसँगै त्रिभुवन राजपथको नौबिसे-नागढुंगा सडकखण्डमा सवारीको चाप अत्यधिक बढ्न थालेपछि कंलकीदेखि धादिङको सिम्लेसम्म सवारीको जाम लाग्ने गरेको थियो। यो दूरी करिब ३० किलोमिटर हो। जसका कारण बिरामी, अत्यावश्यक साधन र विदेश यात्रा गर्न हिँडेकाहरू बढी मारमा परेका थिए। चाडपर्व लागेपछि समयमै सडकको मर्मतसम्भार गर्न नसकेका कारण, खाल्डाखुल्डीले सडक दुर्घटनाको जोखिम बढाएको छ।

राजधानी प्रवेश गर्ने र राजधानीबाट बाहिरिने साधनहरूको चाप अत्यधिक हुने र मालबाहक सवारीका कारण यो खण्डमा जाम हुने गरेको हो। यात्रुहरूलाई सुरक्षित र समयमा नै गन्तव्यमा पुऱ्याउन विभिन्न स्थानमा प्रहरी पनि परिचालन गरिएको छ। मालबाहक साधनहरूले क्षमताभन्दा बढी भार बोकेर राजधानी प्रवेश गर्ने गरेका छन्। बढी भार बोकेर काठमाडौं प्रवेश गरेका मालबाहक सवारीसाधन उकालोमा बिग्रने गरेर जाम लाग्ने गरेको छ। जसका कारण राजमार्ग हुँदै राजधानीबाट बाहिरिने र भित्रने सयौं सवारीका हजारौ यात्रुहरूले यात्राका क्रममा अनावश्यक झन्झट बेहोर्नुपरेको प्रमुख जिल्ला अधिकारी आसमान तामाङले बताए। सवारीजामको फाइदा उठाएर स्थानीय होटलहरूले पनि ग्राहकहरूलाई चर्को मूल्य लिएर ठगी गर्ने गरेको गुनासो आएको बताउँदै सादा पोसाकमा प्रहरी परिचालन पनि गरिने बताए। 'निर्माण सामग्री बोकेका लरी नागढुंगाको उकालो तथा मोडहरूमा बिग्रने र मोडहरूमा साइड नै नपुग्दा सवारी जाम हुने गरेको छ,' उनले भने, 'चाडपर्वमा निर्माण सामग्रीको आवश्यकभन्दा पनि यात्रुहरूलाई मध्यनजर गरेर सुरक्षा व्यवस्था मिलाएका छौं।'

ठूला साधन चल्न रोक लगाएपछि त्रिभुवन राजपथ र पृथ्वी राजमार्गमा सवारी चाप आधा घटेको छ। जिल्ला प्रहरी कार्यालयले घटस्थापनादेखि एक साताका लागि ठूला मालबाहक सवारीसाधन प्रवेशमा रोक लगाएको हो। जाम हुन नदिन तत्कालका लागि सडकमा भइपरी आउन सक्ने समस्याका लागि क्रेन र डोजरजस्ता उपकरण तयारी अवस्थामा राखिएका छन्। १२ चक्के सवारीलाई असोज १८ गतेसम्म निश्चित समयमा मात्र प्रवेश गर्न पाउने गरी व्यवस्थापन गरिएको छ।

ठूला १२ चक्केभन्दा माथिका सवारीलाई सवारी चाप हेरेर मात्रै रातको ९ बजेपछि मात्र प्रवेश अनुमति दिइने छ।

अझै खुलेन कान्ति लोकपथको ट्रयाक

■ **प्रशान्त माली** (काठमाडौं)

ठेकेदारले सम्झौताअनुसार काम नगर्दा कान्तिलोक पथको ट्रयाक खोल्ने काम अधुरै रहेको छ। दसैं मनाउन काठमाडौं उपत्यकाबाहिर जाने यात्रुलाई सहज बनाउने गरी गत वर्ष ट्रयाक खोल्न ठेक्का गरिएको थियो। ६ दशक अघिदेखि निर्माण सुरु गरिएको कान्तिलोक पथको मकवानपुरतर्फ २ किमि र ललितपुरतर्फ ४ किमि दुई लेन सडक चौडा गर्न बाँकी छ।

कान्तिलोक पथ सडक सुधार योजनाका सूचना अधिकारी अमिन्द्र खड्काले ठेकेदारले समयमा काम सम्पन्न नगरेकाले दसैंमा सवारीसाधान गुड्याउने लक्ष्य फेल खाएको बताए। 'ठेकेदारलाई जरिवार तिराउने वा के गर्ने भन्ने विषयमा छलफल भइरहेको छ,' उनले भने, '६ किमि सडकमा कडा पत्थर छ।'


ललितपुर खण्डतर्फ ट्रयाक खोल्न सूर्य, बाइवा जेभीले १७ करोड रुपैयाँमा ठेक्का पाएका थिए। मकवानपुरतर्फ नार्गाजुन र सर्वशक्ति जेभीले १० करोडमा ठेक्का पाएका थिए। अर्थ मन्त्रालयले मार्गको स्तरोन्नति गर्न आर्थिक वर्ष २०७६/७७ का लागि ६० करोड रुपैयाँ बजेट विनियोजित गरेको छ। आर्थिक वर्ष २०७७/७८ मा निर्माण सम्पन्न गरी उद्घाटन गर्ने सरकारी लक्ष्य छ। योजनाअनुसार ट्रयाक चौडा ७१ किमि र कालोपत्रे ६९ भइसकेको छ। सडकको लम्बाइ हेटौंडाको बुद्ध चोकदेखि सातदोबाटोसम्म ९० किमि छ। योजनाअन्तर्गत टीकाभैरव-सातदोबाटो ११ किमिबाहेक ७९ किमि छ। जसको ललितपुर र मकवानपुर खण्डअन्तर्गत २८ र ५१ किमि छ। नेपाली सेनाले २०१३ बाट ट्रयाक खोल्न सुरु गरेर २०१६ सम्पन्न गरेको थियो। कान्तिलोक पथ राजधानीलाई हटौडासँग जोड्ने छोटो भरपर्दो मार्गका रूपमा लिइन्छ।

सामुदायिक वन उपभोक्ताको विरोध

काभ्रे (कास)- सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला शाखाले अर्थमन्त्री युवराज खतिवडा सहभागी कार्यक्रममा सांकेतिक विरोध प्रदर्शन गरेको छ। अभियान लुघवित्त वित्तीय संस्थाको सेवा उद्घाटन गर्न काभ्रेको पनौती आएका मन्त्री खतिवडा सामुन्ने ब्यानर टाँसेर महासंघले विरोध जनाएको प्रदेश ३ अध्यक्षसमेत रहेका शाखा अध्यक्ष विनोद सापकोटाले बताए। संघ, प्रदेश र स्थानीय सरकारले लगाएको तेहोरो करका विषयमा वन उपभोक्ता महासंघ आन्दोलनमा छ।

मन्त्री खतिवडाले विरोधमा झुन्ड्याएको ब्यानरको प्रसंग निकाल्दै भने, 'मेरो अगाडि झुन्ड्याइएको ब्यानरको म कुरा राख्छु, साल र खयर प्रजातिका रूख समुदायभन्दा बाहिर बेच्दा १० प्रतिशत कर लगाउने भन्ने कुरा राखिएको हो, त्यो पहिला पनि थियो,' उनले भने, 'सामुदायिक वनको आम्दानीमा कर लगाउने कुरा प्रदेश सरकारले भनेको हो, त्यो त्यतैबाट समाधान हुने विषय हो।'

उनले १५ खर्ब हाराहारीको बजेट रहेको संघीय सरकारको दायित्व करिब १० खर्ब भएकाले प्रदेश र स्थानीय सरकारमा थोरै बजेट आएको तर्क गरे। कार्यक्रममा प्रदेशसभा सदस्य चन्द्रबहादुर लामाले बजेटको ठूलो हिस्सा केन्द्रमा नै रहेकाले प्रदेश र स्थानीय सरकारप्रति जनतामा निराशा आएको र संघीयतामाथि नै प्रश्न उठ्न थालेको बताए।









तपाईंको आज

मेष	प्रियजन भेट	तुला	कार्य सिद्धि
वृष	कान्ति क्षय	वृश्चिक	अधिक खर्च
मिथुन	मनोकांक्षा पूर्ण	धनु	नयाँ कार्य आरम्भ
कर्कट	द्विविधा बढ्ने	मकर	कर्म प्राप्ति
सिंह	शत्रु नाश	कुम्भ	भाग्य वृद्धि
कन्या	वैभव प्राप्ति	मीन	आलश्यता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल आश्विन १५ गते बुधबार तदनुरुप २ अक्टोबर २०१९ आश्विन शुक्लपक्ष चतुर्थी तिथि दिनको ४:२४ बजेसम्म उप्रान्त पञ्चमी तिथि, विशाखा नक्षत्र साँझको ६:२१ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, बिष्कुम्भ योग प्रातः ११:२२ बजेसम्म उप्रान्त प्रीति योग ,भद्रा करण दिनको ४:२४ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

KANTIPUR HD

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमननँज (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू थ्रएड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्युज रिपोटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपिट १)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कानुनी बहस र परामर्श (कमला)
०८:००	डेलिभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (ग्लिसा)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:५५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड ह्युजकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रिंयका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्डी ज्योल्डी (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (गुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०४:००	भजनहरु लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२०५३४४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१४७०७
कान्ति बाल अस्पताल	४४१९४५०
प्रसूति गृह	४२५३०६६
टेकु अस्पताल	४२५३२८६
पाटन अस्पताल	५५२२७६८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७७
मानसिक अस्पताल	५५२०३३३
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६२५
तिलगंगा आँखा अस्पताल	४४०३६८४
नेपाल अर्थोपेडिक अस्पताल	४९५५०२५
मरक्युर अस्पताल	६६५०६०६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४९५५०८८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६५५०
काठमाडौं मोडेल अस्पताल	४२४०८७४/६
नेपाल मेडिसिटी अस्पताल	९७३४/४२५७०६६/४२५७०५५
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर मेरोनल अस्पताल	४४६०८६०
मेडीकेयर मेरोनल अस्पताल (एम्बुलेन्स)	४४६०८६०
कान्तिपुर हस्पिटल	४९९९५५७/८५८
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४०६२०५
नर्भिक, थापाथली	४२५८५४४
वयोधा अस्पताल (प्रा.) लि.	४२८६४०८/४२८१६६६
लाइफ केयर अस्पताल	४२२०७३५
मितेरी अस्पताल	६६३१७३६/६६३८०१६
क्याथिएल हस्पिटल (प्रा.) लि.	४२४४०२०
मरक्युर रेडक्रस	६६५२०६६
नेशनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
नेपाल मेडिसिटी	४२५७०५५/४२५७०६६
मानसिक अस्पताल	४४८०१६०
हृयात्स अस्पताल	४३७०४०४/४३७०६०४
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह	४३५४३०/४३८९२६२
ओर्सा अस्पताल र रिसर्च इन्टिच्युट	४२५८५४२/४२५८५४१
मनमोहन मेमोरियल अस्पताल	४४१४६०५/४४२०८२३
मरोसा अस्पताल प्रा.लि.	४४७४७६८/४४८९८९१
सामुदायिक मानसिक स्वा. से. केन्द्र	०१ ६९१२५४४
जनजीवी हस्पिटल	४३६६३०१-०५
मरच्यपुर अस्पताल	०१-५०२३३८८/५०२३३०५/५०२३३०२
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३५२/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४२६३९२/४२०२०६४/४२६८९२३
हेल्थ हेल्थ सामुदायिक अस्पताल	४४७३५१८/४४७०६५५
शहीद मेमोरियल अस्पताल	४४७०२७४/०५६२०८४०२
स्पार्क हेल्थ होम अस्पताल	४२७३०७४/४२७०२२३
ओल समाज अस्पताल	४३९३५०२
स्टार अस्पताल	५५५०२९६/५५५०१९८/५५५२२७६
अल्का अस्पता

YAMAHA
Revs Your Heart

YES! YAMAHA

ASOJ 17 गतेसम्म थप गरिएको
ALL NEPAL YAMAHA SHOWROOMS

YAMAHA
EXCHANGE & UPGRADE



कुनैपनि ब्राण्डको पुरानो बाइकको
बजार प्रचलित मूल्यभन्दा
रू. १५,०००/-*
थप मूल्याङ्कन

GUARANTEED
रू. ३०,०००/-*
न्युनतम मूल्याङ्कन

*शर्तहरू लागू हुनेछन्

CASH DISCOUNT
RS. 7,000 TO RS. 1,00,000

FREE ACCESSORIES

ON THE SPOT FINANCE FACILITY



AUTHORISED DISTRIBUTOR
M.A.W. Enterprises Pvt. Ltd.
MAW BUILDING TRUST THROUGH SERVICE SINCE 1964

KATHMANDU VALLEY
Tripureshwor: 4268252, Kantipath: 4227515, Nayabazar: 4381855, Sitapaila: 5233260, Teku: 4104578, Satungal: 6201159, Kumaripati: 5555889, Balkumari: 5526770, Koteswor: 5199023, Bhaktapur (Sallaghari): 6618088, Gatthaghar: 6634205, Chabahil: 4486728, Maharajgunj: 4720869, Ratopul: 4417603, Gwarko: 5526770, Gangabu: 4390604

EASTERN REGION
Illam: 521072, Britamode: 541677, Damak: 580764, Pathari: 555864, Biratchowk: 545600, Ithari: 580453, Dharan: 528179, Khadbari: 560775, Biratnagar: 503156, Inaruwa: 560434, Rajbiraj: 521191, Gaighat: 420828, Lahan: 560532, Siraha: 520241, Mirchaiya: 550210, Urlabari: 541110, Katari: 9741108907, Kanchanpur: 9804782660, Duhabi: 540350, Surunga: 9806026700, Phidim: 520826

CENTRAL REGION
Dhading: 520309, Trishuli: 9851198573, Banepa: 685892, Charikot: 9866400007, Malangwa: 520553, Bardibas: 550445, Dhanusa: 9844053178, Janakpur: 420020, Jaleshwor: 521151, Lalbandi: 501020, Chapur: 540462, Kalaiya: 551460, Birgunj: 524857, Nijgadh: 540275, Jitpur: 412157, Hetauda: 526460, Parsa: 582661, Tadi: 562761, Narayanghat: 571207, Kawasoti: 540364, Garuda: 565408, Gaur: 5654508, Dhanusadham: 9807810001

WESTERN REGION
Abukhaireni: 540691, Dulegauda:414221, Damauli: 561623, Baglung: 522747, Pokhara: 536022, Syangja: 420316, Waling: 412130, Palpa: 520445, Tamghas: 520488, Baletaksar: 410083, Rampur: 400219, Butwal: 541583, Bhairahawa: 520541, Parasi: 520678, Ridi: 690383, Bardaghat: 580175, Jitpur: 550195, Beni 9857640920, Arghakhanchi: 9857063524, Chandrauta: 540766, Lekhnath: 411522

MID WESTERN REGION
Lamahi: 540267, Dang: 561296, Tulsipur: 520174, Pyuthan: 460722 Nepalgunj: 551611, Surkhet: 521754, Kohalpur: 541734, Gulariya: 9848022069, Jumla: 9858320606

FAR WESTERN REGION
Tikapur: 560110, Atariya: 9848563996, Dhangadhi: 417499, Dadeldhura: 9860687065, Mahendranagar: 523816, Lamki: 540570

सम्पादकीय

अस्वीकार्य शक्ति उन्माद

केही समययता सत्तारूढ नेकपाका कार्यकर्ताहरूले विपक्षी विचार राख्नेहरूविरुद्ध जुन ढंगले शृंखलाबद्ध भौतिक आक्रमण गर्न थालेका छन्, त्यसले हाम्रो लोकतान्त्रिक चेतनामाथि नै प्रहार गरेको छ । आफूलाई भ्रष्टाचारविरोधी अभियन्ता भनेर चिनाउने ज्ञानेन्द्र शाहीलगायतका व्यक्तिमाथि भएका यस्ता घटना सचेत समाजका लागि स्वीकार्य छैनन् । आफूलाई मन नपर्ने विचार राख्ने तथा गतिविधि गर्नेहरूविरुद्ध भौतिक आक्रमणमै उत्रिनु सत्ता र शक्ति उन्मादको प्रदर्शन हो । यस्तो प्रवृत्तिले असहिष्णुता मात्र प्रवर्द्धन गरेको छैन, विधिको शासनलाई नै चुनौती दिएको छ ।

नेकपाका कार्यकर्ताहरूले शनिबार भरतपुरमा शाही सहभागी हुन लागेको एउटा कार्यक्रम मात्र बिथोलेनन्, उनीमाथि ढुंगामुढा र लाठी प्रहारसमेत गरे । उनी चढेको माइक्रो बसमा क्षति पुऱ्याए । आक्रमणबाट घाइते भएका शाहीलाई उपचार गर्न काठमाडौं ल्याउनुपर्ने स्थिति बन्यो । यसअघि, भदौ अन्तिम साता पनि उनले ललितपुरमा पत्रकार सम्मेलन गर्न लाग्दा हुलहुज्जत गरिएको थियो । निज शाहीको बोली-व्यवहार, शैली, प्रस्तुति र गतिविधिमाथि सहमत/असहमत जे पनि हुन सकिन्छ । तर उनीमाथि शारीरिक आक्रमण नै गर्नु भर्त्सनायोग्य मात्र होइन, गैरकानुनीसमेत छ । झट्ट हेर्दा एकजना व्यक्तिमाथिको कुटपिटजस्तो देखिए पनि यो घटना प्रकारान्तरले लोकतान्त्रिक सहिष्णुता खुम्चिँदै गएको सूचक हो । यसले विचार तथा अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्वक भेला हुन पाउने संवैधानिक अधिकारमाथि प्रहार गर्ने प्रयत्न गरेको छ । यसमा शाहीलाई मौन तुल्याउने मात्र होइन, सत्ताविरुद्ध बोल्न खोज्ने जो-कोहीलाई तर्साउने नियत देखिन्छ ।

लोकतन्त्र भनेकै भिन्न मतको अस्तित्व स्वीकार गर्ने प्रणाली हो । आफ्नो विचारको उपस्थितिका लागि अरूको विचारको पनि उत्तिकै सम्मान गर्नुपर्छ । फरक मतसँग प्रतिवाद लोकतान्त्रिक ढंगबाटै गरिनुपर्छ । कसैका विचार तथा गतिविधि गैरकानुनी लाग्छन् भन्ने तिनको उपचार खोज्ने कानुनी उपायहरू छन् । तर अमुक दलका कार्यकर्ताहरूले कानुन र प्रशासन हातमा लिएर उपद्रो मच्चाउन पटक्कै पाउँदैनन् । लोकतान्त्रिक समाजमा विचारको खण्डन विचारले नै गरिनुपर्छ, शारीरिक आक्रमणले होइन ।

शाहीमाथि आक्रमण गर्ने समूहको खोजी भइरहेको जनाएको प्रहरीले अहिलेसम्म दोषी किटान गर्न सकेको छैन । आक्रमणमा संलग्न रहेको भन्दै पक्राउ परेका एकजना शनिबार नै छुटेका छन् । सत्तारूढ दलका कार्यकर्ता संलग्न भएकाले दोषीलाई पक्रन जति ढिला हुन्छ, त्यति यस घटनामा सरकारकै संरक्षण रहेको अर्थ लाग्दै जान्छ । सत्ता र शक्तिको आड भएकाहरूले जे गरे पनि हुन्छ भन्ने मान्यता स्थापित हुन्छ । यसले विधिको शासनलाई कमजोर तुल्याएर समाजलाई 'भिजिलान्ते राज' तर्फ डोऱ्याउँछ । र, अन्ततः दण्डहीनता मात्र मौलाउँदैन, आम नागरिकमा सत्ताको भय सिर्जना हुन्छ । लोकतन्त्र र विधिको शासनमा कानुनको भय हुनुपर्छ, सत्तारूढ दलका कार्यकर्ताहरूको होइन ।

तसर्थ, दोषी पहिचान गरी कानुनी कारबाहीका लागि समग्र सरकार र सत्तारूढ दलले छानबिनमा प्रहरीलाई सघाउनुपर्छ । निष्पक्ष अनुसन्धानको वातावरण सिर्जना गरिदिनुपर्छ । यस घटनामा संलग्नहरूमाथि कारबाही भएन भने प्रहरी प्रशासनमा पनि भोलिका दिनमा सत्ताधारी दलका कार्यकर्ताका गैरकानुनी गतिविधिप्रति मौनता साध्ने प्रवृत्ति झाँगिन्छ, जसले पुरै समाजलाई अराजकतातिर धकेल्न सक्छ । त्यस्तो स्थिति आउन नदिन सरकार बेलैमा सचेत हुनुपर्छ । सम्बद्ध दलले पनि आफ्ना कार्यकर्ताका उदण्ड व्यवहार रोक्नुपर्छ । सरकार, राजनीतिज्ञ र सार्वजनिक पदाधिकारीको आलोचना गर्ने र आफ्नो मत राख्ने हक जोकोही नागरिकलाई भएको तथ्य सबैले मनन गर्नुपर्छ ।

चिन्ता लाग्ने पक्ष- पछिल्लो समय यस्ता घटना छिटपुट रूपमा मात्र भएका छैनन्, पटकपटक दोहोरिन थालेका छन् । तनहुँमा आइतबार मात्रै कांग्रेस नेता एवं पूर्वमन्त्री मीनेन्द्र रिजालमाथि नेकपा कार्यकर्ताले आक्रमण प्रयास गरेका छन् । भदौ अन्तिम साता नेपालगन्जमा कांग्रेस जिल्ला सभापति किरण कोइरालालगायत माथिको आक्रमण पनि नेकपा कार्यकर्ताहरूबाटै भएको कांग्रेसको दाबी छ । सीतापुरस्थित रेडक्रसको सभाकक्षमा कांग्रेस कार्यक्रममा भएको आक्रमणबाट सभापति कोइरालाको बायाँ हात नै भाँचिएको छ । यस्तै, केही महिनापहिले गायक पशुपति शर्माले एउटा व्यंग्य गीत गाउँदा सत्तारूढ दलका कार्यकर्ताले यस्तै हर्कत गरेका थिए । युवा संघले उनलाई फेसबुकमार्फत चेतावनी मात्र दिएको थिएन, आफ्ना 'ज्ञात-अज्ञात त्रुटिहरू सच्याउन' भनेको थियो । 'अन्यथा...करियरमा असर पर्न सक्ने कडा कदमका लागि बाध्य हुन नपरोस्' भनेर धम्क्याएको थियो ।

नेपाली समाजमा एक किसिमले अभिव्यक्ति स्वतन्त्रताको प्रयोग उचाइमा पुगिसकेका बेला फेरि विचारमाथि नै बन्देज लगाउन खोज्ने गरी भएका गतिविधि आफैंमा निन्दनीय छन् । विचार तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोगमा हामीले छोएको उचाइलाई बिटुलो बनाउने यस्ता घटना दुर्भाग्यपूर्ण हुन् । यी घटनाहरूमा धेरैले पञ्चायतको झल्को पाएका छन्, जुन लोकतान्त्रिक गणतन्त्रको स्वास्थ्यका लागि शुभ संकेत होइन । यस प्रकरणमा सरकारको प्रत्यक्ष हात नदेखिए पनि उसप्रतिका प्रश्नहरू यत्तिकै निस्तेज हुँदैनन् । सत्तारूढ दलका कार्यकर्ताले यसरी आक्रमण र हुलहुज्जत गर्ने शक्तिको स्रोत के हो, खोजबिन गरिनुपर्छ ।

कसैको विचार तथा गतिविधि कति ठीक/कति बेठिक भनेर जाँच्ने न्यायाधीश कुनै दलका अमुक कार्यकर्ता होइनन् । विधिको शासनभन्दा बाहिर गएर जथाभावी गर्ने हक कसैलाई छैन । ती विचार र गतिविधिले कसैलाई चोट पुगेको छ भने कानुनी उपचार खोज्ने विधिसम्मत् बाटो पछ्याउनुपर्छ, सत्ता र शक्तिको उन्माद देखाउने होइन । निर्बाध प्रश्नहरू गर्नकै निम्ति दुई-तीन पुस्ताले संघर्ष गरेर ल्याएको लोकतन्त्रमा यसको मेरुदण्ड मानिने वाक् तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने कोसिस किमार्थ मञ्जुर छैन । तसर्थ, सरकारले अविलम्ब दोषीलाई कारबाही गरेर आम नागरिकलाई संवैधानिक हकको प्रत्याभूति गराउनुपर्छ ।

भाषिक हिंसा र भालेवाद



समवेत

सरिता तिवारी

गत शनिबार चितवनमा सत्ताधारीका बाहुबलीद्वारा ज्ञानेन्द्र शाही निर्घात कुटिएको खबर आयो । प्रतिदिन शक्तिले मदोन्मत्त भएर दम्भको चुली उक्लिरहेका सत्ताधारीसँग विचारले लड्ने हयाउ सकिँदै गएको भन्ने बुझ्न यो एउटै घटनामात्र पर्याप्त छ । विरोधी स्वरलाई नियन्त्रण गर्ने यो काइदा आफैंमा निकृष्ट र अनुचित हो भन्नेमा दुईमत नै छैन । यद्यपि यतिबेला सरकार विरोधी अभिव्यक्ति दिनेहरूको नैतिक हैसियत के हो ? उनीहरूको तर्क र विरोधको ध्वनिमा कुनै कुत्सित योजना पनि छ या त्यो स्वस्फुर्त र स्वाभाविक छ ? त्यसको परीक्षण पनि उत्तिकै जरुरी छ ।

यो घटना लगत्तै सामाजिक सञ्जालमा भरतपुर महानगरपालिकाका मेयर रेणु दाहालमाथि अत्यन्तै घृणित र अश्लील ट्रोलहरू सुरु भए । दाहालको फोटोमाथि छेडखानी भयो । आइतबार नै महानगरपालिकाको तर्फबाट जिल्ला प्रहरी कार्यालय चितवनमार्फत गृह मन्त्रालय र प्रहरी मुख्यालयमा साइबर अपराधको जाहेरी दर्ता गराइसकिएको छ । यतिखेर केही समय पहिले मेयर रेणु दाहालले दिएको अभिव्यक्तिमा ध्वनित भाषामाथि पनि आलोचना भइरहेकै छ, जसमा उनले एकचोटीलाई माफ र छुट दिए पनि भरतपुर महानगरपालिकाभित्र आएर सरकार विरोधी अभियानका गतिविधि गर्नेलाई 'महानगर स्तरबाट के गर्नुपर्छ गर्ने' चेतावनी दिएकी थिइन् ।

●●●

निकृष्ट शब्दका गाली र नग्न स्तरमा ओर्लेर गरिने तुच्छ आलोचना सामाजिक सञ्जालको विद्रूप ऐँजेरु बनिरहेको तथ्य सबैले स्वीकार गरिरहेका छन् । यसबाट हुने मानमर्दन र सार्वजनिक अपमानको त कुनै लेखाजोखा नै छैन । तस्बिरमाथि छेडखानी गर्ने, सुन्नै नसकिने भद्दा गाली र चरित्रहत्या गर्ने क्रममा सार्वजनिक पदधारीमाथि लिइएका हर्मत यसै पनि कम छैनन् । तर जब-जब महिला पदधारीमाथि आलोचना गरिन्छ, समाजका अतिशय नाङ्गा हुँदै गएका, कुरूप सोचका बाछिटा प्रकट हुन्छन् । सामाजिक सञ्जालको दुरुपयोग गरेर राष्ट्रपतिदेखि भरतपुर मेयरसम्मलाई जसरी आक्रमण गरिएको छ, त्यो भर्त्सनायोग्य त छँदैछ, त्यसले पार्ने सांस्कृतिक असरबारे विमर्श र चिन्ता गरिनु पनि उत्तिकै आवश्यक छ ।

किन महिलामाथि नै यस्ता भाषिक आक्रमण हुन्छन् ? दाहालको विरोधी जतिलाई 'एक्सन लिएर देखाइदिने' अभिव्यक्तिलाई कुनै महिला मेयरको होइन, पुरुष मेयरको अभिव्यक्ति मानेर हेरौं त ! के उसलाई पनि यसैगरी चुत्था र हदैसम्मका निकृष्ट आलोचना गरिन्थ्यो ? सार्वजनिक स्तरमा बेइज्जत गरेर बलात्कार गर्ने धम्की दिइन्थ्यो ? उनीमाथि आरोपित भाषा सरकारका जनविरोधी गतिविधिका आलोचकका मात्रै हुन् कि भालेवादी अहंकारका क्रूर रूपक हुन् ? यसले देखाउँछ, सार्वजनिक पदमा बसेका महिलामाथि नै यति छुद्र टिप्पणी गर्ने भाले ग्रन्थिले आम महिलाको अस्मिता र आत्मसम्मानमाथि कस्तो भाषाको प्रयोग गर्ला ? आफ्ने आमा, श्रीमती, दिदीबहिनी र मित्रमण्डलीसँग तिनले कस्तो भाषा प्रयोग गर्छन् होला ?

भाषाको प्रयोग कसले, कसरी गरिरहेको छ भन्ने कुरा अर्थव्यवस्था र त्यसबाट निर्मित संस्कृतिका आधारमा चलिरहेको लैङ्गिक शक्ति संरचनासँग जोडिन्छ । लामो समयदेखि सामाजिक शक्तिको तराजु पुरुषतर्फ मात्रै ढल्किएका कारण भाषा पुरुष निर्मित वस्तु हो भन्न कुनै संकोच मान्नु पर्दैन । भाषाको ऐतिहासिक चरित्रको अध्ययन गरेकी अस्ट्रेलियाली भाषाविद् डेल स्प्लेन्डरले 'म्यान मेड ल्याङ्वेज' भन्ने किताबमार्फत भनेकी छिन्, 'भाषा पुरुष निर्मित र पुरुषका लागि निर्मित हो । यसमा पुरुष स्वयम् नियम हुन्छ र स्वयम् कर्ता ।' उनी अगाडि भन्छिन्, सत्य निर्माणमा भाषाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । यो सत्यको हेराफेरी गर्ने सबभन्दा बलियो माध्यमसमेत हो ।

भाषा प्रयोगको यो विशेष अख्तियारीले पुरुषमा बाल्यकालदेखि नै महिला वर्गलाई तथानाम हेलाहोच्चो गर्ने चेत घुसाइरहेको हुन्छ । सार्वजनिक धारणा, उखान, उक्ति र संस्थापन अनुकूलका साहित्यले निरन्तर एउटा पुरुषलाई स्त्रीद्वेषी संस्कारमा बानी पारिरहेको हुन्छ । सामान्य दैनिकीमा भेटिने अधिकांश पुरुषका भाषा सुन्नुस्, त्यहाँ कुनै पुरुषलाई गरिने गालीमा समेत आमा, श्रीमती वा दिदीबहिनीलाई जोडेर अश्लील शब्दको प्रचुर प्रयोग गरिएको हुन्छ । विडम्बना नै भनौं, त्यसैलाई पुरुषत्व अर्थात् मर्दपनको द्योतकसमेत मानिन्छ । भाषा प्रयोगमा पुरुष श्रेष्ठताको यो मानक नै भालेवादी अहंकारको जरो हो, जसले घर, गाउँ, छिमेकदेखि मेयर र राष्ट्रपतिसम्मलाई केवल भोग्ने वस्तुको लेन्सले हेर्छ । महिलामैत्री सुसंस्कारमा हुर्किएका, मानवीय मर्यादा र शिष्टता सिक्ने, मानवतावादी विचारहरूमा अद्यावधिक हुने सीमित पुरुष बाहेक प्रायःजसो पुरुषमा यही अहंकार खाँदी-खाँदी भरिएको हुन्छ । त्यसैका उत्पादन हुन्, सामाजिक सञ्जालमा देखिने यस्ता अश्लील ट्रोल ।

सत्ता र सरकार दुई तिहाइ बहुमतको दम्भले मदोन्मत्त भएको तथ्य जगजाहेर छ । त्यसको सार्वजनिक आलोचना गर्ने अधिकार कुनै पनि नागरिकलाई छ । यो लोकतन्त्र कसैको बाबुको बिर्ता होइन । यसमा नागरिक आलोचनासँग असहय भएर धम्कीपूर्ण अभिव्यक्ति दिने प्राधिकार कसैलाई पनि छैन । लोकतन्त्रमा शान्तिपूर्ण तरिकाले सरकारको आलोचना र गतिविधि गर्न कोही पनि स्वतन्त्र छ, चाहे त्यो राजावादी वा अन्य कुनै पनि वादी होस् । सरकार त निरन्तर आफूलाई सही र जनमुखी बनाउने प्रयत्नमा लाग्ने हो । आलोचकका कुरामा सतर्क हुने र त्रुटिहरूलाई सच्याउने कुरामा प्रतिबद्ध हुने हो । जसरी सरकार-संस्थापन नागरिकको न्यूनतम अभिभावकीय चरित्रलाई बिर्सिएर आलोचकहरूमाथि भौतिक कारबाहीको धम्की दिँदै हिँड्छ र त्यो धम्कीलाई कार्यान्वयन गर्न असहिष्णु रूपमा प्रकट हुन्छ, त्यसलाई कुनै पनि सर्तमा सही मान्न सकिन्न । यो पनि सत्यको एउटा पाटो हुँदै हो । तर विरोधका नाममा कसैमाथि पनि बलात्कारको चेतावनी र चरित्रहत्या गर्ने दुस्साहस त्योभन्दा पनि निकृष्ट हर्कत हो । यस्ता हर्कतको जति भर्त्सना र आलोचना गरे पनि कम हुन्छ ।

न सरकार सबै नागरिकको अभिभावकजस्तो गम्भीर र धैर्यवान हुनसक्ने न आलोचकले भाषाको शिष्ट र मर्यादित लगाम खिच्न सक्ने ! यसले समाजलाई दुवैतर्फबाट अराजकताको भयावह मोडमा लैजाने संकेत गर्छ ।

●●●

सामाजिक सञ्जालको दुरुपयोग गरेर आफूलाई मन नपरेका सार्वजनिक जीवनका महिलालाई बलात्कारसम्मको धम्की दिने, चरित्रहत्या गर्ने कुरा नेपालमा नौलो भए पनि भारतमा गौरी लंकेश, अरुन्धति रोय, सेहला रसिदजस्ता प्रख्यात व्यक्तिमाथि गरिएका ट्रोल पढ्न त के हेर्नसम्म सकिन्न । निर्वासित बंगलादेशी लेखक तसलिमा नसरिनलाई कस्ता-कस्ता धम्की दिइन्छन् भन्ने त झन् कुरै नगरौं । सार्वजनिक रूपमा महिलामाथि अश्लील गालीगलौजमा उत्रने त्यही पुरुष वर्ग हो, जसलाई लाग्छ, उसलाई महिलाको शरीर र गरिमासँग निच खेल खेल्ने जन्मसिद्ध प्राधिकार छ । यतिखेर देशका शक्तिशाली व्यक्तिकी छोरी र बहालवाला मेयरमाथि गरिएको यस्तो हर्कतमाथि कारबाही अवश्य पनि हुनेछ । तर प्रतिपक्षी र सत्ता, शक्तिको प्रभाव बाहिरका महिलामाथि अश्लील टिप्पणी गर्नेमाथि पनि प्रहरी, प्रशासन उत्तिकै सजग र प्रभावशाली देखिएला ?

अर्थप्रणाली र त्यसले निर्माण गरेको पितृसत्तात्मक सामाजिक व्यवस्थाले भाषा प्रयोगमा अधिकारको असमान वितरण भएकैले पुरुषमा मूलतः महिलाद्वेषी चिन्तन विकसित हुँदै आएको कुरो वैज्ञानिक र ऐतिहासिक रूपले पुष्टि भैसकेको छ । यही कुराले निर्देशित भएको भालेवादी अहंकार विभिन्न रूपमा बेला-बेला प्रकट भैरहन्छ । तर यो कुरो कतिपय पुरुष वर्गलाई पच्दैन । जेसुकै र जुनसुकै कुरालाई महिलावादी चस्माले हेर्ने ? उनीहरूको टिप्पणी यतिसम्म सपाट हुन्छ । तर महिलावाद महिलामाथिको हजारौं वर्ष यता चलिरहेको आर्थिक, सांस्कृतिक उत्पीडनको मात्रै विरोधी चिन्तन होइन, अन्ततः पितृसत्ताको साङ्लोबाट पुरुषलाई समेत मुक्त गर्ने मानवतावादी विचार पद्धति हो भन्ने तथ्य शिक्षित र सचेत भनिएका पुरुष वर्गले समेत किन बुझ्दैनन् ? पितृसत्ताको आलोचना गर्नासाथ आफ्नै अस्तित्वमाथि नै आइलागे जस्तो ठानेर वल्लतल्ल बोल्न र मुखर हुन सिकेका महिलामाथि नै किन जाइलाग्छन् ?

जुन चेतनाले सामाजिक विचारधारा निर्माण भएको छ, त्यसको मूलमा नपुगी भाषिक हिंसाको पहिचान र समाधान सम्भव छैन । स्त्रीद्वेष हाम्रो सामाजिक व्यवस्थाको आधारभूत चरित्र हो । भाषामार्फत महिलामाथि गरिने सबै प्रकारका हिंसाको जरो यसैमा छ । अपवाद बाहेकका अधिकांश पुरुषको दिमागमा स्त्रीद्वेषी मनोविज्ञान हावी हुनु यद्यपि एक्लो पुरुष (या महिलाको समेत) को दोष होइन, सामाजिक व्यवस्थाको दोष हो । यही दूषित मनोविज्ञानले हो, बलात्कारी र हत्यारा पुरुष जन्माउने । यसैले हो, 'एसिड अट्याकर' र यौन उत्पीडक रोगीहरू जन्माउने । यो केही 'अपराधी'को नियन्त्रण गरेर मात्रै पार लाग्ने कुरा होइन । समग्र सामाजिक मनोविज्ञान नै बदल्ने व्यक्तिगत र सामुहिक प्रतिबद्धताको समेत विषय हो ।



जब-जब महिला पदधारीमाथि आलोचना गरिन्छ, समाजका अतिशय नांगा हुँदै गएका, कुरूप सोचका बाछिटा प्रकट हुन्छन् ।

सम्पादकलाई चिठी

कमजोर कार्यकारी

'प्रधानमन्त्री चाहन्छन्, काम बन्दैन' समाचारले प्रधानमन्त्री कति निरीह रहेछन् भन्ने प्रस्टिएको छ । कार्यक्रममा भाषण गर्दा प्रधानमन्त्रीले जुन दम्भसाथ बोल्छन्, भित्र त उनलाई आफ्नै मन्त्रीले पनि टेरपुच्छर लगाउँदा रहेनछन् भन्ने कुरा उनले आफैं बाहिर ल्याएका छन् । प्रधानमन्त्री देशको कार्यकारी हो । त्यसमा पनि अहिले त दुई तिहाइको बलियो प्रधानमन्त्री । सबै कुरा प्रधानमन्त्रीले भनेजस्तो हुनुपर्ने थियो । प्रधानमन्त्री र मन्त्रीहरू भन्ने गर्छन्- दुई तिहाइको सरकार छ, कसैको सामु डराउने र झुक्नुपर्ने आवश्यकता छैन । तर व्यवहारमा त प्रधानमन्त्रीलाई नै मन्त्रीहरूले मान्यता दिँदारहेनछन् । कुरा टेर्ने र नटेर्नेको मात्रै होइन, कतिपटक त चित्तबुझ्दो काम नगर्ने मन्त्रीहरूलाई हटाउनेसम्मको चेतावनी प्रधानमन्त्री र नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहालले दिँदै आएका छन् । तैपनि मन्त्रीको आचरण किन नसुधारिएको होला ? मन्त्रिपरिषदका सदस्यलाई पदबाट हटाउन र नियुक्त गर्नसक्ने अधिकार प्रधानमन्त्रीलाई छ । तर पनि उनी पटक-पटक चेतावनी शैलीमा प्रस्तुतमात्रै भएका छन् । काम गरेर देखाउनसकेका छैनन् । पार्टीको नाम एउटै भए पनि पूर्वमाओवादी केन्द्र र पूर्वएमाले पक्षको गुट पार्टीभित्र यथावत नै छ । सरकारमा सहभागी मन्त्रीहरू पनि अध्यक्षद्वयकै इसारामा चलिरहेका छन् भन्ने कुरामा द्विविधा छैन । त्यसैले माओवादीतर्फबाट मन्त्री बनेकाहरूप्रति ओलीको गुनासो हो भनी अड्कल काट्न मुस्किल पर्दैन । अब प्रधानमन्त्रीले कि आफूले भनेको नमान्ने मन्त्रीहरूलाई तत्काल हटाएर नयाँ व्यक्तिलाई उक्त ठाउँमा नियुक्ति गर्नुपऱ्यो । होइन भने ठूलठूला कुरा नगरेकै राम्रो ।

- सुजन देवकोटा, *पालुङटार-४, गोरखा*

●●●

पूर्ण बहुमतको सरकार निर्माण भएको डेढ वर्ष बितिसकेको छ । प्रधानमन्त्रीले पटक-पटक सचिवहरूलाई निर्देशन दिँदै आएका छन् । किन राष्ट्रिय गौरवका आयोजनाले गति लिन सकिरहेको छैन ? सचिवहरू एउटै जवाफमा अड्किएका छन् । 'हुन्छ हजुर', अब समस्या छैन, अब प्रगति विवरण आउँछ । यस्ता आश्वासनले १२ महिना बितिसकेको छ, तर ती राष्ट्रिय गौरवका आयोजनाको प्रगति शून्य छ । दुई तिहाइको सरकार किनमात्र निर्देशनमा सीमित भइरहेको छ ? किन राम्रा काम गर्ने र काम नै नगर्ने कर्मचारीको पहिचान गर्न सकिरहेको छैन ? किन प्रधानमन्त्रीलाई निरीह रूपमा प्रस्तुत गराइरहेको छ ? सरकार निर्माणका बेला जुन आकांक्षा जनमानसमा थियो, आज थोरै समयमै आमनागरिक निराशातर्फ डोरिएका छन् । अतः प्रधानमन्त्रीजस्तो व्यक्ति आफ्ना मन्त्री तालुकदार निकायका सचिवसँग बिलौना होइन, पुरस्कार र दण्डको छडी लिएर उभिन सक्नुपर्छ । पार्टी र कार्यकर्ताभन्दा माथि उठेर काम गर्न सक्नुपर्छ । अन्यथा यो जनताले दिएको बहुमतको तिरस्कार हुनेछ । सधैं प्रधानमन्त्रीले निर्देशनमात्र दिने होइन । काम नगर्नेलाई सजायको भागीदार पनि बनाउन सक्नुपर्छ ।

- रामकृष्ण बराल, *जोरपाटी-२, काठमाडौं*

जनहितका लागि बोल्ने को ?

पृथ्वी राजमार्ग अन्तर्गतको नागढुङ्गा-नौबिसे सडक खण्डको दुर्दशा, दिनहुँ हुने सडक जाम गाईजात्राको जिउँदो-जाग्दो तस्बिर बनेको छ । राजधानीको प्रवेशद्वार, लाखौं ओहोर-दोहोर गर्ने नाकाको यस्तो हविगत हुँदा पनि राज्य सञ्चालकहरूको ध्यान नपुग्नु विडम्बना हो । यात्रुले दिनहुँ सास्ती भोग्नुपरेको छ । १ घन्टाको यात्रालाई ८-९ घन्टा लागेको छ । गम्भीर प्रकृतिका रोगी, प्रसूति व्यथा लागेकाहरूको वेदना असह्य बनेको छ । एकजनाको त जामकै कारण एम्बुलेन्समै ज्यान गयो । दसैंको मुखमा उपत्यकाबाट बाहिरिने र भित्रिने सर्वसाधारण हवाते बढेका कारण गाडीको जाम अरु लम्बिन थालेको छ । विजयादसमीमा खुसियाली मनाउन घर फर्कनेहरू अत्यासलाग्दो सडकदेखि आश्चर्यचकित बन्ने गरेका छन् ।

गरी सरकारले सीतापाइला-धार्के सडक खण्ड निर्माण गर्ने अभियान थाल्यो भने जनस्तरबाट समर्थन नगर्ने कोही देखिँदैनन् ?

- भुवनेश्वर शर्मा, *चन्द्रागिरि-२, काठमाडौं*

राजमार्गका होटल अनुगमन

उपत्यकाबाट दसैंका लागि दिनहुँ हजारौं मानिस आआफ्ना गाउँ फर्किन थालेका छन् । दिनहुँ विभिन्न जिल्लाका लागि रात्रि तथा दिवा सेवाका बसहरू छुटिरहेका छन् । अधिकांश मानिस गाउँ फर्किनाले घुइँचो लाग्नु स्वाभाविक हो । यसरी गाउँ फर्कनेहरू बाक्लिएसँगै लामो दूरीका सवारी चल्ने रुटका होटलहरूमा खाना खानेहरूको घुइँचो पनि बढ्छ । यात्रु संख्या बढेसँगै होटलहरूमा गुणस्तरीय खाना पाइने सम्भावना कम हुन्छ । तर खाना जस्तो भए पनि होटलवालाहरूले चर्को मूल्य असुलिरहेका छन् । विशेषगरी रात्रि बसका चालकहरूले राजमार्गमा एउटामात्र होटल भएको ठाउँमा लगेर गाडी रोक्ने र यात्रुका लागि खान अन्य कुनै होटलको विकल्प नहुने हुनाले तेब्बर मूल्य तिरेर खाना खान बाध्य भएका छन् । वर्षेनि चाडको समयमा घर फर्कने यात्रुहरू चर्को मूल्यको मारमा परिरहेका छन् । चालकलाई किन यस्तो महङ्गो होटलमा रोकेको भन्यो भने हाम्रो गाडीको खाना खाने होटल नै यही हो, वर्षौंदेखि हामी यही होटलमा खान्छौं भन्ने जवाफ दिन्छन् । लामो दूरीका यात्रुहरू ठिगिइराखेका छन् । तर सम्बन्धित निकायले यसमा ध्यान दिएको छैन । यसमा लामो दूरीका रुटमा पर्ने होटलहरूमा सम्बन्धित नगरपालिका तथा गाउँपालिकाले मूल्य नियन्त्रण तथा गुणस्तरीय खानाका लागि अनुगमन गर्नु आवश्यक छ ।

- गोविन्द विक, *बुनपा-१२, कपन, काठमाडौं*

बजारको अराजकता



आइतबार प्रकाशित 'तरकारी बजारको अराजकता' सम्पादकीय हृदयविदारक छ । किनभने बडादसैं नजिकिँदै गर्दा राजधानीमा २० दिनभित्रै तरकारीको भाउ करिब ३ सय प्रतिशतका दरले बढ्नुलाई स्वाभाविक मान्न सकिन्न । व्यापारीले वर्षा र भारतीय तरकारीको मूल्यवृद्धि र ढुवानीमा कर लगाएको बहानामा साउन, भदौदेखि निरन्तर मूल्य बढाएका छन् । अनाहकमा मनपरी किसिमले बजार भाउ बढाउँदा सरकारी संयन्त्र पंगु भएको छ । यसबाट बिचौलिया हावी भएर पाँच तहसम्म मूल्य निर्धारण गरी गरिब उपभोक्ताको ढाड भाँचेका छन् । अवैध कमाइरहेका छन्, जसको मारमा निरीह उपभोक्ता परेका छन् । यस्तो अवस्थामा सरकारले तुरुन्त हस्तक्षेप गरी बिचौलिया नियन्त्रण गरेमा स्वतः मूल्यवृद्धि रोकिन्थ्यो । तर त्यसो नगरी अकासिँदो बजार भाउप्रति चासो नलिई मौन स्वीकार गरिरहे जस्तै देखिन्छ । धूर्त व्यापारीहरूले भने किसानलाई मल, बीउ दिएर फकाइ उत्पादनसँगै कम मूल्यमा किनेर हत्याउने र अधिकतम मूल्य कायम गर्ने प्रपञ्च रचेका हुन्छन्, जसको मारमा उपभोक्ता नै परेका छन् । जब मेलापर्व सुरु हुन्छ, तब व्यापारीहरूले भाउ अकासेकै हुन्छन् । फलस्वरूप ३ सय प्रतिशतसम्म र पसलैपिच्छे फरक-फरक र आफूखुसी मूल्य निर्धारण गरी फैलाएको अराजकताप्रति सरकार मौन बस्नु दुर्भाग्य हो । सरकारले बजार भाउको यो दादागिरीमाथि हस्तक्षेप गरी मूल्य नियमन, नियन्त्रण र कारबाही गर्न नसक्ने हो भने सरकार, मन्त्रालय एवं मातहतका संयन्त्र किन चाहियो ? सरकारी ढुकुटीबाट मन्त्री लगायतले ठूलो धनराशि सुविधामात्र लिने कि प्रदत्त अधिकार, काम र कर्तव्य निर्वाह गरी गरिब जनताको हितमा काम गर्ने ?

- गंगाराज अर्याल, *पाणिनि-८, अर्घाखाँची*

नेपाल भ्रमणवर्ष २०२० को पूर्वसन्ध्यामा यात्राका सम्पूर्ण पूर्वाधार तयार भएको ठान्दै विभिन्न मुलुकबाट आएका पर्यटक जब यो सडक खण्डमा पुग्छन्, उनीहरू पहिलो गाँसमै ढुंगा चपाएको महसुस गर्न थाल्छन् । कुनै पनि देशको राजधानी आवत-जावत गर्ने प्रमुख मार्ग यति विरहपूर्ण, पट्यारलाग्दो, खण्डहर अवस्थामा होला भनी कसैले कल्पनासम्म गरेका हुँदैनन् । मुलुकको शान, गरिमा बढाउन वैकल्पिक सडक निर्माणको प्रचुर सम्भावना हुँदाहुँदै देशी/विदेशी सबैलाई दुःखकष्ट दिएर सत्ताधारी किन रमाइरहेका होलान् ? सांसद, मन्त्री आफ्नै भलाइ, भौतिक सुखसुविधाको लागि मरिहत्ते गर्छन्, जनहितको विषयमा केही गर्दैनन् । यही आर्थिक वर्षमा संघीय, प्रादेशिक र स्थानीय सरकार प्रत्येकको विनियोजित बजेटबाट १०-१० प्रतिशत रकम कटौती

लेखका लागि : article@kmg.com.np

प्रतिक्रियाका लागि : letter@kmg.com.np

(लेख-रचना पठाउँदा सम्पर्क नम्बर अनिवार्य उल्लेख गर्नुहोला)

भद्रगोल चिकित्सा शिक्षा



डा. ढुण्डीराज पौडेल

'कहीं नभएको जात्रा हाँडीगाउँमा' भनेजस्तो भइरहेको छ, चिकित्सा शिक्षाको अवस्था । दुनियाँमा कहीं नभएका अनेकन घटना नेपालमा भए । करिब ५ वर्षसम्म पटक-पटक अनशन, जुलुस र हडताल गरेर बल्लबल्ल चिकित्सा शिक्षा ऐन पारित भयो । तर संघीयताजस्तै कार्यान्वयन सकसपूर्ण बनेको छ । चिकित्सा शिक्षा आयोगले निरुपण गर्नुपर्ने शुल्क र सिट संख्याको विवादले शैक्षिक सत्रको मुखैमा विद्यार्थी भर्ना अवरुद्ध भएको छ । गत सालभन्दा धेरै विद्यार्थी विदेश पलायन हुने सम्भावना छ ।

छिमेकी भारतमा तत्कालीन मेडिकल काउन्सिलका अध्यक्षलाई घुसको रकमसँगै पक्रिएर काउन्सिल नै विघटन गरी अधिकार सम्पन्न कमिसन र राष्ट्रव्यापी प्रवेश परीक्षा (निट) को कानुनी व्यवस्था भइसकेको छ । हामीकहाँ भने चिकित्सा शिक्षा आयोग सहितको चिकित्सा शिक्षा ऐन पारित भइसक्दा पनि अझै अन्तरद्वन्द्व, अस्थिरता र अनिश्चितता व्याप्त छ ।

चिकित्सा शिक्षा आयोगले निरुपण गर्नुपर्ने शुल्क र सिट संख्याको विवादले शैक्षिक सत्रको मुखैमा विद्यार्थी भर्ना अवरुद्ध भएको छ ।

एकअर्कामा अन्तर्निहित चिकित्सा शिक्षा र यसको व्यवस्थापनमा दक्ष चिकित्सकीय जनशक्तिको अझै अभाव छ । नेपाल मेडिकल काउन्सिलमा अहिलेसम्म २६ हजार चिकित्सक दर्ता भए पनि १६ हजारमात्र क्रियाशील रहेको अनुमान गर्न सकिन्छ ।

विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार १ हजारजना बराबर एक चिकित्सक हुनुपर्छ । तर अहिले क्रियाशील चिकित्सक र जनताको अनुपात २ हजारजति हुन आउँछ । समानुपातिक हिसाबले यो अनुपात अवैज्ञानिक छ, किनभने आधाजति चिकित्सक काठमाडौं उपत्यकामा मात्रै छन् । मोफसलका २.५ करोड जनता र चिकित्सकको अनुपात ३ हजारभन्दा बढी हुन्छ । हालसम्म ७ हजारजति विशेषज्ञ चिकित्सक छन् । सामान्य चिकित्सा सेवाका साथै प्राध्यापन र तालिमको लागि अझै थप विशेषज्ञ शिक्षक चिकित्सकहरूको आवश्यकता छ ।

जनसंख्याको आधारमा समानुपातिक र औचित्यपूर्ण व्यवस्थापन गर्ने हो भने अझै १० हजारभन्दा बढी चिकित्सकको खाँचो छ । जनसांख्यिक, समानुपातिक र भौगोलिक रूपमा चिकित्सकहरूको व्यवस्थापन नगर्ने हो भने चिकित्सकीय सेवा बेथितिपूर्ण बन्दै जाने र सर्वसाधारण नागरिक स्तरीय चिकित्सा सेवाबाट बञ्चित हुनुपर्ने अवस्था अझ विकराल बन्दै जानेछ ।

अहिले स्वदेशभित्र २ हजार जतिले एमबीबीएस अध्ययन गर्ने मौका पाउँछन् भने वर्षेनि ५-७ सयजति विदेश अध्ययनका लागि जाने गरेका छन् । वर्षेनि १२-१४ सयजति स्नातकोपाधि चिकित्सकहरूले विभिन्न विधामा एमएस, एमडी गर्ने अवसर पाए पनि उच्चस्तरीय प्रविधियुक्त एवं जटिल शल्यक्रिया सहितका सेवा र शिक्षाको अझै आवश्यकता छ ।

चिकित्सा शिक्षाको वैश्विक मान्यता अनुसार चिकित्साशास्त्रका योग्य शिक्षक, विशेषज्ञ चिकित्सकहरू निजी व्यवसायमा तल्लिन हुनुहुँदैन । भारतका एम्स लगायतका चिकित्सा विज्ञान संस्थानका शिक्षक चिकित्सकहरू यसैकारण बढी प्राज्ञिक क्षमताले पूर्ण देखिन्छन् । तालिम, अनुसन्धानजस्ता प्राज्ञिक क्रियाकलापमा संलग्न चिकित्सकहरूले निजी व्यवसायमार्फत आर्थिक उपार्जनमा ध्यान दिनु हुन्न । चिकित्सक शिक्षकहरूलाई चिकित्सकीय सेवा, प्राध्यापन र अनुसन्धानमा अधिकतम रूपमा संलग्न रहन आर्थिक, भौतिक लगायतका सुविधा एवं हैसियत प्रदान गरिनुपर्छ । न्यूनतम सुविधामा पूर्णकालीन एवं एक व्यक्ति एक संस्थाको आधारमा सेवा दिन सम्भव छैन । त्यसैले नेपाली शिक्षक चिकित्सकहरूलाई पूर्णकालीन बनाई एउटै संस्थामा आवद्ध बनाउनुपर्ने आवश्यकता छ । मोफसलका स्थापित एवं प्रस्तावित प्रतिष्ठान एवं मेडिकल कलेजहरू-राप्ती, कर्णाली, राजविराज, धनगढी आदिमा मुख्य समस्या आर्थिक र जनशक्तिको अभाव नै हो । प्रतिष्ठान एवं मेडिकल कलेजहरूमा अध्यापनमा संलग्न शिक्षक चिकित्सकहरू पूर्णकालीन एवं एक व्यक्ति एक संस्थामा आधारित हुनुपर्छ ।

उदेकलाग्दो त राजधानीका सार्वजनिक अस्पतालका चिकित्सकहरू जसले अधिकतम समय र सेवा निजी अस्पतालहरूमा प्रदान गर्छन् । उनीहरूलाई प्रदान गरिएको पारिश्रमिकमा वृद्धि गरी कडाइसाथ 'नन-प्राक्टिसिङ' लागू नगर्दासम्म चिकित्सा शिक्षा र सेवामा सुधार गर्न सकिन्न ।

सिट संख्या भने जनशक्ति, बिरामी संख्या या प्रदानित सेवा र शैयाको संख्या र 'पेसेन्ट अकुपेन्सी' अर्थात् बिरामी संख्याको आधारमा निर्क्योल हुनुपर्छ । जुन पारदर्शी र तथ्यपरक हुनुपर्छ ।

विश्वमा बहुसंख्यक मेडिकल कलेज या अस्पतालहरू नाफारहित मानिन्छन् । कैयौं देशमा यस्ता संस्था 'च्यारिटी'को आधारमा चल्छन् । यसो हुनुमा राज्य या सरकारमा बस्नेहरूको नियत मुख्य जिम्मेवार हुन्छ । निजी क्षेत्रलाई चन्दा, प्रायोजन आदिमा दुहुनो गाईझैं दोहन गर्नाले उनीहरूको लगानी बढ्छ, जसको मार उपभोक्तामा पर्ने हो । स्तरीयतामा सम्झौता नहुनेगरी उचित कर लगायतका सवालमा सरकारी संयन्त्रले सहजीकरण गरिदिनुपर्छ । लगानीकर्ताहरूले पनि चिकित्साको क्षेत्रमा गरिएको लगानीलाई सोही रूपमा आत्मसात गर्नुपर्छ ।

शुल्कबारे पटक-पटक विवाद उठ्नु विडम्बना हो । राज्यले निश्चित र स्पष्टतासाथ शुल्क तोकेपछि त्यसको पालना हुनुपर्छ । शुल्क र सिट संख्याको निरुपण गर्ने अधिकार कानुनले चिकित्सा शिक्षा आयोगलाई प्रदान गरेको छ । यसबारे चिकित्सा शिक्षा आयोगले उपयुक्त निर्णय लिनु आवश्यक हुन्छ ।

शुल्क चिकित्सा क्षेत्रको विश्वव्यापी मान्यता अनुरुप कम नाफामुखी, लगानी अनुसार पारदर्शी र प्रतिस्पर्धात्मक हुनुपर्ने थियो । त्यस्तो भइरहेको छैन । छात्रवृत्तिको सिट संख्या, उपचारमा सहुलियत, स्तरीयता, भौगोलिक अवस्थिति, जनशक्तिको उपलब्धता आदिजस्ता कुराको आधारमा शुल्क निर्धारण हुनुपर्छ ।

लेखक नेपाल मेडिकल काउन्सिलका प्रवक्ता हुन् ।

लोकतन्त्रमाथि खतराको नगरा



हरि रोका

संघीय संसद भवनको शिलान्यास गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले भने, 'लोकतन्त्रमाथि खतरा निम्त्याउने प्रयास भइरहेको छ । केहीले संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध आवाज उठाउन कोसिस गरिरहेका छन् । गणतन्त्रमाथि धावा बोल्न थालियो भने सरकार चुप लाग्दैन, एक्सनमा जान्छ (नागरिक दैनिक, २ असोज, २०७६) ।' नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले झन्डै चार महिना अघिदेखि दिनमा कम्तीमा एकपटक 'लोकतन्त्रमाथि खतरा'को रटान लगाउँदै आएका छन् । सत्ताको बागडोर सम्हालेको डेढ वर्ष नबित्दै सत्तारुढ दलका अध्यक्षद्वय आफूहरू नै किन कोकोहोलो मच्चाइरहेका छन् ? जबकि डेढ वर्षअघि ओली सरकार गठन हुँदा पार्टीभित्र र बाहिरवाट इतिहासमा सबैभन्दा शक्तिशाली सरकारका रूपमा चित्रण गरिएको थियो । यो चित्रण अस्वाभाविक थिएन । ७ मध्ये ६ प्रदेशमा नेकपाकै एकल सरकार बनेका छन् । स्थानीय गाउँ/नगर सरकारकै पनि दुई तिहाइ संख्या नेकपाकै छ । यस्तो बलियो जनमतको जगमा स्थापित ओली नेतृत्वको संघीय प्रशासन 'न भूतो-न भविष्यति' जस्तै देखिन्थ्यो । यस्तो सरकार 'शान्ति, समृद्धि र समानता' बहाली गर्दै दशकौं अडिन्छ भनेर आस गर्नेहरूको ठूलै हुल थियो, अझै बाँकी छ ।

'कर्पोरेट गभर्नेन्स'का पक्षधर जो कथित 'इकोनोमिक च्वाइस'को वकालत गर्ने वित्त तथा अर्थ विज्ञहरू, ट्रान्सनेसनल कर्पोरेसनका एजेन्टहरू, अन्तर्राष्ट्रिय वित्तीय संस्थाका एजेन्ट बैंकर्सहरू, शिक्षा र स्वास्थ्य क्षेत्रका व्यापारी साहु-महाजनहरू, कामदार निर्यात गरेर उपभोग्य वस्तु तथा सेवा आयात गरेर विदेशी बैंकमा 'हार्डकरेन्सी साइफोनिङ' गरेर मालामाल भइरहेकाहरू नेकपाको जनादेश देखेर मोडल नै परिवर्तन हुने हो कि भनी केही क्षण डराएका देखिन्थे । त्यस्तो डर दक्षिणपन्थी र नवउदारवादी राजनीतिक दलहरूमा पनि थियो । अलि पर उभिएका नेकपाका मतदाता आफ्नो अमूल्य मतप्रति गौरवान्वित महसुस गर्दै आशाको नजरले ओली प्रशासनलाई हेरिरहेका थिए । ओलीलाई आफ्नो मन्त्री छान्ने, संवैधानिक अंगहरू पूरा गर्ने, नयाँ संस्थाहरू निर्माण गर्ने, योजना र कार्यक्रम तयार गर्न कुनै अवरोध थिएन । तर ओली प्रशासनले जसरी संस्था, नीति र योजना तथा कार्यक्रम निर्माण र लागू गर्ने क्रियाकलाप बढायो, शंकाको नजरले तर्सिएकाहरू उनको प्रशासनसँग झुम्मिँदै एकाकार बन्दै गए र आफै नीति निर्माणमा हिस्सेदार बन्न पुगे । अर्कोतर्फ नेकपाका मतदाता क्रमशः कुपोषणका कारण सुकेनासको मधौरो बिरामीजस्ता ओइलिँदै हतास र निराश हुँदै गए । आम मानिसको विश्वासका जुइनाहरू खुकुलिँदै जाँदा ओली प्रशासन कमजोर भई हल्लनु अस्वाभाविक थिएन । तैपनि, स्थिर सरकार, मजवुत पार्टी, छिमेकीसँगको सहयोग र सद्भाव तथा लोकतान्त्रिक शक्तिहरूको संसदमा बाहुल्यता हुँदाहुँदै लोकतन्त्रप्रति आशंका किन ? नेताहरू स्वयं यति धेरै किन आतंकित छन् ?

आम मानिसको विश्वासका जुइनाहरू खुकुलिँदै जाँदा ओली प्रशासन कमजोर भई हल्लनु अस्वाभाविक होइन ।

विद्यमान शक्ति संरचना

'क्रान्तिले' एउटा वर्गलाई सदाका लागि राज्यसत्ताबाट पाखा लगाउँछ । तर शान्तिपूर्ण आन्दोलन वा सम्झौतामा टुंगिएको आन्दोलनले क्रान्तिले झैं सम्भ्रान्त वर्गलाई निषेध गर्दैन । निषेध नगरिएका तर पराजित समूह अवसर नपाउन्जेल चुपचाप योजना बुनेर बस्छन् । तर जब सत्तामा पुगेको नयाँ शक्ति नयाँ रूपान्तरणमा उदासीन देखिन्छ, आम जनमानसको विश्वास र भरोसा टुट्न थाल्छ । ऊ जनता कता कोल्टे फेर्छ भनेर नियाल्छ । जस्तो ०४८ सालमा कांग्रेसलाई भोट दिनेहरू ५१ मा एमालेमाथि भरोसा गरिरहेका थिए । तर, प्रमुख प्रतिपक्षी पनि नालायक छ भन्ने सर्वसाधारणले ठाने भने पुरानो दुःख बिर्सेर प्रतिक्रान्तिकारीमै उनीहरू भरोसा गर्न पुग्छन् । नयाँ सत्ताधारी जुन अनुपातमा जनताका नजरमा नालायक ठहरिँदै जान्छन्, त्यही अनुपातमा निषेध नगरिएका प्रतिक्रान्तिकारीहरू अँध्यारोबाट उज्यालोमा विचरण गर्न थाल्छन् । संसारभरि यस्तै दोहोरिरहन्छ । यतिबेला नव-नाजी, नव-फासीवादीको उदय, अति दक्षिणपन्थी राष्ट्रवादी प्रियतावादीहरू जसरी निर्वाचित भइरहेका छन्, त्यो अकारण छैन । उदारवाद र प्रजातान्त्रिक समाजवादको दक्षिणपन्थमा पतन हुँदै जाँदा आम जनतामा उत्पन्न हुने निराशामा फेरि दक्षिणपन्थी शक्तिको उदय भइरहेको छ ।

नेपालमा त्यही चरित्र दोहोरिन्छ भन्ने होइन । यद्यपि शक्ति सन्तुलनको तराजुमा विश्व व्यवस्थाको बाछिटाले नछुने हुँदैन । नेपालको राजनीतिमा छिमेकी चीन र भारत अनि अर्को अन्तर्राष्ट्रिय शक्तिराष्ट्र अमेरिकाको प्रत्यक्ष प्रभाव छ । त्यसै पनि नेपाल यतिबेला रणनीतिक महत्त्वको ठाउँमा छ । त्यसैले एकातर्फ आकर्षणका कारण फाइदा लिनसक्ने ठाउँ छ र अर्कोतर्फ सन्तुलन गुमाउँदा उठाउनुपर्ने ठूलो जोखिम । तर मुलुक भित्रकै शक्ति सन्तुलन र चलखेल नै राजनीतिक स्थिरता र अस्थिरता कायम गर्ने शक्ति हुन् । बाहिरियाले पनि यिनैमा खेल्ने हुन् । जसको छुट्टाछुट्टै र समष्टिमा विश्लेषण गर्नुपर्ने हुन्छ ।

पूर्वराजा ज्ञानेन्द्र आफूले गुमाएको सत्तामा पुनः महाराजकै दर्जामा फर्कन लालायित छन् जुन अस्वाभाविक हैन । उनीसँगै शताब्दीऔंदेखि सत्ताको स्वाद चाखेका भारदारहरूको जमात छ । केही अंश विदेशमा होलान् । तर यो संगठिक शक्तिभित्र आबद्ध छैन । उनीसँग आबद्ध अर्को शक्ति पूर्व-पञ्चहरूको विभाजित जमात छ, जो एकआपसमै व्यक्तिगत 'इगो'का कारण प्रतिस्पर्धा गरिरहन्छन् । यद्यपि पुनःस्थापित हुन पाउने रहरले एकताबद्ध हुन केही समयदेखि प्रयत्नशील देखिन्छ । विगत र निकट विगतमा परीक्षण भइसकेको यो झुन्ड प्रतिगमनकारी कदम आफैं चाल्न आन्तरिक शक्ति संयोजन र परिचालन गर्न सकिन्छ भन्नेमा विश्वास भने गर्दैन । त्यसैले पूर्व राजामाथि झिनो भरोसा वा लालसा पालेर बसेको छ । बाह्य शक्तिको आडभरोसाको बढी अपेक्षा गर्छ ।

नेपाली राजनीतिमा नेपाली कांग्रेस अर्को महत्त्वपूर्ण अंश हुने गर्छ । २०४६ सालमा प्रजातन्त्र बहाली हुँदाताकासम्म पनि 'बीपी, प्रजातन्त्र र सत्ता' कांग्रेसका आदर्श थिए । प्रजातन्त्रको पुनःस्थापनापछि कांग्रेसले बहुमत हासिल गऱ्यो र सत्तारुढ भयो । कांग्रेसका नयाँ पण्डितहरूले बीपीको समाजवादी आदर्श परिवारको मोह त्याग्दै नवउदारवादी बजारको फुर्को समाते । त्यही दिनदेखि बीपी र उदारवादी संसदीय प्रजातन्त्रको साख पार्टीभित्रै कमजोर बन्दै गयो । बजारवादी सत्ताले उसका सारा पुराना मूल्य र मान्यता, मित्रवत आदर्श ध्वस्त हुँदै गए ।


यतिबेला स्वयं बीपीपुत्र तथा महामन्त्री डा. शशांक कोइराला लगायत कांग्रेसको एउटा समूह आर्थिक-सामाजिक परिवर्तनमार्फत सामाजिक-न्यायको निव खडा गर्न सकिन्छ भनेर त्यस्तो कार्यक्रमको आडमा होइन, 'हिन्दु धर्मको पुच्छर' समातेर सत्ताको धुरी चढ्न लालायित देखिन्छन् । नेपालमा 'हिन्दु राज्य' पुनःस्थापित भयो भने दक्षिणी सत्ताधारी वर्ग खुसी हुने र सत्तामा पुग्ने भ्याङ उपलब्ध हुने 'सैद्धान्तिक आदर्श' उनी नेतृत्वको जमातमा देखिन्छ । कान्छा कोइरालामा हुर्किएको यो गैरवैचारिक तथा गैरराजनीतिक चरित्रले कुनै दिन बीपीको दुहाइ दिँदै 'गर्धन-विचारधारा' अन्तर्गत दरबारिया दक्षिणपन्थी पंक्तिसँग नजोड्ला भन्न सकिन्न । तर त्यतिबेला मुलुकको जनमानसको के कुरा पार्टी पंक्तिभित्र उनी अत्यन्त कमजोर भइसक्नेछन् । कांग्रेस सभापति शेरबहादुर देउवा राजनीतिक विरासतका हिसाबले त्यसै पनि कांग्रेसभित्रको कमजोर कडी हुन् । उनको नेतृत्वको प्रमुख प्रतिपक्षता निकै कमजोर देखिएको छ । कोइराला समूह कथंकदाचित महापञ्चहरूको हुलमा मिसिन खोज्यो भने यिनी उछिन्ने होडमा बुर्कुसी मार्न सक्छन् । विगतमा उनले देखाएको राजनीतिक नजिरले त्यही आँकलन गर्न सकिन्छ । यस अर्थमा कांग्रेस गैरसंवैधानिक विधिमार्फत सत्ता हासिल गर्ने हैसियत राख्दैन । नेपाली राजनीतिमा 'विप्लव नेतृत्वको माओवादी' अर्को अंश हो । जसका विरुद्ध सरकार हात धोएर लागिपरेको छ । प्रतिबन्ध, गैरन्यायिक हत्या, गैरन्यायिक थुनछेक र पदवाट राजीनामा गराएर आफूभित्र भित्र्याउँदैमा उसले बोकेको राजनीतिक चेतना मर्दैन । सरकारी उत्पीडन र उपेक्षाले उसलाई सरकार विरोधी मोर्चामा उभ्याउन सक्छ । यद्यपि ऊ आफैं निर्णायक देखिन्न । अर्को अंश भनेको बाबुराम भट्टराईसमेत जोडिन पुगेको सत्तारुढ समाजवादी फोरम र महन्थ ठाकुरको राजपा हुन् । सामुहिकभन्दा व्यक्तिगत महत्त्वाकांक्षा, मौलिकभन्दा प्रतिछायाजस्ता देखिने यी दुवै दल आफैं हठात वा बलात परिवर्तनका लागि संयोजनकारी भूमिका खेल्ने सामर्थ्य राख्दैनन् ।

सत्तारुढ नेकपा (नेकपा) इतरका शक्तिहरूको लेखाजोखा गर्दा के देखिन्छ भने ओली प्रशासनलाई चुनौती दिने आन्तरिक शक्ति विद्यमान छैन । तर उनको बिरामी प्रशासन वा सत्ता सच्चिएन भने असंगठित आन्दोलनको नेतृत्व गर्न हालसम्म सदृश्य नभइसकेको व्यक्ति वा शक्ति जादुझैं देखापर्न सक्छ र उसले खडा गरेको दावानलमा राज्यसत्ता भष्मिभूत हुने खतरा उत्पन्न हुनसक्छ । यद्यपि त्यो स्वस्फुर्तजस्तो देखिने जादुको कुनै राजनीतिक भविष्य नहुन पनि सक्छ ।

विचारधारात्मक अन्योल

सिद्धान्तलाई त्यसको मौलिकता (ओरिजिनालिटी) बाट लचक (बंग्याउने अर्थमा) गराउने वा बंग्याउने प्रक्रियालाई गणितमा 'डेरिभेटिभ' भनिन्छ । तर राजनीतिक लचकताको नाममा मौलिकता छाड्दा संकट उत्पन्न हुन्छ । नवउदारवादी बजार मोडलले उदारवादको मौलिक चरित्रलाई पूर्णरूपमा बंग्याएकै कारण सन् २००८/०९ को विश्वव्यापी मन्दी उत्पन्न भयो । जसलाई राजनीतिक-अर्थशास्त्रीहरूले 'सिस्टमिक क्राइसिस' भन्छन् । यस्तो हदसम्मको बंग्याइ (डिस्टोर्सन) उदारवाद र नवउदारवादमा मात्र होइन, मार्क्सवादमा पनि हुने गरेको छ । सुरुवात बर्नस्टाइनले गरे । पछि काउत्स्की र स्टालिनले भ्याए । निकै पछि खुस्चेवले गरे, जसलाई संशोधनवाद भनियो । सबैभन्दा पछिल्लो प्रयोग देङ सियाओ पिङले गरे, जसलाई 'मार्केट सोसलिजम' नाम दिइयो । नसच्याउँदा खुस्चेवी संशोधनले सोभियत संघलाई विघटनमा पुऱ्यायो । देङको 'डेरिभेटिभ'लाई सी जिनपिङले सच्याउन कोसिस गरिरहेका छन् । सफल भए जोगिन्छ, भएन भने चीन संकटग्रस्त बन्न सक्छ ।

नेपालमा मार्क्सवादका नाममा डिस्टोर्सनका धेरै भद्दा नक्कल पहिलेदेखि नै भए । बहुदलीय तथा एक्काइसौं शताब्दीको जनवादको अन्तरघुलनबाट जन्मिएको 'जनताको जनवाद' व्यवहारमा मार्क्सवादी जनवादको 'करप्ट फ्लपी' जस्तो देखिएको छ । यतिबेला नेकपा सरकारले कार्यान्वयनमा ल्याएको पञ्चवर्षीय योजना, वार्षिक नीति तथा कार्यक्रममा मार्क्सवादी सामाजिक जनवादको गन्ध पनि भेटिँदैन । यसको अर्थ समाजवादी समाज निर्माणको सम्पूर्ण सिद्धान्त सरकारको व्यावहारिक कार्यक्रममा खारेजीमा परेका छन् । विगतका समग्र आन्दोलन राजनीतिक सत्ता परिवर्तनका मात्र आन्दोलन थिएनन् । २०६२/०६३ को आन्दोलन ठूलो त्याग र बलिदानको जगमा टेकेर भएको थियो । अर्ध-सामन्ती, अर्ध-औपनिवेशी हुँदै नवउदारवादी बजार अर्थतन्त्रले निर्माण गरेको नवकुलिनतन्त्रीय शोषण र शासन पद्धतिबाट मुक्ति खोजिएको थियो । आम मानिसका लागि गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्थापनको ग्यारेन्टी गर्ने पद्धतिको मूर्त माग थियो । तर आन्दोलन लगत्तै आन्दोलनका प्रायोजक स्वयंले आफैं चढेको डुंगामा लचकतारूपी 'डिस्टोर्सन'मार्फत मसिना छेदहरू पार्दै गए । यतिबेला छेद परेको डुंगा पार तार्ने नाविकको भूमिका कप्तानी प्रधानमन्त्रीका रूपमा कामरेड ओलीले निर्वाह गरिरहेका छन् । जसले पछिल्लो आन्दोलनलाई 'बयलगाडा चढेर अमेरिकाको सवारी'को सज्ञा दिएका थिए । त्यसपछि खोजिएको क्रान्ति त कता हो कता सुधारको गुञ्जायस पनि रहेन ।



प्रधानमन्त्री ओलीको विगतका कथा सबैले सुनेका-जानेका छन् । १४ वर्षको कठोर जेल यातना । २०४८ को आमनिर्वाचनपछि २०५४ मा सम्पन्न एकीकृत महाकाली सन्धि पछाडि उनको कायाकल्प भयो । साक्षी किनारामा बस्ने उनका छिमेकीहरू त्यसै भन्छन् । 'बयलगाडा दर्शन'पछि उनीसँग छद्म राष्ट्रवाद बाहेक अरु कुनै 'दर्शन' बाँकी थिएन । त्यसैमाथि चढेर उनी यतिबेला सरकारको बागडोर सम्हाल्दैछन् । स्वाधीन अर्थतन्त्रसहितको सामाजिक राष्ट्रवादको सम्बर्द्धन गर्न उखान-तुक्का र हवाई सपनाले पुग्दैनथ्यो । मुलुकको आर्थिक-सामाजिक र संस्थागत संरचना उही र उस्तै राखेर समाजवादउन्मुख समाज निर्माण हुन सक्दैनथ्यो । त्यो दीर्घकालीन सोच, खोज तथा अन्वेषणमा आधारित आवधिक योजना तर्जुमा, कार्यान्वयनका लागि संस्थाहरूको संस्थागत विकास र कार्यान्वयनका लागि सरोकारवालाबीच समन्वय र सहकार्यमा सम्भव हुने विषय थियो । प्रधानमन्त्री ओली यी सबै आदर्श त्याग गरेर राज्यको रथ हाँकिरहेको बहाना गरिरहेका छन् । सिर्फ बहाना । लाग्छ, कागतालीले डेनिस लेखक हयान्स क्रिस्चियन एन्डरसनको 'इम्परर्स न्युक्लोथ' कथाका 'टु सुइन्डलर्स' को भूमिका उनी एक्लै निर्वाह गर्ने बहानाबाजी गर्दैछन् । जसलाई बालकरूपी जनता पत्याउन सकिरहेका छैनन् । सायद वर्तमान संकटको जरो यही सत्यभित्र छोपिएको छ ।

घर-घरले जानौं ट्राफिक नियम



विन्दु अधिकारी ढकाल

विकासको पहिलो पूर्वाधार सडक निर्माणलाई मानिन्छ । अन्य अल्पविकसित तथा विकासशील मुलुकमा झैं नेपालमा पनि सोही तीव्रताले सडक र पुल बने, बन्दैछन् । तर यिनै सडकमा हिँड्दा-हिँड्दै कसैको प्राण जान्छ । कतिपय दुर्घटना पैदलयात्रीकै कारण हुन्छ भने कतिपय घटना चालकको लापरबाहीले गर्दा । मुलुकभर सवारी दुर्घटनाबाट १ दिनमा सरदर ७ जनाको मृत्यु हुन्छ । सडक दुर्घटनाबाट मर्नेको यो संख्या सानो होइन । यस्तो विषम परिस्थितिबारे अब घर-घरले ट्राफिक नियम जान्नु जरुरी छ ।

समय परिवर्तनसँगै जब सडक बन्यो, यात्रा सहज भए पनि जोखिम कायमै रह्यो । सडक दुर्घटनाको तथ्याङ्क हेर्दा अधिकांश घटनामा चालकको लापरवाही देखिन्छ । गत वर्षमात्रै मुलुकभर १३ हजार ४ सय २१ दुर्घटनामा २ हजार ७ सय ६२ जनाको ज्यान गयो । ट्राफिक प्रहरी निर्देशनालय रामशाहपथका अनुसार तीमध्ये ९ हजार ९ सय ४० दुर्घटनाको कारण चालकको लापरवाहीले भएको निष्कर्ष छ ।

सवारी चलाउँदा हडबड गर्ने, गति तीव्र पार्ने गर्नाले दुर्घटना निम्त्याउँछ । 'छिटो गए भन्न सकिन्न, ढिलो गए अवश्य पुगिन्छ', ट्राफिक सचेतना सम्बन्धी यस भनाइको मतलब–हतार गरेर यात्रा नगरौं भन्ने हो । बाहिरफेर हिँड्नुपर्ने हामी जब घरबाट निस्कन्छौं, स्कुल-कलेज अथवा कार्यालय लगत्तै पुगिहाल्छु नि भनेर ढुक्क पनि नपरौं । एकैछिन विचार गरौं– कहाँबाट र कसरी हिँड्दा यात्रा सहज होला ? कुन समयमा निस्कँदा उचित होला ? हामीमध्ये धेरैको बानी हुन्छ, ठिक समय अड्कलेर मात्र घरबाट निस्कने र मुटु फुट्नेगरी दौडेर सडक छिचोल्ने तर त्यसो गर्नु राम्रो होइन । पहिल्यै योजना बुन्नोस्, सडकलाई समेत ख्याल गरेर । सडक कतै 'डिस्टर्ब' भए पनि ठाउँमा पुग्न तपाईंलाई हस्याङ-फस्याङ गर्नु नपरोस् । त्यसपछि ध्यान दिनोस्, ट्राफिक लाइट, जेब्राक्रस र दायाँ-बायाँ सडकमा भेटिने पैदलयात्री लगायत दोपाया/चौपाया समेतको पनि । सामान्य सडकदेखि ठूलो भिडभाड छिचोलेर, आफू पनि सुरक्षित भई अरुलाई पनि सुरक्षितसाथ बचाएर हिँड्ने क्षमता तपाईंसँग हुनुपर्छ ।

कसैको सानो लापरवाहीले ठूलो दुर्घटना हुनसक्छ । जसको कारण मान्छे त बच्दैन । तर भयावह परिस्थितिको सामना गर्ने तागत ?



भोग्नेलाई जति त अरु कसलाई थाहा होला ? कुनै एक बालकले आफ्नो अभिभावक गुमाउँदा वृद्ध आमाबाबुले (भरोसाको केन्द्र) आफ्नो सन्तान गुमाउँछन् भने कोही नवजोडीले जिन्दगीको सुरुमै साथीको साथ पाउनुको सट्टा वज्रपात ! दुर्घटनामा जोगिएकाहरू पनि कोही-कोही त जीवनभर अपांगता भएको व्यक्ति भएको बाँच्नुपर्छ । मान्छे 'घर न घाट' भएर बाँच्नुको अवस्थाले समाजमा पर्ने प्रत्यक्ष असर ठूलो छ ।

पैदल हिँड्दा होस् वा सवारी साधनको प्रयोग गर्दा हामीले जान्नु, बुझ्नुपर्ने धेरै छन् । पैदलयात्री, सवारी चालक लगायत जोजसले सडक प्रयोग गर्छन्, तिनले ध्यान दिनुपर्ने नियम, कानुन र अनुशासन नै हो । जान्ने/बुझ्नेले पालना गर्यौं । नजानेकाले सिकौं । जो जानेर/बुझेर पनि पालना गर्दैनन्, समस्या त्यहीं छ । त्यसलाई व्यवस्थित कसरी बनाउने ? अथवा नियम पालना कसरी गराउने ? त्यसका लागि पहिले चेतना आवश्यक हुन्छ । भेटघाट, सभा-समारोहदेखि स्कुल/कलेज/क्लब अथवा अन्य औपचारिक/अनौपचारिक कार्यक्रमस्थल जहाँ आफूले जानेको ट्राफिक नियमका कुरा गरौं । अरुलाई पनि भनौं । यसो गर्दा ट्राफिकबारे ह्राम्रो पनि चासो बढ्छ । अकालबाट जोगिएर दीर्घजीवन बाँच्न सकिन्छ । समाजमा खुसी ल्याउन सकिन्छ । सडकका अप्ठ्यारो, घुम्ती, ओरालो/भिरालो, पहरा, उकालोबाट डराउन पर्दैन, यदि ट्राफिक नियम पालन गरे । क्षमताभन्दा बढी यात्रु नचढाउनु पनि यात्रामा अर्को सुविस्ता हो ।

यातायात व्यवस्था विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७४/७५ सम्मदर्ता भएका सवारी साधन- ३२,२१,०४२ छन् । तीमध्ये वागमतीमा मात्र ११,७२,४१३ छन् । काठमाडौं उपत्यकामा सडकको लम्बाइ २०१४.७८ किलोमिटर छ । १०८५ ट्राफिक प्रहरीको दरबन्दी हिसाब गर्दा एक ट्राफिकले व्यवस्थापन गर्नुपर्ने सडक १.५ किलोमिटर हुन्छ । एक ट्राफिकले औसत ८ सय १४ वटा सवारी साधनलाई व्यवस्था गर्नुपर्ने देखिन्छ । प्रत्येक दिन उपत्यकामा करिब ९० प्रतिशत सवारी साधन सडकमा गुड्छन् । व्यवस्थापनको अवस्था हेर्दा सवारी दुर्घटनाको कारणमध्ये करिब ८४ प्रतिशत दुर्घटना मानवीय कारणले हुन्छ ।

अर्को, सडक बनाउँदा होस् या मर्मत गर्दा सडक विभाग, खानेपानी र विद्युत कार्यालयबीच कुनै समन्वय हुँदैन । अनुशासनको कसैलाई पर्वाह छैन । गाडीका कर्मचारी सानो कुरामा पनि अश्लील बोलेर यात्रुसँग वादविवाद गर्न र अभद्र व्यवहार देखाउन उद्यत हुन्छन् । सधैं आवेशमा हुन्छन् । यात्रु कोच्न जहाँतहीं गाडी रोक्नु तर 'स्टेसन'का बूढाबूढी, केटाकेटी र अपांगता भएकालाई नचढाउने प्रवृत्ति पनि त्यत्तिकै छ । तोकिएको ठाउँमा गाडी नरोक्ने, चप्पल लाएर सवारी चलाउने, लामो दूरिको यात्रामा पनि एउटैमात्र चालकले धान्ने प्रयास गर्दा दुर्घटनाका जोखिम बढेका छन् । बढी आम्दानीको चक्करमा 'ओभर टेक' गर्दै यात्रु तानातान गर्नु, तनाव लिएर, मदिरा पिएर सवारी साधन चलाउनाले सार्वजनिक यातायात सेवा अस्तव्यस्त हुनपुगेको छ ।

जो बोल्नुपर्ने निकायहरू ती मौन छन् । निगरानी राख्नुपर्नेहरू पनि हवाई यात्रामा सवार भएपछि लेनको कुरा, आकासे पुलको अवस्था, जेब्राक्रसिङको प्रयोग, पार्किङ स्थलबारे जानकारी, हर्न, ओभरलोड, खाल्डाखुल्डी भएको असजिलो/अप्ठ्यारो सडक पहिचान गरेर सुधार गर्ने कसले हो ? सरकार कहाँ छ ? बरु अब घर-घरले पनि ट्राफिक चेतना सिक्ने र सडक दुर्घटना कम गर्ने हो कि ?

द्रुत गतिमा गाडी चलाउने, तोकिएको ठाउँमा नरोक्ने र लामो दूरीमा पनि एउटा मात्रै चालक राख्नाले दुर्घटना बढेका छन् ।

कतारमा नेपालीलाई पौने ३ करोड क्षतिपूर्ति

काठमाडौं (कास)- झन्डै ५ वर्षअगाडि कतारमा दुर्घटना भई हिँड्डुल गर्न र स्पष्ट बोल्न नसक्ने भएका दाडका २६ वर्षीय युवकले क्षतिपूर्तिबापत ९ लाख रियाल (झन्डै २ करोड ७० लाख रुपैयाँ) पाएका छन्। कतारमा नेपाली कामदारले पाएको क्षतिपूर्ति अहिलेसम्मकै बढी हो।

कतारको श्रम कानुनअनुसार कामदारको ज्यान गए र शतप्रतिशत अशक्त भएमा २ लाख रियाल (६० लाख रुपैयाँ) क्षतिपूर्ति पाउने व्यवस्था छ। ती युवकको विशेष अवस्था रहेको भन्दै झन्डै ५ सय प्रतिशत बिमाको रकम दिलाइएको हो। ५ वर्षदेखिको उपचार खर्च पनि कम्पनीकै जिम्मेवारीमा परेको छ।

कतारस्थित नेपाली दूतावासले पीडित परिवारले पाउने गरी असार २९ गते नै परराष्ट्र मन्त्रालयमा क्षतिपूर्ति रकम पठाइसकेको छ। कतारमा काम थालेको दुई वर्षपछि ९ अप्रिल २०१४ मा उनी सनैयामा सडक दुर्घटनामा परी कोमामा गएका थिए। उनी ३१ मे २०१२ मा कुर्कको काम गर्न कतार पुगेका थिए।

उनको अपांगतासम्बन्धी अन्तिम स्वास्थ्य रिपोर्ट तयार भइनसकेकाले स्वदेश नपठाएको दूतावासले जनाएको छ। उनी अमनहाउस पुनःस्थापना केन्द्रमा उपचाररत छन्। झन्डै ३ वर्ष पूर्ण रूपमा कोमामा गएका उनी हिव्वलचियरमा बस्न र अस्पष्ट वार्तालाप गर्न सक्ने अवस्थामा छन्। पछिल्लो समय उनको स्वास्थ्यमा सुधार देखिएको हो। दूतावासले नेपाल फर्केपछि निरन्तर अनुगमनका लागि मात्रै अस्पताल जानुपर्ने अवस्था रहेको प्रतिवेदन परराष्ट्र मन्त्रालयमा पठाएको छ। उनलाई नेपाल ल्याएपछि वैदेशिक रोजगार कल्याणकारी कोष र म्यादी जीवन बिमाबापत थप क्षतिपूर्ति पाउने कानुनी प्रावधान छ। कतारको अस्पातलले उपचारपछि दिने अन्तिम स्वास्थ्य प्रतिवेदनका आधारमा क्षतिपूर्ति पाउने स्थिति छ।

खुर्सिद र शास्त्री आउँदै

काठमाडौं (कास)- गान्धी जयन्तीका अवसरमा हुने कार्यक्रममा सहभागी हुन भारतका दुई राजनीतिज्ञ नेपाल आउने भएका छन्।

भारतीय कंग्रेस आईका नेता एवं पूर्वविदेशमन्त्री सलमान खुर्सिद र भाजपा नेता तथा राज्यसभा सांसद विजय सोनकर शास्त्री आउन लागेका हुन्।

कांग्रेस उपसभापति विमलेन्द्र निधिको निमन्त्रणामा आउन लागेका उनीहरू महेन्द्रनारायण निधि प्रतिष्ठानले बुधबार आयोजना गर्ने कार्यक्रममा सहभागी हुनेछन्। विमलेन्द्र महेन्द्रनारायणका छोरा हुन्।

शास्त्री मंगलबार नेपाल आइपुग्ने छन्। उनी दुई दिन बस्ने विमलेन्द्रले जानकारी दिए। खुर्सिद भने बुधबार आएर कार्यक्रममा सहभागी भई सोही दिन स्वदेश फर्कने कार्यक्रम छ।

सी भ्रमण तयारी तीव्र

चीनबाटै दुई जहाज र 'एरोहेड कारकेड सेट' ल्याइने



रातारात कालोपत्रे | राजधानीको त्रिपुरेश्वरमा सोमबार राति सडक कालोपत्रे गरिँदै। *तस्बिर : इलिट जोशी/कान्तिपुर*

■ **मातृका दाहाल** (काठमाडौं)

चिनियाँ राष्ट्रपति सी चिनफिङ, प्रथम महिला पेङ लियुआन, विदेशमन्त्री एवं चिनियाँ कम्युनिस्ट पार्टीका 'स्टेट काउन्सिलर' वाङ यीसहितको उच्चस्तरीय भ्रमणलाई लक्षित गरेर आन्तरिक व्यवस्थापन र सुरक्षा तयारी अघि बढाइएको छ।

'असोज अन्तिम साता राष्ट्रपति सीको भ्रमण हुन सक्ने भएकाले त्यसलाई लक्षित गरेर सुरक्षा व्यवस्थापन भइरहेको छ,' स्रोतले भन्यो। गृह मन्त्रालयले राष्ट्रपति सीको भ्रमणलाई लिएर 'आन्तरिक सुरक्षा कार्यविधि' बनाउँदै छ। कार्यविधि निर्माणमा गृहले सेनासँग समन्वय गरेको छ। सुरक्षाको मुख्य कमान्ड सेनाको हुने भएकाले उसको आवश्यकताअनुसार कार्यविधि बनाउन लागिएको हो। कार्यविधिमा विमानस्थलदेखि बस्ने र भेटघाट हुने स्थानमा कुन सुरक्षा निकायले कुन किसिमको जिम्मेवारी लिने भन्ने तय हुनेछ।

उच्च स्रोतका अनुसार भ्रमणमा प्रयोग गरिने 'एरोहेड कारकेड सेट' पनि चीनबाटै ल्याइनेछ। सी भ्रमणलाई लिएर गृहमन्त्री रामबहादुर थापाको अध्यक्षतामा नेपाली सेनाका बलाधिकृत रथी शरदकुमार गिरी, प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल, सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख गणेश अधिकारीसहितको केन्द्रीय सुरक्षा समिति बैठक बसेको थियो। आइतबार साँझ पनि चारवटै सुरक्षा निकायका अधिकारी सीको भ्रमणमा केन्द्रित रहेर प्रधानमन्त्री कार्यालयमा भेला भएका थिए।

केन्द्रीय सुरक्षा समितिको निर्देशनअनुसार सीको भ्रमण सुरक्षाअन्तर्गत सेनाका उपत्यका पृतनापति उपरथी नीरञ्जनकुमार श्रेष्ठको अध्यक्षतामा चारवटै सुरक्षा निकायका अधिकारी सम्मिलित 'केन्द्रीय कमान्ड पोस्ट' गठन गरिएको छ।

नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरीले भ्रमण अवधिभर माथिल्लो तहका सुरक्षा अधिकारीले प्रयोग गर्ने सवारी ३ दिनका लागि तान्ने तयारी गरेका छन्। उक्त सवारी साधन भ्रमण दलका सदस्यले प्रयोग गर्नेछन्।

राष्ट्रपति सीका लागि चीनबाटै एयर चाइनाका २ वटा जहाज र 'एरोहेड कारकेड' सेट आउने स्रोतको भनाइ छ। 'एरोहेड कारकेड' एक देशका राष्ट्रप्रमुख अर्को देशको राजकीय भ्रमणमा जाँदा धनुषवाण आकारमा गरिएको 'भीभीआईपी सवारी सुरक्षा व्यवस्थापन' हो। राष्ट्रपति सीको सुरक्षा व्यवस्थापन र आन्तरिक तयारीलाई सरकारले गोप्य राखेको छ।

पछिल्लो पटक २०७३ कात्तिक १७ देखि १९ गते भारतीय राष्ट्रपति प्रणव मुखर्जी र २०७१ साउन १८ र १९ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको राजकीय भ्रमणमा पनि नेपालले 'एरोहेड कारकेड' सहितको सुरक्षा व्यवस्था गरेको थियो। राष्ट्रपति मुखर्जी आउँदा नेपालकै कारकेड प्रयोग गरिए पनि मोदीले भारतबाटै आफूले प्रयोग गर्ने सवारी सेट ल्याएका थिए। मुखर्जीको भ्रमणमा नेपाल सरकारले सार्वजनिक बिदा दिएको थियो।

परराष्ट्र मन्त्रालयले पनि सी भ्रमणको मिति खुलाएको छैन। परराष्ट्रका सहप्रवक्ता सुरेश अधिकारीले मिति तय भइनसकेको प्रतिक्रिया दिए। प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार राष्ट्रपति सीको भ्रमणकै तयारीस्वरूप सोल्टी होटल असोज २५, २६ र २७ गतेका लागि बुक गरिएको छ। सीको भ्रमण चीनबाट सिधै नेपाल हुने वा भारतबाट आउने भन्नेमा पनि यकिन भइसकेको छैन।

धमाधम सडक मर्मत

चिनियाँ राष्ट्रपति सी आउने भएपछि सरकारले उपत्यकाका आधा दर्जनभन्दा बढी सडक सुधार गर्न थालेको छ। सी ओहोरदोहोर गर्ने सडक स्तरोन्नति गर्न लागिएको डिभिजन सडक कार्यालय काठमाडौं स्रोतले बताएको छ। एयरपोर्ट-तीनकुने-माइतीघर-थापाथली-त्रिपुरेश्वर, त्रिपुरेश्वर-शीतल निवास, माइतीघर-भद्रकाली बाइपास, एयरपोर्ट-गौशाला द्वारिका होटलसम्मको सडक सुधार्न लागिएको हो।

केशरमहल-दरबारमार्ग तीनधारा, रत्नपार्क-भद्रकाली-सुन्धारा, नक्साल भगवती-नागपोखरी-जयनेपाल-हात्तीसार-सिंहदरबार सडक पनि स्तरोन्नति हुँदै छ। यसबाहेक गौशाला-चाबहिल-महाराजगन्ज, गौशाला-रातोपुल-कृष्ण पाउरोटी सडक पनि स्तरोन्नतिको सूचीमा रहेको डिभिजन सडक कार्यालय स्रोतले जानकारी दिएको छ। कार्यालयले सोमबार दिउँसो एयरपोर्ट ओरालोको र राति त्रिपुरेश्वर-सुन्धारा खण्डको बीच भागको स्तरोन्नति गरेको छ। 'बजेट व्यवस्थापन हुन बाँकी छ। तर काम छिटो गर्नुपर्ने भएकाले राति पनि काम गरिरहेका छौं,' एक इन्जिनियरले भने, 'योजनामै नभएको सडक पनि स्तरोन्नति गर्नुपर्ने भएकाले रातारात काम सक्नुपर्ने बाध्यता छ।'

दुबई दुर्घटनामा ६ नेपालीको मृत्यु

काठमाडौं (कास)- संयुक्त अरब इमिरेट्स (यूएई) को दुबईमा सडक दुर्घटनामा परी सोमबार बिहान ६ नेपालीसहित ८ जनाको ज्यान गएको छ। ५ जना घाइते छन्। दुबईको मोहम्मद बिन जायद सडकमा नेपाली कामदार बोकेको माइक्रो बस मालवाहक ट्रकसँग ठोक्किएको थियो। मृत्यु हुनेमा दीपक विक, नयराम साउद, नारायणप्रसाद पोखरेल, कृष्णबहादुर पुन, दानबहादुर सत्याल र रमेश चौधरी छन्। उनीहरू सबै दुबईस्थित फस्ट सेक्युरिटी कम्पनीमा आबद्ध थिए। मृतकको नाम खुले पनि ठेगाना पहिचान नभएको आबुधाबीस्थित नेपाली दूतावासले जनाएको छ। 'कम्पनीले दूतावासलाई मृतकको नाम मात्रै उपलब्ध गराएको हो। विस्तृत विवरण आइसकेको छैन,' दूतावासका श्रम काउन्सिलर भेषराज कार्कीले फोनमा भने, 'घटनाबारे दुबई प्रहरीले विस्तृत अनुसन्धान गरिरहेको छ।'

कामदारलाई मर्दिफ सिटी सेन्टरबाट ड्युटीका लागि कार्यस्थल सारजाहतर्फ लैजाँदै गरेको माइक्रो बस दुर्घटनामा परेको हो। त्यसमा १३ जना सवार रहेको दुबई प्रहरी ट्राफिक विभागका निर्देशक सैफ मुहैर अल मजरोयुईले स्थानीय सञ्चारमाध्यमलाई जानकारी दिएका छन्। गाडीमा सवार सबै नेपालीको ज्यान गएको हो। मृतकको शवलाई रसिद अस्पतालबाट शवगृहमा सारिएको छ।

सभामुखमाथि...

सभामुख महरा आइतबार दिउँसो १२ बजे सिंहदरबारस्थित आफ्नो कार्यकक्षमा गएको, २ बजेतिर बालुवाटार निवासमा फर्किएको र त्यसपछि अन्यत्र कहीं नगएको विज्ञप्तिमा दावी गरिएको छ।

यौन दुर्व्यवहार भोगेको बताउने महिलाले आफूलाई महराले कुटपिटसमेत गरेको आरोप लगाउँदै आफ्नो तीनकुनेस्थित भाडाको फ्ल्याटमा महराको चस्माको टुक्रा, जुत्ताको भाग आदि छुटेको दावी गरेकी छन्। यसबाहेक सभामुखसँग त्यहाँ आउनुअघि र पछि पनि फोन र भाइबरमार्फत कुराकानी भएको उनको भनाइ छ। प्राविधिक छानबिनबाट यसको सत्यता बुझ्न गाह्रो हुन्न। तर प्रहरीले उजुरी नआएको बताउँदै यसबारे औपचारिक अनुसन्धान गरेको छैन।

सभामुख महराको सचिवालयले चस्मा, जुत्ताका कुरा निराधार भएको, महराको चस्मा उनीसँगै रहेको र तस्बिरमा आएजस्तो जुत्ता पनि उनले प्रयोग नगरेको विज्ञप्तिमा उल्लेख छ। सचिवालयले घटनालाई कर्मचारी समायोजनको असन्तुष्टिसँग जोडेको छ। 'संघीय संसद् सचिवालयमा स्वास्थ्य शाखाको कुनै दरबन्दी नभएको र संसद् सचिवालयमा कार्यरत स्वास्थ्यकर्मीहरू र ती महिला कर्मचारीले समेत समायोजनको प्रसंग चल्दै गर्दा संसद् सचिवालयमै स्वास्थ्यको दरबन्दी हुनुपर्छ भनी माग गरिरहेको अवस्था थियो,' विज्ञप्तिमा उल्लेख छ, 'तर कर्मचारी समायोजनमा सामान्य प्रशासन र स्वास्थ्य मन्त्रालयले नै सबै प्रक्रिया मिलाउने हुँदा त्यसमा काम नगरेको भनी स्वास्थ्य शाखाका कर्मचारीहरू र ती महिला पनि असन्तुष्ट थिए।' त्यही असन्तुष्टिलाई लिएर सभामुखबारे पूरै गलत, कपोलकल्पित र अनर्गल समाचार प्रवाह भएको प्रेस सल्लाहकार मल्लको दाबी छ।

बर्गिकृत विज्ञापन

घर जग्गा

महाराजगंज चक्रपथ ट्रयाकरोडमा ५४ आनाजग्गा सरलमूल्यमा 9823582607

लालबन्दीमा घडेरी सिन्धुलीघर तु.बिक्रीमा 9841226704

जोरपाटी मेडिकल कलेजसँगै १रोपनीमा बनेकोबंगलो बिक्रीमा 9808498519

ललितपुर इमाडोल, बागडोल, गोदामचौर टुका घडेरी ९८५११९९८२६

भैंसीपाटी एरीयामा घडेरीहरू बिक्रीमा, ९८४१५१५३०२

बालाजु गोलढुङ्गामा नयांघर बिक्रीमा ०-५-१-१ 9841496601

कपन राममन्दिर हाईटमा दिनभरी घामलाग्ने चारकुना मिलेको ०-७-०-०, 9861497240

एकतावस्तीमा राम्रो०-८-०-०, वालुवाखानीमा ०-५-०-०, 9861497240

साझामा ३१-रोपनी जग्गा विक्रीमा सट्टापट्टा, फाईनान्स, ९८६४५३९४७७

मैतिदेवी, घट्टेकुलो ०-४-०-०, तीनतल्ला दुईसटर घर तुरुन्तविक्रीमा २,९५,००,०००। 9851045824, 014720460

घरजग्गा खरिदविक्री गर्नपरेमा कुमारलामा Realestate 9851045824, 014720460

तराई ईंटटा थोक मूल्यमा पाईन्छ ९८४१२४४५४१, ९८०८७१८९७७

जाउलाखेलमा ०-९-०-० चोभारमा प्लटिङ्गको ०-४-०-०, ०-५-०-०, ९८१३२१४९२६

२.५आनामा २तल्ले घर हाइभिजन, थानकोट १,२५,००,०००/- ९८४१५३७५९७

कपन राममन्दिरमा अढाईतले घर ९८४९३२४४६३

टिकाथली पानी ट्यांकीसंगै एकतल्ला घर बिक्रीमा 9849242348

बानेश्वरमा ०-३-२-०, ०-४-०-० नयाँघर बिक्रीमा 9841594417

कपन बालुवाखानी पुलनजिक साढेदुईतल्लाको नयाघर मुल्य रु.१२० सिधाघरधनी ९८४१६००७०७

थानकोट महादेवस्थानमा ०-३-३-२ बिक्रिमा ९८५११४५४६४

चितवन कुमरोजमा चारबिघा १०-कट्ठा जग्गाबिक्रीमा कट्ठाको १३,००,०००।- 9851010600

बसुन्धारामा एकरोपनीमा बनेको घरबिक्रीमा ८,७५,००००।- 9851010600

नयांठीमीमा ०-१२-०-०, २-२-०-० बिक्रीमा, ९८४३१४१८०५

सानोभञ्याङ्ग ०-४-२-० बनेको साढेतिनतले घरबिक्रीमा 9851179708

नयां बंगला बिक्रीमा सिनामंगल ३,२१,००,०००/- ९८४१२१६१२०

टेकुको जग्गा ०-५-३-० आनाको १२,५०,००० ९८४३१४०९९२, ९८२१९७९३८०

०-४-०-३ माबनेको सितापाईलाको नयांघर बिक्रिमा ९८४३१४०९९२, ९८२१९७९३८०

बुढानिलकण्ठ सिद्धार्थकोलनी १-२-०-० जग्गाबिक्रीमा नो.दलाल फिक्सआनाको ३२लाख 9851246812, 9843229043

जम्ला, मुग्र दार्चुलामा जग्गाचाहियो ९८१३६७३६०४

नवलपराशी कावासोती प्रहरी अफिसअगाडी कमर्सियल जग्गाबिक्रीमा 9851063246

कलंकीमा ४ कोठाको घरबिक्रिमा 9841117819 9843704345

ढुङ्गेअड्डा कर्मसियल जग्गा बिक्रिमा ०-१५-३-० 25m. काटेरदिने ९८४३१२५०६८

मध्यबानेश्वरमा ०-७-०-० मावन्दैगरेको बंगला बिक्रीमा 9851000515

सलाँही लाल्वन्दिको नगरपालिका भवनसामुन्नेको जग्गा १करु बिक्रिमा ९८४४०४७२१६, ९८५४०३५१२१

बुढानिलकण्ठ विद्युत् प्राधिकरण नजिकै दक्षिण मोहडाको ०-८-३-० जग्गा तु.बिक्रीमा ९८४१२११९८५

ग्राण्डीहस्पिटल नजिक नयाँघरबिक्रिमा 17500000/- 9813266620

बगंलो बिक्रिमा Civil Home Sitapaila 9851018329

जोरपाटी हाइवेमा कमर्सियल जग्गाबिक्रीमा 9823140441, 9840856188

गल्कोपाखा ठमेलमा २३-आना जग्गाबिक्रीमा प्रतिआना ७०,००,०००।- एजेन्टले कष्टनगर्नुहोला, 9861024936

चपलीमा ०-१२-०-० नयांघर, धापासी हाइटमा ०-१३-२-० ९८०३१३३९०७

बसुन्धारामा ०-४-१-० जग्गा बिक्रिमा ९८५११३८३७८

धापासी नेचरक्लब अगाडी सातआना आकर्षक जग्गा बिक्रिमा ९८५११० ९८९६

मातातिर्थमा १८ आना सस्तोमा ट्रक्टाएर पनि दिनमिल्ने 9840245543

सवारी साधन

Scorpio Xuv गाडीहरू भाडामा, 9808872109, 9842262730

स्कर्पियो रिजर्भ चाहिएमा ९८५१०४३८३०, ९८४१७८३३१८

४४लटको Shine Bike तु.बिक्रीमा ९८४३७३८३७१

अल्टोकार, i10 जेनकार तु.बिक्रीमा 9817680675

सम्पर्क

अति सस्तोमा धितो फुकुवा Bank Deposit ९८४१५४३३६७, ९८५११९०३५१

सेकेण्डहेन्ड सामान खरिदबिक्री बसुन्धारा ९८५१२३४०४७

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखौं ९८४४४७८७५८, ९८०३१२३५७८

सस्तोमा Cashdeposit धितोफुकुवा ऋणलिन 9851243313

धितो राखी ऋण चाहिएमा ९८५११९४९३०

Cash Deposit विदेशकोलागी सस्तोमा 9803453019

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

सस्तोमा Bank Deposit गर्नुपरेमा ९८५११६१२०२

विद्यार्थीकोलागी सस्तोमा Cash Deposit, 9851195401

हुन्डाईआइटेन गाडिराखेर ऋण चाहिएमा सम्पर्क ९८१८५३०६७६

विविध बिक्रीमा

दशैंअफर सस्तोमा क्याफे बिक्री/भाडामा ग्वार्को 9813782090, 9841330773

बानेश्वरमा चलिरहेको फेन्सी पसल तु.बिक्रीमा 9866879374, 9840358921

नयाबसपार्कमा चलिरहेको गेष्टहाउस तुबिक्रीमा ९८६३१९६२२२

पेप्सीकोलाचोकमा चलिरहेको होटल तुरुन्तबिक्रिमा 9862408154

बसुन्धाराको गिफ्ट पसल अर्जेन्टबिक्रीमा 9810386474

सुन्धारा सिभिलमहलको अगाडि चलिरहको रेष्टुरेण्टबिक्रिमा ९८५१०७२८७६

ठमेल लेखनाथमार्ग liquor shop 9841943567

औषधी पसल बिक्रीमा कोटेश्वर 9851094172

सेन्टरको रेष्टुरेन्ट बिक्रिमा ५०,००,००० बत्तिसपुतली, 9807689579

विदेशजानुपरेकोले ठुलोभञ्याङ्गमा चलिरहेको मदिरापसल बिक्रिमा ९८१३३५२०७०

कलंकीमा चलिरहेको फेन्सी बिक्रिमा 9841117819 9843704345

३००sqft खालीठाउ बिक्रिमा १,८०,००० कमलादी काठमान्डौ प्लाजा ९८४१२४१७६८

निर्माण सफाई

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

प्लम्बिङ्ग, बोरिङ्गसर्भिस, धाराजामखोल्ने, इनारसफाइगर्ने पहेंलोपानिफिल्टर रिजर्भेटरिङ्गसफाई, इनारखन्ने, ढलजामखोल्ने 9851168028

धेरैसस्तोमा सेफ्टीट्याङ्की सफाईगर्ने 9841691494, 9823859294,

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9851013512, 9841607856

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने ९८५१०१९८८९, ९७४११३७११४

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344, 9841050858

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 01-5182401

सेफटीट्याङ्की सफाई ठुलोगाडीमा मेसिनबाट, 5251092, 9851024364

सेफटीट्यांकी सफाइ गाडीमा १५००/- 9843768737

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा 9841634234, 9841176292

सेफिटिटैकी सफाई सस्तोमा 9841343487, 4464568

सेफिटिटैकी सफाई गाडिबाट 9851118279, 9851087058

इनारसफाई, रिजर्बटेङ्गीसफाई, सोलारफिल्टर ढलमंगाल, जामखोल्ने 9851116022

भाडामा

ललीतपुरमा घर फ्ल्याट लिनदिन, 9851046386

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

गोंगबु बसपार्क पछाडी पानी ट्यांकीमुनी ४५०० वर्गफिट अफिस डिष्ट्रिब्यूटर कम्पनीलाई उपयुक्त गोदाम ९८०८५५६२४३

घर भाडामा लिनदिन 9741469222 www.linknepalrealestate.com.np

अनामनगर, बुद्धनगर, बानेश्वर, पुरानो बानेश्वर, मैतीदेवी, नक्साल, डिल्लीबजार एरियामा १५०० वर्गफिट भएको कम्तीमा १० वटा गाडीपार्किङ्ग सुविधा भएको घर भाडामा चाहियो बन्दै गरेको घरलाई प्राथमिकता ९८५११९७६९२

भनेकै जस्तो तुभाडामा लिनदिन 9841005743

Full-Furnished 2 bhk flat in Swoyambu, 9818059214

Flat, बंगलो, अफिसस्पेस लिनदिन सम्झनुहोला www.homektm.com 9801117335

चाहियो

सेक्युरिटीगार्ड तु.आवश्यकता १६,०००-२०,०००।- 9803121700

वेलकम ग्रुपलाई कर्मचारी 15,500/- 9818702341

भक्तपुर, कोटेश्वरमा, अफिसलाई Receptionist, अन्तराष्ट्रिय उत्पादन/ प्याकिंगगर्नेमा पढेनपढेका कामगर्नेहरू 18500-38500 +गाडीभाडा 9847776910, 9808551061 (कामघर अफिसमै)

कोटेश्वर तिनकुनेमा सामानहरू उत्पादन/ प्याकिंगगर्नेमा पढेनपढेका पार्टटाइम कामगर्नेहरू 18500-38500 +गाडीभाडा 9823547840, 9840855526 (कामघर अफिसमा गर्नमिल्ने)

टाईपिङ्ग, पोस्टकार्ड घरैमाकाम २४,५००।- 9817749612

Homebased Typing Job 25,500/- 9803188112

टाईपिङ्ग, पोस्टकार्ड कामदार चाबहिलचोक २४,५००।- 9803434644

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,500/- 9823280255

कस्मेटिकभित्र इमान्दार कर्मचारी 15,500/- 9818715624

सबै प्रकारको जागीरकोलागि सम्पर्क ०१-५२३४६३८

SGLM संस्थालाई थपमहिला कामदार २३५००/- ९८१३७६९०८४/ ९८६६६७१३८२ घरैमापनिकाम

अन्तराष्ट्रियस्तरको सेफ व्यक्तिगत क्याट्रिङ्गकोलागि चाहिएमा 9818898030

कुक र हेल्पर तुचाहियो याङखुक रेष्टुरेन्ट बौद्ध 9862797348

निर्माणधिन टेलिफिल्मकोलागि कलाकार चाहियो 9866893756, 9808863535, 4485689

होमस्टार मल्टिनेशनल अफिसमा तु.कर्मचारी आवश्यकता १५,०००।- 9843460696, 9818186285

Assistant cook for Restaurant 9851067168 Patan

खानेबस्ने सुविधासहित केहीलेडिज स्टाफहरू चाहियो तलब-११,०००।- 9813273193, 9818017371

होस्टलको किचनमा कर्मचारी चाहियो, खानबस्नसहित ९८५१२५४९४२

पोल्टीफर्मकोलागि दुईजोडी कामदार बस्नेकोसुविधा तलबजोडिको २०,०००।- 9851057404

क्यान्टिनकोलागि वेटर-१०,०००। मसाल्दी- १२,०००।, खानेबस्नेसुविधा ९८२३१५३१९९, ९८०३५३९९४४

अंग्रेजी राम्रो बोल्ने लेडिज, 9869028713

खसी सफागर्ने, मासु बेच्नजान्ने स्टाफचाहियो। खानबस्नफ्रि दिनको-१०००/- ९८१८३६८५२२

बुद्धमहिला स्याहार्ने महिला चाहियो ९८६९०९६०००

डिस्को क्लबलामा वाउन्सर, लेडिज कर्मचारि, किचेनहेपर, 9808238246

इण्डीयनकुक, तन्दुरीकुक, वेटर, मसाल्दी, 9843105084

मर्मत

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9851096233

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

TV/LED, Computer, CCTV ग्यारेन्टीसाथ घरैमाममर्मत 01-4215169, 9841688285

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841516755

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9843541227

ढलट्वाईलेट मंगाल जामखोल्ने साथैममर्मत 9807622373

फ्रिज, वासिङ्गमेशिन, A/C, LEDTV, Microwave ग्यारेन्टी घरमैममर्मत 9851156123

TVLED ग्यारेन्टीकासाथ जुनसुकैकम्पनीको घरैमा मर्मत 9851059629, 9869802794 TV साटीन्छ

तालिम

ड्रोजर (एस्काभेटर, JCB) फोर्कलिफ्ट अपरेटर तालीमकेन्द्र CTEVT सम्बन्धनप्राप्त 9851122136

निसुल्क मन्टेश्वरी तालीम, 9851003391, 9849071354

उपचार

यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

युरीकएसिड सुगर,दम विषेकनभए पैसाफिर्ता ९८६१६८६७०४

पशुपंक्षी

गुणस्तरीय कुकुरहरू बिक्रीमा माउण्ट-एभरेष्ट केनल 4495668/ 9841031037

बिहावारी

३३वर्षिय सहकारी अफिसर छोरीलाईवर ९८८६३२४१५८

२७वार्षिय MBBS मुस्लिम बधुलाई MBBS मुस्लिम वर चाहियो चन्द्रौटा कपिलबस्तु ९८४७०४२९३७

अझै खुलामा शौच

सरसफाइ चेतनाका कार्यक्रम र विपन्नलाई शौचालय बनाइदिने योजना नै नल्याई जिल्लाहरूमा हतार-हतार घोषणा भएका छन्

प्रदेश ब्युरो (जनकपुर)

मधेस मामिलाका जानकार तुलानारायण साहले पोहोरको असारमा सरकारी तथ्यांक प्रस्तुत गर्दै प्रदेश २ मा खुला ठाउँमा शौच गर्नेको संख्या सिरहामा बढिरहेको बताउँदा कार्यक्रममा झगडै पर्ला जस्तो भयो। समन्वय परिषद्को बैठकमा सहभागी ती जिल्लाका जनप्रतिनिधिले सिरहा भखरै खुला दिसामुक्त क्षेत्र घोषणा गरिएकाले तथ्यांकमा भनिए जस्तो अवस्था नरहेको भन्दै साहको प्रतिवाद गरे।

वादविवादले वातावरण बिग्रने स्थिति भएपछि मुख्यमन्त्री लालबाबु राउतले सम्हाले। आफू नै प्रमुख अतिथि बनेर सिरहालाई खुला दिसामुक्त क्षेत्र घोषणा गरेकाले उनले साहलाई तथ्यांक सच्याउन आग्रह गरे। साहले आफ्नो तथ्यांक 'अपडेट' भन्दै अडिग बसे। गत वर्षयता ठूलो तामझाम गरेर प्रदेश २ का जिल्लाहरूलाई खुला दिसामुक्त क्षेत्र घोषणा गरिएको छ। धेरैजसो घोषणासभाका प्रमुख अतिथि मुख्यमन्त्री राउत नै बने तर जिल्लाहरूमा अझै खुला ठाउँमा शौच गर्ने बानी बदलिएको छैन। बिहान र साँझको समयमा लोटा बोकेर खेत, बाँसको झ्याङ र पोखरीको डिलमा शौच गर्नेको संख्या धेरै छ। मुख्यमन्त्री राउत अब आएर सोचाइ र व्यवहारमा परिवर्तन नआएसम्म प्रदेशलाई स्वच्छ र सफा बनाउन कठिन रहेको बताउन थालेका छन्। उनको मुख्यमन्त्री स्वच्छता अभियानले पनि खुला ठाउँमा शौच गर्नेसँग लक्षित कार्यक्रम ल्याउन सकेको छैन। मधेसका गाउँमा पुरदा बाटोभरि शौच छरपस्ट हुन्छ। सहरमा पनि यो समस्या छँदै छ। जनकपुरमै पनि पर्याप्त सार्वजनिक शौचालय नहुँदा मठमन्दिरका कुनाकाप्चा फोहोर पार्ने सर्धै भेटिन्छन्।

'खुलामा शौच गर्नु हुन्न भने चेतना त बढेको छ,' जनकपुरका सफाइ अभियन्ता रामआशिष यादवले भने, 'तर विकल्प नहुँदा समस्या निदान हुन सकेन।' प्रदेश सांसदसमेत रहेका उनी दलित र विपन्नका बस्तीमा सरकारले शौचालय बनाउनुपर्ने सुझाव दिन्छन्। 'सरकारले वा व्यक्तिले शौचालय कति बनायो तथ्यांक छैन। दलित, गरिबलाई लक्षित गरेर अभियान चलाइएन,' उनले भने, 'त्यस्तो कार्यक्रम ल्याउनुपर्छ। सहरी क्षेत्रमा पनि सार्वजनिक शौचालय सुलभ बनाइदिनुपर्छ। यो दुवै काम भएको छैन।'

घोषणा कागजमै

सर्लाही जिल्ला खुला दिसामुक्त घोषणा भएको भखरै हो। तर खुला ठाउँमा शौच गर्ने क्रम रोकिएको छैन। मुख्य कारण चेतनाको अभाव, विपन्न परिवारका लागि शौचालय बनाउन जग्गा अभाव, मुख्य सहर बजारमा सार्वजनिक शौचालयको व्यवस्था नहुनु नै हो। पहिला गाउँ पुग्ने मुख्य सडकमा शौच गर्नेहरू अहिले स्थानीय खोला र कृषि सडकमा पुगेका छन्। समाज परिवर्तन नभई हतार हतार खुला दिसामुक्त घोषणा गरिएको नागरिक अगुवा रजनीकान्त झा बताउँछन्। 'कागजी रूपमा जिल्ला नै खुला दिसा मुक्त भइसकेको छ तर समाजको खुला शौचको बानी हटेको छैन।' चोक र बजारमा सार्वजनिक शौचालय बनाउन पनि सरकारको ध्यान नपुग्दा सरसफाइमा चेतना नबढेको उनको तर्क छ। जिल्लामा ७० प्रतिशतको हाराहारीमा मात्र शौचालय निर्माण भएर प्रयोगमा आएको भएपनि हिँड्दा ३० प्रतिशतले गरेको फोहोर नै आगन्तुकका आँखामा पर्ने उनले बताए।

ग्रामीण क्षेत्रमा रुढिवादका कारण छोरी-बुहारी गएको शौचालयमा ससुरा जान मानेका छैनन्। जिल्लाको दक्षिणी क्षेत्रका स्थानीय तहहरूमा उपल्लो जातिकाहरू नै बुहारी गएको शौचालयमा ससुरा शौच गर्न जाने नमानेको खुला दिसामुक्त अभियानका अभियन्ताहरू बताउँछन्।

चर्पीमा गुइँठा

धेरै घरमा चर्पी निर्माण नहुँदै २०७४ चैत २१ मा सप्तरी जिल्ला खुला दिसामुक्त जिल्ला घोषणा भयो। विभिन्न स्थानीय तहहरूलाई खुला दिसामुक्त घोषणा गरिँदा स्थानीयले नै विरोध पनि गरे। घोषणापछि हरेक तहमा पूर्ण सरसफाइ कार्यक्रम लागू गरिने अपेक्षाअनुसार योजना आएनन्। ग्रामीण क्षेत्रमा स्थानीयले चर्पी बनाए पनि प्रयोग गर्नेहरू निकै कम छन्। अधिकांश खुला ठाउँमा शौच गरेर चर्पीमा गुइँठा वा दाउरा राख्छन्। 'स्थानीय स्तरबाटै खुला दिसामुक्त घोषणा गर्ने कार्य हचुवाको भरमा कागजमा सीमित गर्नका लागि मात्र गरेको देखियो,' तिलाठी कोइलाडी-८ का सत्यनारायण यादवले भने। घोषणा गराउने अभियानमा जिल्ला समन्वय समिति, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसहित दर्जन बढी गैरसरकारी संस्थाहरू संलग्न थिए तर घोषणापछि न सरसफाइ चेतनाका कार्यक्रम छन्, न त अनुगमन। पोखरीका डिलहरू, नहर र नदीका किनारहरूमा साँझबिहान दिसा गर्नेहरूको लाम नै लाग्छ। खुला दिसामुक्त क्षेत्र बनाउने अभियानमा ९ करोड ७८ लाख रुपैयाँ खर्च भएको थियो। जिल्लामा अभियान सुरु भएपछि १ लाख १८ हजार चर्पी निर्माण भएको दाबी गरिएको थियो। खर्च भए पनि उपलब्धि न्यून छ।

प्यान छ, चर्पी छैन

रौतहटको चन्द्रपुर-९ को मुसहर बस्तीमा ७५ घर छ। आधा दर्जनको घरमा शौचालय छ। नभएकाहरू लोटा बोकेर नजिकको खेतमा जान्छन्। नगरपालिकाले शौचालय निर्माणका सामान दिए पनि पैसा नहुँदा बनाउन नसकेको स्थानीय बताउँछन्।

रौतहट गत पुसमै खुला दिसामुक्त घोषणा भएको हो। 'खानलाई धौधौ छ, पाइखाना बनाउन कहाँबाट पैसा ल्याउनु ?' मुसहर बस्तीको एउटै स्वर छ। वडा कार्यालयले शौचालय बनाउन दिएको समान बाटोमै त्यतिकै फालेका छन्। विपन्नको बस्तीमा शौचालयभन्दा खाद्यान्न जरुरी रहेको स्थानीय बालकृष्ण मुसहरले बताए। 'वडाले पाइखाना बनाउन सामान दियो,' उनले भने, 'एउटा बनाउन झन्डै १० हजार लाग्छ। कहाँबाट ल्याउनु ?' खानेपानी सरसफाइ डिभिजन इकाई कार्यालयका प्रमुख अनिल केशरीले विपन्नका बस्तीमा शौचालय बनाउन नसकेको स्विकारेका छन्। 'शौचालय बनाउन सक्नेहरूले पनि सामान लगेर त्यतिकै राखेका छन्,' उनले भने, 'हामीले कडाइ गरेका हौं तर पनि अटेर गरेर बनाएनन्।' रौतहटका १८ स्थानीय तहले पालैपालो खुला दिसामुक्त नगरको घोषणा गरे। डिभिजन इकाई कार्यालयले जिल्लाको १ लाख ४ हजार ७६ घरधुरीमध्ये १८ हजार ७ सय ३३ घरमा अभियानपूर्व नै शौचालय निर्माण भइसकेको दाबी गरेको छ। अभियान सञ्चालन भएपछिको तीन वर्षमा ८२ हजार ७ सय ६७ घरधुरीमा शौचालय निर्माण भएको प्रमुख केशरीले दाबी गरे। 'अझै २ हजार ५ सय ७६ घरधुरीलाई निजी जग्गा नभएकाले अर्काको शौचालय प्रयोग गरिरहेका छन्,' उनले भने, 'उनीहरूलाई शौचालय निर्माण गर्ने जमिनको खाँचो भएकाले नसकेको हो।' अभियान सफल पार्न आईएनजीओको ४ करोड ४७ लाख खर्चेका थिए। नेपाल सरकारको १ करोड ४७ लाख खर्च भएको थियो।

कामै नभई घोषणा

गत भदौ २७ मा पर्साको विन्ध्यवासिनी गाउँपालिका खुला दिसामुक्त घोषणा भइरहँदा तीनवटा वडाका बासिन्दाले विरोध प्रदर्शन गरेका थिए। १, २ र ३ नम्बर वडाका तीन सयभन्दा बढी घरमा शौचालय निर्माण नहुँदै घोषणा गरिएको स्थानीय प्रेमचन्द्र चौरसियाले बताए। घोषणासभा नजिकै पुगेर स्थानीयले विरोध गर्दा सुरक्षाकर्मीले हस्तक्षेप गरेका थिए। दलितलाई निर्माण गरिने शौचालयको रिङ नबाँडी जनप्रतिनिधिले अनियमितता गरेको आरोप स्थानीयको थियो।

विन्ध्यवासिनीमा घोषणाको भोलिपल्ट पर्सा जिल्ला नै खुला दिसामुक्त घोषणा गरियो। प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले शौचालय निर्माण नभएका दलितको तथ्यांक संकलन गरी प्रदेश सरकारले निर्माण गरिदिने बताए। क्षेत्र नम्बर एकका सांसद प्रदीप यादवले हतारमा खुला दिसामुक्त जिल्ला घोषणा गरिएको टिप्पणी गरे। त्यही कार्यक्रममा वीरगन्ज महानगरपालिकाका वडा १, १५, १९, २५, २३ र २७ लाई पनि खुला दिसामुक्त घोषणा गरिएको थियो। पर्सामा खुला दिसामुक्त अभियान २०६८ देखि सुरु भएको थियो। सुरुवातमा जिल्लामा २७ प्रतिशत घरधुरीमा शौचालय थियो। तथ्यांकअनुसार अहिले ७६ प्रतिशत घरधुरीमा शौचालय निर्माण भएको छ।

७३ औं जिल्लाका रूपमा महोत्तरीलाई भदौ ३१ मा खुला दिसामुक्त घोषणा गरियो। तर यहाँ खुला ठाउँमा शौच गर्ने चलन फेरिएको छैन। हचुवाका भरमा घोषणा गरिएको टिप्पणी हुन थालेको छ। विपन्न र दलितका बस्तीमा शौचालय नबन्दै घोषणा गरिएको स्थानीयको गुनासो छ। खुला शौचले गाउँका बस्ती नै दुर्गन्धित बन्दै गएको जलेश्वर-२ का सुमनकुमार पौडेलले बताए। विभिन्न संस्था र वडा कार्यालयले सिमेन्ट, रिङ, रडलगायत निर्माण सामग्री दिए पनि धेरैले शौचालय बनाएका छैनन्। जग्गाको नहुनु, आर्थिक अभाव र चेतनाको कमी यसको कारण छ। घरमा शौचालय नभएकाहरूले चौर, उखुवारी, सडक र खोलाकिनारमा शौच गर्दै आएका छन्। जलेश्वर-२ की राजकली देवीले शौचालय बनाउने जग्गासमेत नभएको बताइन्। सरकारी सेवासुविधा नपाइने डरले अभियानका क्रममा बनाइएका कतिपय शौचालय अहिले प्रयोगविहीन अवस्थामा रहेको महोत्तरी औरही नगरका धर्वेन्द्रकुमार यादवले बताए।

प्रजिअ सूर्यबहादुर खत्रीले पनि जिल्ला पूर्णरूपमा खुला दिसामुक्त बन्न नसकेको स्वीकार गरे। 'बाहिर हिँड्दा अहिले पनि खुला ठाउँमा शौच गरेको प्रशस्तै देखिन्छ,' उनले भने, 'शतप्रतिशत खुला दिसामुक्त भएजस्तो मलाई पनि लाग्दैन।' महोत्तरीमा १ लाख १४ हजार घरधुरी छन्। करिब ५ हजार घरमा मात्रै शौचालय नभएको जिल्ला समन्वय समिति सदस्य सुदीपकुमार झाले बताए।

अवधेश झा (सप्तरी), **सन्तोष सिंह** (धनुषा), **ओमप्रकाश ठाकुर** (सर्लाही), **शिव पुरी** (रौतहट), **भूषण यादव** (वीरगन्ज) **र सुनिता बराल** (बर्दिवास)



खानेपानी तथा सरसफाइ मन्त्रालयले सोमबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा मुलुकलाई खुला दिसामुक्त घोषणा गर्दै प्रधानमन्त्री केपी शर्मा ओली र कार्यक्रमका सहभागी। *तस्बिर : इलिट जोशी/कान्तिपुर*

'रहरले घरबाहिर'

मोरङ (कास)- विराटनगरको सिंगिया खोला किनारमा सोमबार सबैरै टुक्रुक्क बसेका महिला-पुरुषको ताँती थियो। महानगरसँग जोडिएका कटहरी र जहदा गाउँपालिकाका गाउँको पनि दृश्य पनि योभन्दा फरक थिएन। पुरुष र महिला बेग्लाबेग्लै तर खुलै ठाउँमा शौच गरिरहेका थिए।

जिल्लाका २ लाख २ हजार ८ सय २० घरधुरीमा शौचालय निर्माण भइसकेको दाबीसहित राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समितिले गत असार २१ मा खुला दिसामुक्त जिल्ला घोषणा गऱ्यो। तर सबैतिर अझै पर्याप्त संख्यामा शौचालय बनिसकेका छैनन्। कतिपयमा बनाइएकै छैन। महानगरभित्रै पनि शौचालय नबनेका घर छन्।

विपन्न दलित समुदायका केही घरमा शौचालय नभएको स्थानीय अरबिन्द मण्डलले बताए। 'बखरीस्थित मुसहर बस्तीका धेरैको घरमा शौचालय छैनन्,' उनले भने, 'एक/दुई धुर ऐलानीमा छाप्रो हालेर बस्नेले कहाँ शौचालय बनाउनु ?' मुन्टो लुकाउने छाप्रो पनि मुस्किलले हालेकाहरूले शौचालय बनाउन नसक्ने स्थानीय कैलु ऋषिदेवको भनाइ छ। 'ज्यालामजदुरी गरेर गुजारा गर्ने हामी जस्ताले कहाँबाट ल्याएर बनाउनु ?' उनले भने, 'खुला ठाउँमा शौच गर्न हामीलाई पनि लाज लाग्छ। त्यसमा पनि महिला र छोरीहरूलाई झनै समस्या छ। विकल्प छैन।'

जिल्लामा घरमा शौचालय भए पनि बाहिर दिसा बस्न जाने परिवार अझै छन्। आफूलाई शौचालयमा शौच नै नहुने गरेकाले खुला ठाउँ खोज्दै जाने गरेको कटहरीका रामपुकार कामतले बताए। 'घरमै कसरी शौच गर्नु हौ ?,' उनले भने, 'घरमै खाएर घरमै शौच गर्ने हाम्रो संस्कार छैन।' घरमा शौच गर्न नहुने र खेतबारीमा शौच गरेपछि मलसमेत हुने परम्परागत मान्यताका कारण घरबाहिर शौच गर्ने परम्परा नतोडिएको हो।

खेतमा गएर शौच गर्दा बिहान घुर्मफिर पनि हुने र खेतमा मल पनि हुने गरेको जहदाका ५५ वर्षीय हरिकिसुन मुर्मुले बताए। 'आफ्नै खेतमा शौच गर्दै आएको छु,' उनले भने, 'बिहानै शौच गरेर सबै खेतबारी घुमेर आउँदा शरीरमा स्फूर्तिसमेत आउँछ।'

तयारी नपुग्दै खुला दिसामुक्त

■ **मनोज पौडेल** (कपिलवस्तु) **र मधु शाही** (बाँके)

कपिलवस्तुको यशोधरा गाउँपालिका-४ अमलोनहाका छिवर पासीको घरमा शौचालय छैन। हरेक दिन बिहान परिवारका सबै सदस्य शौच गर्न खुला ठाउँमा जाने गरेका छन्। उनको गाउँपालिका भने गत असार १३ मा खुला दिसामुक्त घोषणा भइसकेको छ।

कृष्णनगर नगरपालिका-६ को भिल्मी स्वास्थ्य चौकीमा शौचालय छैन। नगरपालिकाले तीन वर्षदेखि शौचालयका लागि बजेट विनियोजन गर्दै आएको छ। अहिलेसम्म निर्माण भएको छैन। 'कहिले उपभोक्ता समिति बन्न सक्दैन त कहिले ठेक्का लाग्दैन,' वडाध्यक्ष देवानन्द शुक्लाले भने, 'त्यही भएर ट्वाइलेट नबनेको हो।' चौकीमा उपचारार्थ पुगेका बिरामीलाई नजिक शौचालय नहुँदा सास्ती छ। स्वास्थ्य संस्थाका कर्मचारी आफैं पनि मर्कामा परेको दुखेसो गर्छन्। यो वडा पनि खुला दिसामुक्त हो।

जिल्लाका यस्ता थुप्रै बस्ती छन्, जहाँ अझैसम्म शौचालय बनाइएका छैनन्। ग्रामीण क्षेत्रमा खुला ठाउँमै शौच गरेको भेटिनु नौलो हुँदैन। यस्तो अवस्थामा गत भदौ ३१ मा जिल्लालाई नै खुला दिसामुक्त घोषणा गरियो। कपिलवस्तुमा ९१ हजार ३ सय २१ घरधुरी छन्। तीमध्ये कति घरमा शौचालय छन् भनेर घोषणासभामा उल्लेख गरिएन। यहाँका सरोकारवाला ७५ प्रतिशत घरमा मात्र शौचालय रहेको दाबी गर्छन्। ती पनि ठूलो अभियान चलाएर निर्माण गरिएका हुन्। शुद्धोधन गाउँपालिका र महराजगन्ज, कृष्णनगर तथा कपिलवस्तु नगरको अवस्था दयनीय छ। ती स्थानीय तहलाई हतारमा खुला दिसामुक्त घोषणा गरियो। कृष्णनगरमा मुस्किलले ५५ प्रतिशतले शौचालय बनाएका छन्। नगरपालिकाका अनुसार कृष्णनगर-४ मा ३० प्रतिशतले बनाएका छन्। कृष्णनगर-१, शिवानगर र कृष्णनगर-१२, भगवानपुरमा ४८ प्रतिशतले शौचालय बनाएका छन्। कृष्णनगर-८ र ९ मा ५७ प्रतिशतले शौचालय निर्माण गरेका छैनन्।

कपिलवस्तु नगरपालिकाको अवस्था टिठलाग्दो छ। कपिलवस्तु-४, ५ र ६ का आधा घरमा शौचालय नरहेको कर्मचारीले बताए। श्रीरामपुर, सेमरी र धर्मपनियालगायत गाउँ शौचालयविहीन छन्। 'सदरमुकामकै अवस्था कमजोर छ,' स्थानीय गोपीकृष्ण शर्माले भने, 'कसरी जिल्ला खुला दिसामुक्त भएको मान्ने र।' जबर्जस्ती गरेर नहुने उनले बताए। महराजगन्ज नगरपालिका-१, २, ३ र ७ मा अहिले पनि शौचालय बनिरहेका छन्। यशोधरा गाउँपालिकाको सोमडिह, तिर्तिखी, पकरभिटवा र सिंहाखोरमा शौचालय बनिसकेका छैनन्। मायादेवी गाउँपालिकाको पकडी, बिजुवा र सिहोरवामा पनि उस्तै अवस्था छ। विजयनगर गाउँपालिकाको गुगौली र पत्थरदेइयाको अवस्था पनि दयनीय छ।

शुद्धोधन गाउँपालिकाको साविक बाँसखोर र लवनी गाविसका पूरै घरमा शौचालय बनेका छैनन्। शिवराज नगरपालिका-६, वीरपुर क्षेत्र शौचालयविहीन छ। अन्यका तुलनामा बाणगंगा र बुद्धभूमि नगरपालिकाको अवस्था राम्रो छ। ०६६ सालदेखि जिल्लामा यो अभियान चलाइएको थियो। अहिलेसम्म यो अभियानमा १ करोड हाराहारी खर्च भएको खानेपानी तथा सरसफाइ कार्यालयले जनाएको छ। कतिपय परिवारले बनाए पनि शौचालय प्रयोग गर्दैनन्। कतिपयले दबाबमा बनाएका छन्। कतिपयले सिट प्यान निःशुल्क पाएर बनाए। सरसफाइका बारेमा स्थानीयलाई बुझाउन नसक्दा समस्या भइरहेको कार्यालयका इन्जिनियर विपिन पौडेलले बताए। जिल्लासँग जस्तोसुकै अवस्थामा दिसामुक्त घोषणा गर्नुको विकल्प थिएन। प्रदेश र संघको चर्को दबाब थियो। प्रदेश स्तरको खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समितिले जिल्लालाई खुला दिसामुक्त गर्न योग्य रहेको सिफारिस गऱ्यो। समितिले भदौ २८ देखि तीन दिन अनुगमन गरेको भन्दै प्रतिवेदन बुझाएको २४ घण्टा नबित्दै जिल्लालाई खुला दिसामुक्त घोषणा गरियो। अनुगमन समिति शौचालय भएका ठाउँमा मात्र हेर्न गयो। उक्त समितिले अनुगमन नगर्दै जिल्ला खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समितिको गत साउन २४ मै भएको बैठकले भदौ ३१ को घोषणा मिति टुंगो गरिसकेको थियो। प्रदेशमा यो जिल्ला मात्र खुला दिसामुक्त घोषणा हुन सकेको थिएन। त्यसैले प्रदेश सरकारको दबाव थियो। कपिलवस्तुसँगै काठमाडौं र महोत्तरी पनि खुला दिसामुक्त घोषणा भएका थिए। समयमा काम नहुँदा शिर निहुऱ्याएर जिल्लालाई खुला दिसामुक्त घोषणा गर्नु परेको खानेपानी तथा सरसफाइ सबडिभिजन कार्यालय प्रमुख तिलक न्यौपानेले बताए। 'सबै ठाउँमा शौचालय बनेर घोषणा गरेको भए शिर ठाडो हुन्थ्यो,' उनले भने, 'अनुहार न्याउरो बनाउनुपरेको छ।' कपिलवस्तु नगरप्रमुख किरण सिंहले कागजी प्रक्रिया मात्र पूरा गरिएको बताए। 'नभए जिल्लाको इज्जत जाने भयो,' उनले भने। जिल्ला समन्वय समिति प्रमुख नारायण खनालले कमीकमजोरीकै बीचमा घोषणा गरेको बताए।



जनकपुरधामको व्यस्त सडकछेउ भित्तामा पिसाब फेर्दै बटुवा। *तस्बिर : शाहीमान राई/कान्तिपुर*

शौचालय छन्, प्रयोग गर्दैनन्

शौचालय केका लागि बनाइन्छ, त्यो सबैलाई थाहा छ। बाँकेको नरैनापुरका गाउँपालिका-२ का मोहरब अन्सारीले बाध्यतालै मात्र शौचालय बनाए। पाँच महिनाअघि वडा कार्यालयले शौचालय नबनाउने परिवारलाई सरकारी सेवासुविधा नदिने नियम बनाएपछि उनले ६० हजार रुपैयाँ लगाएर बनाए। १० जनाको परिवार छ। एउटा शौचालय अपर्याप्त छ। त्यसैले पालो कुर्नुभन्दा जसले जहाँ खुला थलो भेट्छ, त्यहीं शौच गर्ने गरेको उनले सुनाए। 'पालो कुर्नुभन्दा खेततिरै लाग्छु,' उनले भने।

नरैनापुर-४ की भागमती लोहारले पनि बाध्यतावश शौचालय बनाएको बताइन्। त्यसलाई प्रयोग गर्न उनलाई झन्झटिलो लाग्छ। ५० हजार खर्चेर बनाएको शौचालयमा ढोका भने हालेकी छैनन्। पैसा नपुगेर अपूरो भएको उनले बताइन्। गाउँपालिकाले अनुगमन गर्दा शौचालयको छाप्रो मात्रै हेर्ने गर्छ। त्यसलाई प्रयोगमा ल्याएको छ कि छैन खासै चासो गर्दैनन्। सुविधाबाट वञ्चित हुने डरले नरैनापुरमा झन्डै ८० प्रतिशतका घरमा शौचालय बने पनि त्यसको ४० प्रतिशत पनि प्रयोगमा आउन मुस्किल रहेको वडा-२ का अध्यक्ष मसुर अहमद शाहले बताए। 'घरमा शौचालय हुँदाहुँदै अझै खेतमा लोटा लिएर जान्छन्,' उनले भने, 'यहाँ शौचालय हुँदैमा दिसामुक्त क्षेत्र भएको छैन।'

नेपालगन्जमा शौचालयको कमी छैन। यहाँ अत्याधुनिकदेखि घुम्ती शौचालयसमेत सञ्चालनमा छन्। सार्वजनिक शौचालय ११ वटा निर्माण हुँदै छन् भने चारवटा घुम्ती शौचालय सञ्चालनमा छन्। त्यस्तै, अत्यधिक चहलपहल हुने अदालत र मासु मन्डीनजिकै सुविधायुक्त शौचालय छ। यद्यपि, शौचालयको तुलनामा नेपालगन्ज खुला दिसामुक्त क्षेत्र भने बनेको देखिँदैन। बसपार्कमा घुम्ती शौचालय छ, त्यहाँ पैसा तिरेर प्रयोग गर्न जाने निकै कम छन्। नजिकै खाजा पसल चलाउने शकुन्तलादेवी घर्तीका अनुसार मान्छेले बिहानै खुलेआम दिसा-पिसाब गर्छन्। 'पैसा तिरेर पनि कसैले पिसाब फेर्छ भन्दै मान्छे भागेको देखेकी छु,' उनले भनिन्, 'कतिपय त १० रुपैयाँको कालो चिया खाएर होटलकै शौचालय प्रयोग गर्न आउँछन्।'

खुलामै शौच, हचुवामा...

०३७ देखि नेपालले औपचारिक रूपमा सरसफाइ प्रवर्द्धनको थालनी गरेको थियो।

खुला दिसामुक्त राष्ट्र घोषणा कार्यक्रममा सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीले प्रजातन्त्र पुनःस्थापनापछि मुलुकले ठूलो फड्को मारेकाले मुलुकलाई खुला दिसामुक्त घोषणा गर्न सफल भएको बताए। अब स्वच्छ खानेपानीमा पनि सबैको पहुँच पुग्छ,' उनले भने।

खानेपानी तथा सरसफाइमन्त्री बिना मगरले ढिलै भए पनि खुला दिसामुक्त घोषणा गरेर जनतालाई केही राहत दिएको बताइन्। 'यो जनतालाई समृद्धि र विकासतिर डोऱ्याउने अभियान हो, अब सबैले यसमा साथ दिनुपर्छ,' उनले भनिन्, 'अब जनतालाई स्वच्छ खानेपानी पुऱ्याउने अभियानमा अघि बढ्छौं।'

०३७ मा २ प्रतिशत नेपालीको शौचालयमा पहुँच थियो। ०४६ सालसम्म बढेर ६ प्रतिशत पुगेको थियो। अन्तर्राष्ट्रिय खानेपानी र सरसफाइ दशक २०३८-२०४६ को थालनी भएपछि मुलुकले औपचारिक रूपमा सरसफाइको प्रवर्द्धन थालेको थियो।

खुला दिसामुक्त घोषणा गरिए पनि कार्यान्वयन निकै चुनौतीपूर्ण रहेको यस क्षेत्रका विज्ञहरूको भनाइ छ। 'सूचकांक पूरा नगरेका जिल्लालाई हतारमा खुला दिसामुक्त घोषणा गरियो,' करिब २० वर्षदेखि सरसफाइ तथा खानेपानी क्षेत्रमा काम गर्दै आएका समाज विकास पथका अध्यक्ष सत्यनारायण साहले भने, 'अलि चाँडो भयो, हल्ला गर्न मात्र घोषणा गरेजस्तो छ।'


राजमार्ग, सहरी क्षेत्रमा सार्वजनिक शौचालयको नभएको भन्दै उनले भएकाको पनि अवस्था ठीक नभएको बताए। जनकपुरको दस बिघा क्षेत्रको उदाहरण दिँदै उनले ८ वर्षदेखि दुईवटा सार्वजनिक शौचालय अलपत्र अवस्थामा रहेको जनाए। 'पूर्वपश्चिम राजमार्गमा खै सार्वजनिक शौचालय ? अनि सरकारी कार्यालयमा खै त अपांगमैत्री शौचालय ? ' उनले भने, 'सहरी क्षेत्रमा महिलालाई शौचालयको निकै समस्या छ।'

अब मुलुकलाई भिखारीमुक्त बनाउँछौं : प्रधानमन्त्री

प्रधानमन्त्री केपी शर्मा ओलीले खुला दिसामुक्त राष्ट्र घोषणा गर्दै अब मुलुकलाई भिखारी र बेसहारामुक्त बनाउने दाबी गरेका छन्। कोही भिखारी र बेसहारा भेटिए खबर गर्नसमेत उनले आग्रह गरे। प्रधानमन्त्री ओलीले खुला दिसामुक्त घोषणाले मुलुक अब विकास र समृद्धिको बाटोतिर लम्किएको बताए। 'यो एउटा अभियान मात्र हो, अब मुलुक विकासको बाटोमा अग्रसर भएको प्रमाण हो,' उनले भने, 'स्वच्छ खानेपानी र सरसफाइको अभावले मर्नुपर्ने अवस्था छैन, ती दिन गए।' प्रत्येक दिन नेपालीको औसत आयु बढ्दै गएको उल्लेख गर्दै उनले अब ८० वर्ष पुग्ने बताए। हाल नेपालीको औसत आयु ६९ वर्ष छ।

'केही वर्षअघि झाडापखालाबाट बालबालिकाको मृत्यु भएको खबर सनसनीपूर्ण रूपमा बाहिर आउँथ्यो, बाल मृत्युदर निकै बढी थियो,' उनले भने, 'सरसफाइ र स्वच्छ खानेपानीमा सबैको पहुँच पुगेपछि त्यो पनि न्यून हुँदै गएको छ।' दस वर्षअघि नेपालमा बाल मृत्युदर बर्सेनि ७ हजार थियो भने हाल ७ सय हारहारीमा छ। 'सरसफाइ र स्वच्छ खानेपानीमा सबै नेपालीको पहुँच बढ्दै गएको छ,' उनले भने, 'अब बाल मृत्युदर केही वर्षभित्रै शून्य हुन्छ।'





नेपालगन्जको सांस्कृतिक पहिचानको रूपमा रहेको ऐतिहासिक रामलीला मञ्चन गर्दै कलाकार । यो वर्ष रामलीलाको १५२ औं संस्करण आरम्भ भएको छ । *तस्बिर : रासस*

संकटमा सिंगारू

■ **हरि गौतम** (रुकुम पश्चिम)

बाँफिकोट गाउँपालिका-२ का यामबहादुर बूढा स्थानीय मेला, बिहेबारी, पर्व, कथा, रुद्रीमा प्रायः निम्त्याइन्छन् । मेलापर्व तथा बिहेबारी कथा र रुद्रीको मुख्य काम सकिएपछि सुरु हुने गायनको जिम्मा यी ६६ वर्षीय बूढासहित उनका साथीहरूलाई हुन्छ । गीतमार्फत् नै बूढाले पछिल्लो पुस्ताप्रति गुनासो गरिरहेका हुन्छन्-

गोठैका गुवाला दाज्यु ठ्याउलीभरी नुन छ
आफ्नो छाउँली कहिं देख्दैन भनै मन रुन्छ

स्थानीय मेला, पर्व, कथा, रुद्री गर्ने ठाउँमा सिंगारु गीत गाउनेको अभाव हुँदै गरेको गुनासो हो यो बुढाको । सिंगारुका लागि बाजा बजाउने गीत गाउने तथा नाच्ने आफ्नै उमेर समूहका बाहेक अरू नदेख्दाको नैराश्यता उनले हरेक पटक गीतबाटै दर्साइरहन्छन् । पछिल्लो पुस्ताले परम्परादेखि गाइँदै आइएको सिंगारु भाका गाउन छाडेको पीर त उनले पोखेका छन् नै, सिंगारु गाउने आफ्ना सहपाठी पनि घट्दै गएको उनको चिन्ता छ । 'युवाहरूले यस्तो गीत गाउन, सुन्न मन पराउँदैनन् । सुन्न मन पराउने पुस्तामा गीत गाउनेहरूको जमात पनि घटिसक्यो,' बूढाले भने, 'केही वर्षमा यी गीत गाउने सायदै भेटिएलान् ।' सिंगारुले गाएको एउटा गेडामा (टुक्का) सिंगो जीवनचक्र समेट्न सकिने उनी दाबी गर्छन् ।



रुकुम पश्चिमको सदरमुकाम खलंगामा आयोजित एक कार्यक्रममा सिंगारु गाउँदै स्थानीय । *तस्बिर : हरि/कान्तिपुर*

गाउँघरमा यसरी सिंगारु गाउनेलाई 'बैरागी' भनिन्छ । जिल्लामा ४० वर्ष माथिका बैरागी (सिंगारु गायक) निकै कम भेटिन्छन् । त्योभन्दा कम उमेर समूहका सिंगारु गाउनेहरू त भेट्टाउनै मुस्किल छ । अहिले त सुन्ने मानिस नै भेटाउन गाह्रो पर्न थालेको अर्का सिंगारु गायक लालसिङ केसीको गुनासो छ । उनी गाउने मात्रै होइन वाद्यवादनमा पनि सिपालु छन् । सिंगारु गीतको महत्त्वपूर्ण वाद्यवादनमध्येको मादले (मादल बजाउने) हुन् उनी ।

'सिंगारु गीत जसले सुन्दै आउनुभएको छ, उहाँहरूलाई यसको भाव थाहा छ,' उनले भने, 'सुन्न पनि खुबै मन पराउनुहुन्छ, जसले यो सुन्नुभएको छैन, उहाँलाई खासै यसको वास्ता पनि हुन्न ।' पछिल्लो समय भित्रिएका वाद्यवादनका आधुनिक साधन र गीतसंगीतका कारण सिंगारु लोप भएको उनको तर्क छ ।

नयाँ पुस्ताले सिंगारुलाई रेकर्ड गरेर गाउन प्रयास गरेको त छ तर त्यो मौलिक हुन सकेको छैन । गाउँघरमा गाइने जस्तै गरी एउटा मात्रै पनि सिंगारु गीत रेकर्ड भए त्यसले पछिसम्म पनि इतिहास बचाउने स्थानीय शरण बस्नेतले बताए । सिंगारु भनेर गाइएका अधिकांश गीत मौलिक लयभन्दा अर्केतिर गइरहेको बस्नेत बताउँछन् ।

लोक तथा दोहोरी गायक अमित परियारले आधुनिक वाद्यवादनको कारण ठेट सिंगारु गीत रेकर्ड हुन नसकिरहेको स्विकारे । 'हामीले प्रयास नगरेको होइन, धेरै प्रयास गरेका छौं,' उनले भने, 'सबै तयारी गरेर गीत रेकर्डकै क्रममा तयार गरिने म्युजिकले ठेट सिंगारु बनाउन नसकिएको सत्य हो ।'

यौनको पक्षमा

बलिउड अभिनेत्री कंगना रनावत सनसनीपूर्ण अभिव्यक्ति दिनमा माहिर मानिन्छिन् । कहिले आफ्नै सहकर्मीमाथि मौखिक हमलामा उत्रिन्छिन् भने कहिले विवादास्पद विषयमा उत्तेजक भनाइ दिएर । त्यसैले पनि बलिउडमा उनको छवि लडाकु स्वभावको छ । हत्तपत्त कोही पनि कंगनासँग सवालजवाफमा उत्रन चाहन्नन् ।

यतिबेला पनि कंगनाले सेक्सको मामिलामा उदारतापूर्ण अभिव्यक्ति दिएकी छन् । उनले हरेक अभिभावकले आफ्ना सन्तानलाई यौनप्रति प्रोत्साहित गर्नुपर्ने धारणा राखेकी छन् । भारतीय समाजमा यौनलाई सार्वजनिक रूपमा वर्जित विषय मानिनेमा यी अभिनेत्रीले आपत्ति जनाउँदै हालै एक कार्यक्रममा भनेकी छन्, 'यौन भनेको हरेक व्यक्तिको जीवनको महत्त्वपूर्ण पक्ष हो । जब तपाईलाई यौनेच्छा हुन्छ, तब पूरा गर्नुहोस् । यसमा नलगाउनुहोस् । र, अभिभावकहरू त आफ्ना सन्तानले यौन सुख लिएको थाहा पाएमा खुसी हुनुपर्छ । सन्तानहरू पनि यौनप्रति बढी जिम्मेवारचाहिं हुनुपर्छ ।'

कंगनाले आफूले पनि सानै उमेरमा यौन संसर्ग गरेको बताउँदै भनिन्, 'मेरा अभिभावक त त्यतिबेला सक्ड नै भए जतिबेला म यौनका मामिलामा सक्रिय थिएँ । खासमा परिवार आफ्ना सन्तानको यौनप्रति चासो दिनुपर्छ र यसका लागि प्रेरित पनि गर्नुपर्छ ।'

३२ वर्षीया अविवाहित कंगनाले आफू कहिल्यै विवाह नगर्ने पनि बताएकी थिइन् । त्यसको कारणमा उनले विवाह गरेर आफू बन्धनमा पर्न नचाहेको अभिव्यक्ति दिएकी थिइन् । त्यसो त उनी लभ अफेयर्समा भने विश्वास गर्छिन् । उनको लामो समय अभिनेता हृतिक रोशनसँग प्रेमसम्बन्ध चलेको पनि बताइन्छ । पछि सम्बन्धमा खटपट भएपछि कंगनाले अभिनेताविरुद्ध हृयारासमेन्टको आरोपसमेत लगाएकी थिइन् ।

कंगनाले यौनप्रतिको पुरातनवादी सोचको पनि विरोध गरेकी छन् । 'पहिले पहिले त अझ जो व्यक्तिप्रति आकर्षित भएको हुन्छ वा ऊप्रति यौनसम्पर्क भएको हुन्छ, त्यसैसँग समाजका मान्छेले जबरजस्ती विवाह गराइदिन्थे । त्यो सोच अहिले पनि खासै बदलिएको छैन । अभिभावकले आफ्ना छोराछोरीलाई विवाहअघि यौनसम्पर्कका लागि अनुमति दिएको पाइँदैन । तर यो ठीक हैन,' कंगनाले भनेकी छन् । कंगना पछिल्लो पटक फिल्म 'जजमेन्टल है क्या' मा अभिनेता राजकुमार रावसँगै देखिएकी थिइन् । नेसनल अवार्ड विजेता कंगनाले यतिबेला तामिलनाडुकी राजनीतिक नेता जय ललिताको बायोपिकका लागि तयारी गरिरहेकी छन् । त्यसबाहेक 'पङ्गा' र 'धाकड' पनि उनका पाइप-लाइनमा छन् ।

– *एजेन्सी*



वर्ल्ड नेपाली म्युजिक अवार्ड

कान्तिपुर संवाददाता (काठमाडौं)

पछिल्लो समय नेपाली गीत-संगीतको आयाम विश्वव्यापी बन्दै गइरहेको छ । प्रविधिको सहजता र सामाजिक सञ्जालले यसलाई सघाइदिएकै छ । यसमाथि मुलुकबाहिरका नेपाली समुदायले खोज्न थालेको सांस्कृतिक अपनत्व उत्तिकै उत्प्रेरक मानिन्छ । यही उत्प्रेरणामा टेक्दै अमेरिकामा 'वर्ल्ड नेपाली म्युजिक अवार्ड-२०१९' हुँदै छ । नेपाली गीतसंगीतलाई अन्तर्राष्ट्रिय रूपमा विस्तार गर्ने उद्देश्यले विविध विधाका नेपाली गीतसंगीत र स्रष्टा समेट्दै न्युयोर्कमा अवार्ड हुन लागेको आइतबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा जनाइयो ।

वर्ल्ड कनेक्सन यूएसले आउँदो नोभेम्बर २३ तारिखमा गर्न लागेको अवार्डका लागि १८ विधाका उत्कृष्ट १० लाई छनोट गरिएको पत्रकार सम्मेलनमा जनाइयो । विश्वभरि नेपाली छरिएर बसेको नेपाली लक्ष्यित गरि अवार्ड हुन लागेको वर्ल्ड कनेक्सनका उपाध्यक्ष दावा शेर्पाले जनाए । उनका अनुसार अवार्डमा ३२ मुलुकका नेपाली गीतसंगीत स्रष्टा सहभागी हुने छन् । दरबारमार्गस्थित होटल अन्नपूर्णमा आयोजित पत्रकार सम्मेलनमा अवार्डका लागि 'उत्कृष्ट पाँच राष्ट्रिय गीततर्फ' मिलन लामाको 'नेपालको माया त मर्दैन', रञ्जिता थापाको 'नेपाल प्यारो लाग्छ' लगायतका गीत, 'उत्कृष्ट पप गीततर्फ' विजय लामाको 'मैले तिमीलाई', सन्तोष लामाको 'मसिर' जस्ता गीत छनोटमा परेको जनाइयो । त्यस्तैगरी 'उत्कृष्ट लोक सेलो गीत' मा मेलिना राईको 'कमल फुल्यो हिल्यैमा', मीना राईको 'माझी है दाइले' लगायत, 'उत्कृष्ट रचना' मा सुरेश वाग्लेको 'जितेर पनि हारमा छु', कल्पना खरेलको 'सेतो कात्रोमा' लगायत छन् ।

'उत्कृष्ट लोपोन्मुख गीत' मा उर्मिला राईको 'सेवा स्यामुना', लक्ष्मी आचार्यको 'गासौंला मायाको डोरी' र 'उत्कृष्ट फिल्मी गीत' मा प्रताप दासको 'फूल होइन', अञ्जु पन्तको 'भिजिट भिसामा' लगायत छनोट गरिएका छन् । 'पुरुषतर्फ उत्कृष्ट दोहोरी गीत गायन' मा प्रकाश सपुतको 'गलबन्दी', सन्दिप न्यौपानेको 'लालुमै' लगायतका लोक गीत तथा महिलातर्फ लक्ष्मी कार्की मल्लको 'लोभीआँखा', जैकाली मगरको 'जाम सुस्तै' जस्ता लोकगीत छन् । अभिनयतर्फ भने ,'उत्कृष्ट दोहोरी गीत महिला मोडल' मा 'सालको पात' का लागि मरिश्का पोखरेल, 'मायाको झण्डा' का लागि अञ्जु निरौलालगायत अन्य गीतका १० मोडल परेका छन् । लोक गीत पुरुष मोडल' तर्फ 'बुट्टे रुमाल' बाट नरेन्द्र विष्ट, 'हाक्का हाकी' बाट दीपक डोटेलगायत छानिएका छन् ।

'उत्कृष्ट पप मोडेल' पुरुषतर्फ भने 'किन पल पल' र 'एउटा कुरा' बाट क्रमशः सुरज गराज, प्रेमबहादुर खड्का लगायत र महिलातर्फ 'महल'बाट इशा परियार, 'पिच रोड' बाट आँचल शर्मा लगायत छनोटमा परेका छन् । 'महिलातर्फ उत्कृष्ट आधुनिक गीत' तर्फ भने 'प्यार हुन्छ' बाट उदय सोताङ, 'मायामा' बाट मनिला सोताङ लगायतका गीत र गायकगायिका छनोटमा परेका छन् । त्यस्तै 'उत्कृष्ट म्युजिक भिडियो निर्देशन' मा 'सालको पात' बाट शिवराम विकेलगायतका भिडियो निर्देशकहरू, 'उत्कृष्ट म्युजिक एरेन्जर' मा सम्राट न्यौपानेको 'तिम्रो रूपले' लगायत छानिएका छन् । उत्कृष्ट मातृभाषाका गीतमा भने प्रदीपकुमार घलानको 'जेबा जेबा छामे', सुशन साम्सोहाङको माकसे फेक्तेलगायत छन् ।


२०१८ को जनवरीदेखि २०१९ अगस्ट ३० सम्म सार्वजनिक भएका गीतमध्ये उत्कृष्ट १० का लागि गायिका तारा थापा, गायक लाक्पा शेर्पा, संगीतकार शान्तिराम राई, रचनाकार तुलसी बस्नेत लगायतका निर्णायकले शब्द, लय, शुद्ध नेपालीपनलगायतका पक्ष हेरेर छनोट गरिएको गायक शेर्पाले बताए । अवार्डमा जुरीबाट ५०, एसएमएस भोटिङबाट ३०, अनलाइनबाट १० र फेसबुकबाट १० प्रतिशत गणना गरिने बताइयो ।

'काँडामा हाँसेको जिन्दगी'

कान्तिपुर संवाददाता (काठमाडौं)

नेपाली गीत र कवितामा कालीप्रसाद रिजालको भिन्न नाम छ । थुप्रै कालजयी गीतका यी स्रष्टाका कविता पनि उत्तिकै दमदार छन् । यिनै पाका स्रष्टा संस्मरणात्मक कृतिसहित आएका छन् । उनको 'काँडामा हाँसेको जिन्दगी' जीवनीकथालाई नेपालयले आफ्नो नियमित सांगीतिक शृंखला 'पलेंटी' मा सार्वजनिक गऱ्यो ।

लामो समय कालीप्रसाद सरकारी सेवामा रहे । विराटनगरमा जन्मेका ७९ वर्षीय रिजालले कृतिमा उसबेलाको विकट नेपालदेखि आफ्नो व्यक्तिगत जीवनयात्रासम्मलाई समेटेका छन् । पलेंटीको दोस्रो दिन रिजालले रचना गरेका आठवटा गीत प्रस्तुत थिए भने उनले भोगेको त्यही समय र उनको गीति तथा कविता यात्राको चर्चा गरिएको थियो । रिजालको शब्दमा नारायण गोपालले गाएको 'केही मीठो बात गर...' बाट सुरु भएको कार्यक्रममा नारायणगोपालको गीत सुनेर हुर्केकी गायिका मीना निरौलाले गाएकी थिइन् । यसपछि नारायणगोपालकै स्वर रहेको 'यसैगरी बिताइदिन्छु दुई दिनको जिन्दगी...' लाई योगेन्द्र उपाध्यायले सुनाएका थिए ।



नेपालयको पलेंटी शृंखलामा वरिष्ठ गीतकार तथा कवि कालीप्रसाद रिजाल नातिनी अपूर्वाको हातबाट आत्मसंस्मरणात्मक कृति लोकार्पण गराउँदै ।

'म सूचना विभागमा हुँदा, नारायणगोपालसँग नियमित भेटघाट हुन्थ्यो,' रिजालले पुरानो समयको अनुभूति सुनाए, 'गीतका स्थायी, अन्तरा र भावजस्ता सन्दर्भमा छलफल गथ्यौं हामी ।' उनले एकै दिन 'आँखा छोपी नरोऊ भनी' र 'झरेको पातझैं भयो' दुई गीत लेख्दाको अनभूति पनि सुनाए । पलेंटीमा यी गीत भने मीनाले नै गाइन् । दोस्रो चरणमा कविता वाचन गरियो । कालीप्रसादले आफू सरकारी ओहोदामा हुँदा नेपालको पश्चिमी बादीबस्तीमा पुगेको कारुणिक सस्मरणसँगै 'हामरी बिटियाको नत्था तोडिदिनुहोस्' सुनाउँदा माहोल भावुक बन्यो । देह व्यापारको विवश दृश्य अंकित उनको कविताले दर्शकका आँखा रसाइरहेका देखिन्थे ।

कवितापछि कृति 'काँडामा हाँसेको जिन्दगी' र उनको काव्यिक व्यक्तित्वमाथि रजनी ढकालले समीक्षात्मक टिप्पणी गरिन् । 'यो पुस्तक पढेपछि सफलता प्राप्त गर्न मान्छेले कसरी संघर्ष गर्दो रहेछ भन्ने पाटो खुल्छ,' उनले भनिन्, 'संघर्षबाट उचाइमा पुगेको व्यक्तिको कथाबाहेक त्यसबेलाको परिवार र समाज बुझ्न पनि कृति लाभकारी छ ।' कृति भने रिजालले आफ्नी नातिनी अपूर्वालाई उपहार दिएर सार्वजनिक गरेका थिए । उनले नातिनीमार्फत् नयाँ पुस्तामा आफ्नो कथा पुगोस् भन्ने ध्येयले यसो गरिएको बताए । पुस्तक नेपालय पब्लिकेसन्सले बजारमा ल्याएको हो ।

अंग्रेजी महिनाको अन्तिम हप्ता हुँदै आएको पलेंटीमा आइतबार भने कवि मञ्जुलका गीतहरू प्रस्तुति साथै उनको गीति-यात्रा संस्मरण 'सम्झनाका पाइलाहरू' सार्वजनिक गरियो ।

प्रवीणको उपन्यास



काठमाडौं (कास)- आधुनिकताको नाममा भ्यागुँदै गइरहेको सामाजिक-सांस्कृतिक संक्रमणलाई विषय बनाएर युवा लेखक प्रवीण निरौलाले उपन्यास 'तिरस्कृता' ल्याएका छन् । वाङ्मय शताब्दी पुरुष तथा संस्कृतिविद् सत्यमोहन जोशी र निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलियाले राजधानीको थापागाउँस्थित कुञ्ज थिएटरमा उपन्यास लोकार्पण गरे ।

संस्कृतिविद् जोशीले नेपाली समाजभित्र विश्व चिनाउने विषयवस्तु भएको दाबी गर्दै निरौलाको प्रयासको प्रशंसा गरे । प्रमुख आयुक्त तथा गीतकार थपलियाले उपन्यासकार निरौलाले पहाडको कन्दरादेखि विदेश गएर पसिना बगाएको यथार्थलाई उपन्यासमा चित्रण गरेको दाबी गरे । लेखक निरौलाले मानिसको बाल्यकाल, घरायसी, वर्तमान समाजको परिस्थिति कतातिर ढल्किरहेको छ भन्ने पक्षलाई उपन्यासमा पस्किने प्रयास गरेको बताए । अस्ट्रेलिया बस्दै आएका निरौलाको उपन्यास सिमल बुक प्रकाशनले छापेको हो ।

सुमनलाई नेपाली नृत्य उपाधि

■ **नारायण खड्का** (अस्ट्रेलिया)

अस्ट्रेलियाको ब्रिसबनमा गरिएको अस्ट्रेलियाव्यापी नेपाली नृत्य प्रतियोगिताको उपाधि सुमन गुरुङले हात पारेका छन् । हरेक दुई वर्षमा हुने प्रतियोगितामा एकल, जोडी र समूहगत नृत्य गरिएको थियो ।

नेप्लिज एसोसिएसन अफ क्युन्सल्यान्ड (एनएक्यू) र एनआरएनए अस्ट्रेलियाले गरेको प्रतियोगितामा एकलतर्फको उपाधि सुमन गुरुङले जितेका हुन् भने जेनी गुरुङ दोस्रो र सुनीता लामा तेस्रो भएकी थिइन् । यसैगरी जोडी नृत्यतर्फ वर्षा पुन र सुमन गुरुङ पहिलो बनेका थिए । किरण थापामगर र कामना पौडेल दोस्रो र प्रकृति पाण्डे र समीक्षा श्रेष्ठ तेस्रो बने । समूहगत नृत्यतर्फ अमित काफ्ले, अस्मिता थापा, अमित थापा, रोजिना ठकुरीले



पहिलो स्थान उपाधि जितेका थिए भने सिमोन श्रीपाली, सरिना सैंजू, सुकृति आचार्य र रिभिका खरेलले दोस्रो र उदेन शेर्पा, सुप्रिया लामा, वर्षा पुन र प्रभिसा श्रेष्ठले तेस्रो स्थान हात पारे । कार्यक्रममा अस्ट्रेलियामा रहेका सबै राज्य तथा न्युजिल्यान्डबाट समेत दोस्रो पुस्ताका बालबालिकाले सहभागिता रहेको थियो ।

एएनक्यू र एनआरएनएले सन् २००९ देखि अस्ट्रेलियाव्यापी नृत्य प्रतियोगिताको आयोजना गर्दै आएको हो । पाँचौं पटक गरिएको नृत्य प्रतियोगितामा विभिन्न राज्यहरूबाट ६२ जना प्रतिस्पर्धीहरूले सहभागिता जनाएका थिए । प्रतियोगिताको निर्णायक नेपालबाट आएकी सुविना श्रेष्ठ थिइन् । शनिबार र आइतबार दुई दिनसम्म चलेको यस प्रतियोगिताको मुख्य उद्देश्य दोस्रो पुस्ताका बालबालिकालाई नेपाली नृत्य, गीतसंगीत र कलासंस्कृतिसँग नजिक गराउनु रहेको कार्यक्रम संयोजक केशव शर्माले बताए । उनले हरेक दुई वर्षमा आयोजना गरिने यस प्रतियोगिताले यहाँ हुर्कदै बालबालिकालाई नेपाली कलासंस्कृतिबारे जानकारी दिने मात्र नभएर उनीहरूबीचमा सम्बन्ध स्थापना गर्नसमेत सहयोग पुऱ्याएको दाबी गरे ।

प्रतियोगिताको विजयीलाई नगदका साथै ट्रफीसमेत प्रदान गरिएको थियो । प्रतियोगितामा एकलतर्फका विजेताले ५ सय डलर, जोडी नृत्यका विजेताले ७ सय डलर र समूहगत नृत्यका विजेतालाई ९ सय डलर पुरस्कार प्रदान गरिएको थियो । यसैगरी दोस्रो स्थानका प्रतियोगीलाई क्रमशः ३ सय, ४ सय र ५ सय डलर नगद पुरस्कार प्रदान गरिएको थियो ।



अफगानिस्तानमा राष्ट्रपतीय निर्वाचनको प्रचारका लागि खोलिएको कार्यालयमा सोमबार उम्मेदवार असरफ घानीका समर्थक इन्टरनेट संवाद गर्दै । अफगान राष्ट्रपतिको चुनावमा मुलुकका कार्यकारी प्रमुख अब्दुला अब्दुला र राष्ट्रपति घानीबीच प्रतिस्पर्धा हुँदै छ ।

तस्बिर : एएफपी

साउदी सडकमा थुक्न पनि रोक

रियाद (रोयटर्स)- साउदी अरब सरकारले सार्वजनिक स्थलमा थुक्न, आवास क्षेत्रमा चर्को आवाजमा गीत/संगीत सुन्न र सार्वजनिक ठाउँमा घरपालुवा जनावरलाई मलमूत्र त्याग गराउन रोक लगाएको छ ।

यीसहित सरकारले १९ प्रकारको शिष्टतालाई सामाजिक नियमका रूपमा घोषणा गरेको छ । यसको उल्लघंन गरिए जरिवानासमेत तिर्नुपर्ने जनाएको छ ।

विदेशी पर्यटकलाई भित्र्याउन प्रयास जारी रहेकै बेला सरकारको यो निर्णय आएको हो । यौन व्यवहारलाई पनि नैतिक आचरणविपरीतको व्यवहार भनिएको छ ।

साउदी अरबका आन्तरिक मामिला मन्त्रीले जारी गरेको विज्ञप्तिमा 'नवाजको सूचना दिन वा नवाजका क्रममा चर्को आवाजमा गीत सुन्नु' लाई पनि सामाजिक नियम/संहिताको उल्लंघनको सूचीमा राखेको छ । अन्य दण्डनीय अपराधहरूमा जथाभावी फोहोर फाल्नु, नश्लवादलाई बढावा दिने वाक्य वा तस्बिर भएको लुगा लगाउनु, प्रतिबन्धित पदार्थको सेवन गर्नु, पोर्नोग्राफिक सामग्री सामाजिक सञ्जालमा राख्नु वा हेर्नु, पंक्तिमा बसेकाहरूभन्दा अगाडि जान खोज्नुलगायत क्रियाकलापलाई गैरकानुनी मानिएको छ ।

मन्त्रालयका अनुसार रोक लगाइएका गतिविधि गरेको पाइएमा ५० देखि तीन हजार रियालसम्म जरिवाना तिर्नुपर्ने छ । पछिल्लो समय घोषित सामाजिक नियम/संहितामा पहिलेदेखि नै केही विषयहरू समेटिएका थिए । तर, जरिवानाको प्रावधानचाहिं पहिलोचोटि कार्यान्वयनमा आएको छ ।

यसअघि यस्ता गतिविधि गर्ने व्यक्तिबारे कसैले गुनासो गरेको अवस्थामा निर्णयको जिम्मा न्यायाधीशलाई थियो । यो नियम/संहिता शनिवारदेखि लागू भएको छ ।



साउदी अरबको सडकबाट गन्तव्यतर्फ जाँदै महिला । *तस्बिर : एजेन्सी*

छोटकरी

इन्डिगोको आपत्कालीन अवतरण

गोवा (एएफपी)- भारतको गोवाबाट नयाँदिल्लीतर्फ उडेको इन्डिगो विमानको इन्जिनमा समस्या आएपछि गोवा विमानस्थलमै आपत्कालीन अवतरण गरिएको छ । विमानमा दुई सय यात्रु थिए । इन्डिगोको ६ई-३३६ विमान गोवाबाट उड्नासाथ पाइलटले इन्जिनमा समस्या आएको पत्ता लगाएका थिए । पाइलटले तत्कालै उक्त जहाज गोवाकै डाबोलिम विमानस्थलमा फर्काएर आकस्मिक रूपमा सकुशल अवतरण गराएका थिए ।इन्डिगोका तर्फबाट जारी गरिएको वक्तव्यमा पाइलटले इन्जिनमा समस्या देखिएपछि तत्कालै गोवा विमानस्थलमा विमान अवतरण गराएका र विमानको जाँच सुरु गरिएको उल्लेख छ । वक्तव्यमा सबै यात्रुलाई अर्को विमानमा राखेर गन्तव्यतर्फ पठाइएको पनि जनाइएको छ ।

बिहारमा जतातै डुबान

पटना (एजेन्सी)- भारतको बिहार राज्यका विभिन्न भागमा भारी वर्षाका कारण पटनासमेत राज्यका विभिन्न स्थानमा जनजीवन अस्तव्यस्त बनेको छ । केही दिनयता वर्षाका कारण आएको बाढीमा परेर मृत्यु भएकाको संख्या २९ पुगेको छ । वर्षा अझै नरोकिएको र खोजी एवं उद्धारका जारी रहेकाले मृतकको संख्या बढ्न सक्ने अनुमान अधिकारीहरूले गरेका छन् ।

'कश्मीर मुद्दाको शान्तिपूर्ण समाधान हुनुपर्छ'

न्युयोर्क (बीबीसी)- मलेसियाली प्रधानमन्त्री महाथिर बिन मोहम्मदले संयुक्त राष्ट्रसंघीय महासभालाई सम्बोधन गर्दै कश्मीर मुद्दा भारत र पाकिस्तानको आन्तरिक मुद्दा भएकाले बताएका छन् । उनले यसको समाधान शान्तिपूर्ण रूपमा हुनुपर्नेसमेत बताएका छन् । उनले गत शुक्रबार संयुक्तराष्ट्रको १९३ सदस्य मुलुकहरूको प्रतिनिधि सम्मिलित महासभालाई सम्बोधन गर्दै भने, 'जम्मु-कश्मीरमाथि संयुक्तराष्ट्र संघको प्रस्तावका बाबजुद जम्मु-कश्मीरमाथि आक्रमण भएको र यो क्षेत्रमाथि कब्जा गरिएको छ ।'

तेलको मूल्य बढाउने चेतावनी

रियाद (एएफपी)- साउदी अरबका राजकुमार मोहम्मद बिन सलमानले विश्वका दोस्रो मुलुकहरूले इरानी 'थ्रेट' ले उत्पन्न तनावको समाधान नगरे तेलको मूल्य बढाउने चेतावनी दिएका छन् । अमेरिकी टेलिभिजन 'सीबीएस' को '६० मिनेटस' कार्यक्रममा उनले भने, 'इरान र साउदी अरबबीच थप तनाव बढेको अवस्थामा त्यसको प्रभाव विश्वव्यापी अर्थतन्त्रमा पर्ने छ ।' उनले इरानबाट हुने खतरा न्यूनीकरण नगरिए विश्व बजारमा कच्चा तेलको आपूर्तिमा त्यसको असर पर्ने र तेलको मूल्य अप्रत्याशित रूपमा बढ्न सक्ने जनाएका छन् ।

चीनको ७० औं वार्षिकोत्सव

बेइजिङमा विशाल सैन्य परेड हुँदै

बेइजिङ (एजेन्सीहरू)- चीनले आफ्नो ७० औं वार्षिकोत्सवमा मंगलबार सबैभन्दा ठूलो सैन्य परेडको आयोजना गर्दै छ । अक्टोबर १ मा चीनमा कम्युनिस्ट शासन सुरु भएको दिनलाई राष्ट्रिय दिवसको रूपमा मनाइन्छ । तिनानमेन स्क्वायरमा आयोजित सैन्य परेडमा विशेष व्यक्तित्वहरूको मात्रै उपस्थिति रहने गर्छ ।

बेइजिङ प्रशासनले यो दिवसलाई भव्यताका साथ मनाउने व्यापक तयारी गरेको देखिन्छ । तर यो तयारीले चीनको चुनौतीलाई कम भने गर्दैन । बीबीसीका अनुसार चिनियाँ राष्ट्रपति सी चिनफिङका लागि पछिल्लो समय धेरै चुनौती थपिएका छन् । अमेरिकासँग लामो समयदेखि जारी व्यापार युद्ध, हङकङमा लगातार भइरहेको विरोध प्रदर्शन र सुंगुरको बढ्दो मूल्यले यो उत्सवलाई केही फिका बनाउने सक्छ । गत ३ सेप्टेम्बरमा राष्ट्रपति सिले आफ्नो सम्बोधनमा चिनियाँ शब्द 'डुजेङ' को प्रयोग ५० पटकसम्म गरेका थिए । उक्त शब्दको अर्थ हो , 'संघर्ष गर्नु' । राष्ट्रपतिले आफ्नो सम्बोधनमा युवा क्याडरहरूलाई 'कैयौं जोखिम र प्रयोगहरू' का लागि तयार रहन भनेको कुरा पनि बीबीसीको समाचारमा उल्लेख छ ।

चिनियाँ सरकारी सञ्चारमाध्यमहरूले कहिले पनि सरकारको उपलब्धिहरूको प्रचार गर्ने मौका नगुमाने कुरा पनि उसले लेखेको छ । 'तर यसपटक चुनौतीहरू र त्यसको समाधान गर्ने तयारीबारे चर्चा भइरहको छ,' बीबीसले लेखेको छ । चिनियाँ सरकारी अखबार 'ग्लोबल टाइम्स' ले सेप्टेम्बर २२ मा लेखेको छ, 'यो वार्षिकोत्सले चीनको शक्ति नयाँ उचाइसम्म पुगेको देखाउँछ । यही समयमा उसलाई असाधारण चुनौतीहरूको सामना पनि गर्नु परिरहेको छ । ' यी चेतावनीहरू मुलुकमा बढ्दो चिन्तालाई प्रतिविम्बित गर्छ । तर यो राष्ट्रवादी दृष्टिकोणले ओतप्रोत पनि हुन सक्छ । राष्ट्रपति सीले १ अक्टोबरमा आफ्नो सम्बोधनमा राष्ट्रवादी भावनालाई उछाल्न सक्ने सञ्चारमाध्यमहरूले जनाएका छन् ।

चिनियाँ राष्ट्रपतिले पछिल्ला दिनहरूमा विभिन्न मोर्चाहरूमा चुनौतीको सामना गर्नु परिरहेको छ । 'राष्ट्रपति सी आफ्नो सात वर्षको शासनकालमा सबैभन्दा कठिन समयबाट जुग्रिरहेका छन्,' बीबीसीले लेखेको छ, 'हङकङमा विरोध प्रदर्शन शान्त हुने नामै लिइरहेको छैन । त्यसमा पनि एउटा दुर्लभ घटनाक्रमले चीनको सत्तारुढ कम्युनिस्ट पार्टीले विवादास्पद सुपुर्दगी विधेयकलाई आधिकारिक रूपमा फिर्ता लिनुपरेको छ ।' हङकङको दैनिक अखबारले यसलाई पार्टीको सबैभन्दा ठूलो नोक्सानी भनेको छ ।

एउटा बलियो सरकारका अगाडि युवा विद्यार्थीले गरिरहेको प्रदर्शन विश्व समुदायसम्म नपुगोस् भन्ने चाहना राष्ट्रपति सिको हुन सक्छ । खासगरी यो समय जब मुलुकले आफ्नो ७० औं वार्षिकोत्सव मनाइरहेको छ । राष्ट्रपति सीले सेप्टेम्बर ३ मा चिनियाँ सरकारी टेलिभिजन च्यानल 'सीसीटीभी' मा गरेको सम्बोधन त्यस दिन बेलुकाको प्राइम टाइममा छाएको थियो । उक्त सम्बोधनलाई सबै सरकारी सञ्चारमाध्यमले प्रमुखताका साथ प्रसारण गरेको थियो । सम्बोधनमा सीले स्वीकार गरेका थिए कि हङकङ, मकाओ र ताइवानमा पार्टीको चुनौती जटिल बन्दै गएको छ । चीनको सिनजियाङ प्रान्तमा मुस्लमानविरुद्ध सरकारी नीतिलाई लिएर अन्तर्राष्ट्रिय स्तरमा आलोचना भइरहेको छ । योसँगै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प पनि सीका लागि लगातार टाउको दुखाइको विषय बन्दै गएका छन् ।

चिनियाँ कम्युनिस्ट पार्टीको मुखपत्र 'पिपुल्स डेली' को सोसल मिडिया एकाउन्ट सियाकेङाओमा ४ सेप्टेम्बरमा राखिएको लेखमा भनिएको छ, 'चीन-अमेरिका ट्रेड वार एकाएक सुरु भयो । कसैले आधिकारिक रूपमा घोषणा गरेन । अघिल्लो दिनसम्म पनि कसैले ट्रेड वारबारे बताएका थिएनन्, यो एकाएक सुरु भएर एउटा संघर्षजस्तो हुन पुग्यो ।' बेइजिङको कथित प्रविधि अनुगमनको चिन्ताबीच कैयौं चरणको वार्तालेे व्यापारमाथिको गतिरोध हटाउन सकेन, अब त यो अन्य क्षेत्रमा पनि फैलिसकेको छ । यदि अब कुनै कारोबार सम्झौता भएमा पनि चीन-अमेरिकाको सम्बन्धमा तिक्तता बढ्ने विश्लेषण गरिएको छ । यसलाई अब नयाँ शीतयुद्ध या फेरि सभ्यताहरूबीचको टकराव भन्न थालिएको छ ।

चिनियाँ राष्ट्रपति सीको सबैभन्दा महत्त्वपूर्ण विदेश नीति 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) लाई केही मुलुकमा झट्का लागिसकेको छ । पारदर्शिताको अभाव, ऋणसम्बन्धी मुद्दा र बेइजिङको बढ्दो प्रभावका कारण यो योजना अपेक्षा गरेअनुसार अगाडि बढ्न नसकेको देखिन्छ । ट्रेड वारका कारण आन्तरिक मोर्चाहरूका चिनियाँ अर्थव्यवस्थामाथि दबाव बढ्दो छ ।

बीबीसीका अनुसार उपभोक्ताहरूको क्रयशक्तिमा कमी आइरहेको छ । बेरोजगारी र प्रतिपरिवार ऋण बढेको छ । सबैभन्दा महत्त्वपूर्ण कुरा त के हो भने, काम गर्ने जनसंख्यामा कमी हुँदै गएको छ । विगत तीन दशकमा सबैभन्दा कम जीडीपी वृद्धि दर यसै वर्ष दर्ज गरिएको छ ।



बेइजिङको तियाननमेन स्क्वायरमा सोमबार आयोजित कार्यक्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङ (दायाँ) ।

तस्बिर : एएफपी

हुथी विद्रोहीले ३ सय ५० कैदी रिहा गर्दै

साना (यमन) (एजेन्सीहरू)- यमनी हुथी विद्रोहीद्वारा राष्ट्रसंघको रोहबरमा ३ सय ५० कैदी रिहा गर्ने भएको छ । स्कटहोममा राष्ट्रसंघको नेतृत्वमा यमनी सरकार र विद्रोही प्रतिनिधिबीच सहमतिपछि कैदी रिहा हुने भएको हो ।

हुथी विद्रोही समूहका कैदी मामिला हेर्ने समितिका प्रमुख अब्दुलकादेर अल-मुर्तादाले भने, 'हामीले अर्को पक्षसँग सोही कदम चाल्न आग्रह गर्दछौं ।' उनको भनाइपछि संयुक्त राष्ट्रसंघको यसबारे कुनै प्रतिक्रिया आइसकेको छैन । यमनको विद्रोही हुथी समूह र सरकारले स्टकहोममा गत वर्षको डिसेम्बरमा भएको वार्तामा ७ हजार युद्धबन्दीको आदानप्रदान गर्ने सहमति भएको थियो ।

तर सहमतिपछि दुवै समूहले सम्झौतालाई कार्यान्वयन गर्न सकेका थिएनन् । सम्झौताअनुरूप विद्रोहीको प्रभाव क्षेत्र होडैडा बन्दरगाह सहरबाट सेनालाई हटाउने विषयमा विवाद बल्झिँदा गृहयुद्धको बृहत् राजनीतिक समाधानका लागि पहिलो चरणमा गरिने भनिएको युद्धबन्दीको आदानप्रदानका लागि भएको सहमति पालनामा समस्या भएको थियो ।

सोमबारको कदम यमनको युद्ध अन्त्यका लागि गरिएको सहमति पालनाको पहिलो कार्य हो । यमनमा साउदी अरब नेतृत्वको सैनिक गठबन्धनले इरानको समर्थन प्राप्त हुथी विद्रोहीविरुद्ध यमनी सरकारलाई सघाउँदै आएको छ । यमनमा विगत चार वर्षदेखि साउदी अरब नेतृत्वको गठबन्धन सेनाले विश्व समुदायबाट समर्थन प्राप्त यमनी राष्ट्रपति अब्द-रब्ब मन्सुर हादीको सरकारलाई सहयोग गर्दै आएको छ ।

अस्ट्रेलियामा दसैं शुभकामना आदानप्रदान

अस्ट्रेलिया (कास)– नेपालीहरूको चाड बडादसैं, दीपावली, छठ पर्व, म्हपूजा, नेपाल सम्वत् को अवसरमा यहाँ शुभकामना आदानप्रदान कार्यक्रम गरिएको छ । अस्ट्रेलियाका राजनीतिक दलका नेताहरू, विभिन्न नेपाली समुदायका प्रतिनिधिलगायतको उपस्थिति थियो । कार्यक्रममा सहभागीहरूले दोहोरो नागरिकता, सम्पत्ति भोगचलनलगायतका विषयमा छलफलसमेत भएको थियो । यसैगरी, अस्ट्रेलियाली नेताहरूले यहाँ रहेका नेपालीले अस्ट्रेलियालाई बहुसांस्कृतिक देशका रूपमा पहिचान दिन पुऱ्याएको योगदानको समेत चर्चा गरे ।

कार्यक्रममा सहभागी 'न्यु साउथ वेल्स' राज्यकी विपक्षी दल लेबरकी नेतृ जोडी मकायले नेपाली मिहिनेती रहेको बताउँदै नेपाली पर्व तथा संस्कृतिले अस्ट्रेलियालाई बहुसांस्कृतिक देश बन्न झन योगदान पुऱ्याएको बताइन् । उनले नेपालीसँग नजिकको सम्बन्ध रहेको बताउँदै दसैंतिहारलगायतका पर्वहरू विशेष रहेको भन्दै शुभकामनासमेत दिइन् ।

सडक ठेक्कामा कमिसन प्रस्ताव

मुख्यमन्त्री र सांसदलाई तीन करोड

■ **कुम्भराज राई** (ओखलढुंगा)

तीन साताअघि स्थानीय रेडियोमा प्रदेश सांसद अम्बिरबाबु गुरुङले एउटा अन्तर्वार्ता दिए। ठेकेदारले जिल्लाभित्रका सडकको ठेक्का पारिदिए मुख्यमन्त्री र आफूलाई तीन करोड रुपैयाँ दिने प्रस्ताव गरेको उनले बताए। प्रत्यक्ष प्रसारण भइरहेको कार्यक्रममै सांसद गुरुङले ती ठेकेदारको नामै उल्लेख गरे। सुनकोसी गाउँपालिकाको कटुन्जे घर बताउने हर्कबहादुर श्रेष्ठले यस्तो प्रस्ताव गरेको सांसद गुरुङको भनाइ छ।

करोडको अफर आएको खबरले जिल्लामा हुने भ्रष्टाचारको अनुमान गर्न सर्वसाधारणलाई सजिलो भयो। लगत्तै करोडको प्रस्ताव गरिएको 'मानेभन्ज्याङ-माधवपुर-सिस्नेरी ग्राभेल' को ठेक्का मुख्यमन्त्री शेरधन राईको निर्देशनमा स्थगित भयो। असार ३१ गते प्रकाशित टेन्डर खोल्न १५ दिन बाँकी हुँदा ठेक्का स्थगित भयो। सँगै टेन्डर प्रकाशित भएको सोलुखुम्बुका दुई सडक ग्राभेलको टेन्डर पनि रोकियो। त्यसमा नेले-तुम्से-काँगेलटार-वाचिम-जुभु-खनियाखर्क हुँदै ऐंसेलुखर्क जाने सडक र तामाखानी-जसमानेभन्ज्याङ-नग्रगुम्बा-पिके-काफ्लेचौर हुँदै रामेछापको भण्डार जोड्ने सडक थिए।

चलखेलको आशंकापछि केही महिनायता तीन सडक योजनाका ठेक्का स्थगित

मानेभन्ज्याङ-सिस्नेरी सडकको ठेक्का ४३ करोड ४० लाख ६३ हजारको थियो। नेले-ऐंसेलुखर्कको ४६ करोड १७ लाख ९ हजारको थियो। तामाखानी-जसमानेभन्ज्याङ सडक ४० करोड ३२ लाख रकमको थियो। यी सबै सडक ८ मिटर चौडाइ भएको ग्राभेल स्तरको हुने भनिएको थियो। लम्बाइ क्रमशः ९.४४ किमि, १० किमि र ४.२ किमिका थिए।

असार ३१ अघि नै यिनै सडकको टेन्डर पहिलो पटक प्रकाशन भइसकेको थियो। तर सार्वजनिक खरिद ऐन संशोधनका क्रममा टेन्डर प्रकाशित भएको भन्दै रद्द गरेर पुनः प्रकाशन गरिएको थियो। सार्वजनिक खरिद ऐन संशोधनसँगै कोष तथा लेखा नियन्त्रकको कार्यालयमा हुने पूर्वाधार विकास कार्यालयको कोड नम्बर नै फेरिएको भन्दै टेन्डर रद्द गरिएको थिए। अघिल्लो चरणमा ठेक्का आह्वान हुँदा १३ वटा कम्पनीले ठेक्का दर्ता गरेका थिए।

दुई पटक आह्वान गरिएको टेन्डरको सूचनामै धेरैले यो ठेक्कामा आर्थिक चलखेलको अनुमान गरिसकेका थिए। 'पछिल्लो पटक प्रकाशित टेन्डरमा त कतिपय क वर्गकै कम्पनीले समेत नपाउने किसिमको मापदण्ड बनाइएको रहेछ,' अघिल्लो सूचनामा ठेक्का दर्ता गरेका एक निर्माण कम्पनीका सञ्चालकले भने, 'आफूले भनेकै कम्पनीलाई ठेक्का पार्नकै लागि अनेक निहुँ बनाएर दोस्रो सूचना निकालिएको थियो। त्यसमा पनि चार/पाँचवटा कम्पनी र कर्मचारीको मिलेमतो थियो।'

प्रदेश सरकारले यी सडक कालोपत्रेका लागि भनेर बजेट विनियोजन गरेको थियो। तर जिल्लास्थित पूर्वाधार विकास कार्यालयले ग्राभेलको ठेक्का आह्वान गऱ्यो। 'यसमा नियत नै गलत देखिन्छ। हामीले कालोपत्रे गर्ने भनेर बजेट विनियोजन गऱ्यौं। तर कार्यालयले ग्राभेलको पो ठेक्का निकाल्यो,' माधवपुर सिस्नेरी सडक योजना छनोट गरेका प्रदेश सांसद तथा प्रदेशका अर्थ समिति सभापति मोहनकुमार खड्काले भने, 'त्यसैले अहिले यी सबै योजना मुख्यमन्त्रीको टेबलमा गएर स्थगित भएका छन्।'

स्थगित भएको ठेक्काको हकमा कार्यालयले पुनः अवलोकन गरी कमीकमजोरी हेरेर अर्को ठेक्का आह्वान गर्ने कार्यालय प्रमुख दीपनारायण साहले बताए। उक्त बजेट कालोपत्रेका लागि अपुग हुने भएकाले हाल ग्राभेल निर्माण गरी अर्को ठेक्काबाट कालोपत्रे गरिने उनको भनाइ छ। यही ठेक्काको विषयलाई लिएर कामु प्रमुखका रूपमा रहेका देवेन्द्रप्रसाद देवलाई प्रदेशस्थित भौतिक पूर्वाधार विकास मन्त्रालयमै तानिएको छ। र, दीपनारायण साहलाई प्रमुख बनाई पठाइएको छ। हालका प्रमुख साह र सूचना अधिकारी परशुराम साहसमेत ठेक्कामा चलखेल भएको विषय सत्य नभएको बताउँछन्। 'ई-बिडिङबाट हुने ठेक्का दर्तामा कसलाई पार्ने भनेर कर्मचारीले चलखेल गर्नै मिल्दैन,' प्रमुख साहले भने, 'यसमा आर्थिक चलखेल भो भन्ने कुरामा मलाई पनि विश्वास लाग्दैन।'

सूचना अधिकारी साह पनि यसमा त्यस्तो गलत नियत नभएको बताउँछन्। ई-बिडिङको नतिजा तोकिएको समयअघि कसैले खोलेर हेर्न नमिल्ने भएकाले मिलेमतो गर्ने नसकिने उनको भनाइ छ। निर्माण व्यवसायी भने पूर्वाधार विकास कार्यालयका कर्मचारीको भनाइसँग असहमत छन्। ई-बिडिङ गरिएका प्रत्येक ठेक्काको जानकारी सार्वजनिक उपलब्धि अनुगमन कार्यालय (पीपीएमओ) मार्फत लिन सक्ने व्यवसायीको भनाइ छ।

'हामीले बिड गरेका कतिपय ठेक्कामा अरूको भन्दा घटीमा ठेक्का हाल्दासमेत बढीमा ठेक्का हाल्नेलाई दिएको पीपीएमओमार्फत देखिएपछि मुद्दा परेको अनुभव छ,' नाम उल्लेख नगर्ने सर्तमा एक व्यवसायीले भने, 'अहिले स्थगित भएको ठेक्कामा मिलेमतोको कोसिस नभएको भन्नै सकिदैन। यत्तिको रकमको ठेक्का मैले पार्ने हो भने दुई/चार करोड बाँड्न मै तयार हुन्छु। त्यसमा कर्मचारीको संलग्नता नहुने कुरै हुँदैन।'

प्रदेशअन्तर्गत सडक र पुल निर्माणसम्बन्धी सोलुखुम्बु र ओखलढुंगा दुई जिल्लाका सबै योजना हेर्ने निकायका रूपमा एक वर्षअघि यहाँ पूर्वाधार विकास कार्यालय स्थापना भएको हो। यी कार्यालयबाट भएका अधिकांश काममा अनियमितता हुने गरेको सोलुखुम्बुका थुलुङ दूधकोसी गाउँपालिका प्रमुख असिम राईले बताए। प्रदेशले पठाउने बजेटको प्रकृति भ्रष्टाचारका लागि सहज किसिमको भएकाले गएका दुई वर्षमा सबैभन्दा बढी प्रदेशको योजनामा भ्रष्टाचार भएको उनको आरोप छ।



दसैं लागेसँगै सोमबार कपिलवस्तुको बाणगंगा नगरपालिका-६ सुठौली भाठाटोलको सुकुम्बासी बस्तीमा पहेंलो माटोले घर सिँगार्दै स्थानीय। *तस्बिरः मनोज पौडेल/कान्तिपुर*

सम्बन्धविच्छेदपछि बहुविवाहमा

झापा (कास)- गोलधापकी एक युवतीले दुई वर्षअघि पतिसँग सम्बन्धविच्छेद गरिन्। घरेलु हिंसामा परेकी उनी सम्बन्धविच्छेदपछि एक्लै जिन्दगी बिताउने योजनामा थिइन्। तर एक सवारी चालकसँगको उनको सम्बन्ध छोटो समयमै बिहेमा बदलियो। पछि थाहा पाइन्, मन पराएर बिहे गरेको मान्छेको पहिल्यै घरजम भइसकेको रहेछ। उनीसहित पतिलाई जेठी पत्नीले बहुविवाह मुद्दा दायर गरिन्। अहिले उनले पतिसँगै मुद्दा खेपिरहेकी छन्।

गतवर्ष भदौ १ बाट नयाँ कानुन लागू भएयता सम्बन्धविच्छेद गरेर बिहे गरेका महिलामाथि बहुविवाहको मुद्दा बढेको जिल्ला अदालतका स्रेस्तेदार दुर्गाप्रसाद खनालले जानकारी दिए। 'यसरी बिहे गर्ने पुरुष या महिलालाई १ देखि ५ वर्षसम्म कैद र १० देखि ५० हजारसम्म जरिवाना हुने र त्यस्तो बिहे स्वतः बदर हुने व्यवस्था छ,' खनालले भने। जिल्ला अदालतमा दायर भएका मुद्दाको प्रकृति हेर्दा कतिपयलाई झुक्याएर बिहे गरेको देखिन्छ भने कतिपय पहिलो श्रीमती भएको थाहा हुँदाहुँदै राजीखुसी आएको पनि देखिएको छ। गतवर्ष बहुविवाहका ५० मुद्दा दर्ता भएको अदालतको तथ्यांक छ, जसमा २४ फैसला भए। २६ विचाराधीन छन्। त्यसै वर्ष सम्बन्धविच्छेदका १ हजार १ सय ६५ मुद्दा दर्ता थिए। ७ सय ९९ फैसला भए। ३ सय ६६ मुद्दा विचाराधीन छन्। अघिल्लो वर्ष २०७४/७५ मा बहुविवाहका ३८ मुद्दा दर्ता थिए।

नेकपामा अझै पूर्वएमाले र माओवादी केन्द्र

सांगठनिक एकता भइसके पनि नेकपा नेताहरू अझै भावनात्मक रूपमा एक लाग्दैनन्। उनीहरू अझै साविक एमाले र माओवादी मानसिकतामै छन्। प्रधानमन्त्री निवास मात्रै होइन, कार्यालय र मन्त्रालयहरूमा पनि उनीहरू आआफ्नै पक्षका मन्त्रीहरू भएतिर लाग्छन्। तिनैसँग भलाकुसारी गर्छन्।

■ **बिनु सुवेदी** (काठमाडौं)

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भदौ ३ गते सर्वदलीय बैठक बसिरहेको थियो। साँझ छिप्पिँदै गयो, बैठक सकिएन। बाहिर बैठकका निर्णय कुरेर बसिरहेका सञ्चारकर्मीहरूजस्तै नेताहरू कुरेर बसेका उनीहरूका स्वकीय सचिवहरू आत्तिन थाले, यताउता चलमलाउन सुरु गरे। त्यहीबेला नेकपाका अध्यक्ष पुष्पकमल दाहालको सचिवालयका दुई सदस्य पनि चौरतिर हिँड्दै थिए, उनीहरूलाई सुरक्षाकर्मीले बोलाए र, भने- 'त्यतातिर जान पाइँदैन सर।' सुरक्षाकर्मीलाई जवाफ दिँदै अर्का सदस्यले भने, 'हामी पनि अध्यक्षको सचिवालयकै मान्छे हौं। भित्र त बस्ने ठाउँ छैन, बाहिर पनि हप्कीदप्की नगर्नुस्।' उनले प्रधानमन्त्री कार्यालयमा बारम्बार पुगिरहनुपर्ने भए तापनि बस्ने ठाउँको व्यवस्था नहुँदा समस्या परेको बताए। बाहिर दाहालको सचिवालयका सदस्यहरूले यो गुनासो गरिरहँदा ओलीको सचिवालय सदस्यहरू प्रधानमन्त्री निवासभित्रै थिए।

प्रधानमन्त्री निवास मात्रै होइन, कार्यालय र मन्त्रालयहरूमा पनि साविक एमाले र माओवादीका नेताहरू आफ्ना मन्त्री भएतिरै जान्छन्। भलाकुसारी गर्छन्, दुःखसुख पोख्छन्। वन तथा वातावरणमन्त्री शक्ति बस्नेत यसलाई स्वाभाविक रूपमा लिनुपर्ने तर्क गर्छन्। तर अहिले आफ्नो मन्त्रालयमा पूर्वएमाले तर्फका नेताहरू पनि आउन थालेको उनको दाबी छ। 'पुरानो चिनजानका हिसाबले आफ्ना पूर्वपार्टीका मन्त्रीहरू नै खोज्दै आउनु स्वाभाविक पनि हो, तर अहिले त्यो चलन चिरिँदै गएको छ,' उनले भने, 'कामका हिसाबले सबैतिरका साथीहरू आउनुहुन्छ।' त्यसो त पूर्वमाओवादीतर्फका मन्त्रीहरू पनि मन्त्रालयसम्बद्ध काममै साह्रोगाह्रो पर्दा पनि प्रधानमन्त्रीसँग भन्दा अध्यक्ष दाहालसँग छलफल र परामर्श गर्न रुचाउँछन्, सल्लाह लिन्छन्। मन्त्रालयहरूमा मात्रै होइन, नेकपाभित्रको दुई कित्ता जतातै छ। यसको सुरुवात संसद्बाट भयो।

पार्टी एक भएपछि संसदीय दलका नेता, प्रतिनिधिसभा र राष्ट्रिय सभाका दलका नेता, दुवै सदनका प्रमुख सचेतक र सचेतकका लागि आवश्यक कार्यकक्षको व्यवस्था भयो। तर कार्यकक्षहरू रोज्दा पूर्वएमाले र पूर्वमाओवादीतर्फका नेताहरूका बीचमा कित्ताकाट गरियो। उनीहरू आ-आफ्ना पूर्ववत् पार्टीका संसदीय दलको कार्यालयमा बस्न थाले। किन यस्तो भयो त? प्रतिनिधिसभा संसदीय दलका मुख्य सचेतक देव गुरुङको जवाफ छ, 'जहाँ बसे पनि भेट दिनदिनै हुन्छ, केही फरक पर्दैन।' उनीलगायत पूर्वमाओवादी नेताहरू पूर्वएमालेको संसदीय दलमै बनाएको कार्यकक्षमा बस्न पनि गएनन्। गुरुङ र राष्ट्रिय सभा संसदीय दलका नेता दीनानाथ शर्माका लागि छुट्याइएको कोठामा अहिले ताला झुन्डिएको छ। गुरुङ र शर्मा पूर्ववत् कार्यालयमै बस्न रमाइरहेका छन्। तर कार्यालय टाढा हुँदा प्रतिनिधिसभा संसदीय दलका सचेतक शान्ता चौधरीलाई भने फरक परेको रहेछ। 'कहिलेकाहीं हतार हुन्छ, मैले दलका सचेतक खोज्दै पर पुग्नुपर्छ। उहाँले उपनेता खोज्दै यता आउनुपर्छ,' उनले भनिन् 'अहिले हाम्रो भौतिक संरचना पनि त्यस्तै छ, समय त लागिहाल्छ।'



उनका अनुसार नेकपाले अब छिट्टै सबै नेताको कार्यकक्ष एउटै भवनमा बनाउने छ। संसदीय दलको नेतृत्वमा मात्रै होइन, समस्या सांसदहरूमा पनि देखिएको छ। एमाले सांसदहरू संसदीय दलका नेता केपी शर्मा ओली, प्रतिनिधिसभाका उपनेता सुवासचन्द्र नेम्वाङ, राष्ट्रिय सभाका मुख्य सचेतक खिमलाल भट्टराईको कार्यकक्ष खोज्दै पूर्वएमाले संसदीय दलको कार्यालयतिर लाग्न थाले। पूर्वमाओवादी केन्द्रका सांसदहरू पनि राष्ट्रिय सभाका नेता दीनानाथ शर्मा र प्रतिनिधिसभाका प्रमुख सचेतक देव गुरुङलाई खोज्दै पूर्वमाओवादी केन्द्रको संसदीय दलको कार्यालय भएतिर गए। उनीहरूले अहिले पनि उसै गर्छन्। पूर्वएमालेतर्फ नेकपा संसदीय दलको कार्यालयमा कार्यरत केशव न्यौपाने दलको कार्यालयलाई नेकपाको नभई पूर्वएमालेतिरकै सांसदहरूको कार्यालय भन्न रुचाउँछन्। 'यसै त संसदीय दलको कार्यालयमा सांसदहरू त्यति धेरै आउँदैनन्। आए पनि एमालेतिरका मात्रै आउँछन्,' उनले कान्तिपुरसँग भने, 'पार्टी एक भएको अनुभूति दलको कार्यालयमा छैन।'

पार्टी कार्यालय धुम्बाराहीको अवस्था पनि एक वर्षसम्म संसदीय दलकै जस्तो रह्यो। साविक माओवादीतर्फका कार्यकर्ताहरू धुम्बाराहीको पार्टी कार्यालयमा आयोजना हुने औपचारिक कार्यक्रमबाहेक अरू बेला पटक्कै गएनन्। तर गत साउन ३१ मा दुवैतिरको प्रतिनिधित्व हुने गरी कार्यालय सचिवहरू नियुक्त गरेपछि कार्यकर्ता पार्टी कार्यालयतिर जान थालेका हुन्। उक्त दिनको नेकपा सचिवालय बैठकले एमालेका तर्फबाट ईश्वरी रिजाल र माओवादीबाट श्रीराम ढकाललाई कार्यालय सचिवको जिम्मेवारी दिने निर्णय गरेको थियो।

नेकपाको अर्को पार्टी कार्यालय पेरिसडाँडामा पार्टी अध्यक्ष केपी शर्मा ओलीको कार्यकक्ष छ, तर उनी त्यहाँ एक पटकमात्रै पुगेका छन्। एमालेका अरू नेता कार्यकर्ता पनि आक्कलझुक्कल मात्रै पुग्ने गर्छन्। तर माओवादी नेताहरूको नियमित भेटघाट र छलफल पेरिसडाँडामा उसैगरी हुन्छ, जसरी पूर्वएमालेहरू धुम्बाराहीको पार्टी कार्यालयमा भेला हुन्छन्।

नेकपा स्थायी समिति सदस्य रघुजी पन्त कार्यकर्ताहरूले संगठनमा आपसी छलफल गर्न नपाएकाले घुलमिल हुन कठिन भइरहेको बताउँछन्। 'कार्यकर्ताबीचको भावनात्मक एकता भनेको सापेक्षिक कुरा हो। नियमित बैठक हुने, संगठनमा छलफल हुने हुँदा अपनत्व महसुस पनि हुन्छ,' उनी भन्छन्, 'पार्टी एकताकै काम नसकिँदा कार्यकर्तालाई असर पऱ्यो।' भूमिगतकालदेखि स्थानीय तहको चुनावसम्म आइपुग्दा कहिले फुट्दै कहिले जुट्दै अघि बढेको माओवादी केन्द्र र उनीहरूकै नेताको दाबीअनुसार कम्युनिस्ट आन्दोलनको विरासत बोकेको एमाले एकीकृत भएको १७ महिना भयो। उनीहरूले २०७५ जेठ ३ लाई पार्टी एकताको ऐतिहासिक दिनका रूपमा घोषणा गरे, नेकपा दुई तिहाइ मतसहित देशकै ठूलो राजनीतिक दल बन्यो।

नेपालमा कम्युनिस्ट पार्टीले यति ठूलो आकार पाएको पहिलो पटक नै हो। तर आआफ्ना नामका पुच्छर फालेर नेकपाभित्र मात्रै अटाएका नेता-कार्यकर्ताले आफूलाई एमाले र माओवादी कार्यकर्ताकै रूपमा परिभाषित गर्न भने छाडेनन्। हुन त एमालेमा नवौं महाधिवेशनदेखि नै धाँजा फाटेको थियो, माओवादी पनि फुट र जुटबाट गुज्रिरहेको थियो। 'त्यसैले पनि एक हुन समस्या देखिएको छ। अर्कातिर एकता प्रक्रिया नै टुंगिएको छैन, एकताको काम टुंगो लगाउन अध्यक्षहरूलाई नै हतार नभएजस्तो देखिन्छ,' पन्तले भने। समय क्रममा साविक एमाले र माओवादी नेताहरूबीचको तित्तकता छताछुल्ल नै हुन थालेपछि त्यसलाई पार्टी नेतृत्वले नै हस्तक्षेप पनि गर्नुपऱ्यो। भदौ ९ मा बसेको नेकपा सचिवालय बैठकले पार्टी नेतृत्वविरुद्ध बोल्ने नेता-कार्यकर्तालाई स्पष्टीकरण सोध्ने निर्णय नै गऱ्यो। पार्टी कार्यालय धुम्बाराहीमा पहिलो पटक बसेको उक्त बैठकको अध्यक्षता पुष्पकमल दाहालले गरेका थिए। उक्त निर्णयको सर्कुलर भदौ १३ मै भयो।

नेकपा स्थायी समिति सदस्य राम कार्की नेता-कार्यकर्तामा विचारविनाको राजनीति हावी भएकाले अहिले व्यावसायिक सम्बन्धमात्रै बँचेको बताउँछन्। 'पार्टी जब आफ्नो सिद्धान्तबाट ओरालो लाग्न थाल्छ अनि देखावटी मायाप्रेम मात्रै रहन्छ,' कार्कीले भने, 'हामीकहाँ पनि समस्या त्यही छ।' एउटै पार्टीमा २०/२५ वर्ष सँगै काम गरेका नेताहरूका बीचमा रसिलो खालको सम्बन्ध नरहेको उनी टिप्पणी गर्छन्। 'अब त दुई/चार हजार रुपैयाँको खाँचो पऱ्यो भने या दुई/चार लाख रुपैयाँ राख्न पऱ्यो भने पार्टीका कमरेडहरूको सम्झना होइन, कि त व्यापारी कि परिवारका सदस्यको याद आउँछ,' उनले थपे, 'हामीसँग वर्गीय प्रेम घट्दै गयो।'

बर्गिकृत डिस्प्ले

जग्गा बिक्रीमा
बर्दिवास वडा नं. १ ख को मुख्य स्थानमा रहेको कि.नं. हरूको जग्गा १८ कठा ५ धुर प्लटमा विभाजन भै केही बिक्री पनि भैसकेको हुनाले ईच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।
सम्पर्क :
९८४१७२२६४४
सम्पर्क : रेवत बहादुर थापा
९८४१४६२६०३
गौतम होटल संग चाडै सम्पर्क गर्नुहोला

क्यान्सर
- सबै प्रकारको क्यान्सर
- एलोपेथीक उपचारबाट निराश भएकाहरुको लागि सहज उपचार
- नशा, स्त्रीरोग, बाथ, पायल्स, युरिक एसिड र माइग्रेन समेत
- जडिबुटीबाट परम्परागत उपचार पद्धतिको एउटैमात्र केन्द्र

राजवैद्य रामलाल श्रेष्ठ
परम्परा दिव्य आयुर्वेदिक औषधालय
बौद्ध, काठमाडौं
01-4917152, 9803073093

I-phone Repair & Unlock
We Repair I Phone, Samsung Mobile Phones & Mac Book
Electro Concern
Shop No. 113, 1st floor, Bishal Bazar
Phone No. 01-4266833

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
४२६२०३२/ ४२४३५३७
९८०१०३८५३६/ ९८०१०३८५४०

VACANCY
Operation Head - 2 Kathmandu
Regional Head - 2 Itahari/Butwal
Dealer Incharge - 15 All Nepal
For Lubricant & 3 Wheelers Segment
Note:
M/F Salary Negotiable, experience in related field Must have own vehicle and driving licence.
Contact @ 9862437802
rai.investment072@gmail.com
(drop your cv in given mail)

निःशुल्क भर्ना खुल्यो !!!
सिप सिकौं रोजगार बनौं
तालीम दिइने विषयहरुः-
१) कुक - चाइनीज ३ महिने
२) बेकरी - ३ महिने
३) वेटर/वेट्रेस - ३ महिने
४) हाउस किपीङ्ग- ३ महिने
निःशुल्क सिप सिक्ने सुनौलो अवसर चाडै गर्नुहोला सिट सिमित छ ।
फारम भर्ने अन्तिम मिति २०७६/०६/१५ सम्म
शेरटन कुलीनरी होटल
म्यानेजमेन्ट ट्रेनिङ्ग सेन्टर प्रा.लि.
मिलभवन प्रयाग मार्ग, काठमाण्डौं
4622348, 4621571, 9808540552

आवश्यकता

पद	अनुभव
लेखापाल-२,महिला	BBA/BBS १ वर्ष
सह-लेखापाल-४,महिला	BBA/BBS Running
रिसेप्सनिष्ट-२,महिला	+2 वा सो सरह
मार्केटिङ म्यानेजर-१, पुरुष	+2 वा सो सरह
मार्केटिङ अफिसर-४, पुरुष	+2 वा सो सरह

Home Star Appliances Pvt. Ltd
Bhotebahal, Kathmandu
Phone: 4221618
Mo:9851054406

जग्गा बिक्रिमा
कलंकी मालपोत रोड
बकाइनो रेष्टुरेण्ट
पछाडीको ९ आना जग्गा
बिक्रिमा ।
सम्पर्क
९८५११०१५५८

३५ दिने सूचना
बराहा क्षेत्र नगरपालिका वडा नं. ८ पूलाहामा रहेको, गंगा माया खड्काको नाममा श्रेस्ता भएको जग्गा, कित्ता नं. ३३२-३३३ मा मोही महलमा **टेक बहादुर कार्की** भएकोले निज व्यक्ति हालसम्म पनि सम्पर्कमा नआएको हुँदा ३५ दिनभित्र सम्पर्कमा आउनु हुन अनुरोध गर्दछु ।
सम्पर्कः
९८४०८७४७२६

यौन शक्ति
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्बलताहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्ट
जाँड-रक्सी, गाँजा, चुरोट
जस्ता अन्य कुलत छुटाउन
हाईट बढाउन
कपाल झर्न रोकी पुनः उमार्न
मोटोपना
बढाउन/घटाउन
महिलाको पेट तथा छाती देखिने सेतो धर्सा हटाउने
हिप्थाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाईट पार्न
नेपालभरी फ्रि-होम डेलिभरी
Global Fitness Shop
9851057631, 014461711, 9803464971, 9851057632
चावहिल (मेडिकेयर अगाडी)
Not For Medicinal Use

१००% जब ग्यारेन्टी सेक्युरीटी अर्जेन्ट
तालीम गरेका/नगरेका महिला/पुरुष
सेक्युरिटी गार्ड चाहियो
पुरुष-४० जना, महिला-७ जना
(सौनेबस्ने सुविधा, डे-नाइट, पार्टटाइम-फुलटाइम जुन गरेपनि मिल्ने, ड्युटी स्थान आफूलाई पायक पर्ने ठाउँमा)
तलब: १७,००० देखि १९,००० सम्म
योग्यता: साधारण लेखपढ ।
9808772301
9808772461
विदेश जानेलाई तालीम र प्रमाणपत्र दिइन्छ

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स
जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
बाँझापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनः उमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This is Food Supplement Products, Not For Medicinal Use

बर्गिकृत डिस्प्ले
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने


घर बिक्रिमा | गाडि बिक्रिमा | जग्गा बिक्रिमा
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

वन निगमका कर्मचारीले तलब पाएनन्

■ अब्दुल्लाह मियाँ (काठमाडौं)

स्थापना भएको दुई महिना नबित्दै 'नेपाल वन निगम लिमिटेड' चरम आर्थिक संकटमा परेको छ। वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा सरकारले दुई महिनाअघि टिम्बर कर्पोरेसन अफ नेपाल (टीसीएन) र वन पैदावार विकास समितिअन्तर्गतका कार्यालयलाई गाभेर वन निगम बनाएको थियो।

निगमअन्तर्गत करिब ३ सय ६५ कर्मचारी कार्यरत छन्। निगममा गाभिएको झापाको केरखास्थित रतुवामाई वृक्षरोपण परियोजना, सर्लाहीस्थित सागरनाथ वन परियोजना र साबिकको वन पैदावार विकास समितिका कर्मचारीले तीन महिनादेखि तलब पाएका छैनन्।

दसैंका बेलासमेत तलब नपाउने अवस्था आएपछि ती निकायका कर्मचारीले सोमबार निगमका प्रमुख कार्यकारी अधिकृत (सीईओ) रामप्रसाद लम्सालसमक्ष निवेदन दिएका छन्। 'नयाँ आर्थिक वर्ष सुरु भएयता तलब पाइएको छैन,' निगमका एक कर्मचारीले भने, 'दसैं खल्लो हुने भयो।' केन्द्रदेखि फिल्ड कार्यालयका कर्मचारीले तलब नपाए पनि समस्या समाधानमा निगम सञ्चालक समितिले खासै चासो देखाएको छैन।

एकद्वार प्रणालीबाट काठ-दाउरा बिक्री गर्ने भन्दै सरकारले निगम बनाएको थियो। टिम्बर कर्पोरेसन अफ नेपाललाई सक्रिय पार्ने गरी नाम बदलेर निगम खडा गरिएको भन्दै विरोध भइरहेको छ। टीसीएनले मन्त्रालयअन्तर्गतको वन तथा भू-संरक्षण विभागसँग गोलिया काठ मागेर चिरान गरी बेच्दै आएको थियो। राष्ट्रिय वन व्यवस्थापनको काम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत वन डिभिजन कार्यालयबाट हुन थालेपछि निगमको कामसमेत प्रभावित बनेको छ।

निगममा गाभिएका रतुवामाई र सागरनाथ परियोजनाले आफैं बिरुवा हुर्काएर काठ/दाउरा बिक्री गर्दै आएका थिए। सर्वोच्च अदालतले सागरनाथ परियोजनालाई निगममा गाभ्ने मन्त्रिपरिषद्को निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ। प्रदेश २ को वन मन्त्रालयले सागरनाथलाई निगममा राख्ने निर्णय खारेज गर्न माग गर्दै रिट दायर गरेको थियो। सर्वोच्चको आदेशपछि परियोजनाअन्तर्गत फिल्डको काम प्रभावित बनेको छ।

निगमका सीईओ तोकिएका वन तथा भू-संरक्षण विभागका महानिर्देशक लम्सालले तलबलगायतका समस्या समाधानका लागि पहल जारी राखेको दाबी गरेका छन्। 'समाधानको उपाय खोजिरहेका छौं,' उनले भने। निगममा नयाँ सीईओ नियुक्तिका लागि प्रक्रिया अघि बढे पनि सर्वोच्चको आदेशका कारण रोकिएको छ।

सागरनाथ वन परियोजनाका निमित्त प्रमुख देवेशमणि त्रिपाठीले कर्मचारीलाई तलब खुवाउन निगमसँग दुई करोड रुपैयाँ सापटी मागेका छन् तर बोर्ड बैठक नबसेकाले निर्णय हुन नसकेको त्रिपाठीले बताए। कर्मचारीले तलब नपाएपछि फिल्डको काम प्रभावित भएको छ।

२५ किलो विस्फोटक पदार्थ बरामद



प्रहरीले नेत्रविक्रम चन्द समूहबाट आइतबार बरामद गरेको विस्फोटक पदार्थ। दुइटा लोलामा एउटा गाडी ध्वस्त गर्न सक्ने शक्ति हुने प्राविधिक बताउँछन्। तस्विर : अर्जुन राजवंशी/कान्तिपुर

बिर्तामोड (कास)- नेत्रविक्रम चन्द नेतृत्वको समूहले लुकाइराखेको २५ किलो कडा विस्फोटक पदार्थ झापा प्रहरीले बरामद गरेको छ।

अर्जुनधारा नगरपालिका-१ सिस्नेबाट आइतबार साँझ ५ बजे नियोजेल-९० लेखिएको विस्फोटक पदार्थ २ सय ५ लोला बरामद गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी नायब उपरीक्षक (डीएसपी) मोहनकुमार थापाले बताए। चन्द समूहले चियाको बोटमा हाल्ने औषधि भन्दै विस्फोटक पदार्थ करिब महिना दिनअघिदेखि सिस्नेमा लुकाएको अनुसन्धानबाट खुलेको उनको भनाइ छ।

जिल्ला र इलाका प्रहरी बिर्तामोडको संयुक्त टोलीले विस्फोटक पदार्थ बरामद गरेको जिल्ला प्रहरीका डीएसपी महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए। प्रहरीले भदौ ३० गते नेत्रविक्रम चन्द समूहका झापा जिल्ला सेक्रेटरी मनीष भनिने प्रवीण मिश्र, जिल्ला इन्चार्ज सुमनसिंह पौडेल, जिल्ला जनसरकार प्रमुख टीकाराम पोखरेल र कार्यकर्ता अनुल सारु मगरलाई समातेको थियो। पक्राउ गरी अनुसन्धान गर्ने क्रममा उनीहरूले बिर्तामोडस्थित एक घरमा कोठा भाडामा लिएको खुलेको थियो। उक्त कोठामा छापा मार्दा दुई थाना पेस्तोल, त्यसमा प्रयोग हुने ४ राउन्ड गोली, आर्थिक सहयोगसम्बन्धी कागजात, विभिन्न रसिद, माइन्युट पुस्तक, विस्फोटक पदार्थ तथा अन्य विभिन्न पुस्तक भेटिएका थिए।

उनीहरूमाथि गरिएको अनुसन्धानबाट कडा विस्फोटक पदार्थ बरामद गरिएको जिल्ला प्रहरी प्रमुख एसपी दिनेशराज पोखरेलले जानकारी दिए। 'उनीहरूले जिल्लामा ठूलै घटना घटाउने तयारी गरेका रहेछन्। हामीले निरन्तर अनुसन्धान गरिरहेका छौं,' उनले भने।

चन्द समूहका कार्यकर्ताले विस्फोटक पदार्थ कहाँबाट ल्याएका हुन् भन्नेबारे थप अनुसन्धान भइरहेको डीएसपी थापाले बताए।

पुल निर्माण ६ वर्षदेखि अलपत्र

■ सुनिता बराल (बर्दिबास)

ठेकेदार र सरकारी निकायको बेवास्ताका कारण महोत्तरीको भंगाहा नगरपालिकाको भुताहा खोलामा पक्की पुल निर्माण कार्य अलपत्र परेको छ।

भंगाहा नगरपालिका-४ र ५ मा आउजाउ सहज बनाउन भुताहा खोलामा ५० मिटर लम्बाइ र ४ मिटर चौडाइको पुल बनाउन तत्कालीन जिल्ला विकास समितिले दुई करोड ४२ लाख रुपैयाँमा ठेक्का लगाएको थियो। स्विट्जरल्यान्ड सरकारको सहयोग रहने पुल निर्माणका लागि २०७० मा काठमाडौंको एलाइट कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता भएको थियो। निर्माण कम्पनीले महोत्तरीकै नर्सिङ निर्माण सेवालाई पेटीठेक्का दिएपछि काम सुरु भएको थियो। तर काम अधुरै छाडिएको छ।

निर्माण सुरु भएको ६ वर्ष बितिसक्दा पनि पुल नबनेपछि महोत्तरीको भंगाहावासीलाई असुविधा भएको छ। खोलाको बगरबाट सवारी आवागमन गर्नुपर्ने बाध्यता छन्। वर्षामा खोला तर्न कष्टकर हुने गरेको स्थानीयले गुनासो गरेका छन्। ठेकेदार कम्पनीले सम्झौताको म्याद पटकपटक थप गराएको थियो। पछिल्लो पटक थपिएको म्यादसमेत गुज्रिएको छ। तत्कालीन जिल्ला विकास समिति कार्यालयबाट अलग भएको पूर्वाधार विकास कार्यालयले अनुगमन र मूल्यांकनको जिम्मेवारी पाए पनि सम्बन्धित कार्यालय र जनप्रतिनिधि कसैले पनि पुल निर्माणमा चासो नदिएको स्थानीयको गुनासो छ।

कर्मचारी समायोजन, अधिकार र जिम्मेवारी बाँडफाँट भइनसक्दा निर्माणाधीन पुल अलपत्र परेको पूर्वाधार विकास कार्यालयका इन्जिनियर राकेशराज मिश्रले बताए। उनले पुलको ठेक्का म्याद सकिए पनि काम अनुगमन गर्ने निकायको संरचना परिवर्तन भएपछि अलमल भएको बताए। उनका अनुसार निर्माण व्यवसायीले १५ महिनामा निर्माण सक्ने सम्झौता गरेको भए पनि तीन पटक म्याद थपिएको थियो। तोकिएको समयमा काम नसकिएपछि लागतसमेत बढेको छ। लागत कम्तीमा २ करोड ८० लाख लागत पुग्ने अनुमान छ। समयमै काम नगर्ने ठेकेदारमाथि कारबाही हुनुपर्ने भंगाहा नगरपालिका-४ की अलेधिया कापरले बताइन्। 'ठेकेदारको लापरबाहीले पुल निर्माण पूरा नभएको हो, पुल बनाउन आलटाल गर्ने ठेकेदारलाई सरकारले कारबाही गर्नुपर्छ,' उनले भनिन्। पुल निर्माण थाल्दा खुसी भएका स्थानीय अलपत्र परेपछि निराश भएको भंगाहा-५ का रामजतन महतोले बताए।

बँदेल रोक्न गाउँभरि तारजाली

■ डीआर पन्त (डडेलधुरा)

अजयमेरु २ का किसान वीरबहादुर ऐर ७ वर्षपछि बर्खे बाली भित्र्याउन पाउने आशामा छन्। बँदेलको बाटो छेक्न घेराबार लगाएपछि उब्जनी भित्र्याउन पाउने आशा पलाएको हो। वर्षभर परिश्रम गरी उब्जाएको बाली काट्ने बेला बँदेलको झुन्डले नाश गरिदिन थालेपछि अजयमेरुका किसानको आधा जमिन बाँझै थियो। उनीहरूले यस वर्ष ७ किलोमिटर खेतबारीलाई ग्याबिन तारले घेरबार गरेका छन्।

गाउँपालिकाको सहयोगमा स्थानीयले आफैं तारजाली बुनेर ३ गाउँको ७ किलोमिटर क्षेत्रमा घेराबार लगाएका छन्। 'खेती लगायो, भित्र्याउने बेला बँदेलले सखाप पार्‍यो,' वीरबहादुरले भने, 'अब भने उब्जनी पाइएला कि भन्ने छ।' बँदेलले बर्सेनि उब्जनी नष्ट गर्न थालेपछि गाउँले धेरैको जमिन बाँझो थियो। 'गाउँपालिकाले स्थानीयलाई नै ग्याबिन जाली बुन्न लगाएर खेतीयोग्य जमिनमा बार लगाएको छ,' अजयमेरु २ का अध्यक्ष शिवराज भट्टले भने, 'बँदेल नियन्त्रण नहुँदासम्म यस क्षेत्रमा खेतीपाती गर्नु भनेको कृषकले वर्षभरको परिश्रम खेर फाल्नु हो।'

मकै, भटमास पकेट संरक्षण क्षेत्रको ७ लाख, अजयमेरु गाउँपालिकाको नमुना बस्ती निर्माणको क्रमागत रकम ३ लाख र स्थानीयको श्रमदानले तारजाली गरिएको पनि उनले बताए। किसानले बर्सेनि ठूलो क्षति बेहोर्नुपरे पनि स्थानीय प्रशासन र सरोकारवाला निकायले चासोसमेत नराखेको यहाँका किसानले बताए। यस विषयमा गाउँपालिकाका पदाधिकारीसँग छलफल गरेपछि तारजालीले खेतबारी घेर्ने निर्णय गरिएको हो। अजयमेरु गाउँपालिका जस्तै अन्य स्थानीय तहमा पनि बँदेल नियन्त्रणका लागि आवश्यक काम गर्न जनप्रतिनिधिलाई निकै दबाब परेको छ।

अजयमेरुमा सुरु गरिएको तारजाली कार्यक्रम अन्य क्षेत्रका पीडित कृषकले अवलम्बन गर्न थालेका छन्। भागेश्वर गाउँपालिकामा पनि बर्सेनि ठूलो मात्रामा मकै, धान, आलु र भटमासलगायत उब्जनी वन्यजन्तुले सखाप पार्दै आएका छन्।

फ्लोराका ३ अंक प्रकाशन तयारी

काठमाडौं (कास)- वनस्पतिको संविधान भनिने 'फ्लोरा अफ नेपाल' का ३ वटा अंक सन् २०२२ सम्म प्रकाशन हुने भएका छन्।

काठमाडौंमा बसेको फ्लोरा अफ नेपाल लेखन समूहको आठौं अन्तर्राष्ट्रिय सम्पादक मण्डलको बैठकले सन् २०२२ सम्ममा भोलुम ४, ७ र १० प्रकाशन गर्ने निर्णय गरेको हो। हालसम्म फ्लोरा अफ नेपालको अंक ३ मात्र प्रकाशित भएको छ। उन्यू र फूल फुल्ने र नफुल्ने वनस्पतिको वैज्ञानिक विवरण समेटिएको फ्लोरा अफ नेपालको लेखन थालनी २० वर्षअघि भएको हो। १० वर्षमा १० वटा अंक प्रकाशित गर्नुपर्ने भए पनि प्रकाशनमा ढिलाइ हुँदै आएको छ। लेखन समूहको बैठकमा फ्लोरा अफ नेपाल लेखन कार्यमा भए गरेका प्रगतिबारे जानकारी गराइएको फ्लोरा अफ नेपाल परियोजना, नास्टका संयोजक एवं वरिष्ठ वैज्ञानिक सन्देश भट्टराईले बताए।

More Jobs Better Lives Foundation's
Technical Apprenticeship Program

Category:
Agriculture Labor/Farming
Applicant Requirements:
⇨The applicant must have a confirmed destination in Japan as a foreign technical intern trainee
⇨The applicant must have completed Higher Secondary Education.
⇨The applicant must have plans to work in the agricultural/ agribusiness field in Nepal after their three year training program.
Program Grand:
100,000yen per month for three years MAXIMUM
Application Period:
2019/10/01 to 2019/10/15

For more information, please visit our website:
http://www.mjbl.jp/

CONGRATULATIONS



(Picture Inset: Chairman of JMT, Prof. Dr Bhagawan Koirala and Vice Chairperson of JMT, Mrs Shreejana Rana with the CSR Plaque)

Congratulations to Fishtail Lodge, Pokhara for receiving the Best Corporate Social Responsibility Award from the Ministry of State, Mr Dhan Bahadur Budha, Ministry of Culture, Tourism and Civil Aviation at "40th World Tourism Day" ceremony held on 27th September, 2019. This award is also an honor bestowed to the overall vision and mission of Jayanti Memorial Trust. The Trust felicitates Fishtail Lodge and pledges to work toward fulfilling its objectives.

JAYANTI MEMORIAL TRUST FAMILY
FISH TAIL LODGE BY ANNAPURNA Hospitality for a Heart

ADMISSION OPEN
B. Arch. | B.E. Computer
Limited Seats
Pokhara Engineering College (PEC)
Phirke, Pokhara-8, Kaski Phone : 061-531209

VACANCY REC

The private technical college with three faculties in **DIPLOMA IN ELECTRICAL ENGINEERING , DIPLOMA IN COMPUTER ENGINEERING AND DIPLOMA IN ELECTRICAL & ELECTRONICS ENGINEERING** and Two faculties in **TSLC IN CIVIL ENGINEERING AND TSLC IN ELECTRICAL ENGINEERING** in Janakpur, affiliation with CTEVT, Nepal is looking for Full-time/Part-time faculty members having competent, trained and dedicated candidates possessing an excellent command of written and spoken English for the following related subject areas.

Subject	Qualification	Experience
Computer Electrical	BE Degree or Above.	Teaching and professional experience in related field.

No. of requirement: 2 (Two from each subject)
Interested individuals are required to send their CV along with passport size color photograph including a cover letter mentions with expected salary by 14th October 2019 (Ashwin 27, 2076) to:

Achieve the impossible at ...
MADHYAMANCHAL REGIONAL ENGINEERING COLLEGE
(Affiliated to CTEVT, Nepal)
Dashrathnagar, Ramanand Chowk, Janakpur-08, Dhanusha, Nepal.
Tel.:+977-41-521991, 041-527122, Post Box No. 48
Mob. No. 9854026555, 9869997641
Email: mrec.jnk@gmail.com Website: mrec.edu.np

Unilever
UNILEVER NEPAL LIMITED
सिटी स्क्वेयर भवन, नयाँ बानेश्वर-१०, काठमाडौं

शेयर लगत किताब बन्द रहने सूचना

यस कम्पनीको छब्बीसौँ (२६औँ) वार्षिक साधारणसभाको सिलसिलामा कम्पनीको शेयर लगत दर्ता किताब मिति २०७६/०६/२२ देखि २०७६/०७/०७ गतेसम्म बन्द रहने व्यहोराको यो सूचना सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

युनिलिभर नेपाल लिमिटेड
बसामाडी, हेटौंडा - ३

Unilever
UNILEVER NEPAL LIMITED

युनिलिभर नेपाल लिमिटेडको २६औँ वार्षिक साधारणसभाको सूचना

आदरणीय शेयरधनी महानुभावहरू,
मिति २०७६ भाद्र १९ गते (ता. ५ सेप्टेम्बर २०१९) बिहिबारका दिन बसेको यस युनिलिभर नेपाल लिमिटेड संचालक समितिको १५६औँ बैठकको निर्णयानुसार यस कम्पनीको २६औँ वार्षिक साधारणसभा तल उल्लेखित मिति, समय र स्थानमा तल लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गर्दछौं ।

सभा हुने मिति, समय र स्थान
मिति : वि.सं. २०७६ कार्तिक ७ गते, बिहिबार
स्थान : सिल्भर ओक ब्याङ्क्वेट, गैह्धिारा, काठमाडौं
सभा शुरू हुने समय : बेलुका ०४:३० बजे

छलफलका विषयहरू
१. आ.ब. २०७५/०७६ (१७ जुलाई २०१८ देखि १६ जुलाई २०१९ सम्म) को नाफा नोक्सान विवरण, वासलात, नगद प्रवाह विवरण, आषाढ ३१, २०७६ (१६ जुलाई २०१९) सम्मको संचालक समिति तथा लेखा परिक्षकका प्रतिवेदनहरु प्राप्त गरी पारित गर्ने,
२. २०७६ साल श्रावण १ (१७ जुलाई २०१९) देखि शुरु हुने बर्षको लागि नयाँ लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने (टि.आर. उपाध्याय को. चार्टर्ड एकाउण्टेण्ट्सलाई लेखा परिक्षण समितिले नियुक्तिको लागि सिफारिस गरेको छ ।),
३. संचालक समितिको सिफारिस बमोजिम लाभांश स्वीकृति गर्ने,
४. प्रबन्ध निर्देशकको पारिश्रमिकको बारेमा जानकारी गराउने,
५. श्री सुबास बज्राचार्यलाई कम्पनीको स्वतन्त्र संचालकको रुपमा २६औँ वार्षिक साधारण सभामा निर्णय भएपछि लागु हुने गरी अधिकतम् ४ (चार) बर्षको लागि पुनर्नियुक्ति गर्ने ।

रजिष्टर्ड अफिस
हेटौंडा - ३, बसामाडी
मकवानपुर, नेपाल

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारणसभा सम्बन्धी जानकारी
१. मिति २२/०६/२०७६ गते देखि ७/०७/२०७६ गतेसम्म कम्पनीको शेयर दर्ता दाखिला खारेज दर्ता किताब बन्द रहने छ ।
२. तोकिएको समयमा नै सभा संचालन हुने भएकोले सभामा भाग लिन इच्छुक शेयरधनीहरूले सभा हुने दिन प्रतिवेदनसाथ संलग्न प्रवेशपत्र र आफ्नो परिचयपत्र खुल्ने आधिकारिक परिचयपत्र (ड्राइभिङ्ग लाइसेन्स, नागरिकता, पासपोर्ट वा शेयरप्रमाणपत्र) मध्ये कुनै एक अनिवार्यरूपमा साथमा लिई तोकिएको समय अगावै सभास्थलमा उपस्थित भइदिनु हुन अनुरोध छ ।
३. सभामा भाग लिनको लागि (प्रोक्सी) प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रोक्सी फाराम सभा शुरू हुन भन्दा कम्तीमा १४४ घण्टा अफिस समय अगावै शेयर रजिष्ट्रार, सनराइज क्यापिटल लिमिटेडको कार्यालय, कमलपोखरीमा दर्ता गराइसक्नु पर्नेछ ।
४. संयुक्तरूपमा शेयर खरीद गरी लिइएकोमा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक जनाले मात्र सभामा भाग लिन र मतदान गर्न पाउने छन् ।
५. ट्रष्टी, म्युचुयल फण्ड वा संगठित संस्थाले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।
६. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछ ।
७. यदि प्रोक्सी रद्द गरिएको लिखित सूचना सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा कार्यालय समयभित्र सभा शुरू हुनुभन्दा ७२ घण्टा अगाडि प्राप्त नभएमा त्यस प्रोक्सीद्वारा शेयरधनीको तर्फबाट गरिएको सबै कारोबार मान्य हुनेछ । सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बद्ध शेयरधनी आफैंले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरू हुनुभन्दा ७२ घण्टाअगावै त्यसको सूचना सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा दर्ता गराइसक्नुपर्नेछ । अन्यथा शेयरधनीले स्वयं उपस्थित भई सभामा भाग लिन पाउने छैनन् । यदि सभा स्थगित भएमा दर्ता भएको प्रोक्सी, रद्द गरिएको प्रोक्सी सबै यथावत्रूपमा कायम हुनेछ, फरक हुने छैन ।
८. यदि कुनै शेयरधनीले एकभन्दा बढी प्रोक्सी नियुक्त गरेको भएमा जुन प्रोक्सीको नियुक्ति मिति पछिल्लो हुन्छ, त्यही मान्य हुनेछ र अघिका सबै प्रोक्सीहरू रद्द हुनेछन्, तर प्रोक्सीपत्र सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा कार्यालय समयभित्र सभा शुरू हुनुभन्दा १४४ घण्टाअगावै दर्ता हुनुपर्नेछ ।
९. शेयरधनी महानुभावहरू सभास्थलमा आउँदा सुरक्षाको दृष्टिकोणले यथासक्य झोला, प्याकेट आदि नलिई आउनुहुन अनुरोध छ । सुरक्षाकर्मीले सभास्थलमा प्रवेश गर्ने सबैको झोला, प्याकेट आदि जाँच गर्ने हुँदा त्यस कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।
१०. अन्य जानकारीको लागि युनिलिभर नेपाल लिमिटेड वा शेयर रजिष्ट्रार सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न शेयरधनी महानुभावहरूमा अनुरोध गरिन्छ ।

कम्पनी सचिव
युनिलिभर नेपाल लिमिटेड
रजिष्टर्ड कार्यालय:
हेटौंडा - ३, बसामाडी, मकवानपुर

अनि उनले संसार देखे...

इष्टमित्र भने उनलाई दयाको भावले हेर्थे र भन्थे, 'विचरा यसले कसरी गरिखाला ? ' जेई भन्थिन्, 'हामी मरेपछि यसलाई कसले हेर्ला ? कसले पाल्ला ? ' उनलाई स्पष्ट सम्झना छ, यसो भनेपछि प्रत्येकपल्ट आमा रुन्थिन् । आमाको आँखाबाट आँसु कसरी गुल्टिन्छ भन्ने त उनलाई थाहा थिएन । तर आमा सुँकसुँकाएको उनी थाहा पाउँथे र लख काट्थे, आमा मेरै पीरले रोइरहेकी छिन् ।

९ वर्षको उमेरमा उनलाई बाले नेपालगन्जको भेरी अञ्चल अस्पताल पुऱ्याए । गाउँबाट नेपालगन्जसम्म पुग्नु उति सजिलो थिएन । उनले त्यो समय सम्झिँदै सुनाए, 'कहिले बाको हात समातेर हिँड्दै, कहिले पिठ्युँमा चढ्दै साढे तीन दिनपछि अस्पताल पुग्यौं ।' त्यहाँ एक विदेशी डाक्टरले उनको बायाँ आँखाको शल्यक्रिया गरे । त्यसपछि आँखाको ज्योति फर्किन्छ भन्नेमा वा ढुक्क थिए । तर सोचेभन्दा ठीक उल्टो नतिजा आयो । १४ दिनको उपचारपछि जब उनले आँखाको पट्टी खोले तब थाहा पाए, रात-दिन छुट्याउने पातलो धर्कोजस्तो उज्यालो पनि आँखाबाट गयो । निस्पट्ट अन्धकारले घेऱ्यो ।

शल्यक्रिया असफल भएपछि डाक्टरले बालाई सुनाएको कुरा उनले झलझली सम्झेका छन् । भनेका थिए, 'तपाईंको छोराको आँखा सधैंका लागि नबन्ने भयो । हुनेसम्म प्रयास गरें । केही सीप लागेन । अब पैसा सिध्याउने काम नगर्नुस् ।' उनले त्यो दिन सम्झिँदै सुनाए, 'डाक्टरको कुरा सुनेपछि बा सुँक्क-सुँक्क गर्नुभयो । खुइँय गर्दै लामो सास फेर्नुभयो । अनि पीरले दुई-तीन छाकसम्म भातै खानु भएन ।'

अस्पतालबाट फर्केपछि पनि उनले स्कुल जाने हिम्मत हारेनन् । उनी पढाएको सुन्थे । कण्ठस्थ पार्ने प्रयास गर्थे । आँखानजिकै ठूलो वर्णमाला लगेर अक्षरको आकार ठम्याउन खोज्थे । दृष्टि नभएकै कारण उनले तल्ला कक्षामा सुनाइ-बोलाइकै आधारमा कक्षा चढ्ने सुविधा पाए । अलिक माथिल्ला कक्षा पुगेपछि भने अरूलाई तीन घण्टाको परीक्षा समय तोकिँदा उनलाई अरूको सहयोगमा जति घण्टा लगाए पनि हुने गरी छुट दिइन्थ्यो । बेलाबेला उनी सकी-नसकी कापीमा कलम धस्थे । अक्षरको आकार त आउँथ्यो तर न डिको हुन्थ्यो न लहर मिलेको हुन्थ्यो ।

अरूलाई जस्तै उनका बालाई पनि दृष्टि नभएकाले पढ्न सक्छन् भन्ने पत्यार थिएन । चार कक्षाको कुरा हो । एक दिन बासँग अनुरोध गरे, 'बा, सबै साथीले किनिसके । मलाई पनि डिस्नेरी किन्दिनु न ।' जवाफमा जे आयो, त्यसले उनलाई पिडालु चपाएजस्तो बनाइदियो । उनले बाको जवाफ जस्ताको त्यस्तै सुनाए, 'मह नकाढ्ने मौरीको चिलाइ धेरै । यही भन्नुभएको थियो बाले ।'

कहिलेकाहीं रेडियोमा आँखा शिविर बस्दै छ भन्ने सूचना बज्थ्यो । उनी दाइलाई भन्थे, 'मलाई त्यहाँ लग्देओ न । तै उपचार भइहाल्छ कि ।' जवाफमा दाइ हकार्दै भन्थे, 'तेरो आँखा जाँ गए पनि बन्दैन । उपचारका नाममा यसले धन मात्रै सक्ने भयो ।' नेपालगन्जका विदेशी डाक्टरको कुरा सुनेर बा र जेईले पनि छोराले अब कहिल्यै आँखा देख्दैन भनेर आशा मारिसकेका थिए ।

नौ छोराछोरी पाएपछि पनि उनकी जेई गर्भवती थिइन् । सुत्केरी हुनु केहीअघि नै अत्यधिक रक्तस्राव भयो । त्यही छटपटीमा जेई बितिन् । त्यति बेला उनी १६ वर्षका मात्रै थिए । लगत्तै बाले अर्को बिहे गरेपछि उनको मन घरमा अडिएन । सबैको हेपाइ सहँदै हुर्केका उनी माया गर्ने जेई बितेपछि विरक्तिए ।

जेई बितेको पाँच वर्षपछि एक दिन उनले काइँलो भाइलाई फकाए, 'हिँड् जाम शिवरात्रिको मेला हेर्न ।' भाइको हात पक्रेर निस्किएका उनको उद्देश्य अर्कै थियो । भाइलाई फकाएर सल्यानकै शंखमूल भन्ने ठाउँसम्म आइपुगे । त्यहाँसम्म जेनतेन गाडी आइपुग्थ्यो । उनले पहिलोपल्ट गाडीको आवाज सुने । भाइलाई भने, 'म गाडीको आवाज सुन्दै गर्छु । तँ मेलामा नाचगान हेर्दै गर ।' भाइ हिँडेपछि उनी खुसुक्क गाडीभित्र लुकेर बसे ।

त्यो गाडी दाडको तुल्सीपुर पुगेर रोकियो । उनले सुनेका थिए, दुःख परेकालाई पुलिसले सहयोग गर्छ । उनले रेडियोबाट थाहा पाएका थिए, काठमाडौंमा ठूलठूला डाक्टर बस्छन् । त्यही सोचेर सके उपचार गरौंला नत्र त्यतै मरौंला भन्दै उनी काठमाडौं जान सुरिए । पुलिसकै सहयोगले साझा बस चढेर काठमाडौं आइपुगे । बालाजुको बसपार्कमा झरे र बटुवाको सहयोगमा गौशाला पुगे ।



डा. सन्दुक रुइत तिलगंगा आँखा अस्पतालमा सल्यान दामाचौरका नरहरि शर्माको आँखा जाँच्दै । तस्विर : किरण पाण्डे/कान्तिपुर

गाडीले उनलाई ठ्याक्कै धर्मशालाअघि ओरालिदिएछ । कसैले हात पक्रेर धर्मशालाभित्र छिराईदियो । उनी छामछाम छुमछुम गर्दै यताउता हिँडिरहेका थिए । धर्मशालाभित्र क्यान्टिन चलाएर बसेका बिहार, किसनगन्जका मुकुलकुमार सिन्हाले उनलाई देखे । सित्तैमा एकछाक खान दिए । धर्मशालामा टोलाएर बसिरहेका बेला कसैले उनलाई आँखाबारे सोध्यो । त्यसरी मायालु स्वरमा सोध्ने को थियो, उनलाई थाहा छैन । न उनले नाम सोधे न सोध्नेले नै बतायो । त्यही अपरिचितले उनलाई तिलगंगाको आँखा अस्पतालबारे बताएर त्यसको गेटसम्मै पुऱ्याइदियो ।

उनलाई स्पष्ट सम्झना छ, त्यो २०५३ असोज ५ गते थियो । उनी अस्पतालको प्रांगणमा टुकुक्क बसिरहे । के बोल्ने, के सोध्ने ? कसलाई भेट्ने ? केही थाहा थिएन । कसैले उनको हात पक्रेर एउटा कोठाभित्र छिरायो । मधुरो स्वरमा सोध्यो- तिमीलाई के भयो ? उनले बेलीबिस्तार लगाए । ती मान्छेले सुस्तरी हात पक्रे । केही जाँच गरे र भने, 'तिम्रो एउटा आँखा त बिग्रिसक्यो । अर्को पनि सजिलै बन्लाजस्तो छैन ।' सुनेर उनलाई आकाश खसेर थिचेजस्तो भयो । भासिएको स्वरमा भने, 'त्यसो भए मेरो जीवन यत्तिकै भयो हैन त ? यसैगरी बाँच्नुको त अर्थै छैन ।' जीवनदेखि हार खाएको कुरा सुनेपछि ती मान्छेले भने, 'तैपनि एकचोटि विशेष परीक्षण गरेर हेरौं ।'

अस्पतालका एक कर्मचारीले उनलाई कोठा नम्बर ३ भित्र छिराए । डा. नवीनचन्द्र राईले उनको विशेष परीक्षण गरे । अरू डाक्टरले के-के गरे, उनले मेसो पाएनन् । तर केही गरिरहेका छन् भन्ने महसुसचाहिँ गरे । बेलुकीतिर परीक्षणको रिपोर्ट आयो । सुरुमा जाँच्ने तिनै मान्छेले उनलाई स्नेही स्वरमा सुनाए, 'तिम्रो आँखा त थोरै खुल्लाजस्तो छ ।' अब नरहरिलाई संसारै खुलेजस्तो भयो । सुस्तरी भने, 'खुलेन भने त मेरो जीवन यत्तिकै भयो । खुल्छ भने थोरै भए पनि खोल्दिनुस् ।'

शल्यक्रिया हुने भयो । उनले सोधे, 'कति पैसा लाग्छ होला नि सर ? '

तिनले उल्टै सोधे, 'तिम्लाई पैसा ठूलो कि जीवन ?' भने, 'जीवनै ठूलो सर ।'

केही दिनमै शल्यक्रिया हुने भयो । तर अस्पतालबाट फर्केर उनी जाने ठाउँ थिएन । तिनै स्नेहीले उनलाई धर्मशालासम्म पुऱ्याइदिए र बस्ने चाँजो मिलाइदिए । शल्यक्रिया गर्ने दिन उनी सोध्दै खोज्दै अस्पताल पुगे ।

शल्यक्रियाअघि संरक्षकको हस्ताक्षर गर्नुपर्ने कागजी प्रक्रिया बाँकी नै थियो । घरदेखि भागेर हिँडेको मान्छेको कहाँ संरक्षक खोज्नु ? उनले आफ्नो सबै कथा फेरि कर्मचारीलाई सुनाए अनि संरक्षक लेखिएको ठाउँमुनि आफ्नै हातले औंठाछाप लगाए । उनलाई शल्यक्रिया कक्षभित्र लगियो । उनले २३ वर्षअघिको त्यो क्षण सम्झिए, 'भित्र लगेपछि के-के भयो मैले मेसो पाइनँ ।' नरहरिको आँखामा जन्मजात मोतियाबिन्दु भएको रहेछ । स्नेही स्वरका तिनै डाक्टरले आँखाको लेन्सछेउ सानो प्वाल बनाए । अचुक तरिकाले केराउका दाना जत्रा मोतियाबिन्दु हटाए अनि प्लास्टिकका मसिना इन्ट्राकुलर लेन्स फिट गरिदिए ।

उनलाई सम्झना छ, शल्यक्रियामा डाक्टर नवीन र डाक्टर करुणा श्रेष्ठ पनि खटिएका थिए । शल्यक्रियापछि आँखामा पट्टी लगाइयो । अस्पताल बसुन्जेल कर्मचारी राधेश्याम शाहले उनलाई खाना र औषधिको प्रबन्ध मिलाइदिए । तेस्रो दिन पट्टी खोल्नुअघि स्नेही डाक्टरले सोधे, 'आँखा देख्ने भयौ भने के गर्छौ ?'

उनले भने, 'देख्ने मात्रै भए त कस्तो हुन्थ्यो ? कल्पनै गर्न सक्दिनँ ।'

सुस्तरी डाक्टरले उनको पट्टी खोलिदिए । त्यसपछि जे भयो, उनी शब्दमा वर्णन गर्न सक्दैनन् । उनी एकैचोटि आँखै तिरमिराउने उज्यालो संसारमा अवतरित भएका थिए । उनले आफ्ना अगाडि त्यही स्नेही स्वर भएको मान्छे देखे । उनी थिए, आँखाका प्रख्यात डाक्टर सन्दुक रुइत ।

उनले पहिलो पटक मान्छेको अनुहार देखे । त्यसपछि चारैतिर हेरे । स्पर्सबाट अनुमान लगाइएको वस्तुको आकार उनी आफ्नै आँखाले देखिरहेका थिए । प्रत्येक वस्तुका आ-आफ्नै रंग थिए । तर ती रंग उनले चिनेनन् । कुन रंगलाई के भनिन्छ, थाहा थिएन ।

उनले चारैतिर आँखा घुमाए तर केही बोल्न सकेनन् । त्यो पल सम्झिँदै उनले सुनाए, 'एकैचोटि सोच्दै नसोचेको खुसी मिल्दा त बोल्ने शब्द पनि हराउँदो रै'छ ।' नरहरिलाई आफू दोस्रोपल्ट जन्मेजस्तो महसुस भयो । पहिलोपल्ट आमाको कोखबाट । अर्कोचोटि डाक्टर सन्दुक नेतृत्वको शल्यक्रियाबाट । पहिलोपल्ट जन्मिँदा संसार अँध्यारो थियो । दोस्रोपल्ट जन्मिँदा उज्यालो ।

आँखामा नयाँ पट्टी राखियो । ११ दिनसम्म नियमित औषधि राख्नुपर्ने डाक्टरको सुझाव थियो । त्यतिन्जेल एउटै सुरुवाल र मैलो भइसकेको सर्ट देखेर अस्पतालले नै नयाँ कपडा किनिदियो । पट्टी खोलेपछि अस्पतालले उनलाई धुलो छेक्ने चस्मा लगाइदियो ।

आशा सकिएर निराशाको गर्तमा डुबेका नरहरि उपचार सकिएको २५औं दिन उत्साहको चुली टेक्दै हिँडिरहेको महसुस गर्दै थिए । उनी भर्खर संसार सिक्दै गरेको बालकझैं जिज्ञासु देखिन्थे । चारैतिर आँखा डुलाएको डुलायै गर्थे । प्रत्येक चिज अनौठो देख्थे । प्रत्येक दृश्य नयाँ लाग्थे । प्रत्येक मान्छे, तिनका हाउभाउ, तिनको अनुहारको भाव सबै-सबै नयाँ लाग्थे । अब उनी आफू जन्मेको, आफू हिँडेको, आफू लोटेको ठाउँ हेर्न चाहन्थे । बाको अनुहार हेर्न चाहन्थे । तर घर फर्किने भाडा कहाँबाट होस् । धर्मशालाका उनै मनकारी मुकुलले उनलाई तीन सय दिएर भने, 'सके तिर्नू । नसके भैगो ।'

सबै कुरा उही थियो । तर नरहरिका निम्ति संसारै बदलिएको थियो । लड्दैपड्दै, छामछाम-छुमछुम गर्दै हिँडेको गाउँमा उनी ठमठमी हिँडिरहेका थिए । पाइलामा गति थियो, अनुहारमा आभा । आँगन नटेक्दै परबाटै उनलाई बाले देखिहाले । लडिहाल्लाजसरी बिस्तारै खुट्टाभन्दा हात अघि चालेर हिँड्ने छोरो ठमठमी हिँडेको देख्दा उनले लख काटिहाले- पक्कै छोराले दृष्टि पायो ।

उनले पहिलो पटक बाको अनुहार नजिकबाट हेरे । मान्छेका अनुहार फरक-फरक हुन्छन् । अनि बाको अनुहार झनै प्रिय हुन्छ भन्ने उनले त्यही बेला महसुस गरे । कसैले जवान बा, कसैले वयस्क बा देखे तर उनले देख्दा बाको अनुहारमा उमेरले धर्काहरू कोरिसकेको थियो ।

त्यो क्षण सुनाउँदै गर्दा उनको वाचाल मुख पनि टक्क रोकियो । शब्द घाँटीमै अड्कियो । आँखाको डिलभरि आइसकेको आँसु पुछ्दै भने, 'धेरैबेरसम्म म बोल्नै सकिनँ । भावविह्वल भन्छन् नि, हो त्यस्तै भयो ।' उनले लामो सास ताने । अनि फेरि भने, 'दुःख भोग्नभन्दा त्यो भोगाइको कथा सुनाउन गाह्रो हुँदो रहेछ ।'

धेरै बेरपछि बाले आफूलाई सम्हाल्नुभयो र सोध्नुभयो, 'कसरी देख्ने गराइस् त साइँला ।' उनले सबै कुरा भने अनि मनमनै आमालाई सम्झिए । अनि भने, 'अलि पहिल्यै उपचार पाएको भए त आमाको अनुहार पनि देख्न पाउँथें ।' यति भनेर उनले पर्सबाट आमाको श्यामश्वेत फोटो निकालेर देखाए । अनि भने, 'समयमै उपचार पाको भए फोटो हेरी चित्त बुझाउन पर्दैनथ्यो ।'

दृष्टि पाएपछि महिनौं लगाएर उनले रंगहरू चिने । अक्षरहरू काला मात्रै हुँदा रहेनछन्, रंगीचंगी हुँदा रहेछन् भन्ने थाहा पाए । किताबमा अक्षर मात्रै होइन, चित्र पनि हुँदा रहेछन् भनेर जान्न पाए । दृष्टि पाएपछिको पहिलो दसैंमा जमराको रंग चिने । अक्षता गाढा रातो हुँदो रैछ भन्ने थाहा पाए । मखमली फूल कलेजी रंगजस्तै हुन्छ, सुपारे फूल बैजनी रंगको हुन्छ भन्ने थाहा पाए । दसैं बल्ल दसैंजस्तो भयो । तिहार बल्ल झिलीमिली भयो ।

उनलाई जिस्क्याउनेहरू तर्किने भए । दया गर्नेहरू स्नेही भए । छुच्चाहरू पनि असलजस्ता भए । हेप्नेहरू नहेप्ने भए । सान्त्वना मात्रै दिनेहरू मिजासिला भए । उनले छुटेको पढाइ ९ कक्षाबाट अगाडि बढाए । एसएलसी सके । आत्मविश्वासको बलमा हिँड्नुको मज्जा लिए अनि आफ्नै बुताले हिँडेर घरदेखि दुई दिन परको उपिण्डेदहस्थित नवज्योति प्राविमा अस्थायी शिक्षकको जागिरे भए । त्यसपछि पनि प्रवीणता प्रमाणपत्र तहको पढाइ सकेरै छाडे ।

यिनै नरहरि अहिले सल्यानकै दमाचौर आधारभूत विद्यालयमा स्थायी प्रावि शिक्षक छन् । दुई वर्षपछि अवकाश पाउँदै छन् । उनले सोचिसकेका छन्- डाक्टर रुइतले मलाई दृष्टि दिएर नयाँ जीवन दिनुभयो । अब मैले पनि अरूलाई यसैगरी जीवन दिएर गुनको गुन तिर्नु छ । पशुपति धर्मशालाभित्र रेस्टुरेन्ट चलाएर बसेका मुकुलकुमार जसले चिन्दै नचिनेका नरहरिलाई सहयोग गरेर दृष्टि प्राप्त गर्ने बाटोमा सहयोगी बने । आइतबार दस बजेतिर धर्मशाला पुग्दा तीस वर्षदेखि एकै ठाउँ रेस्टुरेन्ट चलाएर बसेका मुकुल खाटमा ढल्किएर आराम गर्दै थिए । उनले दुई दशकअघिको समय सम्झिँदै भने, 'छामछाम-छुमछुम गर्दै एउटा केटो आएको थियो । भलो होस् भन्ने चिताएर मैले सहयोग गरें । लेकिन त्यो कुनै ठूलो बात होइन ।'

मुकुलले खान र बस्न नदिएको भए, विश्वास गरेर घर फर्किन भाडा नदिएको भए आफूले कति दुःख पाउँथें, नरहरि स्वयंलाई थाहा छैन । त्यही गुन सम्झेर पनि प्रत्येकपल्ट काठमाडौं आएका बेला नरहरि उनलाई श्रद्धापूर्वक भेट्छन् । छुट्टिने बेलामा मनकारी मुकुलले जीवनको निष्कर्ष सुनाएजसरी भने, 'यो दुनियाँमा राम्रैराम्रा मान्छे छन् । लेकिन नराम्रा मान्छेकै धेरै प्रचार भइरहे ।'

त्यसो त मानवीय सेवाभावले भरिएका आँखाका विश्वविख्यात चिकित्सक डा. रुइतसँग भेट नभएको भए नरहरि कहाँ के गर्दै हुन्थे ? यसको उत्तर उनीसँग छैन । डा. रुइतले उनको दृष्टि मात्रै फर्काइदिएनन्, नयाँ जीवनकै बाटो देखाइदिए । त्यही नयाँ बाटो हिँडेर शिक्षक भएका नरहरि गत शुक्रबार काठमाडौं आएका थिए । डा. रुइतसँग तीन वर्षको सहकार्यपछि अस्ट्रेलियाली पत्रकार अलि ग्रिपरले लेखेको 'द बेयरफुट सर्जन' पुस्तकको खगेन्द्र संग्रौलाले गरेको नेपाली अनुवाद विमोचन गर्न उनी निम्त्याइएका थिए । पुस्तक विमोचनपछि नरहरिले भने, 'सन्दुकले आँखाको अप्रेसन गरेपछि मेरो दोस्रो जीवन सुरु भयो ।' नरहरिको बदलिएको संसारबारे किताबमा यस्तो लेखिएको छ- अस्पताल आउँदा उनी दुब्लापातला र कुप्रो परेका थिए । बर्खायामको एक गर्मी अपराह्न आफूलाई डोऱ्याउने मानिसको कमिजको फेर समातेर धर्मराउँदै बसबाट ओर्लेर, बडो मुस्किलले वाग्मतीमाथिको पुल पार गरेर उनी अस्पतालको गेटमा आइपुगेका थिए । त्यसबखत उनीसँग खल्तीमा पाँच रुपैयाँ र लगाएको कमिज, सुरुवाल र चप्पलसिवाय केही थिएन । नरहरिले पत्रकार अली ग्रिपरसँग कुरा गर्दै भनेका थिए, 'डाक्टर रुइतलाई कसरी स्याबासी दिने हो, मलाई थाहा छैन । मेरा लागि यो संसारमा दुईवटा चीज छन्- भगवान् र डाक्टर रुइत । साँच्चै भनूँ भने यी दुई चीज उस्तै हुन् । डाक्टर रुइतले मलाई नेत्रज्योतिभन्दा धेरै चीज दिए । उनले मलाई अर्को जीवन दिए ।'

रामोन म्यागसेसेका साथै हालैमात्र प्रधानमन्त्री केपी शर्मा ओलीको हातबाट राष्ट्रिय प्रतिभा पुरस्कार पाएका डा. रुइतले कति हजार नरहरिहरूको उपचार गरे त्यसको गणना सजिलो छैन । तर अझै नथाकेका यी डाक्टरले आफ्ले शल्यक्रिया गरेका एक लाख बीस हजारभन्दा बढीमध्ये नरहरिलाई नै किन सम्झे ? किन उनैलाई किताब विमोचन गर्न सल्यानदेखि काठमाडौं झिकाए ?

यो प्रश्नको जवाफमा विमोचनको भोलिपल्ट डा. रुइतले प्रसन्न भावमा भने, 'जसरी तपाईं (पत्रकार) हरू सयौं रिपोर्टिङ गर्नुहुन्छ, तर एकाध रिपोर्टिङले हृदय छुन्छन् नि, हो त्यस्तै हो । उनको कथा पनि मेरा लागि त्यस्तै हो । उनी दारुण अवस्थामा काठमाडौं आएका थिए । दृष्टि पाएपछि उनको जीवन फेरियो । उनले आफ्नो परिवारको मात्र नभई समाजकै जिम्मेवारी निभाइरहेका छन् । पहिलोपल्ट भेट्दा उनी जीवन सकियो भनेर हार मानिरहेका थिए । तर दृष्टि पाएपछि अरूलाई शिक्षाको उज्यालो बाँडिरहेका छन् । त्यही भएर पनि मैले उनैलाई सम्झेको ।'

Request for Proposal (RFP)

First published: 1st October 2019

Nepal Eye Program, Tilganga Institute of Ophthalmology is seeking proposals from interested relevant organizations for **1. Courier and Cargo Agency, RFP-01/076/077 2. Ticketing and Tour and Travel Agency, RFP-02/076/077 3. Advertising Agency, RFP-03/076/077** as specified in RFP.

This RFQ is open to all qualified, experience and legally authorized professional organizations that can provide the requested services. The technical and financial proposals should reach to the following address no later than 12:00 noon by 15th October 2019.

For details of the RFP, please visit at Procurement Department

Nepal Eye Program
Tilganga Institute of Ophthalmology
Gaushala, Kathmandu Nepal
Phone: 01-4493775, 4493684.

Tilganga | INSTITUTE OF OPHTHALMOLOGY

PROCUREMENT NOTICE

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Empowered lives. Resilient nations.

The UNDP Nepal is soliciting bids from interested firms/companies to provide the following services.

Reference No.: Request for Quotation - **UNDP/RFQ/33/2019**
Project: UNDP Country Office and Projects
Purpose: Stationery Supply Services and Management
Pre-bid meeting: 11AM, October 17, 2019
Deadline for quotation submission: 5:00PM, October 23, 2019

Reference No.: Request for Proposal - **UNDP/RFP/11/2019**
Project: UNDP Nepal
Purpose:. Conducting the Baseline Assessment and Survey of a proposed GCF funded projecty
Deadline for bid submission: 5:00PM, 25 October 2019

Weblink:http://www.np.undp.org/content/nepal/en/home/operations/procurement.html
Who can apply: National and international firms/companies
How to apply: As per the instructions in the detailed bidding document.

मित्रताको यो पनि संयोग

एउटी बोल्न नसक्ने, अर्की देख्न

■ **रमेशचन्द्र अधिकारी** (धनकुटा)

एउटा नबोल्ने, अर्को नदेख्ने । बास दुवैको एउटै कोठामा । आपसी संवाद सहज छैन । तर एकअर्काका अभिन्न साथी छन् ।

तमोर नदीनजिक मूलघाटस्थित विश्रान्ति वृद्धाश्रममा आश्रय लिएका ५५ वर्षीया देवी लामिछाने र उनीसँगै बस्ने ६५ वर्षीया कालीमाया राईको कथा हो यो । लामिछाने दृष्टिविहीन हुन् । राई बोल्न सक्दिनन् । देवीले बोलेको कालीमायाले सुन्न र बुझ्न सक्दिनन् । कालीमायाले गरेको इसारा देवीले देख्न सक्दिनन् । खाना खाने समयमा बज्ने घण्टीको आधारमा देवीले छामेर थाल देखाउँछिन्, कालीमायाले खाना खाने संकेत बुझिछन् र नजिकै रहेको सामूहिक भान्सा घरमा जान्छिन् । वृद्धाश्रमले बासस्थान र खानपिनको प्रबन्ध गरेको छ । खानाको समयमा घण्टी बज्छ । कालीमायाले देवीसँग आफ्नो भावना व्यक्त गर्दा छोएर नबुझिने आवाज निकाल्छिन् । जसलाई अनुमानका आधारमा सांकेतिक जवाफ फर्काउँछिन् ।

बाल्यावस्थामै दृष्टिविहीन बनेकी देवी २०७१ सालमा धरानबाट आफन्तको माध्यमले वृद्धाश्रममा पुगिन् । बहिनीको घरमा रहेकी उनी रोशन नाम गरेका व्यक्तिको सहयोगमा त्यहाँ पुगेको बताउँछिन् । तुलसा निरौला नामकी वृद्धासँग कोठामा बस्दै आएकी उनी त्यही कोठामा देवी थपिएकी थिइन् । कालीमायालाई भने अघिल्लो वर्ष पाखिबासबाट आफन्तले वृद्धाश्रम राखिदिएका थिए ।



धनकुटाको विश्रान्ति वृद्धाश्रमको एउटै कोठामा दृष्टिविहीन देवी लामिछाने र सुस्तश्रवण कालीमाया राई । तस्विर : रमेशचन्द्र/कान्तिपुर

उनी धेरैजसो सांकेतिक रूपमा कुरा गर्छिन् । संकेत गर्ने क्रममा मुखबाट नबुझिने आवाज निस्कन्छ । जसलाई अरूले बुझ्न सक्दैनन्, तर देवीले अनुमान गरेर बुझ्ने बताइन् । कहिलेकाहीं धित मरुन्जेल विगतका कुरा गर्न मन लाग्दा भने असाध्यै समस्या हुने उनी बताउँछिन् । 'एकै ठाउँमा बसेपछि साथी त भइयो,' उनले भनिन्, 'तर के गर्ने दुवैलाई प्रकृतिले ठगेको छ ।' सांकेतिक रूपमा कालीमायाले आफ्नो घर टाढा रहेको इसारा गरिन् । उनी आवाज निकाल्ने कोसिस त गर्छिन्, तर बोली बुझिँदैन । दुवैजना मिलेर बसेको व्यवस्थापक कमला दाहाल बताउँछिन् । 'कालीमाया आउँदा देवी बस्ने कोठामा एउटा खाट खाली थियो, त्यसैले दुवैलाई एकै ठाउँ राखिएको हो,' उनले भनिन् । वृद्धाश्रममा हाल ४२ जना वृद्धवृद्धा छन् । अधिकांशमा कुनै न कुनै स्वास्थ्य समस्या छ । दर्जन बढीमा मानसिक समस्या रहेको वृद्धाश्रमका महासचिव जनार्दन घिमिरेले बताए । कतिपयलाई पक्षाघात, श्वासप्रश्वास र नसासम्बन्धी स्वास्थ्य समस्या छ । वृद्धाश्रमको शरणमा रहेकाहरू एउटा कोठामा एकदेखि तीनजना बस्दै आएका छन् । महिला र पुरुषलाई भिन्दाभिन्दै कोठा छ । 'कसलाई कहाँ राख्ने भन्ने ठाउँ खाली भएका आधारमा निर्णय लिन्छौं,' घिमिरे भन्छन् । यसै आधारमा कालीमाया र देवीको पनि बसाइ संयोग मिलेको उनले बताए ।

दुवैको नागरिकता छैन । भएको भए देवीले यतिबेला सामाजिक सुरक्षा भत्ता पाउने थिइन् । 'नागरिकताका लागि धेरैलाई गुहार मागें,' देवीले भनिन्, 'कसैले चासो दिएनन् ।' त्यसो त वृद्धाश्रममा बस्दै आएका उनीहरूसहित ७ जना वृद्धवृद्धाको नागरिकता छैन । 'आश्रय लिए पनि नागरिकता भए पकेट खर्च सामाजिक सुरक्षा भत्ताबाट हुन्थ्यो,' व्यवस्थापक कमला दाहाल भन्छिन् । नागरिकता नहुनेमा भोजपुरका ७५ वर्षीय वीरबहादुर भुजेल पनि छन् । भोजपुरको टक्सारका अविवाहित भुजेलका भाइभतिजलगायत आफन्त छन् । कसैले पनि नागरिकता बनाइदिन सहयोग नगरेको उनको गुनासो छ । आफन्तको उपेक्षापछि वृद्धाश्रमको शरणमा आइपुगेकी धरानकी ५६ वर्षीया सन्तोष अग्रवालको पनि नागरिकता छैन । ७५ वर्षीया निर्मलाकान्छी खड्का र ७० वर्षीय तोक्चे भुजेल पनि नागरिकताविहीन छन् । तेह्रथुमको मुसाडखेल घर भएकी सुस्तश्रवण अवस्थाकी लाटी कान्छीलगायतको पनि नागरिकता बन्न नसक्दा राज्यबाट पाउने सुविधाबाट वञ्चित रहेको गुनासो छ ।

Request for Quotation (RFQ)

First published: 1st October 2019

Nepal Eye Program, Tilganga Institute of Ophthalmology is seeking quotation from interested relevant organizations for **'Supply, Delivery, Installation and Commissioning of 1. Industrial Central Vacuum system, RFQ-01/076/077, 2. Stability Chamber, RFQ-02/076/077, 3. Pattern less Auto Edging Machine, RFQ-03/076/077, 4. Lab Deep freezer, RFQ-04/076/077 5. Waste Autoclave machine, RFQ-05/076/077'** as specified in RFQ.

This RFQ is open to all organizations that can provide the requested goods, are legally constituted and have a valid registration. The last date of submission of Quotation is 15th October, 12:00 noon.

For details of the RFQ, please visit at Procurement Department

Nepal Eye Program
Tilganga Institute of Ophthalmology
Gaushala, Kathmandu Nepal
Phone: 01-4493775, 4493684.

Tilganga | INSTITUTE OF OPHTHALMOLOGY

"असल श्रम सम्बन्धको आधार
सामाजिक सुरक्षा र रोजगार"
सामाजिक सुरक्षा कोषमा दर्ता हुनुभयो ?
मात्र १७ दिन बाँकी
सामाजिक सुरक्षा कोष
फोन नं.: ०१ ४२५६१४४/४२५६३१५, टोल फ्रि नं.: १११६
www.ssf.gov.np

ekantipur.com

अर्थ वाणिज्य





दसैंमा घर फर्किन सोमबार काठमाडौंको गोंगबुमा बस पखिँदै यात्रु । आइतबार रुट परमिट खुलेसँगै उपत्यकाबाट दैनिक १६ हजार यात्रुवाहक सवारी बाहिरिन थालेका छन् ।
तस्बिर : केशव थापा/कान्तिपुर

निजीभन्दा खाद्यका खसीबोका सस्ता

■ **राजु चौधरी** (काठमाडौं)

- एउटा परिवारलाई एउटा खसी
- खसी प्रतिकिलो ५ सय ५० र च्याङ्ग्रा ७ सय ३० रुपैयाँमा बिक्री

सरकारले निजी व्यापारीभन्दा सस्तोमा खसीबोका र च्याङ्ग्रा बिक्री सुरु गरेको छ । दसैंमा उपभोक्तालाई सहुलियत दरमा बिक्री गर्न खसी प्रतिकिलो ५ सय ५० र च्याङ्ग्रा ७ सय ३० रुपैयाँमा बिक्री गरेको हो ।

'मूल उद्देश्य सहुलियत दरमै उपलब्ध गराउनु हो । बजार हस्तक्षेप गर्नु हो,' खाद्य व्यवस्था तथा व्यापार कम्पनीका महाप्रबन्धक योगेन्द्र गौचनले भने, 'सोमबारदेखि गुणस्तर खसीबोका र च्याङ्ग्रा सस्तोमा बिक्री सुरु गरेका छौं ।' सरकारले खसीबोका र च्याङ्ग्रा थापाथली गोदामबाट बिक्री गरिरहेको छ । गौचनका अनुसार सोमबार आपूर्तिमन्त्री मात्रिका यादव, सचिवसहितको बैठकले खसीबोका प्रतिकिलो ५ सय ६० रुपैयाँ निर्धारण गरेको थियो ।

उक्त मूल्यमा थप १० रुपैयाँ छुट दिएर ५ सय ५० रुपैयाँमा बिक्री गरिएको हो । बैठकले च्याङ्ग्राको मूल्य ७ सय ४० रुपैयाँ निर्धारण गरिएको छ । उक्त मूल्यमा थप १० रुपैयाँ छुट दिएर प्रतिकिलो ७ सय ३० रुपैयाँमा बिक्रीमा राखेको महाप्रबन्धक गौचनले बताए । 'खसीबोकाको बजारमूल्य निरन्तर विश्लेषण गरिरहेका छौं । सबै अध्ययन र विश्लेषणसहितका छुट दिएर बिक्री गरेका छौं,' उनले भने, 'कम्पनीले बेच्ने मूल्य धेरै सस्तो हो ।'

चौपाया व्यवसायी संघ कलंकी र काठमाडौं चौपाया खरिद बिक्री प्रालिले खसीअनुसार प्रतिकिलो ५ सय ५० देखि साढे ६ सय रुपैयाँमा बिक्री गर्दै आएका छन् । संघका निर्वतमान अध्यक्ष दीपक थापाका अनुसार च्याङ्ग्रा अनुसार प्रतिकिलो ८ सय र खसीबोका पनि निरोगिता अनुसार प्रतिकिलो साढे ६ सय रुपैयाँमा बिक्री भइरहेको छ । ठूलो भुँडी मासु कम आउने खसीबोका भने ५ सय ५० रुपैयाँमा पाइने थापाले बताए । व्यवसायीहरूले विभिन्न मूल्य राखेपछि उपभोक्ता अन्यौलमा परेको खाद्य व्यवस्था कम्पनीको दाबी छ ।

'दुई-तीन थरी मूल्य गर्दा उपभोक्ता भ्रममा परेका छन् । अनुगमनको क्रममा ठूलो भुँडी र रोगी ५ सय ५० भनेका छन्,' वाणिज्य आपूर्ति तथा उपभोक्ता हित सरक्षण विभागका महानिर्देशक समेत रहेका गौचनले भने, 'यसले उपभोक्तामा भ्रम सिर्जना भएको छ ।' खाद्य व्यवस्था कम्पनीले बिक्री गर्ने खसीबोका भने पूर्ण रूपमा स्वस्थ रहेको उनको दाबी छ । उक्त खसीबोका एउटा परिवारलाई एउटा मात्रै खरिद गर्न पाउने जनाएका छन् । खाद्य व्यवस्था कम्पनीका विभागिय प्रमुख श्रीमणि खनालले पनि घाटा खाएर सहुलियत दरमा बिक्री भइरहेको बताए । उनका अनुसार हेटौंडामा प्रतिकिलो खसी ५ सय ७० रुपैयाँमा खरिद भएको छ । दाङमा प्रतिकिलो ५ सय ३५ रुपैयाँमा खरिद भएको छ ।

'यो मूल्य ढुवानी बाहेकको हो,' उनले भने, 'ढुवानी खर्च जोड्दा कम्पनी नोक्सानमा हुन्छ । यद्यपि चाडबाडमा उपभोक्तालाई सस्तोमा उपलब्ध गराउने उद्देश्य हो ।' उनका अनुसार मुस्ताङमा च्याङ्ग्रा प्रतिकिलो ५ सय ६० मा खरिद भएको छ । बेनीसम्म करिब ४ दिन हिँडाएर बेनीबाट ढुवानी गरिएको छ । 'खरिद गर्ने क्रममा सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा हुने खरिद समितिले मूल्य निर्धारण गर्छ । खरिद मूल्यमा कुनै बार्गेनिङ हुँदैन,' उनले भने, 'सबै जोड्दा बिक्री मूल्य केही नोक्सानमै छौं ।' उनका अनुसार व्यवसायीले उपत्यका भित्र्याएका च्याङ्ग्राभन्दा सरकारले ल्याएकाको राम्रो छ । मुस्ताङको गोठगोठबाट खरिद गरिएको छ ।

व्यवसायीहरूले भने मुस्ताङसँगै तातोपानीबाट पनि आयात गरेका छन् । **बाँकी पृष्ठ १८ ▸▸**

'डुइङ बिजनेस' सुधार्ने २० राष्ट्रमा परेन नेपाल

कान्तिपुर संवाददाता (काठमाडौं)

वैदेशिक लगानी भित्र्याउन गत वर्ष आधा दर्जन कानुन संशोधन गर्दै सरकारले लगानीकर्ताका लागि आकर्षक गन्तव्य भएको दावी गरे पनि नेपाल 'डुइङ बिजनेस'मा सुधार गर्ने अग्रणी २० वटा देशको सूचीमा परेन । विश्व बैंकले यसै साता सार्वजनिक गरेको डुइङ बिजनेस प्रतिवेदनमा धेरै सुधार गरेका २० वटा देशको सूचीमा नेपाल अटाएन ।

भारतसहित बंगलादेश, चीन, जोर्डन, कुवेत र म्यानमारजस्ता एसियाली देश व्यवसाय सहजता सुधार गरेका विश्व भरका २० वटा मुलुकको सूचीमा अटाएका छन् । विश्व बैंकले सार्वजनिक गरेको अपडेटमा यी २० देशले कुन कुन क्षेत्रमा आफूलाई सुधार गरे भन्ने विषयमा वर्णन गरिएको छ ।

भारतले व्यापार सुरु गर्ने प्रक्रिया, अन्तरदेशीय व्यापार प्रक्रिया र निर्माण सम्बन्धी स्वीकृतिका प्रक्रियामा सुधार गरेको विश्व बैंकले जनाएको छ । चीनले पनि व्यापारको लागि आवश्यक प्रक्रियाहरू अनलाइनबाटै मिलाउन सकिने व्यवस्था मिलाएको विश्व बैंकले जनाएको छ ।

गत वर्ष वैदेशिक लगानी भित्र्याउन सहजता प्रदान गर्ने भन्दै सरकारले आधा दर्जन कानुन संशोधन गरेको थियो । सरकारले चैत १५ र १६ गते काठमाडौंमा लगानी सम्मेलन आयोजना गर्दै नेपालमा लगानी र व्यवसाय गर्न सहज भएको भन्दै लगानीका लागि आह्वान गरेको थियो । सरकारले विदेशी लगानीकर्ताको लागि एकद्वार प्रणाली स्थापना गरेको, नाफा लैजान सहज कानुन बनाउने, मुद्रा जोखिम कम गर्नको लागि हेजिङ फन्ड स्थापना गर्ने भन्दै लगानीकर्तालाई नेपाल सहज गन्तव्य भएको दावी गरेको थियो ।

एक सय ९० देशको अर्थतन्त्र समेटेर विश्व बैंकले हरेक वर्ष जारी गर्ने डुइङ बिजनेस रिपोर्ट आउन भने बाँकी छ । अबको केही सातामा रिपोर्ट सार्वजनिक हुनेछ ।

चामलभन्दा ढुवानी महँगो

■ **ज्योति कटुवाल** (वीरेन्द्रनगर, सुर्खेत)

हुम्लाको सर्केगाड गाउँपालिका उनापानीकी ४५ वर्षीया मैनकला रावतले मुगुबाट खाद्यान्न ओसार्न थालेको १५ वर्षभन्दा बढी भयो । उनी हिउँद र चाडपर्वका बेला खच्चड र चौरीसहित चामल लिन गमगढी आउँछिन् ।

उनी मात्र होइन, हुम्लाको खाद्य गोदाममा पर्याप्त चामल नहुँदा उनापानीका अधिकांश बासिन्दा साता लगाएर गमगढीबाट खाद्यान्न ओसार्छन् । सीमा क्षेत्रका कतिपय बासिन्दा भने चिनियाँ खाद्यान्नको भर पर्छन् । 'गाउँमा चामल पाउन सधैं मुस्किल हुन्छ,' सिमकोटका राजन बोहोराले भने, 'सरकारले हामीलाई हवाई ढुवानीको चामल दिएर वर्षभरिको छापो लगाउनुभन्दा सडक बनाईदिए सस्तोमा चामल किन्न पाउने थियौं ।' उनले ढुवानी रकमबाटै एयरलाइन्सका मालिक झन् धनी बने पनि हुम्ली जनतासँग चामल किन्ने पैसा नभएको गुनासो गरे ।

हवाईमार्गबाट हुम्ला पुगेको उच्च गुणस्तरको ३० किलो चामलको मूल्य ६ हजार रुपैयाँ पर्छ । सुर्खेत र नेपालगन्जबाट ११ हजार ३ सय ९० रुपयाँ प्रतिक्विन्टलका दरले खाद्यान्न ढुवानी हुने गरेको छ । सदरमुकाम सिमकोट राष्ट्रिय सडक सञ्जालमा नजोडिँदा डेढ वर्षमा खाद्यान्न ढुवानीमै २० करोड रुपैयाँ सकिएको छ । वर्षभरि चामल ढुवानी गर्न लाग्ने रकमले दुई वर्षमै जिल्लालाई सडक सञ्जालमा जोड्न सकिने बोहोरा बताउँछन् । सडक सुविधा नभएकै कारण हुम्लामा बर्सेनि खाद्यान्न अभाव भइरहन्छ । जहाजमार्फत ढुवानी गरिएको चामलसमेत चाहेको बेला किन्न नपाइने स्थानीय ओमप्रकाश रोकायाले गुनासो गरे । हवाईमार्गभन्दा स्थलमार्गबाट ल्याइएको चामल अढाई गुणा सस्तो हुने भए पनि हवाई ढुवानीकै चामल किन्नुपर्ने बाध्यता भएको उनले बताए ।

सदरमुकाम सिमकोटमा तारा, गोमा र यती एयरलाइन्सले चामल ढुवानी गरिरहेका छन् । नेपालगन्ज खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले गत वर्ष ७ करोड ३१ लाख ६६ हजार र यस वर्ष ३ करोड ४१ लाख रुपैयाँको चामल ढुवानी गरिसकेको जनाएको छ । नेपालगन्जबाट आर्थिक वर्ष ०७५/७६ मा ६ हजार ७ सय ६० क्विन्टल ढुवानी भएको नेपालगन्ज कार्यालय प्रमुख भरत खनियाँले बताए । यस्तै सुर्खेतबाट ०७५/७६ मा ६ हजार ८ सय ८१ क्विन्टल चामल हुम्ला पठाइएको छ । गत वर्ष हवाई ढुवानी भाडामा ७ करोड १५ लाख ८३ हजार रुपैयाँ खर्च भएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड सुर्खेतका प्रमुख भीम थापाले बताए । उनका अनुसार यस वर्ष हवाई ढुवानीमा ३ करोड ४१ लाख ६० हजार रुपैयाँ खर्च भएको हो ।

संस्थानको हुम्ला कार्यालय प्रमुख भरत विष्टले पहिलोपटक काडमाडौं-केरुङ तिब्बत हुँदै सिमकोटमा चामल ढुवानी भएको बताए । उनका अनुसार आर्थिक वर्ष ०७५/०७६ मा सुर्खेत र नेपालगन्जबाट हवाई र स्थलमार्गबाट हुम्लाका लागि १४ हजार ८ सय ३१ क्विन्टल चामल हुम्ला पुगेको छ । उनले नेपालगन्जबाट ५ सय २०, सुर्खेतबाट ६ हजार ६ सय ८१, धनगढीबाट स्थलगत ३ सय ४ क्विन्टल चामल हुम्ला पुगेको जनाए । गत वर्षको ११ हजार ९ सय क्विन्टल चामल बिक्री भइसकेको छ ।

यस्तै चालु आर्थिक वर्षको दुई महिनामा नेपालगन्जबाट १ हजार ६ सय ६० क्विन्टल र सुर्खेतबाट ८ सय ४३ क्विन्टल चामल सिमकोट पुगेको छ । हुम्लामा २ खाद्य डिपो र ४ वितरण केन्द्रमार्फत चामल बिक्री हुने गरेको छ । 'सिमकोटमा त जसोतसो चामल हुन्छ,' शाखा प्रमुख विष्टले भने, 'अन्य वितरण केन्द्रमा चामल जानविर्त्तिकै हारालुछ हुन्छ, एक सातामै चामल सकिन्छ ।' उनले दसैं-तिहारका लागि स्थलमार्गबाट चामल आइरहेको जानकारी दिए । सुर्खेतस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनीका अनुसार गत आर्थिक वर्षमा कर्णालीका विभिन्न जिल्लामा ३६ हजार २ सय २२ क्विन्टल चामल गएको

सुर्खेत र नेपालगन्जबाट ११ हजार ३ सय ९० रुपैयाँ प्रतिक्विन्टलका दरले खाद्यान्न ढुवानी

छ । सुर्खेतबाट ३ हजार ७९ क्विन्टल मोटो चामल, ९ हजार ८ सय ५३ क्विन्टल सोना मन्सुली, ४ हजार १ सय ९६ क्विन्टल जिरा मसिनो र २५ हजार ८ सय ७२ क्विन्टल जापानी चामल विभिन्न जिल्लामा गएको कार्यालयले जनाएको छ । सुर्खेत शाखा प्रमुख थापाका अनुसार डोल्पामा भने गत वर्षकै चामल मौज्दात छ । डोल्पामा सुर्खेत, तुलसीपुर र नेपालगन्जबाट बर्सेनि ६ हजार क्विन्टल चामल ढुवानी हुने गरेको छ । डोल्पामा अहिले ३ हजार ७ सय ६० क्विन्टल चामल बाँकी छ ।

सुपथ पसलमा छैन कर्णालीको खाद्यान्न

दसैं-तिहारको समयमा सुर्खेतमा बर्सेनि सुपथ मूल्य पसल सञ्चालन गरिन्छ । तर उक्त पसलमा कर्णालीको अर्गानिक खाद्यान्न नराखिँदा उपभोक्ताको आकर्षण कम छ । सुपथ पसलमार्फत अरू समयमा नबिकेको चामल बिकाउने प्रयास हुने गरेको स्थानीयको आरोप छ । सुर्खेती बजारमा धेरै माग हुने मार्सी चामल, स्याउ, ओखर, फापर, अन्य खाद्यान्न नराखिँदा सुपथ पसलमा ध्यान जान नसकेको स्थानीय विष्णु भण्डारीले बताइन् ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले चाडपर्वमा पसलबाट १० रुपैयाँसम्म मूल्य घटाएर चामल बिक्री गर्ने गरिएको जनाएको छ । कार्यालय प्रमुख भीमबहादुर थापाले मोटो चामल ३७, सोना मन्सुली ४०, जिरा मसिनो ५० र जापानी चामल साढे ४६ रुपैयाँमा बिक्री भइरहेको जानकारी दिए ।


अर्थभित्र

स्याउ ढुवानीमा सास्ती
पृष्ठ १६

महँगीले दसैं खल्लो
पृष्ठ १७

व्यापारीले लुकाउन थाले प्याज

कान्तिपुर सवाददाता (काठमाडौं)



भारतले निर्यातमा प्रतिबन्ध लगाएलगत्तै यहाँका व्यापारीहरूले प्याज लुकाउन थालेको भेटिएको छ । वाणिज्य आपूर्ति तथा उपभोक्ता हित सरक्षण विभागले सोमबार कालीमाटी थोक बजारमा गरेको अनुगमन यस्तो भेटिएको हो ।

विभागका निरीक्षण अधिकृत रमेशकाजी श्रेष्ठका अनुसार प्रतिबन्ध लागेपछि मौज्दातको अवस्था, खरिद र बिक्रीबारे निरिक्षण गर्न ४ टोली थोक बजार पुगेको थियो । त्यसक्रममा व्यवसायीहरूले प्याज लुकाएको फेला परेको हो । 'अनुगमनको क्रममा अर्याल आलु/प्याज सप्लार्यसले किलोको सोमबार १ सय ७ रुपैयाँमा खरिद गरेको प्याज १ सय १० मा बिल काटेको देखियो । सोही प्याज आइबार ९५ रुपैयाँमा खरिद गरेर १ सय १० रुपैयामा बिक्री गरेको पनि भेटियो,' उनले भने, 'ती व्यवसायीले १ सय ५० बोरा मौज्दात रहेको बताए पनि थप २ सय बोरा फेला पऱ्यो ।' ती व्यवसायीलाई जरिवाना नगरे पनि २४ घण्टे पुर्जीसहित विभागमा उपस्थित हुन निर्देशन दिएको बताए । 'एक साताअघि पनि जरिवाना गरेका थियौं,' उनले भने, 'आज २४ घण्टे पुर्जी दिएका छौं ।'

अनुगमनमा सहभागि उपभोक्ता जागरण अभियान नेपालका कोषाध्यक्ष पार्वती बानियाँले पनि व्यापारीले कालोबजारी गर्ने नियतले लुकाएको बताइन । 'अनुगमन टोलीलाई १ सय ५० बोरा भनेर झुक्यायो । बाहिरका व्यवसायीले अन्त पनि गोदाम भनेपछि थप २ सय बोरा लुकाएको भेटियो,' उनले भनिन्, 'यो ठगी नै हो ।' सोमबार ४ टोलीले जम्मा ८ पसलमा अनुगमन गरेको थियो । भारतको महाराष्ट्र र कर्नाटक लगायत राज्यहरूमा प्याज उत्पादनमा कमी आएपछि प्याजको मूल्य अकासिएको छ । भारतमै अपुग भएको जनाउँदै भारतको वाणिज्य तथा उद्योग मन्त्रालयले निर्यात नीतिमा संशोधन गर्दै तत्काल लागू हुने गरी प्याजको निकासीमा रोक लगाएको थियो ।



स्याउ ढुवानीमा सास्ती

■ **तुलाराम पाण्डे** (कालीकोट)



कालीकोटको तिलागुफा-५, धनाडामा स्याउ प्याकिङ गर्दै कृषक । *तस्बिर : तुलाराम/कान्तिपुर*

तिलागुफा नगरपालिकाका टेकबहादुर शाहीको बगैंचामा एक हजार स्याउका बिरुवा हुर्किएका छन् । ०५७ मा कर्णाली अञ्चल विशेष कृषि विकास कार्यक्रम सुरु भएयता स्याउ रोप्न थालेका हुन । चार वटा बगैंचामा स्याउका बिरुवा फल्न थाले पनि उत्पादित स्याउ सडकसम्मै झार्न उनलाई सकस छ ।

'स्याउ त फले, सडकसम्मै पुऱ्याउन पो समस्या भयो,' यस वर्ष मुख्यमन्त्री उत्कृष्ट पुरस्कार पाएका उनले भने, 'महँगो ढुवानीले लागत उठाउनै मुस्किल छ ।' गत वर्ष तीन सय २० क्विन्टल स्याउ उत्पादन गरेका उनको बारीमा असिनाले नष्ट गरेपछि यस वर्ष डेढ सय क्विन्टल मात्र उत्पादन भएको छ । उनको बारीका बाँकी एक हजार तीन सय बिरुवा अबको दुई वर्षभित्र फलिसक्छन् । उत्पादित स्याउ कर्णाली राजमार्गसम्म ढुवानी गर्न प्रतिकिलो १० रुपैयाँ तिर्नुपर्छ ।

नगरपालिकाको फोइमहादेव चिल्खाया, राचुली, जुविथा, छाप्रे, महावैको ओदानकु, गेला, सुभकालिकाको मुग्राहा, सुकाटिया र भर्ताका कृषकले केही वर्षयता व्यावसायिक स्याउ खेती गरेका छन् । असिनाले क्षति गरेकाले धेरै उत्पादन नभए पनि फलेको स्याउ बजारसम्म पुऱ्याउनै कठिनाइ भएको तिलागुफा-३, का कृषक बेगम शाहीले बताए । हिउँदको सिजनमा नाग्म र राचुली बजारबाट गाउँमा गाडी पुग्ने भए पनि स्याउ सिजनमा सडक अवरुद्ध हुने उनको गुनासो छ ।

गाउँमा सेलार स्टोरको अभाव, प्याकेजिङ र ग्रेडिङको समस्याले किसान काँचै स्याउ टिप्न बाध्य छन् । सडक नजिक राचुली, धनाडा र मेहेसेराका स्याउ कृषकले प्रतिकिलो ४५ रुपैयाँमा स्याउ बेच्ने गरेका छन् । कतिपय कृषकको स्याउ लिन सुर्खेत र नेपालगन्जका व्यापारी घरमै पुगेको तिलागुफा नगरपालिका-१० का वडाध्यक्ष मुनबहादुर थापाले बताए । 'केही घण्टा हिँड्नुपरे पनि कर्णाली राजमार्गले स्याउ बजार पुऱ्याउन सहज बनाएको छ,' उनले भने, 'सडक नहुँदा गाईभैंसीलाई स्याउ खुवाउनुपर्ने बाध्यता थियो ।'

सुर्खेत र नेपालगन्जबाट खाद्य तथा निर्माण सामग्री बोकेर आएका ट्रक अहिले जुम्ला, मुगु र कालीकोटबाट स्याउ भरेर फर्किन थालेको तिलागुफा नगर प्रमुख रतनबहादुर शाहीले बताए । उनका अनुसार तिलागुफा कर्णालीकै सबैभन्दा बढी स्याउ उत्पादन हुने स्थानीय तह हो ।

स्याउ कृषक भक्तिराम पाण्डेका अनुसार फोइमहादेवमा रोयल डेलिसियस, रेड डेलिसियस, गोल्डेन डेलिसियसलगायत विभिन्न जातका फलेका छन् । उनले असिनाले चोट लागेका स्याउ छुट्याएर जामजेली बनाउन सकिने बताए । 'महँगो भनेपछि गाउँ पुगेका ठेकेदारले खरिद गर्दैनन्,' उनले भने, 'त्यसैले सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता छ ।' उनका अनुसार वर्षभरि दुःख गरेर बारीमा स्याउ फलाएका किसान बजार अभाव, भण्डारण र प्याकिङ समस्याले मर्कामा परेका छन् ।

ढुवानी समस्याले कृषकले न राम्रो मूल्य पाएका छन्, न उपभोक्ताले सस्तोमा स्याउ खान पाएका छन् । फाइदा जति बिचौलियाले लिने गरेको तिलागुफा नगरस्तरीय नागरिक समाजका अगुवा विक्रमबहादुर शाहीले बताए । गाउँमा स्याउ बिक्री नभएर कुहिएको कृषकको गुनासो सुनिए पनि सदरमुकाम मान्मका वासिन्दाले भने महँगोमा किन्नुपरेको गुनासो गरेका छन् । कालीकोट र जुम्लाको स्याउ सुर्खेतमा खरिद गर्दा प्रतिकिलो ८० रुपैयाँमा बिक्री हुने गरेको छ । तर मान्ममा प्रतिकिलो एक सय रुपैयाँमा किन्नुपर्ने स्थानीयको गुनासो छ ।

'गाउँमा कुहिए भनेर कृषक गुनासो गर्छन्,' मान्म बजारका होटल व्यवसायी जनकबहादुर शाहीले भने, 'न कृषकले उत्पादनको मूल्य पाएका छन्, न उपभोक्ताले सस्तो मूल्यमा किन्न पाएका छौं ।' उनले बिचौलियालाई मालामाल भएको दाबी गरे ।

कर्णाली राजमार्ग सुर्खेत-जुम्ला सडक पनि बेलाबेलामा अवरुद्ध हुने गरेकाले कर्णालीको उत्पादन बजार पुऱ्याउन कठिनाइ भएको खाडाचक्र नगर कृषि शाखा प्रमुख पर्शुराम काफ्लेले बताए । उनका अनुसार बिक्री नभएका स्याउबाट कृषकले रक्सी, साइडर र चाना बनाउने गरेका छन् । केही किसानले जुस, जाम र जेली बनाउन थालेको उनको भनाइ छ ।

सडक नपुगेका महाबै, शुभकालिका, नरहरिनाथ गाउँपालिकाका र रास्कोटको सिप्टी क्षेत्रका स्याउ कृषकलाई स्याउ बजार पुऱ्याउन कठिन भएको रास्कोट स्याउ जोन कार्यक्रम प्रमुख गणेश अधिकारीले बताए । गत चैतको असिनाले स्याउमा ठूलै नोक्सानी पुऱ्याए पनि यस वर्ष जिल्लामा आठ हजार मेट्रिक टन स्याउ फलेको उनको अनुमान छ । असिना नपरेको भए कम्तीमा १४ हजार मेट्रिक टन स्याउ उत्पादन उनी बताउँछन् । उनका अनुसार फोइमहादेव मात्र ८० हजार स्याउका बिरुवा रोपिएका छन् । वार्षिक १४ सय मेट्रिक स्याउ फोइमहादेवमा मात्रै उत्पादन हुने उनले जानकारी दिए ।

जिल्लामा पहिलोपटक २०२७ सालमा भारतको कश्मीरबाट तीन हजार स्याउको बोट ल्याई फोइमहादेव, राचुली, चिल्खाया, जुविथालगायत गाविसका किसानलाई वितरण गरिएको थियो ।

विद्यालयको आम्दानी बन्यो स्याउ

तिलागुफा-३ स्थित महादेव माध्यमिक विद्यालयको बगैंचामा तीन हजार स्याउ बिरुवा छन् । तीमध्ये दुई हजार बिरुवा बर्सेनि फलिरहेका छन् । विद्यालयका प्रधानाध्यापक नरदीप शाहीका अनुसार स्याउ प्रतिकिलो ३५ देखि ४० रुपैयाँमा ठेक्कामा दिने गरिएको छ । विद्यालयले स्याउ बेचेर दुई लाखको सोलार, कम्प्युटर र भिडियो क्यामेरा खरिद गरेको छ । दुई निजी स्रोतका शिक्षक स्याउकै आम्दानीले भर्ना गरिएका छन् । विद्यालयको २७ बिघा जग्गा छ । विद्यालयले केही जमिनमा जडीबुटी खेती गरेको छ भने अधिकांश जमिन बाँझै छ । बाँझो जमिनको पनि घाँस ठेक्कामा लगाउने गरिएको विद्यालय व्यवस्थापन समिति अध्यक्ष महेन्द्रबहादुर शाहीले बताए ।

सिप्टी लेकको स्याउ बिक्तेन

स्याउ जोन क्षेत्र घोषणा गरिएको रास्कोटको सिप्टी लेकमा उत्पादित स्याउ बिक्न सकेको छैन । डोकोमा बोकेर आरसीपीबजार पुऱ्याउन प्रतिकिलो १० रुपैयाँ तिर्नुपर्ने भएकाले किसान समस्यामा परेका हुन् ।

फुकोटका स्याउ किसान गोकर्ण न्यौपानेले सडक नहुँदा ढुवानी महँगो भएको बताए । उनका अनुसार स्याउ बोकेर ल्याउँदा अधिकांश स्याउ दाग लागेर कुहिने समस्या रहेको सुनाए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत गत वर्ष जिल्लालाई स्याउ जोन घोषणा गरिएको थियो । बढी स्याउ फल्ने तिलागुफा नगरपालिकालाई उछिन्नेर रास्कोटले कार्यक्रम हात पार्न सफल भए पनि मन्त्रालयबाटै बिरुवा आएनन् ।

'नयाँ बिरुवा आउँछ भनेर ढुक्क भयौं, रोप्ने बेला बिरुवा नै आएनन्,' रास्कोटका कृषक लालबहादुर शाहीले भने, 'अन्तिममा बिरुवा आएन, खनेका खाल्डा त्यत्तिकै भए ।' उनको बारीमा पाँच सय स्याउका बिरुवा छन् ।

तीमध्ये १ सय ५० रूखमा स्याउ फल्ने गर्छ । 'डेढ सय क्विन्टल स्याउ प्रत्येक वर्ष फल्छ,' शाहीले भने, 'बजार पुऱ्याउन नसक्दा अधिकांश स्याउ कुहिएर जाने गरेको छ ।' उनले बारीको स्याउ गत वर्ष रास्कोट मेलामा पाँच रुपैयाँमा दुई दानाका दरले बेचेको सुनाए ।

'सिप्टीबाट रास्कोटको आरसीपी बजारसम्म एक भारी स्याउ पिठ्युँमा बोकाएर ल्याउँदा ९ सय ज्याला तिर्नुपर्छ,' स्थानीय कल रोकायाले भने, 'न भण्डारण गर्ने व्यवस्था छ, न सडक सुविधा ।' उनले माटोमा खाल्डो खनेर स्याउ राख्दा पनि स्याउ जोगाउन नसकिएको गुनासो गरे । उनका पाँच सय स्याउ बोट फलिरहेका छन् ।

ढुवानी गर्न रोपवे

तिलागुफा-९, भात्तडीमा उत्पादित स्याउ कर्णाली राजमार्गसम्म पुऱ्याउन ग्राभिटी रोपवे सञ्चालनमा ल्याइएको छ । गाउँमा फलेको स्याउ, ओखर, आलुलगायतका कृषि उपज सडकमार्गसम्म पुऱ्याउन भात्तडी र गाल्जेमा ग्राभिटी रोपवे निर्माण गरिएको हो ।

तिला नदीको तीरैतीर जुम्ला-सुर्खेत जोड्ने कर्णाली राजमार्गसम्म सामान ढुवानी गर्न रोपवे सहयोगी भएको किसानको भनाइ छ । 'रोपवेमार्फत गाउँबाट दाग नलागेको स्याउ सुर्खेत र नेपालगन्ज पुऱ्याउन सकिन्छ,' स्थानीय कृषक लक्ष्मीप्रसाद कोइरालाले भने, 'पिठ्युँमा बोकेर लैजानुपर्ने सडकसम्म स्याउ लैजानुपर्ने बाध्यता हटेको छ ।' बाह्य शक्तिको प्रयोग नगरी घ्रिनीको सहायतामा रोपवे सञ्चालनमा ल्याइएको हो ।

गाउँबाट सडकसम्म जोड्ने रोपवे निर्माण भएपछि तीन घण्टा पैदल पिठ्युँमा बोकेर कर्णाली राजमार्गसम्म स्याउ, ओखर, जडीबुटीलगायत सामान ढुवानी गर्नुपर्ने बाध्यता टरेको स्थानीय भक्तिप्रसाद कोइरालाले बताए । 'बिक्री नहुँदा कुहिएर खेर जाने स्याउले पनि बजार पाउन थालेको छ,' उनले भने, 'ढुवानी समस्याले गाउँमा दुई रुपैयाँ दाना बेच्नुपर्थ्यो, अब सडकसम्म रोपवेमा ढुवानी गर्न सहज हुँदा झार्नेबित्तिकै प्रतिकेजी ६० रुपैयाँ बिक्री भएको छ ।'

राचुलीको भात्तडीडाँडादेखि धनाडासम्म करिब १२ सय मिटरको रोपवेमा सामान ढुवानी गर्दा कृषकले प्रतिकिलो दुई रुपैयाँ तिर्नुपर्ने रोपवे अपरेटर विष्ण न्यौपानेले जानकारी दिए । उनका अनुसार रोपवेमा एकपटकमा माथिबाट ९० र तलबाट ३० किलो सामान पठाउन सकिन्छ ।

अर्थ संक्षेप

बजाजको एक्सचेन्ज मेला

काठमाडौं (कास)- नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक वितरक हंसराज हुलासचन्द एन्ड कम्पनीले काठमाडौंको भृकुटीमण्डपमा आइतबारबाट 'बजाज ग्रान्ड एक्सचेन्ज मेला' सुरु गरेको छ । १६ गतेसम्म चल्ने मेलामा आफ्ना कुनै पनि ब्रान्डका पुराना मोटरसाइकल तथा स्कुटर बजाजको नयाँ मोटरसाइकलसँग एक्सचेन्ज गर्न सकिने अवसर दिइएको छ । कम्पनीले कुनै पनि पुराना मोटरसाइकल तथा स्कुटरको एक्सचेन्जमा न्यूनतम ३० हजार रुपैयाँसम्मको मूल्यांकन र प्रचलित बजार भ्यालुएसनभन्दा थप १५ हजार प्रदान गर्ने जनाएको छ ।

आश्रमलाई वर्ल्डलिंकको सहयोग

काठमाडौं (कास)- इन्टरनेट सेवा प्रदायक कम्पनी वर्ल्डलिंक कर्म्युनिकेसन्सले मानव सेवा आश्रमलाई १० लाख रुपैयाँ सहयोग गरेको छ । कम्पनी २४ वर्ष पूरा गरी २५ वर्ष लागेको अवसर पारेर आश्रमलाई सहयोग उपलब्ध गराइएको हो । कम्पनीले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त सहयोग गरेको हो । आश्रमको भक्तपुर शाखाको गृह प्रवेश र उद्घाटन समारोहको अवसरमा कम्पनीले यो रकम संस्थालाई हस्तान्तरण गरेको जनाएको छ ।

एनआईसी एसियाका नयाँ शाखा

काठमाडौं (कास)- देशका विभिन्न ठाउँमा एनआईसी एसियाका चार नयाँ शाखा सञ्चालनमा आएका छन् । रुकुमकोट, चितवनको भरतपुर महानगरपालिका-१८ स्थित चनौली, राप्ती नगरपालिका-५ भण्डारा, काठमाडौंको कागेश्वरी मनहरा नगरपालिका-९ काँडाघारीस्थित काँडाघारी शाखा सञ्चालनमा आएका हुन् । यस्तै झापाको कचनकवल गाउँपालिका-३ को पथरिया नयाँबजारमा बैंकको ४२ औं शाखारहित बैंकिङ सेवा पनि सुरु भएको छ ।

एनएमबी-ओम एकीकृत कारोबार

काठमाडौं (कास)- एनएमबी बैंक र ओम डेभलपमेन्ट बैंकका बीच एकीकृत कारोबार सुरु भएको छ । दुवै संस्था गाभिएपछि बैंकको चुक्ता पुँजी ११ अर्ब ५३ करोड र कोष ८ अर्ब ६२ करोड गरी कुल पुँजी २० अर्ब १५ करोड रुपैयाँ पुगेको छ । दुवै संस्था गाभिएपश्चात्को एनएमबी बैंकको तीन नम्बर प्रदेशमा शाखाहरूको सञ्जाल ४४ वटा, गण्डकी प्रदेशमा ३९ र पाँच नम्बर प्रदेशमा शाखा सञ्जाल २९ वटा गरी कुल शाखा सञ्जाल १६३, एटीएमहरूको सञ्जाल १२८ पुगेको छ भने एक्स्टेन्सन काउन्टरहरूको संख्या ५ पुगेको छ ।

रंगेली र कपनमा लक्ष्मी बैंक

काठमाडौं (कास)- लक्ष्मी बैंकले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने क्रममा ११४औं शाखा मोरङको रंगेलीमा र ११५ औं शाखा काठमाडौंको कपनमा सञ्चालनमा ल्याएको छ । यो शाखामार्फत बैंकले ग्राहकहरूको वित्तीय आवश्यकता पूरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैंकिङ सेवाका साथै साना तथा लघु व्यवसायीहरूमाझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य राखेको छ ।

दसैं योजना भिक्ट्री सुरु

काठमाडौं (कास)- एमएडब्ल्यू इन्टरप्राइजेज नेपालले दसैं योजना भिक्ट्रीको शुभारम्भ गरेको छ । यस योजनाअन्तर्गत यामाहा बाइक र मोटरसाइकलहरूमध्ये कुनै पनि एक खरिद गर्नेले हरेक दिन गरिने लक्की ड्राबाट १ लाख रुपैयाँ नगद जित्ने मौका पाउनेछ । कुनै पनि यामाहा मोटरसाइकलको खरिदमा ७ हजारदेखि १ लाख रुपैयाँसम्म स्योर सट छुट प्राप्त गर्ने जनाइएको छ ।

सुर्खेतमा पियाजियोको सोरुम

काठमाडौं (कास)- एमभी दुगड ग्रुपअन्तर्गतको दुगड ब्रदर्स एन्ड सन्सले सुर्खेतमा पियाजियोको भेस्पा र अप्रिलिया टुहवीलर्सको सोरुम स्थापना गरेको छ । उक्त सोरुम सुर्खेतमा श्रीनाथ सप्लायर्सले सञ्चालनमा ल्याएको हो । सोरुमको उद्घाटन कर्णाली प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री नन्दसिंह बुढा र भेस्पा/अप्रिलियाका हेड अफअपरेसन विजय महतोले संयुक्त रूपमा गरेका थिए । सोही कार्यक्रममा ११ वटा स्कुटरका ग्राहकलाई चाबी हस्तान्तरण गरिएको थियो । महतोले नेपालमा आक्रामक ढंगले बजार विस्तार गरिरहेको र हाल २४ वटा विभिन्न शाखा तथा डिलररहरूमार्फत बिक्री वितरण गरिरहेको जानकारी दिए ।

नेपाल स्टक एक्सचेन्ज

१३ असोज २०७६ को कारोबार

कम्पनीको नाम	अघिल्लो दिनको मूल्य	अन्तिम मूल्य	कारोबार संख्या	फरक
आँधीखोला लघुवित्त	४०८	४११	५७०	३
कृषि विकास बैंक	४१८	४१५	९३१८	-३
अंखुखोला जलविद्युत्	५५	५३	६४०	-२
अपी पावर लि	११६	११४	५१२३	-२
अरूण कावेली पावर	१३५	१४०	१५९१	५
अरूणभ्याली हाइड्रोपावर	९६	९४	३३५२	-२
आशा लघुवित्त	४१८	४३२	२०७०	१४
एसियन लाइफ इन्स्योरेन्स	३०९	३११	१३४६	२
बैंक अफ काठमाडौं लि.	२५०	२५५	१७७९८	५
बेस्ट फाइनान्स	८८	८८	१०००	०
बोटलर्स नेपाल (तराई) लि.	३५९	३५८	१८५०	-१
सेन्टल फाइनान्स	११२	१०८	३६६०	-४
सेन्चुरी कमर्सियल बैंक	१५२	१५३	७६७८	१
छिमेक लघुवित्त विकास बैंक	९६४	९७०	६११	६
छ्याङ्दी हाइड्रोपावर	८०	८१	४४	१
चिलिमे हाइड्रोपावर	४१२	४१७	२३९४	५
सिटिजन बैंक इन्टरनेसनल	१९३	१९३	१२१८	०
सिटिजन इम्भेष्टमेन्ट ट्रष्ट	१७८५	१८१७	३३९	३२
सिटिजन बैंक इन्टरनेसनल प्रो.से.	१५०	१५०	५००००	०
सिमिल बैंक	१४१	१४४	१००५५	३
सिमिल लघुवित्त	४८०	४७२	२९१	-८
डिप्रोक्स डेभलपमेन्ट बैंक	७१०	७२०	६८७	१०
देव विकास बैंक	१२७	१२७	२६५९	०
दिव्येश्वरी हाइड्रो	५५	५५	८०	०
एभरेष्ट बैंक लि.	५५४	५६५	६२६४	११
एभरेष्ट इन्स्योरेन्स	२३०	२३५	१२४६	५
फस्ट माइक्रोफाइनान्स	३६७	३७६	५२४९	९
फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स	१२५६	१२६५	२५८	९
गणपति माइक्रोफाइनान्स	४६२	४६८	८४०	६
गरिमा विकास बैंक	२०९	२१०	५५५१	१
घलेम्ली हाइड्रो	६२	६२	९०	०
ग्लोबल आईएमई लघुवित्त	७२०	७१०	२१५	-१०
गुडविल फाइनान्स	१३३	१३७	१७०	४
ग्रामीण विकास लघुवित्त	३१५	३१९	१००६	४
ग्रिन डेभलपमेन्ट बैंक	१०४	१०४	१२१०	०
गुहेश्वरी मर्चेन्ट बैंक एन्ड फाइनान्स	११६	११६	१६३	०
गुराँस लघुवित्त वि. संस्था	४३०	४३३	५८०	३
गुराँस लाइफ इन्स्योरेन्स	३५१	३५६	१११४	५
गुर्खाज फाइनान्स	१०७	१०९	९७२	२
हिमालय ऊर्जा विकास क.	१०३	१०४	८५०	१
हिमालय बैंक	४८१	४८०	३०	-१
हिमालय डिस्टिलरी	१४१७	१४४५	१५०	२८
हिमालयन जनरल इन्स्योरेन्स	२६६	२७०	३४३	४
हिमालयन पावर पार्टनर	१४०	१४५	४५००	५
जलविद्युत लगानी तथा विकास क.	१३१	१३२	२९८०	१
आईसीएफसी फाइनान्स	१५५	१५५	४३६	०
आइएमइ जनरल इन्स्योरेन्स	२८५	२९०	२३४	५
इन्फिनिटी लघुवित्त	४२४	४२४	४००	०
जानकी फाइनान्स	१९४	१९७	१२५	३
जनउत्थान सामुदायिक लघुवित्त	९९९	९८०	५२	-१९
जोशी हाइड्रोपावर	५४	५७	२३०	३
ज्योती विकास बैंक	१५५	१५७	९५२३	२
कालिका पावर क.	७५	७८	३५०	३
कामना सेवा विकास बैंक	१४०	१४२	२०६८	२
कर्णाली डेभलपमेन्ट बैंक	१०१	१०१	११३०	०
खानीखोला हाइड्रोपावर	५८	६०	६१३	२
कुमारी बैंक लि.	१७५	१७८	१८३१२	३
लक्ष्मी बैंक	२०७	२१५	१०४१६	८
लाइफ इन्स्योरेन्स	१०००	९९८	१९३	-२
लुम्बिनी विकास बैंक	१७०	१७१	२८५५	१
लुम्बिनी जनरल इन्स्योरेन्स	३४३	३४३	१६०८	०
माछापुच्छ्रे बैंक लि.	२१८	२२०	८४२७	२
महालक्ष्मी विकास बैंक	२११	२१३	४४६२	२
महिला सहयात्रा माइक्रोफाइनान्स	४५३	४६०	१६०	७
महुली सामुदायिक लघुवित्त	८९०	९००	८५	१०
मेगा बैंक	१८८	१९१	१७८९५	३
मेगा बैंक प्रो.से.	१०४	१०४	९७५	०
मेरो माइक्रोफाइनान्स	५५०	५५१	१९४५	१
मितेरी डेभलपमेन्ट बैंक	२४२	२४२	१५७	०
मिथीला लघुवित्त वित्तीय संस्था	४४९	४४१	१००	-८
माउन्टेन हाइड्रो	८१	७८	१४४०	-३
मुक्तिनाथ विकास बैंक	३००	३०४	३१२६	४
मल्टिप्रपोज फाइनान्स	१०३	१००	१२०	-३
नबिल बैंक	७५२	७६०	४७०६	८
नाडेप लघुवित्त	३९९	४०५	१६७०	६
नेशनल हाइड्रोपावर	५३	५४	५२९०	१
नेशनल लाइफ इन्स्योरेन्स	४७०	४७५	२४५५	५
नेसनल माइक्रोफाइनान्स	१६८०	१६८०	१८९	०
नयाँ नेपाल लघुवित्त	४१३	४२६	४३८	१३
नेको इन्स्योरेन्स	३५७	३६५	१८९९	८
नेपाल एग्रो लघुवित्त	७२७	७२५	२४०	-२
नेपाल बंगलादेश बैंक लि.	२०५	२१०	१०३८८	५
नेपाल बैंक लि.	३१२	३१५	३८०२६	३
नेपाल क्रेडिट एन्ड कमर्स बैंक	१९४	१९९	५२२६	५
नेपाल दूरसञ्चार कम्पनी	६२९	६१६	१५१०	-१३
नेपाल हाइड्रो डेभलपर्स	९२	९१	१०	-१
नेपाल इन्स्योरेन्स	२६६	२७१	१५१२	५
नेपाल इम्भेष्टमेन्ट बैंक	४३३	४४४	५०१९	११
नेपाल इम्भेष्टमेन्ट बैंक प्र.से.	४०६	४०६	२१३९	०
नेपाल लाइफ इन्स्योरेन्स क. लि.	७५१	७६८	९१६५	१७
नेपाल एसबीआई बैंक	४०३	३९६	४८४१	-७
नेपाल सेवा लघुवित्त	३८०	३८३	२०	३
नेरूडे लघुवित्त	५००	४९६	८५२	-४
न्याग्दी ग्रुप पावर	९९	१००	३५७६	१
एनआईसी एसिया बैंक	३७५	३७८	९०७५	३
निर्धन उत्थान बैंक	८४०	८४४	२७	४
एनएलजी इन्स्योरेन्स	५७७	५८१	११७४	४
एनएमबी माइक्रोफाइनान्स	१०३१	१०२२	६०	-९
ओरियन्टल होटल	५१०	५१३	६००	३
पञ्चकन्या माई हाइड्रोपावर	८६	८९	३२०	३
पाँचथर पावर क.	९६	९५	६०	-१
पोखरा फाइनान्स	१३३	१३१	२३७	-२
प्रभु बैंक	२५९	२६३	५०५१६	४
प्रभु इन्स्योरेन्स	३०३	३१५	१९९८	१२
प्राइम इन्स्योरेन्स	३६४	३६९	३६३५	५
प्राइम कमर्सियल बैंक	२६०	२६४	४४२३	४
प्राइम लाइफ इन्स्योरेन्स	३१९	३२४	१५५१	५
राष्ट्रिय बीमा	८९६४	८३५०	३०	१८६
रसुवागढी हाइड्रोपावर	१५६	१६०	१०१८५	४
रिडी हाइड्रोपावर	८२	८३	३१	१
आरएमडीसी लघुवित्त	५८७	६००	१४८०	१३
सगरमाथा इन्स्योरेन्स	४७३	४६९	५५६	-४

कुल कारोबार मूल्य : १६८,८२८,९२३ कारोबार संख्या : ५३५

सेयर संख्या : ६३३,९५१ नेप्से : १,१३५.१० (१०.४२)

सानिमा बैंकको दशैं काउण्टर सेवा

नेपालीहरुको महान चाड शुभ विजया दशमी २०७६ को पावन अवसरमा यहाँको सुःख, शान्ति तथा समृद्धिको कामना गर्दै समस्त ग्राहकवर्गहरुलाई दशैं बिदाको दिनहरुमा पनि निम्न उल्लेखित शाखाहरु खुल्लारही सेवा प्रदान गरिने जानकारी गराउँदछौं ।

शाखाहरु	मिति	समय
प्रधान कार्यालय नक्साल (३६५ दिन)	२०७६ आश्विन १९ र २० गते	बिहान ११:०० बजे देखि दिउँसो २:०० बजे सम्म
कुमारीपाटी, न्यूरोड र सूर्यविनायक		
इटहरी, जनकपुर, दमक, धनगढी, नारायणगढ, नेपालगन्ज, पोखरा (न्यूरोड), बिर्तामोड, बिराटनगर, बुटवल, लालबन्दी, सुर्खेत र हेटौंडा		

सानिमा बैंक www.sanimabank.com

पो.ब.नं: २०३९४, 'अलकापुरी, नक्साल, काठमाडौं फोनः +९७७-१-४४२८९७९, फ्याक्सः +९७७-१-४४२८९६९ ईमेलः sanima@sanimabank.com

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION Certificate No. 42693

कर्पोरेट कार्यालय, स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौं
फोन नं. ०१-४०१२६१३,४०१२६१४, www.licnepal.com.np

बहालमा फ्ल्याट/घर चाहियो

एल.आई.सी. नेपालको शाखा कार्यालयहरु खोल्न देहायका ११ स्थानहरुमा बहालमा फ्ल्याट/घर चाहियो ।

क्र.सं.	स्थान	जिल्ला	क्र.सं.	स्थान	जिल्ला
१	फिदिम	पाँचथर	७	लम्की	कैलाली
२	मिर्चैया	सिरहा	८	खलङ्गा	दार्चुला
३	पोखरिया	पर्सा	९	आमगाछि	मोरङ्ग
४	कन्चनपुर	सप्तरी	१०	पालुङ्ग	मकवानपुर
५	किर्तीपुर	काठमाडौं	११	खाँदवारी	संखुवासभा
६	सन्धीखर्क	अर्गाखाँची			

फ्ल्याट/घरको न्युनतम् क्षेत्रफल ७५० वर्ग फिट र आधिकारिक निकायबाट प्रमाणित भएको हुनु पर्नेछ । इच्छुक घरधनीले फ्ल्याट/घर भएको स्थान, क्षेत्रफल, फ्ल्याट/घरको फोटो, मासिक भाडा रकम र अन्य विवरण उल्लेख गरी मिति २०७६ असोज ३० गतेभित्र निम्न इमेल ठेगानामा पठाउन आग्रह गरिन्छ ।

Email: liccorporate@licnepal.com.np

घुन्सा पर्यटकीय गन्तव्य घोषित

ताप्लेजुङ (कास)- विश्वको अग्लोमध्येको कञ्चनजंघा (८,५८४ मिटर) हिमालको आधार शिविरमा रहेको घुन्सा गाउँ पर्यटकीय गन्तव्य घोषित भएको छ ।

गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) ले फक्ताङलुङ गाउँपालिका-६ स्थित घुन्सालाई पर्यटकीय गन्तव्य घोषणा गरेको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री धनबहादुर बुढाले मिडमा डन्डु शेर्पालाई गन्तव्यको प्रमाणपत्र प्रदान गरे ।

३१ सय मिटर उचाइमा रहेको घुन्सामा ३३ घर छन् । यहाँका अधिकांश घरपरिवार पर्यटन व्यवसायमा आबद्ध छन् । ६ परिवारले व्यावसायिक रूपमा होटल सञ्चालन गरेका छन् भने बाँकीमा घरबास (होमस्टे) सञ्चालित छ । विगतमा चौरीपालन गर्ने यहाँका बासिन्दाले अहिले यो व्यवसाय छोडेर विशुद्ध पर्यटन क्षेत्रमा लागेका छन् । वरिपरि पहाडको बीचमा रहेको बस्तीको छुट्टै विशेषता छ । कञ्चनजंघा हिमालको पूर्वी या उत्तरी जुन बेसक्याम्पबाट गए पनि घुन्सा अनिवार्य पुग्नैपर्छ ।

सूचना

मिति २०७६/०६/०८ गतेका दिन बसेको निक साइमन इन्भिच्यूट प्रा.लि.को साधारण सभाले कम्पनीलाई कम्पनी ऐन, २०६३ अनुसार स्वैच्छिक खारेजीमा लाने निर्णय गरे अनुसार मलाई लिक्विडेटर पदमा नियुक्त गरेको हुनाले यस कम्पनीसँग कसैको लेनादेना भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कम्पनीको लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सर्वसाधरणलाई अनुरोध गरिन्छ ।

लिक्विडेटर
उपेन्द्र नन्दन तिमिल्सिना
निक साइमन इन्भिच्यूट प्रा.लि.
फो.नं. ४०११५०९, धोबिधारा, काठमाडौं

नेपालको संघीय रूपान्तरणमा दीर्घकालीन अनुसन्धानका लागि साझेदारको लागि आमन्त्रण

नेपालको नयाँ संविधानले राजनीतिक र आर्थिक अवसर बृद्धि गर्ने र आर्थिक विकासलाई सुदृढीकरण गर्ने अवसर प्रदान गर्दछ । नेपालको संघीय संक्रमणलाई बुझ्न र कसरी नीतिले नेपालको संविधानमा निर्धारित उद्देश्यहरूलाई समर्थन गर्दछ भन्ने बिषयमा एउटा पाँच बर्षे अनुसन्धान कार्यक्रमको योजना बनाईएको छ । यो सहकार्यले एसओएएस (SOAS) युनिभर्सिटि ओफ लण्डन, येल युनिभर्सिटि (Yale University) र नेपाली अनुसन्धान संगठनहरुलाई एकै ठाउँमा ल्याएर राजनीतिक अर्थ व्यवस्था फ्रेमवर्क प्रयोग गरि तथ्याङ्क र अनुसन्धान प्रमाणहरू उत्पन्न गर्नेछ । यो कामको माग SOAS नेतृत्वको अनुसन्धानको भागसँग साझेदारीको लागि निमन्त्रणाको लागि गरिएको हो । इच्छुक संगठनहरू सन्दर्भ सर्तहरू र बोली मुल्यांकन मापदण्डका लागि निम्न इमेलमा सम्पर्क गर्न सक्नेछन nresearch@soas.ac.uk आवेदन दिने



दसैंका लागि हिमालपारिको जिल्ला मुस्ताङबाट म्याग्दी सदरमुकाम बेनी ल्याइएका भेडाच्याङ्ग्रा । दसैंमा लेकाली क्षेत्रमा पालिएका भेडाच्याङ्ग्राको माग अत्यधिक हुने गर्छ । *तस्बिर : कमल खत्री/रासस*

महँगीले दसैं खल्लो

प्रदेश ५ ब्युरो (बुटवल)

घटस्थापनाको सुरुवात सँगै घरघरमा दसैं भित्रिएको छ । सबैतिर जमरा राख्ने, पूजापाठ गर्ने र दसैं कसरी मनाउने भन्ने योजना बुनिदैछ । प्रत्येक वर्षझैं यसपालि पनि पर्व सुरु भएसँगै खाद्यान्न, तरकारी र फलफूलको मूल्यवृद्धिले भने सर्वसाधारण मारमा छन् । बुटवलस्थित खयरघारीका श्यामबहादुर परियार कामविहीन भएका छन् । दसैं लाग्यो भन्दै ठेकेदारले १५ दिन घर निर्माण रोके । त्यसपछि उनी काम र दामविहीन भए । साँझ-बिहान खाने खर्च सकिन थालेको छ । छोराछोरी नयाँ लुगा माग गरिरहेका छन् । माछामासु खाने रहर गर्छन् । 'दिनभर काम गरेर दुई छाक खाने मान्छे । काम रोकियो,' उनले भने, 'काम नभएपछि दसैं कसरी मनाउने !'

पत्नी र छोराछोरीसहित पाँच जनाको परिवार छ, उनको । तिनाउ किनारमा झुप्रो छ । पत्नी चुमकला दमकी रोगी हुन् । मजदुरी गर्न सक्दिनन् । छोराछोरी सानै छन् । मजदुरी गरेर कमाएको दैनिक चार सय रुपैयाँ ज्याला जोगाएर किनेको खाद्यान्नले खान पुग्दैन । घरमा खाने खर्च जुटाउन दसैंभरिलाई बजारमा अरु काम खोज्नुपर्ने उनले बताए ।

दसैंका बेला निजी तथा सरकारी निर्माण तथा पूर्वाधारका काम रोकिन्छन् । त्यसैले मजदुरका लागि दसैं दशा बन्छ । स्थानीय तुलादेवी विकका पतिले दोस्रो बिहे गरेपछि उनीमाथि तीन छोराछोरी पाल्ने जिम्मेवारी छ । निर्माण मजदुरीबाट दैनिक ३ सय ५० कमाउने उनको पनि घटस्थापनासँगै काम रोकिएको छ । बचत गरेको २ हजार ५ सय रुपैयाँबाट दसैंभर खान भनेर १५ किलो चामल, तीन किलो दाल, पाँच किलो आलु र दुई लिटर तेल किनेकी छन् । 'टीकाको दिनसम्म पनि पुग्दैन होला,' उनले भनिन्, 'दसैंमा अरूका घरमा माछामासु खान्छन् । आफ्ना छोराछोरीलाई दालभात पनि खुवाउन सक्दिनँ कि भन्ने चिन्ता छ ।'

तिनाउ पुलमुनि नदी किनारमै जोडिएको छ उनको बस्ती । त्यहाँ ६० घरधुरी छन् । धेरैजसो निर्माण मजदुर छन् । केहीले थोक बजारमा सामान लोड अनलोड गर्छन् । त्यसबापत दैनिक साढे चार सय रुपैयाँसम्म कमाउँछन् । दैनिक ज्यालादारीको रकमले गर्जो टार्छन् । सधैंभरि खानाकै पिरलो हुन्छ । टोलमा दसैंको रौनक छैन । किनमेल छैन । जमरा रोपेका छन् । तर, टीका लगाउने तयारी छैन । 'बजारमा सामानको मूल्य बढेर छोइसक्नु छैन । ५० रुपैयाँ पर्ने चामल ६५ रुपैयाँ पुगेछ, आठ सय रुपैयाँ किलो पर्ने खसीको मासु एक हजार पुगेछ,' स्थानीय मनप्रसाद सुवेदीले भने, 'खाने खर्च जुटाउन नसक्ने बेला दसैंको रौनक भएन । चाडबाड निल्नु न ओकल्नु बनेको छ ।'

उनकी पत्नी खिमा निर्माण मजदुर हुन् । दुवैले दसैंका लागि ५ हजार ५ सय रुपैयाँ बचाएका छन् । काम रोकिएकाले यसबाटै तीन छोराछोरीसहितको खाने खर्च र नानाचाचा किन्न पुऱ्याउनुपर्ने बाध्यता छ । 'केटाकेटी स्कुल जान्छन् । साथीहरूले नयाँ लुगा किनेको सुनाउँछन् रे,' मनप्रसादले भने, 'आफूले टालेको लगाए पनि तीनवटै छोराछोरीलाई नयाँ लुगा किनिदिनु पर्नेछ ।'

नजिकै विनापाते बस्ती छ । धेरैजसो निर्माण मजदुरी गर्छन् । स्थानीय कृष्ण नेपाली कृषि उपज तथा थोक बजारमा सामान गाडीमा उठाउने र राख्ने काम गर्छन् । त्यसबापत दैनिक पाँच सय रुपैयाँसम्म कमाउँछन् । यही ज्यालाले गुजारा चलाउँछन् । 'यो बस्तीमा दसैंको रौनक आउँदैन,' स्थानीय रोमबहादुर सुनारले भने, 'काम पाउँदाको दिन काममा जान्छन् । त्यस दिन रक्सी र मासु टन्न खान्छन् । नत्र नदी किनारमा बसेर टहलिन्छन् ।'

बढ्दो सहरीकरणले प्रदेश ५ को अस्थायी मुकाममा विकास निर्माणका काम धेरै हुन्छन् । यहाँ करिब पाँच हजार निर्माण मजदुर बस्छन् । दिनभर कमाएर साँझ-बिहानको गुजारा चलाउने धेरै छन् । काम रोकिंदा भोकै बस्नुपर्ने अवस्थामा पुगेका छन् । यही क्षेत्रका बासिन्दा तथा नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का केन्द्रीय उपाध्यक्ष कमल गौतमले निर्माण मजदुरको अवस्था दयनीय हुने भएकै कारण पछिल्लो समय दसैंका बेला लामो समय काम नरोक्न आग्रह गरेको बताए ।

तरकारी चर्को

पानी छम्किदै राखिएको हरियो धनिया देखेर बाँकेको खजुराकी कुलदेवी बोहराले 'चट्नी' सम्झिन् । उनको भान्सामा धनियाले प्रवेश नपाएको धेरै भयो । त्यसैले हरियो तरकारी खरिद गर्न २० रुपैयाँ भाडा तिरेर नेपालगञ्जको रानीतलाउस्थित सब्जीमण्डी पुगिन् । पसलेले धनियाको प्रतिकिलो ४ सय रुपैयाँ बताएपछि 'रुनु न हाँस्नु' भइन् । 'भो हजुर फोटो हेरेर चित्त बुझाउँला,' उनले भनिन्, 'खान लेखेको रहेनछ ।' यहाँ दिन प्रतिदिन तरकारीको मूल्य अकासिँदै छ । चाडबाडका बेला तरकारीको फोटो हेरेरै मन भर्न बाध्य भएको गृहिणीले बताए ।

दुई दिनअघि ६० रुपैयाँ प्रतिकिलोमा गोलभेंडा खरिद गरेकी स्थानीय शान्ता कार्कीले आइतबार एक सय रुपैयाँ तिर्नु पऱ्यो । सस्तो पाइयो भन्दैमा तरकारी धेरै लगेर राख्न मिल्दैन । आवश्यक परेर बजारमा आउँदा मूल्य दोब्बर भइसक्छ । यसरी बढ्दै गए दसैंसम्म प्याज र गोलभेडा छोइनसक्नु हुने उनले सुनाइन् । उनका अनुसार आठ सय प्रतिकिलो पाइने खसीको मासुका परिकार तयार गर्न झन्डै एक हजार रुपैयाँका अन्य सामान जुटाउनु पर्छ । 'प्याज र गोलभेडाको भाउ चर्को छ,' उनले भनिन्, 'यी बिना मासु स्वादिलो हुन्न ।'

धम्बोजीका पुनीत श्रेष्ठ पहिलोपटक पत्नीका साथ तरकारी किन्न बजार आए । रायोको साग उनलाई मन पर्छ । पहिले १० रुपैयाँ मुठा थियो, अहिले ५० रुपैयाँ पुगेको छ । व्यापारीले मुठामा घाटा लागेको भन्दै किलोको एक सय रुपैयाँका दरले बेचिरहेका छन् । 'साग महँगो छ,' व्यापारी वीरबहादुर भण्डारीले भने, 'अरुको कुरा के गर्नु !' वर्षाका कारण सल्यान, सुर्खेतलगायत पहाडी जिल्लाबाट यहाँ ल्याइने तरकारी नष्ट भएका छन् । ढुवानी बेलैमा नहुँदा बजारसम्म पुऱ्याउन पाएका छैनन् । पर्व नजिकिँदै छ । माग ह्वात्तै बढेपछि थोरै सामान ल्याएर बिक्री गर्न बाध्य भएको भण्डारीले बताए ।

अचाक्ली मूल्य

चाड सुरु भएपछि बजारमा चहलपहल बढिरहेको छ । ग्राहकको चापसँगै सामानको मूल्य अकासिँदै छ । खाद्यान्न महँगो भए पनि चाडपर्वमा घरमा रोटीका परिकार बनाउने चलन कम हुँदै गएको छ । बजारबाट मिठाई र फलफूल किनेर दसैं र तिहार मान्ने प्रचलन बढेको छ । खाद्यान्न खरिद गरेर घरमा परिकार बनाउँदा धेरै खर्च हुन्छ । दसैंमा घरमा जमघट हुने भएकाले दैनिक उपभोग्य वस्तु बढी खपत हुन्छन् । खाद्य पदार्थ महँगो भएपछि खानपिन खल्लो भएको सर्वसाधारण बताउँछन् । पसलैपिच्छे फरक मूल्य रहेको उपभोक्ता हित संरक्षण मञ्च, दाडका जिल्ला अध्यक्ष केशवकुमार शर्माले बताए । मापदण्ड नतोकिएकाले समस्या भएकाको उनले बताए । 'मूल्यसूचीबिना सामान बिक्री भइरहेका छन् । कुन सामानको कति भन्ने यकिन छैन,' उनले भने, 'पसल अनुसार फरकफरक मूल्य छ । उपभोक्ता ठगिएका छन् । चाडपर्वमा कालोबजारी रोक्न पर्याप्त तयारी भएको छैन ।' सरकारी निकायले मूल्यमा एकरूपता कायम नगर्दासम्म बजारमा मनपरी मूल्य वृद्धि भइरहने उनले बताए । मिठाईलगायतका खाद्य पदार्थमा अखाद्य रंग लगाएका वस्तु मिसाउने, सडेका फलफूल बेच्नेजस्ता प्रचलन पनि बढिरहेको उनले बताए । मासु, प्याज, दुध, दहीमा मूल्य बढेको गुनासो आइरहेको उनले बताए । 'बढी प्रयोग हुने खाद्य पदार्थमा मूल्य घटाउन माग गरेका छौं,' उनले भने ।

व्यवसायीले प्रतिस्पर्धाको बजारमा फरकफरक मूल्यमा नै खाद्य पदार्थ बिक्री गरिरहेका छन् । कतिपय पसलमा मूल्यसूची नै राखिएको छैन । मूल्यसूची नभएपछि मनपरी भाउमा सामान बिक्री गर्ने गरिएको छ । उद्योग वाणिज्य संघ, दाडले भने मूल्यवृद्धि नभएको दावी गरेको छ । 'मूल्यवृद्धि भएको छैन । सबै सामानको नियमित मूल्य नै हो । दूधदहीको मूल्य भने बढेको छ,' जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष नारायणप्रसाद भुसालले भने, 'यो देशभरि बढेकाले यहाँ पनि बढेको हो । अन्य सामानमा समस्या छैन । अनावश्यक उपभोक्तालाई दुःख दिने या ठगी गर्ने गरेको पाइएमा कारवाही हुन्छ ।' बजारमा अनुगमन गरेर उपभोक्तालाई ठगिनबाट बचाउने काम भइरहेको प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले बताए । उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षण मञ्च, विषयगत कार्यालय र सरोकारवालाहरूलाई प्रशासनमा बोलाएर पटकपटक छलफल गरिरहेको रिजालको भनाइ छ । कतै ठगिएको पाइए कारवाही गर्ने रिजालले बताए ।

*(बुटवलबाट **अमृता अनमोल**, बाँकेबाट **मधु शाही**, कपिलवस्तुबाट **मनोज पौडेल** र दाङबाट **दुर्गालाल कसी**)*



दसैं नजिकिएपछि कपिलवस्तुको वाणगंगा नगरपालिका-६ सुठौली भाठाटोलको सुकुम्बासी बस्तीमा घर लिप्दै महिला । *तस्बिर : मनोज पौडेल/कान्तिपुर*

वनका राजालाई 'दशा'

कपिलवस्तुको वाणगंगा नगरपालिका-६, सुठौली भाठामा बस्ने गुन्जबहादुर शाही (कुसुन्डा) लोपोन्मुख घुमन्ते जातिका हुन् । साबिक लुम्बिनी अञ्चलका एक्ला कुसुन्डा ६७ वर्षीय उनलाई प्रत्येक वर्ष दसैं दशा हुन्छ । वनका 'राजा' हुन्, त्यसैले राजा सम्बोधन गर्दा उनी खुसी हुन्छन् । उनको घरको अवस्था दयनीय छ । प्रशासनले कुसुण्डा भएको प्रमाणपत्र दिएको छ । त्यसबाहेक केही छैन । छाक टार्न धौ धौ हुन्छ । उनको परिवारमा सात जना छन् । यसपालि दसैंमा छोराछोरी, दिदी र आफन्त आउँदै छन् । '१६/१७ जना हुन्छौं,' उनले भने, 'दसैं कसरी मनाउने चिन्तामा छु ।'

एक हात जग्गा छैन । ज्याला मजदुरी नगरे चुल्हो बल्दैन । दसैंमा २० देखि २५ हजार रुपैयाँ खर्च लाग्ने उनले सुनाए । 'अहिलेसम्म एकसरो कपडा हालेको छैन,' उनले भने, 'सरकारले मासिक उपलब्ध गराउने दुई हजार रुपैयाँ पनि साउनयता पाएको छैन ।' दसैंले प्रत्येक वर्ष रुवाउने उनले बताए । पहिले वन्यजन्तुको सिकार गर्थे । कानुन कडा भएपछि त्यो काम छाडे । 'दसैंमा माछामासु खानै पऱ्यो,' उनले भने, 'छोरी ज्वाइँ आउँछन् ।' सिकार गर्न नपाएपछि किनेर भए पनि मासु खुवाउनु पर्ने उनले बताए । 'टीका लगाएर दक्षिणा दिन पऱ्यो,' उनले भने, 'नातिनातिनालाई एकसरो लुगा किन्ने विचार छ । पैसा नभएकाले श्रीमान्/श्रीमतीले नयाँ कपडा नकिन्ने भएका छौं ।'

पाँच महिनादेखि दसैंका लागि भनेर ज्याला मजदुरी गरेर चार हजार रुपैयाँ जोगाएको उनले बताए । 'श्रीमतीले खसी बेचेर पाँच हजार बचाएकी छे,' उनले भने, 'नपुग के गर्ने के गर्ने ! माग्न जाऊँ भने पनि कोही दिँदैनन् ।' अहिले महँगी अचाक्ली बढेको उनले सुनाए । चार वर्षअघिसम्म १० हजार रुपैयाँ हुँदा हाँसीखुसी दसैं बित्ने गरेको थियो । अहिले कम्तीमा २५ हजार रुपैयाँ लाग्ने उनले सुनाए । 'मासु र रक्सी नभई हुँदैन,' उनले भने, 'त्यही झन् महँगो छ ।' ऐलानी एक कठ्ठा जमिनमा घर बनाएका छन् । चन्दा उठाएर तीन कोठे पक्की घर बनाएका छन् । झ्याल र ढोका राख्न सकेका छैनन् । फाटेका लत्ताकपडा झुन्ड्याएका छन् । घर प्लास्टर गर्न सकेका छैनन् ।

भीड धेरै, बिक्री थोरै

चारपाङ्ग्रे सवारीसाधनको तुलनामा दुईपाङ्ग्रेको बजार केही उत्साहजनक

विमल खतिवडा (काठमाडौं)

नयाँठिमी भक्तपुरका धर्म गुरागाईं नयाँ मोटरसाइकल किन्ने तयारीमा छन् । साउनमै मोटरसाइकल आवश्यकता भए पनि उनले दसैं अफर पर्खिएर बसेका थिए । अहिले उनी विभिन्न कम्पनीका मोटरसाइकल हेर्न व्यस्त छन् । तर चित्तबुझ्दो मोटरसाइकल फेला नपारेको उनले सुनाए ।

'पहिलाको मोटरसाइकल पुरानो भयो,' उनले भने, 'दसैंमा छुट अफर पाइने भएकाले नयाँ किन्ने तयारी छु, हेर्दा सबै राम्रो लाग्छ, चित्तबुझ्दो मोटरसाइकल फेला पार्न सकेको छैन ।' बजारमा विभिन्न कम्पनीले फरक/फरक मोडलका मोटरसाइकल दसैं अफर मार्फत विशेष छुट दिएर बिक्री गरिरहेका छन् । 'मिलेसम्म दसैंअघि नै बुक गर्ने सोचमा छु,' उनले भने, 'दसैं र तिहारको बीचमा मात्र किन्ने सोच छ ।' उनी मात्र होइन । दसैं छुट अफरले गर्दा प्रायः सबै कम्पनीका सोरुममा सर्वसाधारणको भीड लाग्ने गरेको छ ।

मोटरसाइकल छान्नेमा युवापुस्ता अघि छन् । विभिन्न कम्पनीले नयाँ मोडलका मोटरसाइकल बजारमा ल्याएकाले ती मोडलमा युवाको आकर्षण बढी छ । महँगा र बढी क्षमताका मोटरसाइकल युवापुस्ताको रोजाइमा पर्ने गरेको छ । गाडीको तुलनामा चाडबाडमा मोटरसाइकलको बजार केही राम्रो हुने गरेको बिक्रेता बताउँछन् । यातायात व्यवस्था विभागका अनुसार ०७५ फागुनसम्म देशभर दर्ता भएका सवारी साधनको संख्या ३५ लाख ३९ हजार ५ सय १९ रहेको छ, जसमा सबैभन्दा बढी मोटरसाइकलको संख्या २५ लाख ३० हजार ७ सय २२ पुगेको छ ।

अहिले विद्युत्बाट चल्ने मोटरसाइकलमा पनि आकर्षण बढ्दै गएको छ । यस्तो मोटरसाइकलमा सबैको चासो छ । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका सचिव अनुप बरालका अनुसार चारपाङ्ग्रे साधनको



तुलनामा दुईपाङ्ग्रेको बजार केही उत्साहजनक छ । 'व्यापार घट्ने भन्ने छैन,' उनले भने, 'पेट्रोलको विकल्पको रूपमा चल्ने विद्युतीय बाइकमा पनि आकर्षण बढेको छ ।' उनका अनुसार छोटो दूरीका लागि मात्र विद्युतीय सवारी साधन उपयुक्त भएको पाइएको छ ।

'दसैंमा मोटरसाइकल किन्दा नगद छुटदेखि विभिन्न नगद पुरस्कारको व्यवस्था गरिएको छ,' उनले भने, 'चाडबाड लक्षित गरेर नै आकर्षक पुरस्कार राखिएको छ ।' नगद छुट, विभिन्न स्किम र योजना राखिएका छन् । 'अटोमोबाइलमा हेर्दा मोटरसाइकलको बजार खस्किएको छैन,' उनले भने, 'चाडबाड लक्षित बम्पर उपहार, नगद छुट, १ लाखसम्मको स्क्रयाच कार्ड र मोटरसाइकल किन्दा सुरुमा नगद भुक्तानी गर्नु नपर्नेसम्मको अफर राखिएको छ ।' यसका लागि किस्ता तिर्दा पुग्ने छ ।

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका सदस्य एवं दुईपाङ्ग्रे सवारी समितिका सभापति अभिक ज्योतिका अनुसार दुईपाङ्ग्रेको बजार सोचे अनुरूप राम्रो छैन । गत वर्ष जस्तो चाडबाडको समयमा उत्साह नभएको उनी सुनाउँछन् । 'चाड चाड जस्तै लागिराखेको छैन, बिक्री निकै कम छ, गतवर्षभन्दा कम छ,' उनले भने, 'बिक्री निकै घटेका कारणले स्किम पनि परिवर्तन भइरहेको छ ।'

गत वर्षबाटै यो समस्या सुरु भएको हो । 'पहिला सर्वसाधारणले जुन तरिकाले खर्च गर्थे, अहिले कम हुँदै गएको छ,' उनले भने, 'घटस्थापनासँगै दसैं पनि सुरु भएको छ, घटस्थापनादेखि जुन बिक्री हुनुपर्ने हो त्यो भएको छैन, अन्य कम्पनीलाई सोध्दा पनि सोचे अनुरूपको बिक्री छैन भन्ने गरेका छन् ।' समग्रमा उनले बिक्री घटेको दाबी गरे ।

'सरकारले भन्सार शुल्क बढाएको छ, पहिला/पहिला भन्सार शुल्क बढ्दा पनि बिक्रीमा असर पर्दैन थियो,' उनले भने, 'आयात भइरहेको छ र तर बिक्री भइरहेको छैन ।' त्यस्तै विभिन्न कम्पनीले एक्सचेन्ज अफर राखेका छन् । यसमा पुराना बाइक लगेर त्यसको मूल्य निर्धारण गरी नयाँ बाइक लिन पाइने छ । यसकालागि पुरानो बाइकको मूल्य निर्धारण गरेर नपुगेको मूल्य तिर्नुपर्ने छ । नेपालमा १ करोड २५ लाख मूल्य सम्मको मोटरसाइकल भित्रिसकेको छ । नेपालमा १९ वटा ब्रान्डका दुईपाङ्ग्रे साधन रहेका छन् । सौखिनहरूको नजरमा महँगा मोटरसाइकल रोजाइमा पर्ने गरेका छन् । दसैं/तिहारलाई लक्षित गरेर मोटरसाइकल शोरुमलाई आकर्षक रूपमा सजाइएको छ । फूलपातीसम्म बिक्री बढ्ने आशा रहेको बिक्रेताहरू बताउँछन् ।

बुटवलमा सस्तो बजार

बुटवल (कास)- भारतीय बजार जाने उपभोक्तालाई रोक्न र स्वदेशी सामान प्रवर्द्धन गर्न सस्तो दसैं बजार सुरु भएको छ । उद्योग वाणिज्य संघ बुटवलले आइतबारदेखि बजार लगाएको हो ।

सस्तो बजारमा करिब ४० वटा स्टल छन् । त्यसमा घिउ, तेल, चिनी, नुन, चामल, चिउरा, चिया, अचार, मसलालगायत दैनिक उपभोग्य सामग्रीका वस्तु धेरै छन् । पेय पदार्थ, भाडावर्तन, जुत्ता, साबुन, सरफ, लत्ताकपडा, माछामासुलगायतका स्टल पनि राखिएका छन् । सबैजसो सामान बजार मूल्यभन्दा सस्ता छन् । आयोजक समितिका अध्यक्ष खिमबहादुर हमालले उपभोक्ताले दैनिक उपभोग गर्ने तथा चाडपर्वमा बढी उपयोग हुने वस्तु बजारमा राखेको बताए । वस्तुअनुसार १० देखि ४० प्रतिशतसम्म छुटमा उपलब्ध गराएको उनले दाबी गरे । 'सामान महँगो नै भए पनि भारतीय बजारप्रति उपभोक्ताको लगाव बढ्दो छ । यसले स्वदेशी बजार र उत्पादन संकटमा पर्न थालेको छ,' उनले भने, 'यसलाई केही भए पनि रोक्न सस्तो दसैं बजार सफल हुनेछ ।' बजारमा दसैंमा चाहिने नयाँ नोट सटहीको समेत व्यवस्था छ । जुन पाँच दिनसम्म चल्नेछ । सीमावर्ती बजार भएकाले यहाँका धेरै उपभोक्ता चाडबाड आयो कि उपभोग्य सामान किन्न भारतीय बजार जान्छन् । तर, सुनौलीलगायत बजारमा भन्दा धेरै सामान यहीं सस्तो पाइन्छ । बजारको उद्घाटन गर्दै बुटवल उपमहानगरका प्रमुख शिवराज सुवेदीले भारतीय बजारमा भन्दा स्वदेशमा सस्तो पाइने सामानलाई पुष्टि गर्न हरेक पसलमा मूल्यसूची राख्न आग्रह गरे । यसले मात्रै स्वदेशी बजारमा उपभोक्तालाई तान्न सकिने उनले बताए । 'स्वदेशी उत्पादनको प्रचार नहुनु, व्यवसायीहरूले हार्दिकता नदेखाउनु, पसलमा मूल्यसूची नहुनुले पनि स्वदेशी बजारको सट्टा उपभोक्ता भारतीय बजारमा गएको भेटिन्छ,' उनले भने, 'अब भूलभुलैया हटाउन मूल्यसूची राखेर स्वदेशी ग्राहक स्वदेशी बजारमै रोक्नुपर्छ ।'



झापामा मकै जोन

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

झापामा चालु वर्षदेखि 'मकै जोन' कार्यक्रम सञ्चालन हुने भएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत जिल्लामा मकै जोन पनि सञ्चालनमा आउन लागेको हो। यसअघि धान सुपर जोन, सुपारी र रबर जोन कार्यक्रम सञ्चालित थिए।

जिल्लामा मकै धानपछिको दोस्रो ठूलो उत्पादन हुने खेती हो। कनकाई नगरपालिका-५ र झापा गाउँपालिका वडा ६ मा गरी ५ सय हेक्टर क्षेत्रफलमा मकै जोन सञ्चालन गर्न लागेको जिल्लास्थित जोन परियोजना कार्यान्वयन इकाईका प्रमुख रवीन्द्र सुवेदीले बताए। मकै जोन सञ्चालनका लागि चालु वर्ष संघीय सरकारबाट १ करोड २४ लाख ६५ हजार रुपैयाँ बजेट विनियोजन भएको सुवेदीले जानकारी दिए।

मकै खेतीका लागि चयन भएको क्षेत्रमा अध्ययन, अनुसन्धान, माटो तथा बाली संरक्षण शिविर, आकस्मिक बाली संरक्षण सेवा, प्रविधि प्रदर्शन, गोदाम घर निर्माण, कस्टम हायरिङ सेन्टर स्थापना, साना सिँचाइ, उद्यमशीलता तथा क्षमता अभिवृद्धि तालिम, प्रचारप्रसारलगायत विभिन्न १२ वटा शीर्षकमा बजेट विनियोजन भएको सुवेदीले बताए। जिल्लामा वसन्ते (वर्खे) ३६ हजार ८६० हेक्टरमा तथा हिउँदे ४ हजार ५५० हेक्टर क्षेत्रफलमा मकै खेती हुने गरेको कृषि ज्ञान केन्द्रका अधिकृत शेषराज पौडेलले जानकारी दिए।

उनका अनुसार गत वर्ष वसन्ते मकै १७ लाख ६९ हजार ९ सय २८ टन तथा हिउँदे २८ हजार २१० टन उत्पादन भएको थियो। 'गत वर्ष मकैले मूल्य पनि राम्रो पायो,' पौडेलले भने, 'जिल्लामा दाना उद्योग खुल्ने क्रम बढ्दो छ। त्यसैले मकैको माग र खपत पनि वृद्धि भएको छ।' जिल्लाका किसानले गत वर्ष प्रतिक्विन्टल ३ हजार रुपैयाँका दरले मकै बिक्री गरेका थिए।

गाउँपालिकामा मकै जोन कार्यक्रम सञ्चालन हुने खबरले खुसी बनाएको झापा गाउँपालिकाका अध्यक्ष जयनारायण साहले बताए। 'जोन घोषणाले किसानलाई खुसी बनाएको छ। अब आत्मनिर्भर पनि बनाउने विश्वास छ,' उनले भने। साहले आफ्नो गाउँपालिकामा मकै खेती धेरै हुने भएकाले मकै जोन कार्यक्रममार्फत स्थानीय युवालाई स्वरोजगार बनाउन सक्नुपर्नेमा जोड दिए। कनकाई नगरपालिकाका मेयर राजेन्द्र पोखरेलले मकै जोन कार्यक्रमले स्थानीय किसानलाई ठूलो राहत हुने विश्वास व्यक्त गरे। उनले किसानको लागत मूल्य घटाउने तथा उत्पादन वृद्धि हुने भएकाले मकै जोन कार्यक्रमलाई सफल बनाउनुपर्नेमा जोड दिए। मेयर पोखरेलले किसानलाई प्रदान गरिने अनुदान कार्यक्रममा भने गम्भीरता अपनाउन तथा स्थानीय सरकारसँग समन्वय गर्न जोन कार्यान्वयन इकाईसँग आग्रह गरे।



दसैं मनाउन कञ्चनपुरको गड्डाचौकी नाका भएर स्वदेश फर्किरहेका नेपाली। भारतमा काम गर्ने नेपाली चाडपर्व सुरु भएपछि यो नाका भएर घर फर्किरहेका छन्। *तस्बिर : रासस*

क्वारेन्टाइनको अनुमतिबिनै प्रज्ञापनपत्र

■ **मनोज पौडेल** (कपिलवस्तु)

वनस्पति क्वारेन्टाइनको दिने प्रवेश अनुमतिपत्र (छुट पुर्जी) बिनै जिल्लास्थित दुई भन्सारले प्रज्ञापन पत्र दिने गरेका छन्। यहाँका कृष्णनगर र सुठौली भन्सार कार्यालयले बिरुवा संरक्षण ऐन ०६४ र नियमावली ०६६ को बेवास्ता गर्दै प्रज्ञापनपत्र उपलब्ध गराइरहेका हुन्। उक्त सुविधापछि बिरुवाजन्य पदार्थ सहजै मुलुक भित्रिने गरेका छन्। ऐनअनुसार बिरुवा तथा बिरुवाजन्य उपज आयात गर्दा निकासी गर्ने मुलुकले स्वस्थता प्रमाणपत्र जारी गर्छ।

उक्त प्रमाणपत्र हेरेर नमुना संकलन गरी यहाँस्थित वनस्पति क्वारेन्टाइनले प्रवेश अनुमतिपत्र दिन्छ। त्यसका आधारमा भन्सारले राजस्व बुझेर आयात गर्न दिनुपर्छ। यस्ता उपजमा फलफूल, तरकारी, दाना, गहुँ, चामल र अनाजलगायतका वस्तु पर्छन्। खाद्यान्नका हकमा खाद्य प्रविधि गुण नियन्त्रण कार्यालयले परीक्षणपछि प्रमाणपत्र दिन्छ। क्वारेन्टाइनले रोग किरा हेरेर प्रमाणपत्र दिन्छ। गत असार २ गतेदेखि आफ्नो प्रवेश अनुमतिपत्र नभए पनि भन्सारले प्रज्ञापनपत्र जारी गर्दै आएको प्लान्ट क्यारेन्टाइनले जनाएको छ।

कृष्णनगरस्थित पशु क्वारेन्टाइनले समस्या समाधानका लागि पहल गर्न गत साउन १० गते वनस्पति क्वारेन्टाइन एवं विषादी व्यवस्थापन केन्द्र हरिहरभवन ललितपुरलाई पत्राचार गरेको छ। चलानी नं. ५ को उक्त पत्रमा बिरुवा तथा बिरुवाजन्य उपज आयात गर्दा निकासी गर्ने देशले बिरुवा स्वस्थता प्रमाणपत्र जारी गरेर दिएपछि आयात गर्नेको क्वारेन्टाइन कार्यालयले प्रवेश अनुमतिपत्र दिएपछि भन्सार प्रक्रिया अगाडि बढाउनुपर्ने उल्लेख छ।

उक्त प्रक्रियाबिनै गत असार २ गतेदेखि भन्सारले प्रज्ञापन पत्र जारी गर्दै आएकाले क्वारेन्टाइन प्रक्रिया नियमन गरी सहयोग गर्ने माग गरिएको क्यारेन्टाइन प्रमुख वरिष्ठ बाली संरक्षण अधिकृत सहसराम चौधरीले बताए। कृषि विभागले क्वारेन्टाइन कार्यालय कृष्णनगरमा ०६९ पुस १९ गते पठाएको पत्रमा खाद्यान्नको हकमा खाद्यवस्तु आयातनिर्यात गर्दा क्वारेन्टाइन र खाद्यवस्तु आयातनिर्यात प्रमाणीकरण कार्यालयको प्रवेश अनुमतिपत्र भएपछि मात्र प्रज्ञापनपत्रको प्रक्रिया अगाडि बढाउन निर्देशन गरेको छ। तर दुवै भन्सारले खाद्यवस्तु आयातनिर्यात प्रमाणीकरण कार्यालयको प्रवेश अनुमतिपत्रकै आधारमा खाद्यवस्तु आयात निर्यात गरिरहेकाले क्वारेन्टाइन प्रक्रिया नियमन गरिदिन माग गर्दै केन्द्रमा पत्राचार गरिएको हो।

रोग किरा नरहेको प्रमाणपत्र दिनुपर्ने प्रावधानअनुसार ०७६ वैशाख १८ देखि क्वारेन्टाइन कार्यालय कृष्णनगरले बिरुवा स्वस्थता प्रमाणपत्र (पीएससी) अनिवार्य गरेको हो। त्यसपछि यस विषयमा क्वारेन्टाइन र भन्सार कार्यालयबीच असहमति बढेको थियो। क्वारेन्टिन प्रमाणपत्र नदिँदा राजस्व त बढ्छ तर सँगै समस्या निम्तिने प्रमुख चौधरीले बताए। 'मकैमा अमेरिकन फौजी किराको प्रकोप र गोलभेंडामा पात खाने टुटा एम्सुलेटाको प्रकोप पनि यस्तै असावधानीले भित्र्याएको हो,' प्रमुख चौधरीले भने, 'त्यसैले सतर्कता अपनाउनुपर्छ।'

नयाँ समस्या थपिँदै जाँदा अनावश्यक झमेला र नियन्त्रणका लागि रकम खर्चिनुपर्ने अवस्था आउने उनले बताए। गत वर्ष कृष्णनगर क्वारेन्टाइनले ७ सय प्रवेश अनुमति पत्र जारी गरेको थियो। चालु वर्षमा २२ वटा मात्र जारी गरिएको प्रमुख चौधरीले बताए। गत आर्थिक वर्षमा भन्सारले लक्ष्यअनुसार राजस्व संकलन गर्न सकेन। यसपटक लक्ष्य भेट्टाउन प्रक्रिया नपुऱ्याई भन्सार गर्न थालिएको स्रोतले दाबी गरेको छ।

कृष्णनगर भन्सार कार्यालय प्रमुख विष्णु पौडेलले फलफूल र तरकारीबाहेक बिरुवाजन्य उत्पादनलाई क्वारेन्टाइन गर्न नपर्ने विभागको परिपत्रका आधारमा प्रज्ञापनपत्र जारी गरिएको बताए। प्लान्ट क्वारेन्टाइन एवं विषादी व्यवस्थापन केन्द्र हरिहरभवन ललितपुरका वरिष्ठ बाली संरक्षण अधिकृत महेशचन्द्र आचार्यले भन्सारले बिरुवा वा बिरुवाजन्य पदार्थ आयातको हकमा बिरुवा स्वस्थता प्रमाणपत्रका आधारमा क्वारेन्टाइनले जारी गरेको प्रवेश अनुमतिपत्रको आधारमा मात्रै प्रज्ञापन पत्र जारी गर्न मिल्ने बताए।

बिरुवा र बिरुवाजन्य पदार्थका साथै प्रशोधन नगरिएका खाद्यान्नको समेत क्वारेन्टाइन बिनाप्रज्ञापनपत्र जारी गर्न नमिल्ने उनले बताए। क्वारेन्टाइनले प्रमाणपत्र जारी गर्नुको मुख्य उद्देश्य कुनै पनि माध्यमबाट रोग तथा किरा प्रवेश गर्न नदिनु हो। आफूहरूले क्वारेन्टिनबिनै बिरुवाजन्य उत्पादनलाई प्रज्ञापनपत्र जारी गरिएको विषय अर्थ मन्त्रालयलाई जानकारी गराएको आचार्यले बताए। दुवै मुलुकका बिरुवा संरक्षण संगठनबीच भएको छलफलपछि भारतीय पक्ष बिर्तामोड र कृष्णनगरमा क्वारेन्टाइन स्थापना गर्न सहमत भएको हो। तर, अहिलेसम्म भारतीय पक्षले क्वारेन्टाइन स्थापना नगरेको आचार्यले बताए। जिल्ला राजस्व चुहावट नियन्त्रण समितिका संयोजक प्रमुख जिल्ला अधिकारी गजेन्द्रबहादुर श्रेष्ठको अध्यक्षतामा २/३ पटक बैठक बसे पनि समस्या समाधान हुन सकेको छैन। अवैध बाटोबाट हुने आयातलाई निरुत्साहित गरी समस्या समाधान गरिने श्रेष्ठले बताए।

ल्हासास्थित महावाणिज्य दूतावासको भवन तयार



■ **लक्ष्मी लम्साल** (बेइजिङ)

चीनको स्वशासित क्षेत्र तिब्बतको ल्हासामा नेपाली महावाणिज्य दूतावासको नयाँ भवनको निर्माण सम्पन्न भएको छ। गत वर्ष सेप्टेम्बर ७ मा ल्हासामा भएको चौथो अन्तराष्ट्रिय चीन तिब्बत पर्यटन तथा सांस्कृतिक एक्स्पोमा सहभागी हुन आएका सभामुख कृष्णबहादुर महराले भवन निर्माणको शिलान्यास गरेका थिए। शुक्रबार एउटा कार्यक्रम गरी तिब्बतले भवन निर्माणको कार्य पूरा भएको जनाएको हो।

परिसरभित्र भिसा भवन, आवासीय भवन, व्यापारिक भवन, पानी तान्ने भवन, ग्यारेजलगायत ६ वटा भवन छन। भवन निर्माण नहुँदा वाणिज्य दूतावासको कार्यालय होटलमा सञ्चालित थियो। भवनभित्रका केही फर्निचरहरू जोड्न बाँकी रहेको र करिब एक महिनाभित्रै दूतावासको कार्यालय नया भवनमा सर्ने महावाणिज्यदूत गोविन्द बहादुर कार्कीले बताए।

यसअघि सन् १९७८ मा बनेको ४० वर्ष पुरानो एकतले टायलको घर जीर्ण भएपछि केन्द्र सरकारको अनुमतिमा तिब्बतले नै नया भवन निर्माण गरिदिएको हो। निर्मित संरचनाहरू नेपाली डिजाइनका छन्। चीन आफैंले करिब ४०/४५ करोड रुपैयाँ लागत खर्च बेहोरे पनि डिजाइन र नेपालीपन झल्काउनमा नेपालको हात रहेको कार्कीले बताए। भवनको हालको स्वरूपमा रंग, गजुर र मौलिकता झल्काउनका लागि सहयोग गरेको बताउँदै कार्कीले थपे, 'नेपालको परराष्ट्र मन्त्रालयको भवन विभागका इन्जिनियरहरूले नेपालीपन झल्किने गरी नक्सा बनाउन योगदान गरेका छन्।' सन् २०१७ मा ल्हासाका उपमेयर चाओ थाओ र कार्कीले महावाणिज्य दूतावासको पुनर्निर्माण तथा भवन निर्माणसम्बन्धी परियोजनामा हस्ताक्षर गरेका थिए। छिट्टै भवन हस्तान्तरण समारोह आयोजना गरिने कार्कीले सुनाए।

निर्माण समापन समारोहमा बोल्दै तिब्बतकी विदेश मामिला कार्यालयकी निर्देशक पाई मान याङचोइले चीन र नेपाल नदी र पहाड तथा दात र ओठ जोडिएजस्तै असल छिमेकी भएको बताइन्। उनले भनिन, 'नेपाल र चीन असल छिमेकी, असल साझेदार, असल साथी हुन्।'

चीन र नेपालबीच दौत्य सम्बन्ध स्थापना भएको ६४ वर्षमा दुवै देशबीचको सम्बन्ध स्वस्थ तथा स्थिर रूपमा विकसित भएको उनको भनाइ थियो। मैत्रीपूर्ण आदान प्रदान तथा आपसी विश्वासको स्तर पनि निकै बलियो बनेको बताउँदै उनले थपिन, 'आर्थिक तथा व्यापारिक वातावरण अझै उन्नत भएको छ, मानवीय आदानप्रदान विस्तृत हुँदै गएको छ।'

महावाणिज्यदूत कार्कीले नयाँ चीन स्थापनाको ७० औं वार्षिकोत्सवमा चीन सरकार, चिनियाँ कम्युनिस्ट पार्टी तथा तिब्बत सरकारलाई सामाजिक तथा आर्थिक विकासमा प्राप्त उपलब्धिप्रति बधाई दिए। 'ल्हासाको महावाणिज्य दूतावासको नयाँ भवन निर्माण परियोजना निकै महत्त्वपूर्ण काम थियो,' कार्कीले भने, 'नयाँ संरचना तथा उपकरणको प्रयोगले महावाणिज्य दूतावासको काममा चुस्तता आउनेछ।'

'हावापानीले धानमा दाना लागेन'

सीमावर्ती गाउँका किसान बढी उत्पादन हुने आसमा भारतबाट बीउ ल्याउँछन्। कतिपय बीउलाई सरकारले अनुमति दिएको छैन। सूचीकृत नभएका बीउ प्रयोग गर्दा किसान जहिल्यै मर्कामा परिरहेका छन्।



बर्दियाको बढैयाताल गाउँपालिका ५ मा दाना नलागेको धानको अवलोकन गर्दै कृषि प्राविधिक। *तस्बिर : ठाकुरसिंह/कान्तिपुर*

■ **ठाकुरसिंह थारू** (बर्दिया)

बढैयाताल गाउँपालिकाका किसानले लगाएको भारतीय सौरभ प्रजातिको धान यहाँको वातावरण सुहाउँदो नभएका कारण दाना लाग्न नसकेको कृषि वैज्ञानिकहरूले बताएका छन्। उनीहरूले किसानको खेतमै पुगेर गरेको स्थलगत अध्ययनपछि उक्त निष्कर्ष निकालेका हुन्।

सौरभ धानको बीउ नेपालमा हालसम्म सिफारिस भएको छैन। धेरै उत्पादन हुने भन्दै किसानले नजिकैको एग्रोभेट र भारतबाट किनेर बीउ राखी रोपाइँ गरेका थिए।

सौरभ धान सयौं बिघामा लगाइएको छ। दाना नलागेपछि किसान मारमा परेका छन्। कृषि ज्ञान केन्द्रका प्रमुख सागर ढकालले फरक हावापानीकै कारण बाला नलागेको बताए। 'गाँज मजाले लागेको छ। राम्रै पसाएको छ। तर, बाला बाहिर निस्केपछि भित्र गुदी लागेन,' उनले भने, 'बीउमा खराबी भएको भए नउम्रिन सक्थ्यो। सबैथोक भयो तर हावापानी नमिलेपछि तयार हुनै लागेको धानमा दाना लागेन।' धान थन्क्याउन किसानले भकारीको जोहो गरिरहेका बेला धानमा आएको समस्याले हाहाकार मच्चिएको छ। श्रम र लगानी खेर गएपछि उनीहरू छटपटिएका छन्। वर्षभरिको कमाइ चौपट भएको छ। 'हामी त बर्बादै भयौं। वर्षभरिको कमाइ लुटियो,' किसान झगरु थारूले भने, 'भारतबाट धानको बीउ किनेर नमज्जाले फसियो।' क्षेत्रीय कृषि अनुसन्धान केन्द्र (नार्क) का बाली वैज्ञानिक वशिष्ठ आचार्यले धानमा कुनै किसिमको किरा नलागेको बताए। उनले खेतमा पानीको राम्रो व्यवस्था भएकाले बाला निस्केको तर दाना नलागेकाले बीउमै समस्या भएको सुनाए। 'भारतको कुनै क्षेत्रको धान होला। यताको वातावरण सुट नगरेको हुन सक्छ,' उनले भने, 'वर्षाका कारण भएको भए वर्षापछि पसाएको बालामा दाना लाग्नु पर्थ्यो। तर, त्यस्तो भएको पनि देखिएन।'

खजुरास्थित बाली संरक्षण प्रयोगशालाका प्रमुख पुष्पराज बेलवासेले नेपालमा सूचीकृत नभएको धानको बीउ प्रयोग गरेका कारण यस्तो समस्या आएको बताए। उनले धानको गाँज मजाले फस्टाएको तर दाना नलाग्नुमा वातावरणको प्रभाव हुनसक्ने जानकारी दिए। 'एउटा किरा पनि बालामा देखिएन। बाला पनि मजाले लागेकै छ। तर, गुदी भर्ने बेला सुक्न थालेको देखियो,' उनले भने, 'किरा लागेको समस्या भए कन्ट्रोल गर्न सकिन्थ्यो। तर, यो हाम्रो बसमा रहेन।'

उनले भकारीमा धान राख्ने बेला बढैयाताल गाउँपालिकाका किसानले निकै ठूलो क्षति बेहोरेको बताए। 'बीउ नउम्रेको भए अर्को छर्थे होला। तर, फल लाग्ने बेला देखिएको समस्याले किसानले निकै ठूलो मूल्य चुकाउनुपरेको छ,' उनले भने, 'समयमै किसानले ध्यान दिन नसक्दा यति ठूलो क्षति बेहोर्नुपरेको हो।' कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत सकिल अहमदले भारतीय बीउका कारण किसानलाई क्षतिपूर्ति दिलाउन समस्या भएको बताए। 'नेपालको बीउ भएको भए क्षतिपूर्तिका लागि पहल गर्न सकिन्थ्यो। भारतीय भएकाले समस्या भयो,' उनले भने, 'किसानले कृषि प्राविधिकसँग सल्लाह नगर्दा समस्या आयो।'

थपिँदै २० मेगावाट विद्युत्

पर्वत (कास)- विद्युत् खपत बढ्ने चाडपर्वका बेला जिल्लामा सञ्चालित आयोजनाबाट २० मेगावाट विद्युत् थपिने भएको छ। मोदी र कुश्मा नगरपालिकामा निर्माणाधीन तल्लो मोदीखोला जलविद्युत् आयोजनाले दसैंलाई लक्षित गरेर परीक्षण उत्पादनको तयारी गरेको छ। लक्षित समयभन्दा अढाई वर्षपछि आयोजनाले उत्पादन दिने भएको हो।

आयोजनाले भित्री र बाहिरी सम्पूर्ण पूर्वाधारको काम सकेर प्रसारण लाइन अनुमति कुरिरहेको छ। विद्युत् प्राधिकरणले आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा पठाउन अनुमति दिनेबित्तिकै परीक्षण उत्पादन थालिनेछ। आयोजनाले करिब ४ किलोमिटर प्रसारण लाइन निजी क्षेत्रको युनाइटेड मोदी हाइड्रोपावर कम्पनीसँग सम्झौता गर्नुपर्नेछ। युनाइटेड मोदीसँगको सम्झौताका लागि अन्तिम तयारी भइरहेको आयोजनाले जनाएको छ। निजी क्षेत्रभन्दा प्राधिकरणसँग अनुमति लिन ढिलाइ हुँदा आयोजनाको परीक्षण उत्पादन समय लम्बिएको छ।

आयोजना प्रमुख पवनकुमार यादवले दसैंभित्रै परीक्षण उत्पादन सुरु गरिने दाबी गरे। 'अब काम सकिएको छ। पानी परेन भने दसैंसम्ममा परीक्षण प्रसारण गर्ने हो,' उनले भने, 'हामीले टेक्निकल काम सबै सकाएर राष्ट्रिय प्रसारण लाइनमा जोड्ने अनुमति कुरेका छौं।'

सरकारले सय...

सरकारले सस्तो मूल्यमा बिक्री गरे पनि खसीबोका र च्याङ्ग्राको संख्या भने न्यून छ। सरकारले एक हजार खसीबोका र २ हजार च्याङ्ग्रा मात्रै बिक्री गर्ने योजना राखेको छ। यसले बजार हस्तक्षेप हुन नसक्ने जानकारहरू बताउँछन्। यद्यपि, सरकारी अधिकारीहरूले भने मूल्य स्थिर राख्ने बताउँछन्। 'गत वर्ष २ हजार लक्ष्य थियो। खसीबोका ३ सय र च्याङ्ग्रा ९ सय मात्रै खरिद हुन सक्यो। अहिले ३ हजार योजना छ। च्याङ्ग्रा १ हजार ९ सय २० र खसीबोका एक हजार वटा नै खरिद भएको छ,' महाप्रबन्धक गौचनले भने, 'स्रोत साधन पनि पर्याप्त छैन। संख्या थोरै भए पनि यसले बजारमा मूल्य स्थिरीकरण ल्याउँछ। बिचौलियाले चलखेल गर्न पाउदैनन।' सरकारले मूल्य निर्धारण गरे पनि बजारभाउ नबढ्ने उनले दाबी गरे। काठमाडौं चौपाया खरिद बिक्री प्रालिका अध्यक्ष जनक खड्काले भने यही क्रम निरन्तर रहे किलोमा १० देखि १५ रुपैयाँसम्म बढ्न सक्ने बताउँछन्।

स्व. इन्दिरा ताम्राकारको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै तेस्रो भावपूर्ण श्रद्धाञ्जली



जन्म: २००८/०४/०८ गते

स्वर्गारोहण २०७३/०६/१७ गते

स्व. इन्दिरा ताम्राकार

पति: कृष्ण ताम्राकार

छोरा/बुहारी: सुबिर ताम्राकार/तानिया अगस्तो (ताम्राकार), कबिर ताम्राकार/प्रतिभा लिम्बु (ताम्राकार)

नाति/नातिनी: आरियाना ताम्राकार, साहाना मारिया ताम्राकार, एलाइस अगस्तो ताम्राकार

हार्दिक श्रद्धाञ्जली



जन्म मितिः १९९२/०८/१५

स्वर्गारोहणः २०७६/०६/०३

स्व. माया बस्नेत

हाम्री ममतामयी दिदी/आमा **माया बस्नेत**को असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा हामीप्रति सहानुभूति तथा समवेदना व्यक्त गर्नुहुने समस्त आफन्तजन एवं शुभचिन्तकहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

बहिनी: लक्ष्मी बस्नेत

छोरा/बुहारीहरू: राजन सिंह बस्नेत/तिला बस्नेत, शंकर सिंह बस्नेत/पुजन बस्नेत

छोरी/ज्वाईं: उषा कुंवर, रिता/छविलाल शिवाकोटी

नाति/नातिनीहरू: रजनिश सिंह बस्नेत, सिद्धान्त सिंह बस्नेत, मनिष सिंह कुंवर, सतिश सिंह कुंवर, राहुल शिवाकोटी, शिवानी बस्नेत, निना शिवाकोटी, नेहा शिवाकोटी

तथा समस्त बस्नेत परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म मितिः २००२/०९/२६

स्वर्गारोहणः २०७६/०६/०३

स्व. गोपाल सिंह कुंवर

हाम्रा प्रातः स्मरणीय **गोपाल सिंह कुंवर**को असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा हामीप्रति सहानुभूति तथा समवेदना व्यक्त गर्नुहुने समस्त आफन्तजन एवं शुभचिन्तकहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

श्रीमती: उषा कुंवर

छोराहरू: मनिष सिंह कुंवर, सतिश सिंह कुंवर

सालाहरू: राजन सिंह बस्नेत/तिला बस्नेत, शंकर सिंह बस्नेत/पुजन बस्नेत

साली: रिता शिवाकोटी/छविलाल शिवाकोटी

ekantipur.com

खेलकुद



झापा अवार्ड

एनएसजेएफ झापा स्पोर्टस अवार्ड २०७५ को पुरुषमा शारीरिक सुगठनका उमेश राई र महिलामा करांतेकी एस्टर राईले उपाधि जितेका छन् । युवाको उपाधि क्रिकेटर अप्सरी बेगमले जितिन् ।

रजनीले जितिन् दुई पदक

कान्तिपुर संवाददाता (काठमाडौं)

नेपालकी रजनी श्रेष्ठले ५३ औं एसियाली शारीरिक सुगठन तथा फिजिक स्पोर्टस च्याम्पियनसिपमा ऐतिहासिक रूपमा दुई पदक जितेकी छन् ।

महिला शारीरिक सुगठनमा नेपाली महिला खेलाडीले पहिलो सहभागितामै पदक जितेका हुन् । उनले ५५ केजीमुनि तौलसमूहमा रजत र ३० वर्षमाथि उमेर समूहमा कांस्य पदक जितेकी हुन् ।

इन्डोनेसियाको बतामम्मा जारी प्रतियोगितामा सोमबार रजनीले पहिलो अन्तर्राष्ट्रिय प्रस्तुति नै दमदार दिइन् । ५५ केजीमुनि तौलमा उनले भारतकी ब्रह्मचारी अमला प्रदीपलाई हराएर रजत निश्चित गरेकी हुन् । स्वर्णका लागि भएको स्पर्धामा उनी भियतनामकी तोन होयाङ खान लानसँग पराजित भइन् । ३६ वर्षीया रजनी एक छोराकी आमासमेत हुन् ।

३० वर्षभन्दा माथिको उमेर समूहमा पनि रनजीले भारतमै ब्रह्मचारी अमलालाई हराएर कांस्य निश्चित गरेकी हुन् । यस विधामा भियतनामका नुगुयेन विच ट्राम र तोन होयाङले क्रमशः स्वर्ण र रजत जिते । २८ राष्ट्रसम्मिलित प्रतियोगितामा ५४ विधामा प्रतिस्पर्धा भइरहेको छ । प्रतियोगितामा ३ सय ५८ खेलाडीले भाग लिएका छन् ।

एसियाली शारीरिक सुगठन च्याम्पियनसिप



वर्डीबिल्डिङ संघ नेपाल

इन्डोनेसियाका बतामम्मा सोमबार भएको ५३ औं एसियाली शारीरिक सुगठन च्याम्पियनसिपमा रजत र कांस्य पदक जितेकी नेपालीकी रजनी श्रेष्ठ ।

त्यसमा नेपालबाट रजनीको एक्लो सहभागिता हो ।

आइतबार बसेको एसियाली शारीरिक सुगठन तथा फिजिक्स स्पोर्ट्स महासंघको कंग्रेसले नेपाल शारीरिक सुगठन तथा फिटनेस संघका अध्यक्ष राजेशबाबु श्रेष्ठलाई महासंघमा दोस्रो कार्यकालका लागि उपाध्यक्ष मनोनीत गरेको छ । सोही बैठकले प्रतियोगिताको आगामी संस्करण नेपालमा गर्ने प्रस्ताव अनुमोदन गरेको संघले विज्ञप्तिमार्फत जनाएको छ । संघले अघिल्लो महिनामात्र दक्षिण एसियाली शारीरिक सुगठन प्रतियोगिता आयोजना गरेको थियो ।

छनोट विवाद बढ्दो



जोर्डनमा भएको एएफसी यू-२६ च्याम्पियनसिपमा सहभागी नेपाली टोली । *फाइल तस्बिर*

कान्तिपुर संवाददाता (काठमाडौं)

उमेर समूहको नेपाली राष्ट्रिय टोलीका खेलाडीको छनोटलाई लिएर निस्केको विवाद पेचिलो स्थितिमा पुगेको छ । जोर्डनमा सेप्टेम्बर १४ देखि २२ सम्म भएको एएफसी यू-१६ च्याम्पियनसिप २०२० छनोट फुटबलमा सहभागी नेपाली टोलीका पाथ्युङहाङ नेम्वाङ, दीपेश राई र क्रिस्टल शाक्यको छनोटलाई लिएर विवाद उब्जिएको हो ।

यी तिनै खेलाडी अखिल नेपाल फुटबल संघ (एन्फा) ले असार ३ मा जारी गरेको प्रारम्भिक खेलाडी सूचीमा छैनन् । त्यसमा पहिलो रोजाइका ३५ खेलाडी छन् । त्यसमा राखिएको सात वैकल्पिकमा पनि उनीहरू नाम छैन ।

पाथ्युङहाङ एन्फाको वरिष्ठ उपाध्यक्ष पंकज नेम्वाङका छोरा हुन् । उनकै दबाबमा खेलाडी छनोट गरिएको आरोप लगाइएको छ । यसै कारण पनि विवादले गम्भीर रूप लिएको छ । जोर्डन गएको टिमका मुख्य प्रशिक्षकमा सुनील श्रेष्ठ, प्रशिक्षकमा राजकुमार केसी र गोलरक्षक प्रशिक्षकमा विनोद महर्जन थिए । यिनै तीन प्रशिक्षकले विवादबीच जारी गरेको विज्ञप्तिमा नेम्वाङको पदीय दबाब र भनसुनका आधारमा खेलाडी छनोट गरेको आरोप गलत भएको दाबी गरेका छन् । उनीहरूले प्रस्तुत गरेको तर्कमा वैकल्पिक सूचीबाटै पाथ्युङ, दीपेश र क्रिस्टललाई छनोट गरिएको दाबी गरेका छन् । तर, तीनै खेलाडी वैकल्पिकको सूचीमा छैनन् ।

सूचीमा रहेका खेलाडीमा नीराजन खत्री, सुमित दाहाल, मनाग्ये नकर्मी, नेवाङ सुब्बा, साइमन राई, शशांक बोहरा र मनिराजु लिम्बु छन् । त्यसअघि टिममा रहेका मनोज दाहाल, जेनिश केसी र ईश्वर गुरुङ बढी उमेरका कारण बाहिरिएका थिए ।

विवादबारे सोध्दा एन्फा प्रवक्ता किरण राईले त्यसबारेमा धेरै बोल्न नमिल्ने बताए । उनले भने, 'यो नितान्त प्राविधिक पक्षको कुरा हो । टिममा को राख्ने र नराख्ने भन्ने निर्णय प्रशिक्षकले गर्ने हो । यो पूर्णतः प्राविधिक समूहको अधिकार हो । हाम्रो भनाइ यतिमात्र हो कि पाथ्युङसँगै दुई अरू खेलाडीको छनोटमा कुनै प्रकारको प्रभाव वा दबाब परेको छैन ।' केही एन्फा पदाधिकारीहरूले भने यसलाई चरम सीमाको नीतिगत भ्रष्टाचार भनेका छन् ।

एक पदाधिकारीले भने, 'राष्ट्रिय टिमको छनोटमै यस प्रकारको अनियमितता हुन्छ भने कसैले भविष्यमा किन फुटबल खेल्ने ? अब यस्तै वातावरण तयार भएको छ । अहिले नै यसमा को दोषी हो भनेर दाबी गर्न सकिन्न, तर निश्चित रूपमा ठूलो लापरवाही भएको छ । यसका लागि एन्फा आफैंले छानबिन गर्नुपर्छ र दोषीलाई कारवाही गर्नुपर्छ ।

यस विषयमा नियमन निकाय राष्ट्रिय खेलकुद परिषद् पनि चुप लागेर बस्नुहुन्न । छनोट प्रक्रिया सही हुन्छ भन्ने विश्वास कायम राख्न पनि चाँडै छानबिन हुनु जरुरी छ ।'

प्रारम्भिक सूचीमा नाम परेर पनि जोर्डन जान नपाएका केही खेलाडीले परिषद्मा उजुरी दिन लागेको बताइएको छ । एन्फा स्रोतका अनुसार तीनै जना प्रशिक्षकलाई खेलाडी छनोट प्रक्रियाको बचाउ गर्दै प्रेस विज्ञप्ति जारी गर्न पनि दबाब दिइएको थियो ।

एन्फाको असार ३ को सूचना च्यात्ने र लुकाउने प्रयास पनि भएको छ । यो सबै घटना एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पा विदेश गएका बेला भएको हो । एन्फा पदाधिकारीहरूका अनुसार फुटबल संघभित्र अहिले चरम गुटबन्दी चलिरहेको छ र अहिलेको छनोट विवाद पनि त्यसकै कारणले हो ।

उक्त छनोट प्रतियोगिताको नेपाल समूह 'ए' मा रहेको थियो । उक्त समूहमा ताजकिस्तान, जोर्डन, श्रीलंका र कुवेत रहेको थियो । नेपालले श्रीलंकालाई ३-० ले पराजित गर्दै कुवेतसँग १-१ को बराबरी खेलेको थियो । आयोजक जोर्डन र ताजकिस्तानसँग समान ७-० ले पराजित भएको हो ।

उमेश र एस्टर झापा वर्ष खेलाडी

अर्जुन राजवंशी (बिर्तामोड)

शारीरिक सुगठनका उमेश राई झापा स्पोर्ट्स अवार्ड २०७५ को वर्ष उत्कृष्ट पुरुष खेलाडी भएका छन् । दक्षिण एसियाली च्याम्पियन उमेशले शारीरिक सुगठनकै राम दाहाल र राष्ट्रिय फुटबल टिमका स्ट्राइकर नवयुग श्रेष्ठलाई पछि पारे । उनले यामाहा एक थान मोटरसाइकल प्राप्त गरे । गत वर्ष नवयुगले यो अवार्ड जितेका थिए ।

महिलातर्फ करांतेकी एस्टर राईले उपाधि जितिन् । एकेएफ क्याडेट च्याम्पियन एस्टरले राष्ट्रिय फुटबल टिमकी गोलरक्षक एन्जिला तुम्बापो र भलिबलकी विनिता बुढाथोकीलाई पछि पारिन् । आठौं राष्ट्रियमा स्वर्ण जितेकी एस्टरले यामाहाकै स्कुटर पुरस्कार पाइन् । अघिल्लो दुई संस्करणमा उनी मनोनयनमा परेकी थिइन् ।

उत्कृष्ट युवाको अवार्ड क्रिकेटर अप्सरी बेगमले जितेकी छन् । फुटबलका छिरिङ गुरुङ र ब्याटमिन्टनकी अमिता गिरीलाई पछाडि पारेकी अप्सरीले २५ हजार रुपैयाँ प्राप्त गरिन् । प्रशिक्षकको अवार्ड महिला राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक हरि खड्काले जितेका छन् । उनले बक्सिङका डम्बर लिम्बु र करांतेका प्रशिक्षक योगेश राईलाई पछाडि पारे । खड्काले २५ हजार रुपैयाँ थापे । पिपल्स च्वाइसको अवार्ड झापाली फुटबलर कर्ण लिम्बुले जिते । उनले २५ हजार पाए ।

लाइफटाइम एचिभमेन्ट अवार्डबाट धुलाबारीका भलिबल प्रशिक्षक गणेशविक्रम नेम्वाङ सम्मानित भए । उनलाई ३५ हजार प्रदान गरियो । करिब ५ दशकदेखि भलिबलमा आबद्ध नेम्वाङ हाल पनि प्रशिक्षकका रूपमा क्रियाशील छन् । उनी जिखेविसका पूर्वअध्यक्ष हुन् । ०६६ सालमा स्थापित नेपाल खेलकुद पत्रकार मञ्च समन्वय शाखा झापाले पूर्व फुटबलर आशिषविक्रम नेम्वाङको स्मृतिमा अवार्ड गर्दै आएको छ ।

खेलाडीलाई जर्सी

काठमाडौं (कास)- पूर्व राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला भलिबल खेलाडी फाउन्डेसनले १३ औं दक्षिण एसियाली खेलकुद (साग) को विच भलिबलको तयारीमा रहेको पुरुष तथा महिला टोलीका खेलाडीलाई पोसाक हस्तान्तरण गरेको छ ।

फाउन्डेसनले दसैं शुभकामना आदानप्रदान कार्यक्रममा साग तयारीमा रहेका ४ पुरुष र ५ महिला खेलाडीसहित दुई प्रशिक्षकलाई खेल पोसाक प्रदान गऱ्यो । भलिबलका पूर्व राष्ट्रिय खेलाडी तथा राखेपका पूर्व सदस्य रेशम गुरुङले जर्सी हस्तान्तरण गरे । महिलातर्फ विनिता बुढाथोकी, नेबिका चौधरी, मनीषा चौधरी, पुष्पा चौधरी र कोपिला उप्रेती बन्द प्रशिक्षणमा छन् । पुरुषतर्फ मानबहादुर श्रेष्ठ, दिल सुनार, सन्जुविक्रम शाह र राजु बिक छन् । प्रशिक्षकद्वयमा कौशिला खत्री र सुदेशकुमार रिमाल छन् । एक वर्षअघि स्थापित फाउन्डेसनले पुराना भलिबल खेलाडीलाई एकै थलोमा समेट्नुका साथै खेलाडी हकहितका लागि काम गर्ने अध्यक्ष अञ्जु श्रेष्ठले बताइन् ।

जुगेडी विजयी

रूपन्देही (कास)- ३३ औं झरना रनिङ सिल्ड नकआउट फुटबलको सोमबारको खेलमा जू एफसी जुगेडी विजयी भएको छ । जुगेडीले लिस्नु युवा क्लबविरुद्ध ३-१ ले विजयी भएको हो । खेलको २३ औं मिनेटमा जुगेडीका सन्त गुरुङले गोल गर्दै टिमलाई अग्रता दिलाए । खेलको ३६ औं मिनेटमा रन्जन पुनले दोस्रो गोल गरेपछि टोली जित नजिक पुगेको थियो । दोस्रो हाफमा रन्जनले अर्को गोल गरेपछि जुगेडीको जित निश्चितजस्तै भयो । तर लिस्नुको तर्फबाट ६१ औं मिनेटमा रमेश बर्तौलाले एक गोल फर्काए । कुञ्जालापुरस्थित उमा आधारभूत विद्यालयको मैदानमा जारी स्पर्धामा जुगेडीका रोशन रानामगर म्यान अफ द म्याच घोषित भए ।

लोब्साङले यू-१९ सम्हाल्ने

कान्तिपुर संवाददाता (काठमाडौं)



प्राविधिक समितिले एएफसी यू-१९ च्याम्पियनसिप छनोटका लागि नेपाली युवा टिमको मुख्य प्रशिक्षकमा छिरिङ लोब्साङ गुरुङलाई सिफारिस गरेको छ ।

संयोजक कृष्ण थापाको अध्यक्षतामा सोमबार भएको समिति बैठकले यू-१९ टिमको मुख्य प्रशिक्षकमा गुरुङसँगै सहायकमा अनन्तराज थापा र गोलकिपिङ कोचमा उज्ज्वल मानन्धरलाई सिफारिस गर्ने निर्णय गरेको हो । मुख्य प्रशिक्षक चेतनारायण श्रेष्ठसहित सुनोज श्रेष्ठ (सहायक प्रशिक्षक) र छन्नुराम चौधरी (गोलकिपिङ कोच) ले नेपाली टिम साफ यू-१८ च्याम्पियनसिपको समूह चरणबाटै बाहिरिएपछि राजीनामा दिएका थिए ।

अघिल्लो दुवै संस्करण च्याम्पियन नेपाली टिमले हल्चोकमा आयोजित तेस्रो संस्करणमार्फत् उपाधिमा ह्याट्रिक गर्ने लक्ष्य बनाएको थियो । तर, नेपाली टिम घरेलु मैदानमा पहिलो खेलमा माल्दिभ्ससँग १-१ को बराबरी र दोस्रोमा भुटानसँग ३-० को हारसँगै समूह चरणबाटै बाहिरियो ।

समूहको अन्तिम खेलमा भुटान र माल्दिभ्सले गोलरहित बराबरी खेलेपछि औपचारिक रुपमा नेपाली टिम प्रतियोगिताबाट बाहिरिएको थियो । त्यसलगत्तै प्रशिक्षकहरूले प्रतियोगितामा 'असफल भएको' स्वीकार्दै पद छाड्ने घोषणा गरको थिए । आइतबार भएको यू-१८ साफको फाइनलमा बंगलादेशलाई हराएर भारतले पहिलोपल्ट उपाधि जितेको थियो ।

साफ यू-१८ मा सहभागी युवा टिमले नै नोभेम्बरमा तेहरानमा हुने एएफसी यू-१९ च्याम्पियनसिपको छनोट खेल्दै छ । त्यही टिम सम्हाल्नका लागि प्राविधिक समितिले लोब्साङ, थापा र मानन्धरलाई सिफारिस गर्ने निर्णय गरेको हो । गुरुङसँगै मुख्य प्रशिक्षकलाई थ्रीस्टारका प्रशिक्षक मेघराज केसीबारे पनि छलफल भएको एन्फा स्रोतले बताएको छ ।

लोब्साङले सम्हालेको टिमले सन् २०१७ मा थिम्पुमा भएको साफ यू-१८ च्याम्पियनसिपको उपाधि जितेको थियो । उनको नेतृत्वमा मनाङ मर्स्यांङदी क्लब सहिद स्मारक 'ए' डिभिजन लिग २०६२ च्याम्पियन भएको थियो । यसपालि एएफसी कपमा पनि मनाङको टिम उनले सम्हालेका थिए । 'पहिलाको प्रदर्शन र नतिजाका आधारमा लोब्साङलाई यू-१९ टिमको मुख्य प्रशिक्षकमा सिफारिस गर्ने निर्णय गरिएको हो,' प्राविधिक समितिका एक पदाधिकारीले भने । एन्फा उपाध्यक्षसमेहत रहेका कृष्ण थापा संयोजक रहेको प्राविधिक समितिमा कुमार राजभण्डारी सह-संयोजक छन् भने सदस्यमा अर्जुन लामा, एन्फाका अर्का उपाध्यक्ष उपेन्द्रमान सिंह र कार्यसमिति सदस्य दिनेश व्यञ्जनकार छन् । एएफसी 'ए' लाइसेन्स उत्तीर्ण प्रशिक्षक लोब्साङले दुई वर्षअघि साफ यू-१८ जितेलगत्तै त्यही टिम एएफसी यू-१९ छनोटमा पनि सम्हालेका थिए । यू-१९ छनोटमा यूएई, ओमान, बहराइन र किर्गिस्तानसँग हारेको नेपालले गोलको खाता खोल्न सकेको थिएन र १२ गोल बेहोरेको थियो ।

एएफसी 'बी' लाइसेन्सप्राप्त अनन्तराज थापाले पुलिस क्लब सम्हालिरहेका छन् । उनलाई एन्फाले पहिलोपल्ट जिम्मेवारी दिन लागेको हो । पूर्व गोलकिपर उज्ज्वल मानन्धर जापानी प्रशिक्षक ग्योतोकु कोजीले राष्ट्रिय टिम सम्हालेको बेला दुई वर्ष गोलकिपिङ कोचको भूमिकामा थिए । त्यसबेला नेपालले एएफसी सोलिडारिटी कपको सफलतासँगै एसियन कपको छनोट खेल्ने अवसर पाएको थियो । पछिल्लोपल्ट लिगमा थ्रीस्टारमा रहेका उनले एएफसी गोलकिपिङ कोचको लेवल १ कोर्स गरेका छन् ।

नेपालले यू-१९ छनोटको समूह 'डी' मा युएईसँगै आयोजक इरान र किर्गिस्तानविरुद्ध नोभेम्बर ६-१० सम्म प्रतिस्पर्धा गर्नेछ । छनोटबाट ११ समूहका विजेतासँगै उपविजेतामध्ये उत्कृष्ट ४ वा ५ टिमले सन् २०२० अक्टोबरमा उज्बेकिस्तानमा हुने एएफसी यू-१९ च्याम्पियनसिप खेल्ने अवसर पाउनेछन् ।

ड्रागन क्लबलाई दसैं कप

नारायण खड्का (अस्ट्रेलिया)

एडिलेड ड्रागन फुटबल क्लबले दसैं कपको उपाधि जितेको छ । पेनाल्टी शुटआउटमा आयोजक एकेएफसीलाई ५-४ ले हराउँदै ड्रागनले ३ हजार डलर पुरस्कार जितेको हो । दक्षिण अस्ट्रेलियामा हरेक वर्ष दसैंको अवसरमा आयोजना गरिने फुटबल प्रतियोगितामा यस राज्यमा रहेका विभिन्न क्लबले भाग लिएका थिए ।

दुईदिन चलेको स्पर्धा चार समूहमा वर्गीकरण गरेर खेलाइएको थियो । भेट्रान, बालबालिका र महिलासहितको फुटबल प्रतियोगिता गरिएको थियो । मुख्य स्पर्धाको रूपमा आयोजित प्रतियोगिताको



अस्ट्रेलियामा आयोजित दसैं कप फुटबलमा विभिन्न विधाका विजेता ।

फाइनल निर्धारित समय गोलरहित भएपछि पेनाल्टीमा निर्णय गरिएको हो ।

खुकुरी क्लबले विटाविरा पार्कमा रहेको आफ्नै मैदानमा आयोजना गरेको प्रतियोगितामा २० भन्दा बढी टिमको सहभागिता थियो । आयोजक अध्यक्ष कुमार गुरुङले हरेक वर्ष घटस्थापनाको दिन सम्पन्न गरिने कार्यक्रमले नेपालीलाई दसैंको आभाष दिलाउने र पारिवारिक जमघट गराउने आफूहरूको मुख्य उद्देश्य रहेको सुनाए ।

भेट्रानतर्फ आयोजक खुकुरी क्लबले ब्रदर्स युनाइटेडलाई १-० ले हराउँदै उपाधि जित्यो । विजेता ६ सय डलर र ट्रफी जित्यो । राज्यस्तरीय फुटबल प्रतियोगिता खेल्दै आएको यस क्लबले आफ्नै मैदानका साथै अन्य भौतिक पूर्वाधारसमेत तयार गरिसकेको अध्यक्ष गुरुङले बताए । क्लबका महासचिव राजन लामिछानेले नेपालीको जनसंख्या बढिरहेका कारण यस्ता प्रतियोगिता आयोजना गर्ने गरिएको बताए ।



HAPPY DASHAIN

Celebrate

with

us

THE GLENLIVET
THE DISTILLERS OF SCOTCH WHISKY
GEORGE & J.G. SMITH
ESTD 1824
THE ORIGINAL GLENLIVET
THE GLENLIVET
SINGLE MALT SCOTCH WHISKY
IN 1824 GEORGE SMITH ESTABLISHED HIS DISTILLERY IN THE REMOTE AND wild LOCATION OF GLENLIVET. HERE, HE FOUND THE perfect CONDITIONS TO CRAFT THE definitive SINGLE MALT WHISKY.
12 YEARS OF AGE
THROUGH THIS timeless, PRIMEVAL VALLEY RUN THE soft WATERS OF THE RIVER LIVET. ITS NAME, "smooth flowing one" IN GAELIC, REFLECTS THE GLENLIVET'S BEAUTIFULLY rich AND ELEGANT FLAVOURS.
Smooth flowing one
DISTILLED AT THE GLENLIVET DISTILLERY BANFFSHIRE PRODUCT OF SCOTLAND
ESTD GEORGE & J. G. SMITH LTD 1824
700ml 40%
George Smith
The single malt that started it all
GEORGE & J. G. SMITH

1801
CHIVAS REGAL
AGED 12 YEARS
BLENDED SCOTCH WHISKY
PRODUCE OF SCOTLAND

Ballantine's
FINEST
BLENDED SCOTCH WHISKY
BLENDED & BOTTLED IN SCOTLAND
GEORGE BALLANTINE AND SON LTD.
DUMBARTON, G82 2SS, SCOTLAND
PRODUCT OF SCOTLAND
ESTD 1827

ABSOLUT VODKA
SWEDISH VODKA
ABSOLUT SINCE 1879
One source. One community. One superb vodka. Produced in the village of Åhus, Sweden. Absolut Since 1879.
IMPORTED
LC./VOL.(80 PROOF)
1L
PRODUCED AND BOTTLED IN ÅHUS, SWEDEN

THE GLENLIVET
ESTD.1824
CHIVAS
Ballantine's
ABSOLUT.

Celebrate Responsibly

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kantip@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुधीर शर्मा**

डोलीमा फूलपाती

काठमाडौंको हनुमानढोकास्थित दसैंघरमा गोरखाबाट लगिएको फूलपाती भित्र्याउने चलन छ । पहिला-पहिला बोकेरै लगिन्थ्यो । अहिले गाडीबाट पुऱ्याउन थालिएको छ । द्वन्द्वकालमा मोटरसाइकलमै पनि लगियो । ०६६ यता गोरखाको सतिपिपल चौतारासम्म डोलीमा त्यसपछि बाजागाजासहित गाडीमा पठाइन्छ ।

हरिराम अप्रेती

शास्त्रीय नाम नवपत्रिका, संस्कृतको पत्रम् शब्दबाट पत्रिका भयो । बोलिचालीको भाषामा फूलपाती पनि भनिन्छ । दुर्गा पक्षअन्तर्गत आश्विन शुक्ल सप्तमीका दिन हिन्दु धर्मावलम्बीले घर-घरमा फूलपाती भित्र्याउँछन् । केरा, हलेदो, दारिम, अशोक, जयन्ती, माने, बेल, उखु, धानको बाला वा अन्य नयाँ पालुवासमेत फूलपातीका रूपमा शुभसाइतको प्रतीक मानी दसैंघर वा पूजाकोठामा भित्र्याउने चलन छ ।

परम्परादेखि काठमाडौंको हनुमानढोकास्थित दसैंघरमा गोरखाबाट लगिएको फूलपाती भित्र्याइन्छ । यसको महत्त्व र चर्चा पनि बेग्लै छ । पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथि विजय हासिल गरेर हनुमानढोका दरबारबाट राजकाज सुरु गरेसँगै गोरखाबाट फूलपाती लैजाने प्रचलन सुरु भएको गोरखा दरबार हेरचाह अड्डाका कर्मचारी रामेश्वर कट्टेल बताउँछन् । गोरखादेखि धादिङको जीवनपुरसम्म गोरखा दरबारका दसैंघरका पुजारीसहित मगर जातिका ६ जनाले ल्याउने र जीवनपुरदेखि हनुमानढोकासम्म काठमाडौंबाट आएका ब्राह्मण जातिका ६ जनाले लाने परम्परा रहेको अग्रजहरू बताउँछन् ।

धादिङको जीवनपुर हुँदै पैदलै पालो गरेर फूलपाती लाने प्रचलन रहेको उनले सुनाए । 'अग्रजहरूले हिँडेर फूलपाती लैजान्थे भन्ने सुनेका छौं तर कुन बाटो प्रयोग गर्थे, अहिले खोजीको विषय बनेको छ,' उनले भने । उच्चपदस्थ अधिकारी, गर्जुको पल्टन, नेपाली सेनाको ब्यान्डवाजा, पञ्चेवाजा र सांस्कृतिक नाचगानसहित फूलपाती भित्र्याउने गरिन्छ । 'राजधानी नसर्दासम्म गोरखा कालिका मन्दिरमा भित्र्याइन्थ्यो, एकीकरणको क्रममा नुवाकोट दरबार हुँदै काठमाडौंमा राजधानी सरेपछि फूलपाती हनुमानढोका लैजान थालियो,' कट्टेलले भने, 'हिजो यहाँ गर्ने विधिमध्ये एउटाचाहिँ अझै यथावत् छ ।'

बाँकी पृष्ठ ख



भित्र

बिदामा विदेश


ग

अफरै अफर


घ

सुरक्षा सतर्कता


ङ

घर जाने हतारो


ज



खाद्यान्नमा सहुलियत

सरकारी निकायसँगै निजी व्यावसायिक संस्थाहरूले चाडपर्वलाई लक्ष्य गरेर करिब २ सय खाद्यवस्तुमा छुट दिएका छन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले उपत्यकाबाहिर २३ र उपत्यकामा ५ ठाउँमा पसल सञ्चालन गरेको छ । यी पसलमा ५ देखि १० रूपैयाँसम्म छुट दिइएको छ ।

राजु चौधरी



उपभोक्तालाई सहज र सुलभ रूपमा खाद्य वस्तु उपलब्ध गराउन सरकार र व्यवसायीले छुटैछुटको अफर ल्याएका छन् । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले भदौ २३ बाट सहुलियत पसल सुरु गरेको छ । यस्ता सहुलियत पसलले बजारमा मूल्य नियन्त्रणमा सहयोग गर्ने बुझाइ सरकारी अधिकारीहरूको छ ।

'चाडबाडमा खाद्यान्नको माग दुई-तीन गुणाले बढ्छ, ठगी हुने सम्भावना पनि उत्तिकै हुन्छ,' वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक योगेन्द्र गौचनले भने, 'त्यसलाई मध्यनजर गर्दै ७३ ठाउँमा सहुलियत पसल सञ्चालन गरेका छौं । यसले सरकारको उपस्थिति देखाउँछ ।' सरकारी सहुलियत पसलसँगै व्यवसायीलाई पनि सहुलियत दरमा बिक्री गर्न अनुरोध गरेको उनले बताए ।

दसैंलाई लक्षित गरी बिगमार्ट, भाटभटेनी, सेल्सबेरी, सेल्सबेजलगायत डिपार्टमेन्ट स्टोरले पनि छुट दिएका छन् । खुद्रा व्यापार संघलाई सहुलियत दरमा खाद्यवस्तु उपलब्ध गराउन अनुरोध गरिएको विभागले जनाएको छ । 'छलफलक्रममा व्यवसायीले सहुलियत दरमा बिक्री गर्ने प्रतिबद्धता जनाएका छन्,' महानिर्देशक गौचनले भने, 'यसले केही राहत हुनेछ ।' सरकारले सञ्चालन गरिरहेको सहुलियत पसलमा साल्ट ट्रेडिङ कर्पोरेसन्स लिमिटेड, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, दुग्ध विकास संस्थानलगायतले छुट योजना ल्याएका छन् । सहुलियत पसलमा २ देखि ५० रुपैयाँ छुट दिइएको छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले उपत्यकाबाहिर २३ र उपत्यकामा ५ ठाउँमा पसल सञ्चालन गरेको छ । यी पसलमा ५ देखि १० रुपैयाँ छुट दिइएको छ । बास्मती चामलमा १० रुपैयाँ, जिरा मसिनोमा ५ रुपैयाँ, सोना मन्सुलीमा ५ रुपैयाँ, जापानी चामलमा ५ रुपैयाँ, सिमीमा १० रुपैयाँ छुट दिएको छ । जिउँदो बोका-खसी र च्यांग्रामा पनि १० रुपैयाँ छुट दिइएको कम्पनीका बिक्री/वितरण प्रमुख लालमोहन ठाकुरले बताए । 'सहुलियत पसलले सरकारको उपस्थिति देखाएको छ । सबै क्षेत्रमा पसल सञ्चालन गर्न नसके पनि यसले मूल्य तय गरेको छ,' उनले भने, 'खसीबोकाको हकमा निजीभन्दा केही सस्तोमै बिक्री हुन्छ ।' साल्ट ट्रेडिङ कर्पोरेसन्सले पनि चिनीमा ५ रुपैयाँ छुट दिएको छ । उसले प्रतिकिलो ७२ रुपैयाँमा बिक्री गरिरहेको छ । नुनमा २ रुपैयाँ छुट दिएर बिक्री भइरहेको साल्ट ट्रेडिङका विभागीय प्रबन्धक बज्रेश झाले बताए । सहुलियत पसलसँगै ३ मोबाइल भ्यानबाट खाद्यान्न बिक्री गरिने उनले जानकारी दिए ।

दुग्ध विकास संस्थानले घिउमा प्रतिकिलो ५० रुपैयाँ छुट दिएर ८५० रुपैयाँ मूल्य निर्धारण गरेको छ । पनिरमा १० रुपैयाँ छुट दिएर ७ सय रुपैयाँ तोकिएको छ । खाद्य व्यापार कम्पनीले उपत्यकामा एकीकृत १ सहित थापाथली, नक्खु, जावलाखेल र भक्तपुरमा पसल सञ्चालन गरेको छ । साल्टले पनि एकीकृत १, कालीमाटीमा २, कोटेश्वर, टेकु, सिंहदरबार, सतुंगल, ललितपुर, भक्तपुरमा एक-एक घुम्ती सेवा सञ्चालन गरेको छ । दुग्ध विकास संस्थानले एकीकृतसहित लैनचौर, न्युरोड र खुमलटारमा सहुलियत पसल सञ्चालन गरिरहेको जनाएको छ ।

सरकारी निकायसँगै व्यावसायिक संस्था बिग मार्टले चाडपर्वलाई लक्षित गरेर २ सय खाद्य वस्तुमा छुट दिएको जनाएको छ । बिग मार्टका वित्त प्रमुख विवेक देवले दसैं, तिहार र छठलाई लक्षित गरेर सुपथ मूल्यको अफर ल्याएको बताए । सुपथ मूल्य पसलमा न्यूनतम २ रुपैयाँदेखि २५१ रुपैयाँसम्म छुट दिइएको छ ।

'मुख्य उद्देश्य सहुलियत दरमा उपलब्ध गराउनु हो । सरकारको आग्रहमा मुनाफा नराखी सामान बिक्री गरिरहेका छौं,' उनले भने । सहुलियत पसलमा नुन, तेल, दाल, चिनी, चामल, घिउलगायत दैनिक उपभोग्य वस्तु सुपथ मूल्यमा बिक्री गर्न लागिएको उनले जनाए । 'हरेक दिन बेलुका तरकारीमा समेत विशेष छुटको व्यवस्था गरिएको छ,' उनले भने ।

हजार रुपैयाँभन्दा बढीको सामान किन्दा बिग मार्टले चिनी प्रतिकेजी ५९ रुपैयाँमा बिक्री गर्दै आएको जनाएको छ । भाटभटेनीका कार्यकारी अधिकृत पानु पौडेलले पनि सरकारी अनुरोधपश्चात् सहुलियत दरमा बिक्री गरेको बताए । चाडबाडमा व्यापारीले सहुलियत दिँदा प्रतिफल राम्रो हुने बताए । उनका अनुसार भाटभटेनीमा चाडबाडलाई लक्षित सबै वस्तुको खरिदमा केही न केही छुट दिइएको छ ।

खाद्य वस्तुको ४४ वटा प्रोडक्टमा नोक्सानी व्यहोरेरै बिक्री गरिरहेको उनले बताए । 'नुनको खरिद मूल्य १९ रुपैयाँ पर्छ । हामीले १८ रुपैयाँमा बिक्री गरेका छौं । खुलामा चिनी ७५ रुपैयाँ पर्छ, हामीले प्याकिङ चिनी ७२ रुपैयाँमा दिएका छौं,' उनले भने, 'यसले उपभोक्तालाई केही राहत मिलेको छ ।' कार्यकारी अधिकृत पौडेलले खाद्यवस्तुको बिक्रीमा नोक्सानी र अन्य वस्तुको हकमा ५ देखि १५ प्रतिशत मात्रै मुनाफा राखेर बिक्री गरेको बताए । सेल्सबेजका मार्केटिङ हेड चेतनारायण पौडेलले पनि खाद्यान्न र इलेक्ट्रोनिक सामान सहुलियत दरमा बिक्री गरेको बताए । 'खाद्यान्नमा दुईदेखि ५ रुपैयाँसम्म छुट दिएका छौं, चाडबाडमा धेरै खरिद बिक्री हुन्छ । यसले सबै पक्षलाई राम्रो हुन्छ,' उनले भने, 'धेरै किन्ने सामानमा दुई-चार रुपैयाँ छुट हुँदा पनि सहुलियत हुन्छ । धेरै बिक्री पनि हुन्छ । थोरै अफरले पनि बिक्री बढ्न सक्छ । सेल्सबेरीका फाइनान्स प्रमुख सन्दीप प्रधानांगले ई-सेवा र मोबाइल बैंकिङबाट १५ प्रतिशत छुट दिएको बताए । त्योबाहेक एक हजारको सामान खरिद गर्दा २५ वटा सामानमा २५ प्रतिशत छुट दिएको उनले जनाए । 'चिनी छुट दिएर ५८ रुपैयाँमा दिएका छौं,' उनले भने ।

ई-सेवा सञ्चालन गर्ने ग्राहकले थप १५ प्रतिशत छुट (४९ रुपैयाँ) मा खरिद गर्न सक्छन्,' उनले भने, 'यो छुटमाथि छुट हो । त्यसबाहेक चामल, दाललगायतमा पनि राम्रो छुट दिएका छौं ।' उनले ५० वटा सामान सुपथ मूल्यमा बिक्री गरेको बताए । 'अहिले तेल र चिनीको माग उच्च छ, व्यापार दोब्बर छ, टार्गेट भेटिएको छ,' उनले भने ।

गोरखाको...

काठमाडौं राजधानी भएपछि हनुमानढोकामा भगवती स्थापित गरेको सुन्दै आएको अग्रज नारायणभक्त अर्याल बताउँछन् । 'पुर्ख्यौंली थलोको कुल देवतामा चढाइने फूलपाती नवस्थापित देवतामा पनि चढाउने मान्यता शाह वंशीय राजाहरूले सुरु गरेका हुन्,' उनले भने, 'दरबारमा खटपट सुरु भएपछि सुरेन्द्र, राजेन्द्रको पालामा यो परम्परा अस्तव्यस्त बन्यो, धादिङको जीवनपुरमा पनि पृथ्वीनारायण शाहले भगवतीको शक्ति प्राप्त गरेका थिए, दरबारमा खटपट आएका बेला जीवनपुरबाटै पनि फूलपाती लगिन्थ्यो रे !'

पछि फेरि गोरखा दरबारबाटै फूलपाती लैजाने प्रचलन सुरु भएको उनले बताए । 'मिति यकिन छैन,' उनले भने, 'बीचमा केही समय भने रिले गरेर फूलपाती लाने प्रचलन हटेको भन्ने छ । पछि फेरि गोरखाबाटै लैजान सुरु भयो ।'

यातायात सुविधा थपिएसँगै पालो गरेर लाने प्रचलन लोप भयो । गाडीकै माध्यमबाट फूलपाती पठाउन थालियो । द्वन्द्वको समयमा मोटरसाइकलमार्फत सुटुक्क फूलपाती काठमाडौं लैजाने गरिन्थ्यो । ०६६ सालयता गोरखाको सतिपिपल चौतारासम्म डोलीमा ल्याइएको फूलपाती वाजागाजासहित काठमाडौं पठाउन थालिएको छ । शाहवंशीय राजाहरूले इष्टदेवीका रूपमा भगवतीको पूजा गर्थे । राजधानी सरेपछि पनि गोरखकाली र गोरखनाथप्रति उनीहरूको आस्था रहेको पाइन्छ । 'राजधानी सरे पनि इष्टदेवीका पूजा त गर्नुपर्‍यो,' गोरखा संग्रहालयका प्रमुख नवराज अधिकारी भन्छन्, 'दसैंमा इष्टदेवीलाई गोरखा दरबारमा जुन विधिविधानबाट पुजिन्थ्यो, हनुमान ढोकामा पनि त्यही विधिबाट भगवतीका प्रसाद लगाउने प्रचलन सुरु भयो ।' हनुमानढोकाको दसैंघरमा जमरा राख्ने, दुर्गा स्थापना पनि गोरखा दरबारको विधिअनुसार भएको अधिकारीले बताए । यसले गोरखा र काठमाडौंबीचको सम्बन्ध स्थापित र सुमधुर गर्न सहज बनाएको उनले बताए । 'यस विषयमा सूक्ष्म तवरले खोज अनुसन्धान जरुरी छ,' उनले भने ।

सप्तमीको दिन भित्र्याएको फूलपाती दुर्गा पूजाका बेला महाअष्टमी, नवमी र दशमीमा पूजा गर्ने प्रचलन रहेको उनले बताए । गोरखाबाट लगेको नवपत्रिका भित्राएपछि हनुमानढोकामा पूजा सुरु हुने चलन छ ।

पछिल्लो समय वाजागाजासहित गाडीबाट फूलपाती काठमाडौं पठाउने गरिएको उनले बताए । 'पर्यटनको पनि विकास होस् भनेर धुमधामसाथ पठाउन थालेका हौं,' उनले भने । गोरखाबाट फूलपाती गएपछि मात्र हनुमानढोकामा बढाइँ गर्ने प्रचलन रहेको उनले बताए । 'पृथ्वीनारायणले सुरु गरेको यो प्रचलनलाई प्रताप शाहले अझै व्यवस्थित गरेको पाइन्छ,' उनले भने, 'माता दुर्गा शाहहरूको कुलायन हुन्, हनुमानढोकामा कुलायन भएको स्थानबाट फूलपाती नआई अरू चिज चढाउन मिल्दैन ।'

फूलपातीको चलन गोरखा दरबारको भएको नारायणभक्तले बताए । उनका अनुसार द्रव्य शाहले लमजुङबाट कालिका भगवती गोरखा ल्याएका हुन् । 'भाद्रकृष्ण अष्टमीको राति बत्तीको शक्तिमा लमजुङबाट कालिका भगवती यहाँ ल्याइएको हो,' उनले भने, 'त्यो बेला मगर जातिका एक र बोहोरा जातिका एकजना लमजुङ गएका थिए रे, मगर जातिकाले भुस बोकेर आए, बोहोराले बत्ती । राति अँध्यारोमा ल्याउँदा बाटो चिप्लो होला भनेर बाटोमा भुस हाल्दै बत्ती जोगाएर ल्याइएको भन्ने छ, त्यसैले अहिलेसम्म गोरखा दरबारको पुजारी बोहारा थरकै हुने प्रचलन छ ।' राजसंस्था हुँदासम्म दसैंको बेला हनुमानढोकाबाट पूजाका लागि पुजारीसहितको एक समूह दसैंको समयमा गोरखा दरबार आएर पूजा गर्ने प्रचलन रहे पनि अहिले हटेको गोरखा दरबारका पुजारी भट्टराईले बताए । 'पुरेत र कल्सिनी हनुमानढोकाबाट आउने प्रचलन ज्ञानेन्द्र शाह राजा हुँदासम्म कायम थियो,' उनले भने । ०६२ यता भने गोरखा दरबारकै पुजारीहरूले पूजा गर्ने गरेका छन् । घटस्थापनाको दिनदेखि नै मालश्री गाउने प्रचलन अहिले पनि कायम रहेको उनले सुनाए ।

बलि कटौती भएकामा पनि भट्टराईले असन्तुष्टि जनाए । ०६२ सालयता बलिको संख्यामा कटौती भएको उनको गुनासो छ । 'पहिले चैते र बडादसैं गरेर ८४ राँगा मात्र बलि दिइन्थ्यो, अहिले १६ भन्दा बढी आउँदैन,' उनले भने । बलिको संख्या कटौती नहुँदासम्म ९५ बोका काटिँदै आएको उनले बताए । अघिल्लो वर्ष २१ वटा मात्र बोका काटियो । १५ भेंडा र चार सुँगुर र ६ कुखुरा काट्दै आएकामा यो भने यथावत् रहेको उनले सुनाए । 'बलिको संख्या पुऱ्याउनैपर्छ, अहिले कुभिण्डो काटेर बलिको संख्या पुऱ्याएका छौं,' उनले भने । राज्यका तर्फबाट आउने बलिको संख्या घट्दा खण्डित पूजा गर्नुपरेको उनले गुनासो गरे ।





बिदामा विदेश

दसैंतिहारमा विदेश घुम्न निस्कने नेपालीको संख्या बढ्दो छ । धेरैजसो थाइल्यान्ड, दुबई, बाली र सिंगापुर जाने गरेका छन् । सस्तो र सजिलै भिसा पाइने भएकाले यी गन्तव्य रोजाइमा परेका हुन् ।



कञ्चन अधिकारी

काठमाडौं न्युरोडका रोमी बज्राचार्यको दसैं विशेष हुन्छ । ३० वर्षीया युवा उद्यमी बज्राचार्य ५ वर्षदेखि दसैंको टीका लगाएपछि परिवारसहित विदेश निस्किन्थिन् । यसपालि जहाज टिकेटिङको समय नमिल्दा बालबच्चा, श्रीमान् र ससुरालाई मात्रै दसैंमा विदेश सयर गर्न पठाउने भएकी छन् ।

'अरू बेला विदेश गएर रमाइलो गरिन्थ्यो, यसपालि यहीं हुँदा पनि विशेष हुन्छ, जसरी पनि विशेष,' भन्छिन्, '५/६ वर्ष भयो परिवार जम्मै टीका लगाएर विदेश जान्थ्यौं, यसपालि फूलपातीकै दिन हिँड्नुपर्ने भएर अलि समय मिलेन ।'

बैंकक, सिंगापुर, मलेसिया, दुबई र भारत गइसकेको उनको परिवार यसपालि बाली जाँदै छ । विदेश घुम्ने रहर सानैदेखिको भए पनि पाँच वर्षयता पूरा भएको छ । भन्छिन्, 'पहिला सानी छेस् भनेर जान दिनुहुँदैनथ्यो । अलि ठूली भएँ, व्यस्ततातले जान पाइएन । ५ वर्षयता दसैंमा बिदा मिलाएर घुम्न गइरहेका छौं ।'

उनीजस्ता धेरै नेपाली पछिल्लो दशक विदेश (आउटबाउन्ड) भ्रमणमा गएर जान र समय बिताउन थालेका छन् । घुम्ने भनेको विदेशीले मात्रै हो भन्ने सोचमा परिवर्तन आएको छ । कुनै बेला कसैले 'विदेश घुम्न जाने' भन्दा पत्याइन्थ्यो । अहिले यसरी जानेहरू धेरै भेटिन्छन् । आउटबाउन्डको टुर प्याकेज बेच्ने अग्रणी कम्पनी एस इन्टरनेसनल होलिडेका प्रबन्धक अनिल धरेल भन्छन्, 'कुनै बेला नेपाली पनि विदेश घुम्छन् र भन्ने चलन थियो । अहिले कहाँ जान सक्दैनन् नेपाली भन्न थालिएको छ ।'

अरूबेला बिदा नमिल्ने, बिदा नपाइने तर दसैंतिहारमा कार्यालय बन्द भएर लामो बिदा पाइने भएकाले चाडबाडमा विदेश सयर गर्ने बढेका हुन् । चाडबाडको मौका भएकाले पनि विदेश घुमेर रमाउने संस्कृति बढिरहेको सोसाइटी अफ टुर एन्ड ट्राभल अपरेटर्स (सोट्टा) नेपालका अध्यक्ष यमबहादुर खड्का बताउँछन् । उनका अनुसार परिवारसहित र साथीभाइ मिलेर घुम्न जाने चलन बढ्दो छ । 'विदेशमा आफन्त हुने पनि दसैंतिहारको मौका छोपेर छुट्टी मनाउन जाने गरेका छन्,' उनले भने । ३० वर्षीया रोमीका अनुसार जमाना परिवर्तन भएसँगै विदेश घुम्न जाने चलन बढेको हो । सहरमा बालबच्चा लिएर परिवारै घुम्ने ठाउँ नहुनु, पारिवारिक भ्रमणका लागि उपयुक्त गन्तव्य नहुनु, परिवारसँग समय बिताउनका लागि प्रशस्त समय नहुनु, सबै आआफ्नो काममा व्यस्त हुनुजस्ता कारणले दसैंतिहारमा विदेश घुम्न जाने चलन बढेको उनको बुझाइ छ ।

'नेपालमा परिवार लिएर घुम्न जाने ठाउँ नै छैन, रेस्टुरेन्टमा गएर एकै परिकार कति खानु ?' उनी भन्छिन्, 'त्यसमाथि बच्चाहरूलाई अभिभावकले समय दिन भ्याएका हुँदैनन् । सबैको विदा हुने भएकाले क्वालिटी समय स्पेन्ड गर्ने बेला यही हो ।' नेपालीहरू थाइल्यान्ड, दुबई, बाली, मलेसिया, चीन, युरोपेली मुलुक, रसिया, अजरबैजान, इजिप्टलगायत देशमा घुम्न जाने गरेका छन् । धरेलका अनुसार थाइल्यान्ड, दुबई, बाली र सिंगापुर जाने धेरै हुन्छन् । सस्तो र सजिलै भिसा पाइने भएकाले पहिलो रोजाइमा यी गन्तव्य परेको उनको अनुभव छ ।

४५ हजारदेखि ५ लाख रुपैयाँका प्याकेज ट्राभल कम्पनीले बेच्दै आएका छन् । ३ रात ४ दिनदेखि ९ रात १० दिनसम्मका प्याकेज बिक्री भइरहेको छ । धरेल भन्छन्, 'एसियाली मुलुक सस्तैमा जान पाइन्छ । युरोप, अमेरिका जाने हो भने अलि महँगो पर्छ ।' नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत सुधन सुवेदीका अनुसार नेपालबाट विदेश जानेमा मध्यम र उच्च वर्गका नेपाली छन् । केही उच्चम गरेका, इलम गरेका, व्यवसायी आउटबाउन्डमा जाने गरेका छन् । उनी भन्छन्, 'मध्यमवर्गका थाइल्यान्ड, मलेसिया, बाली जान्छन् भने उच्च घरानाका युरोप र अमेरिका घुम्छन् ।'

ट्राभल कम्पनीहरूले दसैंतिहार प्याकेज बनाएका छन् । ती प्याकेज लगभग बुकिङ भइसकेका छन् । एस ट्राभल्सका धरेल भन्छन्, 'करिब ९० प्रतिशत बुकिङ भइसकेको छ । केही प्याकेज मात्रै बाँकी छ ।' धरेलका अनुसार वर्षभरि करिब ८ देखि १० हजार हाराहारी नेपाली विदेश घुम्छन् । तीमध्ये करिब एक तिहाइले दसैं र तिहारमै भ्रमण गर्छन् । बाँकी दुई भागले अरू ११ महिना घुम्न निस्कन्छन् । उनले भने, 'दसैंतिहारमा बिदा लामो हुने र बिदा मिलाउन पनि सजिलो हुने भएकाले यही सिजनमा धेरै जना घुम्न निस्कन्छन् ।' यो घुम्नका लागि उपयुक्त मौसम पनि हो ।

'नेपाली पनि विदेश घुम्न जान्छन् ?' धेरैको मनमा उब्जिने प्रश्न हो यो । रोमीले पनि यस्ता प्रश्नको सामना गर्नुपर्‍यो । उनीले घुमेका गन्तव्यमा भेटिएका नेपालीले नै यस्ता प्रश्न सोध्ने गरेको उनले सुनाइन् । 'हामीले घुमेका धेरै ठाउँमा नेपाली दाजुभाइ-दिदीबहिनी भेट्यौं,' उनले भनिन्, 'सबैले नेपालबाट घुम्न आएको भनेर आश्चर्य जनाए ।' नेपालीहरू घुम्न जाँदा त्यहाँ भएका नेपालीलाई उत्प्रेरणाको काम गर्ने उनको बुझाइ छ । उनका अनुसार नेपालमै कमाएर विदेश घुम्न जान सकिँदो रहेछ भन्ने सोच उनीहरूमा पलाउने गरेको छ ।

आउट बाउन्ड पर्यटनले रमाइलो मात्रै गराउँदैन, नयाँ-नयाँ कुरा पनि सिकाउँछ । धेरैजसो व्यापार-व्यवसायमा लागेकाहरू यसरी घुम्न जाने भएकाले उनीहरूले नयाँ-नयाँ प्रविधि र आइडिया पनि सिकेर-देखेर आउँछन् । 'हामीलाई त एक पन्थ दो काज भनेजस्तै भएको छ,' रोमी भन्छिन्, 'विदेशमा घुम्न र आफूसँग सम्बन्धित व्यापार-व्यवसायको क्षेत्रका कुरा पनि हेर्न-किन्न पाइन्छ ।'

कामको चाप व्यवस्थापन गरेर निस्कन सकेको अवस्थामा यो समयले बाहिरी देशबारे धेरै कुरा सिक्ने अवसर दिन्छ । विभिन्न कारणले दसैं नमनाउने, टीकाटालो नभएका, आफन्त बाहिर भएका तथा विशुद्ध घुमघामकै उद्देश्यले बाहिरिने नेपाली दसैंमा बढी हुन्छन् । नेपालीको विदेश घुम्न सक्ने क्षमता बन्दै गएकाले हरेक वर्ष प्याकेज टुरको दायरा फैलन थालेको छ । पहिला ४-५ वटा देशमा मात्रै घुम्न जाने चलन थियो । अहिले जुनसुकै देशमा पनि नेपाली जान सक्ने भएका छन् ।

के छ भिसाको प्रावधान ?


फ्रि भिसा तथा अनअराइभल भिसा उपलब्ध गराउने गन्तव्यमा नेपालीले जतिबेला पनि घुम्न सक्छन् । नेपालीलाई घुम्न समस्या हुने पहिलो कारण भिसा हो । जहाँ सहज हुन्छ, त्यहाँ घुम्न गइहाल्ने रुचि नेपालीको छ । केही मुलुक घुमिसकेपछि नेपालीलाई कडाइ गर्ने मुलुकमा पनि प्रयास गरिरहेका पाइन्छन् । टुर प्याकेज बनाएका र ग्राहकको रोजाइमा रहेका सबै गन्तव्यका लागि एजेन्सीले भिसामा सहजीकरण गर्ने गर्छ । ट्राभल एजेन्सीबाट टुर प्याकेज लिएर गएपछि अतिरिक्त खर्च नियन्त्रण गर्न र खर्चको अनुमानित हिसाब गर्न सहज हुन्छ ।

विश्वका करिब २१० मुलुकमध्ये १४ वटाले फ्रि भिसा दिने गरेका छन् । ३३ वटा मुलुकले अनअराइभल र १५१ मुलुकले अनिवार्य भिसा लिएर मात्रै जानुपर्ने व्यवस्था गरेका छन् । नेपालीलाई भिसा फ्रि गर्ने मुलुकमा भारत, डोमिनिया, गाम्बिया, हाइटी, इन्डोनेसिया, माइक्रोनिया, पाकिस्तान, प्यालेस्टाइन, फिलिपिन्स, सेनेगल, सिंगापुर र सेन्ट विन्सेन्ट छन् ।

नेपालीलाई अनअराइभल भिसा दिनेमा बंगलादेश, बोलिभिया, केप भर्डी, इजिप्ट, गुनिया, लाओस, मदागस्कार, माल्दिभ्स, मौरिटानिया, मौरिसस, मोजाम्बिक, पलाउ, रुवान्डा, सेसेल्स, सोमालिया, श्रीलंका, तान्जानिया, टिमोर लेस्ते, टोगो, तुवालु, युगान्डालगायत देश छन् ।

यस्तै नेपालीले सम्बन्धित देशले तोकिएको प्रक्रिया पुऱ्याएर अनलाइमार्फत आवदेन दिएर ई-भिसा दिने मुलुकमा अजरबैजान, कम्बोडिया, इथियोपिया, गावन, केन्या, लेसोथो, मलेसिया, म्यानमार र कतार छन् । अन्य सबै मुलुकले भने आवश्यक प्रक्रिया पुऱ्याएर दूतावासमार्फत मात्रै भिसा दिने गरेका छन् । आउटबाउन्डको टुर प्याकेज बेच्ने अग्रणी कम्पनी एसले मात्रै विभिन्न ३२ वटा मुलुकका लागि प्याकेज घोषणा गरेर धमाधम बिक्री गरिरहेको छ । यो ट्राभलले बिक्री गर्ने टुर प्याकेजमा करिब ६० प्रतिशत ग्राहक दोहोऱ्याएर आउने गरेका छन् भने ४० प्रतिशत नयाँ आउँछन् ।





अफरै अफर

मोटरसाइकलदेखि कार र भान्छादेखि कोठाचोटासम्मका विभिन्न सामानमा अफर र छुट दिने प्रतिस्पर्धा चलेको छ । इन्टरनेट सेवा प्रदायक कम्पनीदेखि बैंक र वित्तीय संस्थाहरूलाई समेत ग्राहक रिझाउन भ्याइनभ्याई छ ।

राजेन्द्र नाथ



काठमाडौंका न्युरोड, असन, सुन्धारा खिचापोखरी, भृकुटीमण्डपलगायत बजारमा खुट्टा टेक्ने ठाउँ छैन । दसैंका सामान किनमेल गर्नेको भीडले स्थानीय रुटमा चल्ने सवारी साधन खचाखच भरिएका छन् । वर्षा निरन्तर भइरहेकाले सडक-गल्लीको धुलो सिनित्त पखालिएको छ । वर्षको एकपटक आउने दसैंको स्वागत गर्न सबै उत्सुक देखिन्छन् ।

बजारमा मोटरसाइकलदेखि कार र भान्छादेखि कोठाचोटासम्मका विभिन्न सामानमा अफर र छुट दिने प्रतिस्पर्धा चलेको छ । इन्टरनेट सेवा प्रदायक कम्पनीदेखि बैंक र वित्तीय संस्थाहरूको समेत उस्तै प्रतिस्पर्धा छ । काठमाडौंको भृकुटीमण्डपमा दसैं नजिकिएसँगै मेला-महोत्सवको होडबाजी चलेको छ । स्थानीय उत्पादनदेखि तयारी पोसाकका स्टल र नेपाली जुत्ता-चप्पलदेखि अल्लोका उत्पादनले उपभोक्तालाई आकर्षित गरिरहेका छन् । सपिङमा निस्किनेहरू व्यापारीलाई अफर र छुटबारे जिज्ञासा राख्न छुट्टाउँदैनन् ।

छुटदेखि विदेश घुमघामसम्म

दसैं-तिहारमा यामाहाले ल्याएको छ, 'एक्सचेन्ज एन्ड अपग्रेड' योजना । यामाहाको नेपालस्थित एक मात्र आधिकारिक वितरक मोरङ अटो वर्क्सले दसैं चहलपहल सुरु भएसँगै 'एक्सचेन्ज एन्ड अपग्रेड' योजना ल्याएको हो । यस योजनाअन्तर्गत यामाहा बाइकसँग जुनसुकै ब्रान्डका प्रयोगमा आइसकेका बाइक साट्न सकिन्छ । यामाहासँगै आफ्नो स्टाइल स्तरोन्नति गर्ने अवसर प्राप्त हुने कम्पनीको दावी छ । देशभरका यामाहा सोरुममा असोज ६ देखि १३ गतेसम्मका लागि योजना लागू गरिएको मोरङ अटो वर्क्सका बजार व्यवस्थापक विक्रम शर्मा पौडेल बताउँछन् । 'पुराना जुनै ब्रान्डका टु-ह्वीलरको न्यूनतम मूल्यांकन ३० हजार रुपैयाँभन्दा कम हुने छैन, प्रचलित बजार मूल्यभन्दा १५ हजार थप गरेर मूल्यांकन गरिनेछ,' उनी भन्छन् । पौडेलले दसैं पर्व मात्र नभएर जीवनस्तर बदल्ने अवसर पनि भएकाले यामाहासँग जोडिन आग्रह गरे । काठमाडौंको गोंगबु नयाँ बसपार्कस्थित बीजी मलले 'यामाहा फ् यान्टास्टिक दसैं तिहार, हरेक दिन उपहार' योजना ल्याएको छ ।

चाडपर्वका बेला अधिकांशले सपिङ गर्ने भएकाले कुनै न कुनै उपहारसहित सामान उपलब्ध गराउन उपहार योजना सुरु गरिएको मलका निर्देशक राजु गिरी बताउँछन् । 'बम्पर उपहारमा गोलाप्रथाबाट एक-एकजनाले यामाहाको एफजेड मोटरसाइकल, यमाहा रे जेड स्कुटर तथा ४ रात ५ दिनको बैंकक ट्रिपको उपहार जित्न सक्नेछन्,' मेला संयोजक हीरामणि तिमल्सिना भन्छन् ।

दसैंतिहारमा यस्ता अफर सार्वजनिक गर्ने यामाहा एक मात्रै कम्पनी होइन ।

रनर मोटरसाइकलले पनि फेस्टिभल अफर ल्याएको छ । बंगलादेशको प्रतिष्ठित ब्रान्ड रनरको नेपालका लागि आधिकारिक बिक्रेता रमण मोटर्सले मोटरसाइकल खरिदमा २० हजार रुपैयाँसम्म नगद छुटको व्यवस्था गरेको जनाएको छ । चाडपर्वभरिमा खरिद गर्ने प्रत्येक सय जनामध्ये एकजना भाग्यशाली विजेताले बंगलादेशको रनर फ्याक्ट्री घुम्ने अवसरसमेत पाउने रमण मोटर्सका बिजनेस डेभलेपमेन्ट हेड सन्तोष न्यौपानेले जानकारी दिए । हाल नेपालमा रनर मोटरसाइकलको ८० देखि २ सय सीसीसम्मका मोटरसाइकल र ११० सीसीको स्कुटर बिक्री भइरहेको छ । 'त्यसमा पनि रनर हक २ सय सीसी अफरोड मोटरसाइकललाई ग्राहकले बढी रुचाएका छन्,' न्यौपाने भन्छन् ।

महिन्द्रा टु ह्वीलरले पनि चाडपर्व अफर सार्वजनिक गरेको छ । महिन्द्राको आधिकारिक विक्रेता अग्नि मोटो इन्कले चाडपर्वको अवसर पारी 'महिन्द्रासँग सबै दंगदास' योजना ल्याएको हो । अब बाइक तथा स्कुटरको खरिदमा तुरुन्तै क्यास, १० हजारको फ्ल्याट डिस्काउन्ट तथा लक्की ड्रबाट होम अप्लाइन्स प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ । 'यो योजनाले पर्वलाई रौनक थपेर सबैलाई दंग बनाउने विश्वास लिएका छौं,' कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यो योजना देशभर रहेका आधिकारिक बिक्रेतामार्फत खरिद गर्दा छुट प्राप्त गर्न सकिनेछ ।'



महिन्द्राका गोस्टो, सेन्चुरो तथा मोजो स्कुटर तथा बाइक नेपाली युवामाझ लोकप्रिय रहेको कम्पनीको दावी छ । कम्पनीले 'चाड पर्वको प्रसंग, महिन्द्रा ट्रयाक्टर किन्दा अब परिवार दंग' भन्ने नारासहित अर्को योजनासमेत अगाडि सारेको छ । यो योजनामा इभो, नोभो र जिभोलगायत महिन्द्रा कम्पनीका कुनै पनि ट्रयाक्टर किन्दा ट्रयाक्टरधनीले डबल डोर फ्रिज तथा चालकले सामसङको एन्ड्रोइड स्मार्टफोन पक्का पुरस्कार प्राप्त गर्ने कम्पनीले जनाएको छ । होन्डा मोटरसाइकल तथा कारको आधिकारिक बिक्रेता स्याकार ट्रेडिङले तीन दिनका लागि 'होन्डा ड्रिम एक्स्चेन्ज योजना' अघि सारेको थियो । रिङरोड धोबीघाटस्थित सोरुममा पुरानो कारसँग नयाँ होन्डा कार एक्स्चेन्ज गर्न आउनेको भीड लागेको कम्पनीले जनाएको छ । दसैं योजनाअन्तर्गतका उपहार तथा सुविधाका साथै ९.५ प्रतिशत ब्याजदरमा ७० प्रतिशतसम्म फाइनान्सिङ सुविधा, १ लाखसम्मको आकर्षक बोनस एक्सचेन्ज, ५० हजारसम्मको आकर्षक लोयालिटी बोनस तथा टेस्ट ड्राइभमा आकर्षक उपहार राखिएका थिए ।

मोबाइलमा छुट्टै प्रतिस्पर्धा

मोबाइल उत्पादक कम्पनी साओमीले 'दसैं विथ एमआई' योजना सार्वजनिक गरेको छ । साओमी, ग्लोबल टेक्नोलोजी लिडरले एमआई प्रयोगकर्ताका लागि असोज ३ देखि दसैं अफर ल्याएको हो । दसैंको शुभारम्भसँगै प्रयोगकर्ताका लागि स्मार्टफोनमा ५ वटा योजना ल्याएको छ कम्पनीले जनाएको छ । ग्राहकले साओमीको नयाँ स्मार्टफोन 'रेडमी ७', 'रेडमी वाई ३', 'रेडमी रेडमी नोट ७', 'एमआई ए ३' र 'रेडमी ७ ए' को खरिदमा छुट पाउनेछन् । ईजी मोबाइल केयर प्रालिले बैंकका क्रेडिट कार्ड भएका ग्राहकका लागि फेस्टिभल अफर ल्याएको छ । न्युरोडस्थित ताम्राकार कम्प्लेक्सको पाँचौं तलामा रहेको कम्पनीले विभिन्न ब्रान्डका स्मार्टफोन किस्तावन्दीमा खरिद गर्न सकिने अफर सार्वजनिक गरेको जनाएको छ । 'बैंकको क्रेडिट कार्ड देखाउनुस्, शून्य प्रतिशत ब्याज र किस्तावन्दीमा स्मार्टफोन लैजानुस्' नामक अफरअन्तर्गत हाल ग्लोबल आईएमई, सिद्धार्थ, नेपाल इन्भेस्टमेन्ट, मेगा, नबिल, सेन्चुरी, माछापुच्छ्रे, प्रभु, कुमारी र एनआईसी एसिया बैंकका क्रेडिट कार्ड प्रयोगकर्ताले यसको फाइदा उठाउन सक्नेछन् ।

हुवावेले बाली र थाइल्यान्ड भ्रमणको अवसर दिएको छ । हुवावे फोनको खरिदमा ग्राहकले एउटा सहज प्रतियोगितामा सहभागी भएर स्मार्ट स्केल, बाली भ्रमण (४ रात/५ दिन) वा थाइल्यान्ड भ्रमण (४ रात/५ दिन) जित्ने मौका पाउनेछन् । यस प्रतियोगितामा सहभागी हुनका लागि हुवावेको प्रयोगकर्ता हुनुपर्नेछ । फोन किनेपछि आफ्नो मान्य आईएमई नम्बर राखेर असोज १७ गतेभित्र फेसबुकमा एउटा फर्म भरेको हुनुपर्ने नियम कम्पनीले बनाएको छ ।

फेस्टिभ अफर घोषणामा सामसङ पनि पछि छैन । उसले दसैंतिहारलगायतका महत्त्वपूर्ण चाडपर्वलाई लक्षित गरी 'सामसङ आयो, खुसी छायो' योजना सार्वजनिक गरेको छ । यस योजनासँगै सामसङले आफ्ना उत्पादनको खरिदमा विशेष छुटको व्यवस्थासमेत मिलाएको जनाएको छ । 'यस योजनाअन्तर्गत नयाँ टीभी वा अन्य होम अप्लाइन्सको खरिदमा आकर्षक छुट प्राप्त गर्ने अवसर प्रदान गरिएको छ,' कम्पनीद्वारा जारी विज्ञप्तिमा छ, 'टीभी, वासिङ मेसिन तथा फ्रिजजस्ता उपकरणले चाडपर्वमा रौनक थप्ने भएकाले सामसङले उपभोक्तालाई अझै खुसी प्रदान गर्न यो छुट प्रदान गरेको हो ।'

होम अपलायन्समा अवसर

केएल दुगड ग्रुपअन्तर्गतको स्मार्ट अपलायन्सेस प्रालिले 'स्काइवर्थ ग्राण्ड छुट उत्सव' सार्वजनिक गरेको छ । यो क्याम्पेनको नारा 'स्काईवर्थसँग सबै दंग ३० प्रतिशतसम्म छुट पाई सबै फुरुंग' छ ।

यो क्याम्पेनअन्तर्गत ग्राहकले हरेक स्काईवर्थ होम अपलायन्सेसको खरिदमा ३० प्रतिशतसम्म छुट प्राप्त गरेर चाडपर्वलाई अझै विशेष बनाउन सक्ने कम्पनीले जनाएको छ । बाल्ट्रा होम एप्लाइन्सेसले पनि 'दसैं ल्यायो' नामक योजना ल्याएको छ । यसअन्तर्गत कम्पनीले बाल्ट्राका बिग तथा स्मल एप्लाइन्सेसको खरिदमा 'लक्की ड्र' मार्फत ५१ जना भाग्यशाली ग्राहकलाई आकर्षक उपहार र १ वर्षको अतिरिक्त वारेन्टीसमेत प्रदान गर्ने जनाएको छ । बाल्ट्राको दसैं योजनाको लक्की ड्रमा सहभागी हुनेले विभिन्न टीभी, साउन्ड बार, मिक्सर ग्राइन्डर, राइस कुकर, आइरनलगायतका उपहार जित्न सक्ने कम्पनीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

वज्र एन्ड वज्राचार्य इन्टरप्राइजेजले पनि 'फेस्टिभल अफर' को नयाँ योजना ल्याएको छ । यसअन्तर्गत कुनै पनि ग्राहकले इन्टरप्राइजेजका आउटलेट (बानेश्वर, लगनखेल, ढोलाहिटी र पोखरा) बाट बाथरुममा प्रयोग हुने सामान खरिदमा विभिन्न सुविधा पाउन सक्नेछन् । ग्राहकले एक कमोडको खरिदमा अर्को एक कमोड सित्तैमा प्राप्त गर्नुका साथै अन्य बाथरुममा प्रयोग हुने सामान खरिद गर्दा गिफ्ट ह्याम्पर, क्यास ब्याक र विशेष सहुलियतजस्ता सुविधा प्राप्त गर्ने जनाइएको छ ।

ग्राहक रिझाउँदै इन्टरनेट सेवा प्रदायक

सुविसु केबलनेट प्रालिले दसैंतिहार तथा छठ पर्वको अवसरमा ९९ रुपैयाँमै इन्टरनेट वा क्लियर टीभी सेवा प्रदान गर्ने भएको छ । उपभोक्ताहरूले हर्षोल्लासपूर्वक पर्व मनाउनुका साथै इन्टरनेटको माध्यमबाट सर्वसुलभ मूल्यमा एकआपसमा खुसी साट्न पाउन भन्ने उद्देश्यले न्यूनतम मूल्यमा यो सेवा बजारमा ल्याइएको कम्पनीको भनाइ छ । यस प्याकेजअन्तर्गत ग्राहकले ९९ रुपैयाँ (करसहित) मा एक महिनाका लागि ३० एमबीपीएस इन्टरनेट सेवा अथवा सोही मूल्यमा क्लियर टीभी प्रिमियम प्याकेज प्राप्त गर्न सक्नेछन् । जसमा ७५ भन्दा बढी एचडी च्यानलहरूसहित २७५ भन्दा बढी डिजिटल च्यानलहरू रहेका छन् ।

इन्टरनेट तथा नेटवर्क सेवा प्रदायक वर्ल्ड लिंक कम्युनिकेसन्सले पनि चाडपर्व विशेष योजना सार्वजनिक गरेको छ । यस योजनाअन्तर्गत ग्राहकले १ वर्षसम्म २५ एमबीपीएस इन्टरनेटका साथ ३२ इन्चको सीजीएलईडी टीभी र एक वर्ष निःशुल्क नेट टीभी सेवा मात्र २५ हजार ९ सय ९० रुपैयाँमा पाउन सक्नेछन् ।

यसका साथै सम्पूर्ण नयाँ तथा नियमित ग्राहकले खल्ती एपको उपयोग हुने गरी २५० नगद ब्यालेन्स प्राप्त गर्न सक्ने जनाइएको छ ।





सुरक्षा सतर्कता

पर्व सुरक्षा योजनाअन्तर्गत उपत्यका र सातवटै प्रदेश प्रहरी कार्यालयमार्फत ४३ एसपी, १ सय २० डीएसपीसहित ४६ हजार ६ सय १९ जना प्रहरी परिचालन गरिएको छ । नेपाल र सशस्त्र प्रहरीले देशभर ९१ स्थानमा नागरिक सहायता कक्ष स्थापना गरेका छन् ।

जनकराज सापकोटा

उपत्यकाका तीन जिल्लामा मात्रै स्थायी र अस्थायी गरेर ६० लाखभन्दा धेरै मान्छेको आवतजावत हुने गर्छ । प्रहरीका अनुसार यसको ७० प्रतिशत जनसंख्या दसैंका बेला थातथलो फर्किन्छ । घटस्थापनाको अघिल्लो दिन अर्थात् असोज १० मा मात्रै १ लाख २० हजारले काठमाडौंबाट बाहिरिएको प्रहरीको रेकर्ड छ । यो संख्याबाटै अनुमान गर्न सकिन्छ, चाडपर्वका बेला प्रत्येक दिन ठूलो संख्यामा मानिसहरू उपत्यका छोडेर थातथलोतिर हानिन्छन् ।

चाडपर्व सुरक्षाका लागि भन्दै यसपालि ४२ हजार प्रहरी जनशक्ति परिचालन गर्न लागिएको छ । प्रहरी प्रधान कार्यालयले पर्व सुरक्षा योजनाअन्तर्गत उपत्यकासहित सातवटै प्रदेश प्रहरी कार्यालयमार्फत ४३ एसपी, १ सय २० डीएसपीसहित ४६ हजार ६ सय १९ जना प्रहरी परिचालन गरेको छ । यो जनशक्तिले दसैंका अलावा, तिहार, नेपाल संवत् र छठ पर्वलाई लक्षित गरेर सुरक्षा प्रदान गर्नेछ ।

चाडपर्वका बेला घरका ढोका फुटाएर चोर्ने, बैंक तथा वित्तीय संस्थामा चोरी गर्ने अथवा गरगहना र बहुमूल्य सामान चोरी गर्ने गिरोह सक्रिय हुने भन्दै प्रहरी प्रधान कार्यालयले ११ हजार ४ सय १ प्रहरीलाई हतियारसहित फिल्डमा खटाएको छ । ४ देखि ६ जनाको समूह बनाएर गस्तीमा खटाउने र १३ हजार ५ सय १६ जनालाई लाठीसहित परिचालन गर्ने योजना बनाएको छ ।

महानगरीय प्रहरी कार्यालयका एसएसपी श्याम ज्ञवालीले पछिल्ला १० वर्षमा चाडपर्वका बेला हुने अपराधका घटनाको विश्लेषण गरिएको बताए । उनको बुझाइमा चाडपर्वका बेला गम्भीर प्रकृतिका अपराधभन्दा पनि आर्थिक अपराधका घटना वृद्धि हुने बताए । 'सबैको ध्यान चाडपर्व मनाउनेतिर एकोहोरिएको मौका चोरी र डकैती गर्नेहरूले उठाउँदा रहेछन्,' उनले भने । उनको अनुभवमा लुटपाट, चोरी, पाकेटमारी, मदिराजन्य हिंसा र जुवाजस्ता अपराधका घटना चाडबाडमा हुने गरेको देखिन्छ ।

प्रहरी परिसर काठमाडौंले मात्रै चाडबाड केन्द्रित सुरक्षाका लागि भन्दै तीन हजार जनशक्ति परिचालन गरेको छ । परिसरले चाडबाड केन्द्रित सुरक्षा भन्दै प्रत्येक नाकामा चेकजाँच, रात्रिकालीन गस्ती र आकस्मिक चेकजाँच बढाउने भएको छ । प्रहरी परिसर काठमाडौंका डीएसपी होविन्द्र बोगटीले सादा पोसाकका प्रहरी व्यापक परिचालन गरिने उनले बताए ।

चाडबाडका बेला तपाईं घर छोडेर वा डेरा छोडेर जाँदै हुनुहुन्छ भने त्यसको सूचना नजिकको प्रहरीलाई दिन पनि प्रहरीले अनुरोध गरेको छ । डीएसपी बोगटीले आफू घरमा नभएको सूचना दिएका घरहरूमा प्रहरीले निगरानी बढाउने बताए । उनले आफूले घर छोड्न लागेको सूचना सामाजिक सञ्जालमा नलेख्न पनि सुझाए । 'दसैं मनाउन हिँडियो भनेर लेखिएको सूचना चोरी-डकैती गर्नेहरूलाई खुराक बन्न सक्छ,' उनले भने, 'चोरलाई सजिलो नबनाउनुस् ।'

नेपाल प्रहरी र सशस्त्र प्रहरीले चाडपर्व सुरक्षा योजनाअन्तर्गत देशभर ९१ स्थानमा नागरिक सहायता कक्ष स्थापना गरेका छन् । यस्तो कक्षले सर्वसाधारणलाई सूचना दिने, जनधनको सुरक्षा प्रदान गर्नेछ । सशस्त्रले प्रदेश १ मा २०, प्रदेश २ मा ४७, प्रदेश ३ र गण्डकीमा एक-एक, प्रदेश ५ मा १६ र सुदूरपश्चिमका ६ स्थानमा सहायता कक्ष राखेको छ ।

प्रहरीको सुरक्षा टिप्स

- घर छोड्न लागेको कुरा सामाजिक सञ्जालमा नलेख्नुस् ।
- सीसीटीभी चौबिसै घण्टा अन गर्ने व्यवस्था मिलाउनुस् ।
- झ्यालढोका मिलेसम्म भित्रबाटै बन्द गर्नुस् ।
- साना ह्यामर छिराउने ठाउँ नराख्नुस् ।
- मुख्य ढोकामा बलियो ताल्चा लगाउनुस् ।
- आफू घरमा नहुने सूचना छिमेकीलाई दिनुस् ।
- गरगहना, पैसा र बहुमूल्य सामान घरमा नराख्नुस् ।
- प्रहरीलाई आफू घरमा नहुने सूचना गोप्य रूपमा टिपाएर जानुस् ।





दसैं पहिरन

दसैंमा महिलाले परम्परागत पहिरन रूचाउने गरेका छन् भने पुरूषले कोरियन लुक्सका नयाँ-नयाँ डिजाइन । महिलाले साडी, कुर्था, लेहेंगा अनि पुरूषले सर्ट, उलन हुडी, लेदर ज्याकेट, ब्लेजर बढी किन्ने गरेका छन् ।



नुमा थाम्सुहाङ

कुनै समय वर्षमा एकपटक त्यो पनि दसैंका बेला मात्रै कपडा किन्ने चलन थियो । अहिले त्यस्तो छैन । आवश्यक र मन परेका कपडा जहिले पनि किनेर लगाउन सकिन्छ । दसैंका अवसरमा कपडा किन्नेको लर्को भने बजारमा अहिले पनि उस्तै छ ।

बानेश्वरकी आरती पराजुलीलाई चाडबाडको समयमा आफ्ना संस्कृति र परम्पराको झल्को दिने खालका कपडा लगाउन मन पर्छ । एनआईबीएलकी बैंकर उनी दरबारमार्गको एक पसलमा दसैंका लागि कुर्था र त्यससँग मिल्ने एसेसरिज हेर्दै थिइन् । दसैंका बेला सपिङ गर्न रमाइलो लाग्ने उनी सुनाउँछिन्, 'दसैंमा ट्रेडिसनल कपडा, अझ कुर्था लगाउन मनपर्छ,' उनी भन्छिन्, 'यसैसँग मिल्ने, दसैंको दक्षिणा पनि अट्ने सानो साइड ब्याग र ब्लकमा क्लोज सुज नै ठीक हुन्छ । यो लगाउन पनि सजिलो हुन्छ ।'

चाडपर्वको सिजनमा साडी, कुर्था, लेहेंगा ग्राहकको रोजाइमा पर्ने गरेको वुमन्स प्लानेट बुटिककी डिजाइनर सुष्मा सिंहले बताइन् । 'दसैं अन्य समयजस्तो होइन, फेस्टिभ सिजन हो, यसमा सकेसम्म मानिसहरू साधारण देखिन रुचाउँछन्,' उनले भनिन्, 'धेरैले रुचाएको दसैंको फेसन भनेको सरारा कुर्था र यसमा सिम्पल डिजाइन हो । अर्गेन्जा साडी पनि ग्राहकले रुचाइरहेका छन् ।' लेहेंगा र टिनएजरहरूका लागि फिटिङ लङ वनपिस दसैंमा बढी बिक्री हुने गरेको उनले बताइन् । पेस्टल र मिक्स कलर दसैंको आकर्षण रहेको उनी बताउँछिन् । 'पेन्सिल पेन्ट र प्लाजासँग कुर्थी पनि अहिले केटीहरूको रोजाइमा परेको छ,' उनले भनिन् ।

दरबारमार्गस्थित इन्भी सुज एन्ड एसोसरिजकी मनिषा श्रेष्ठले दसैंमा ठूलोको तुलनामा सानो साइजको साइड ब्यागमा रुचि देखिएको बताइन् । यो बेला राम्रो लगाउन र राम्रो किन्न खोज्ने गरेको उनी सुनाउँछिन् । कपडा, जुत्ता, ब्यागको व्यापार बढी हुने उनको भनाइ छ । 'जुत्तामा थोरै हिल र क्लोजमा ब्लक हिल रुचाइरहेका छन्,' उनले भनिन्, 'तीजमा जस्तो रातो रङ नै चाहिन्छ भन्ने छैन । आफ्नो ड्रेससँग मिलाएर सपिङ गर्छन् ।'

महिला मात्र नभई पुरुषले पनि दसैंमा बेग्लै फेसन रुचाउन थालेका छन् । उनीहरू कोरियन लुक्सका फेसनतिर बढी आकर्षित भएको सुन्धारास्थित ताजुस सरिया पसलका मिलन गौतमले बताए । अरू बेला कपडा किने पनि दसैंमा गरेको सपिङको छुट्टै महत्त्व हुने उनी सुनाउँछन् । अरू बेलाभन्दा दसैंमा व्यापार पनि राम्रो हुने उनको बुझाइ छ ।

'दसैंमा युवकहरूले कोरियन लुक्सका ड्रेसअप मन पराइरहेका छन्, नेपालीलाई सुहाउँछ पनि, टिनएजर्सले खोज्ने भनेको फिटिङ कपडा हो,' उनले भने, 'लाइनिङ र प्लेनका फुल तथा हाफ बाहुला भएका सर्ट, उलन हुडी, लेदर ज्याकेट, ब्लेजरप्रति आकर्षण बढेको छ ।'



कोरियन कटन पाइन्ट र जिन्समा हल्का ग्रन्ज र चुज पाइन्ट सुहाउँदो स्पोर्ट सुजसँग मिलाएर लगाउने उनले बताए । 'क्याजुअलमा सुज, कन्भर्स, भेन्स र बुट बढी खोजिने गरेको छ,' उनले भने ।

ब्रान्डमा दसैं सेल अफर

दसैं तथा तिहारको अवसरमा दरबारमार्गमा विभिन्न ब्रान्डका सेलका ब्यानरहरू झुन्डिएको र टाँसेको देख्न सकिन्छ । केटीएम सिटी, एडिडास, लिभाइज तथा पुमाका सोरुमहरूले ग्राहकका लागि छुटको व्यवस्था गरेका छन् । व्यापार बढाउन र ग्राहकलाई खुसी पार्न दसैंको 'सेल' राम्रो अवसर भएको छ ।

केटीएम सिटी : नेपाली उत्पादन बेचबिखन गर्दै आएको केटीएम सिटीले दसैंमा अफर ल्याएको छ । 'दसैंमै किन सेल ?' सोरुम इन्चार्ज समिर श्रेष्ठ भन्छन्, 'ग्राहकको ध्यान तान्न र बिक्री बढाउन । चाडबाडका बेला ग्राहकको त्यसै भीड हुन्छ । सेलले अझ व्यापार बढाउँछ ।' केटीएमका सबै उत्पादनमा 'बाई वन गेट वन फ्री' दसैं अफर रहेको उनले बताए । 'ज्याकेट, टिसर्ट, स्पोर्ट्स वेयर, हाफ पाइन्ट जुनैमा पनि एक किन्दा एक सित्तैमा छ,' उनले भने, 'केटीएम सीटीकै अर्को नयाँ 'केटीएम सीटी ब्ल्याक ८८४८' बजारमा नयाँ आएको छ । यसमा जाडोका लागि ज्याकेट र विन्ड सिटर छ । जसमा ६० प्रतिशतसम्म छुट दिएका छौं ।' बालुवाटारदेखि केटीएम सिटीको सोरुममा कपडा हेर्न आएका विष्णु केसीले गोजी छामेर सामान किन्न सकिने बताए । 'कस्तो कपडा छ भनेर हेर्दै छु,' उनले भने, 'रेट पनि ठीक छ । नेपालीले धान्न सक्ने नै मूल्य रहेछ । १८ सय रुपैयाँको सामान किन्दा त्यही मूल्यको अर्को सामान सित्तैमा पाइने रैछ ।'

एडिडास : दसैंलाई लक्ष्य गरेर एडिडासले ब्रान्डेड लगाउन चाहने तर धान्न नसक्ने ग्राहकका लागि ४० प्रतिशत छुट राखेको छ । 'कतिलाई ब्रान्डेड लगाउन मन हुन्छ, सबैले अफोर्ड गर्न सक्दैनन्, त्यसका लागि सेलमा किन्ने अवसर पनि हो,' एडिडासको आधिकारिक बिक्रेता रुट्सफेसन वेयरका सोरुम इन्चार्ज जितेन्द्र महर्जनले भने, 'एडिडासको जुत्ता, स्पोर्ट्स वेयर, ट्राउजर र सर्टमा सेल राखेका छौं । सोरुममा १० हजार रुपैयाँको सामान खरिद गर्ने ग्राहकमध्ये एकजनालाई लक्की ड्रमार्फत ५ लाख ९० हजार रुपैयाँबराबरको अमेरिकन क्लिभल्यान्ड बाइक उपहारको व्यवस्था गरिएको उनले बताए ।

लिभाइज : लिभाइजको आधिकारिक बिक्रेतासमेत रहेको रुट्सफेसन वेयरले नयाँ आएको कपडामा १० प्रतिशत र स्टक सामानमा ५० प्रतिशत छुट राखेको सोरुमका इन्चार्ज अभिषेक महर्जनले बताए । 'लिभाइजको जिन्स पाइन्ट ओल्ड फेसन स्टाइल भएकाले सबैले यसलाई मन पराउँछन्,' उनले भने, 'लिभाइजको पर्स, टिसर्ट, जिन्स ज्याकेटको बजार राम्रो छ ।' लिभाइजमा पनि १० हजार रुपैयाँ सामान खरिदमा अमेरिकन क्लिभल्यान्ड बाइक उपहार रहेको उनले जानकारी दिए ।

पुमा : पुमाले दसैंको मौकामा सेल अफर ल्याएको छ । स्टक क्लियर गर्नका लागि सेल राखिने पुमाको आधिकारिक बिक्रेता प्लाटिनियम ट्रेडका सोरुम इन्चार्ज प्रवीन झाले बताए । सेलको सिजन नै दसैं रहेको उनी सुनाउँछन् । 'पुमाको स्टक सामानमा ५० प्रतिशत छुट छ । यसका जुत्ता, कपडा र ब्यागमा छुट दिएका छौं, नयाँमा चाहिँ राखेका छैनौं,' उनले भने, 'हाम्रो स्टकमा ३/४ महिना मात्रै सामान बस्छ, यसमा ग्राहकलाई पनि फाइदा हुन्छ ।'



भित्रिँदै खसी-बोका

दसैंमा सरकारले ३ हजार खसी-बोका र च्याङ्ग्रा बिक्री गर्ने जनाएको छ । गत वर्ष २ हजार खसी खरिद गर्ने योजना बनाए पनि लक्ष्य भेट्टाउन नसकेपछि अहिले खसीको संख्या घटाएर च्याङ्ग्रामा जोड दिइएको छ ।

राजु चौधरी

दसैंका बेला उपत्यकामा मात्रै अर्बौं रुपैयाँको खसी-बोका र च्याङ्ग्रा बिक्री हुन्छ । व्यवसायीका अनुसार घटस्थापनाको भोलिपल्टदेखि फूलपातीसम्म ६ दिनमा मात्रै १ अर्ब २५ करोड रुपैयाँको खसी-बिक्री हुने गरेको व्यवसायी बताउँछन् ।

'६ दिनमा करिब ५० हजार खसी/च्याङ्ग्राको माग हुन्छ । एउटाको मूल्य २० देखि ३५ हजार रुपैयाँसम्म पर्छ,' चौपाया व्यवसायी संघ कलंकीका पूर्वअध्यक्ष दीपक थापाले भने, 'औसत मूल्य २५ हजारको हिसाबमा दसैं अवधिमा १ अर्ब २५ करोडको खसी बिक्री हुन्छ ।'

खसी मुख्यतः तराई र पहाडबाट खरिद गरिन्छ । च्याङ्ग्रा भने हिमाली जिल्लाबाट खरिद हुन्छ । अपुग खसी-बोका भारतबाट समेत आयात हुन्छ । पशु सेवा विभागले क्वारेन्टाइन ऐन फागुन ३ देखि कार्यान्वयन गरेको छ । यो व्यवस्थासँगै सम्बन्धित मुलुकबाट पशु चौपाया स्वस्थ भएको प्रमाणित कागजपत्र बनाउनुपर्छ । कागजपत्रमा निर्यातयोग्य, रोगमुक्त र रोगको खोप लगाएको प्रमाणित हुनुपर्छ । यो व्यवस्थामा कडाइ गरेसँगै खसी-बोका आयात घटेको छ ।

खसी-बोका आयात घट्दा जिउँदो खसीको मूल्य प्रतिकेजी ७ सय १५ रुपैयाँ थियो । त्यसपश्चात तस्करी हुन थाल्यो । बजारमा खसी-बोका भित्रिन थालेपछि मूल्य ६ सयदेखि ६ सय ५० रुपैयाँमा झरेको पूर्वअध्यक्ष थापाले बताए । 'मूल्य बढ्ने वा घट्ने कुराको आकलन गर्ने सक्दैनौं, मागअनुसार आपूर्ति नहुँदा मूल्य स्वतः बढ्छ,' उनले भने । उनले सरकारले बेच्ने सहुलियत पसलभन्दा प्रतिकिलो १ सय रुपैयाँसम्म महँगो हुने बताए । संघका अनुसार दसैंमा करिब २३ हजार अपुग हुने आकलन गरिएको छ । तर तस्करीको बाटोबाट आयात भइरहेकाले उपत्यकाको माग पूर्ति हुन सक्ने काठमाडौं चौपाया खरिद बिक्री प्रालिका अध्यक्ष जनक खड्काले बताए । उनका अनुसार कालीमाटीमा दैनिक ३ सयसम्म खसीबोका भित्रिएको छ । तस्करीबाट भित्रिएका खसी-बोकालाई गाउँपालिकाले चिठी बनाएर वैधानिकता दिएका हुन्छन् ।

'भन्सारमा क्वारेन्टाइन जाँचमा कडाइ भएपछि तस्करहरूले जंगलको बाटोबाट समेत भित्र्याउन थालेका छन्,' उनले भने, 'अवैधानिक बाटोबाट मात्रै कालीमाटीमा दैनिक करिब ३ सय खसी भित्रिन्छन् ।' उनका अनुसार मागको करिब ५० प्रतिशतभन्दा बढी खसी-बोकाका लागि भारतमै निर्भर हुनुपरेको छ । भारतको लखनउ, कर्नाटकलगायत १० स्थानबाट खसी-बोका आयात गर्दै आएका छन् । पशु सेवा विभागले भने नेपालमै उत्पादन पर्याप्त भएको जनाएको छ ।

विभागका महानिर्देशक वंशी शर्माका अनुसार उपत्यकामा वार्षिक ६ लाख खसी-बोका चाहिन्छ । मुलुकभर १ करोड १८ लाख छ । वार्षिक ३० प्रतिशत अर्थात् ३३ लाख कटनीमा जान्छ । हिफरलगायत संघ/संस्थाले पनि पर्याप्त उत्पादन गरेकाले व्यवसायीले जिल्लामा संकलन गर्नुपर्ने बताए । मुलुकभित्र हेटौंडा, कोहलपुर, कटारी, सुर्खेत, नुवाकोट, सिन्धुपाल्चोकबाट पनि खरिद हुन्छ । मागलाई मध्यनजर गर्दै कृषि तथा पशुपन्छी मन्त्रालयले आपूर्तिको योजना बनाएको छ । अत्यधिक माग हुने खसी-बोका, राँगा, कुखुरालगायतको सहज आपूर्ति बनाउने जनाएको छ । मन्त्रालयका अनुसार हाल उपत्यका तथा मुख्य सहर बजारको औसत माग प्रतिदिन १८४० (औसत २५ देखि ३० किलो) हो । करिब २ हजार ३० वटा आपूर्ति भइरहेको मन्त्रालयको दावी छ ।

दसैं र अन्य चाडबाडको मुख्य दिनमा औसत माग प्रतिदिन २५ सयवटा हो । त्यसमध्ये उपत्यकामा मात्रै १८०० वटा चाहिन्छ । हिफर इन्टरनेसनलसँग आबद्ध सहकारीमार्फत उपत्यकामा आपूर्ति गरिने खसी-बोकाको संख्या करिब ५ हजार हो । बाखा व्यवसायी महासंघमार्फत उपत्यकामा करिब १३ हजारवटा र खसी-बोका व्यवसायीमार्फत करिब १५ हजार (प्रतिदिन) वटा आपूर्ति गर्ने जनाइएको छ । खाद्य संस्थानले करिब ३ हजार (एक हजार खसी र २ हजार च्याङ्ग्रा) ल्याउने जनाएको छ । 'उपत्यकाको माग करिब ५० हजार भए पनि स्वदेशी उत्पादनबाटै ५१ हजार आपूर्ति हुन सक्छ,' शर्माले भने ।

कुखुरा, राँगा र माछा पर्याप्त

मन्त्रालयका अनुसार कुखुरा, राँगा, माछालगायत उत्पादन पर्याप्त छ । चाडबाडका बेला कुनै अभाव नहुने पशु सेवा विभागका महानिर्देशक वंशी शर्माले बताए । उनका अनुसार हाल उपत्यकामा कुखुराको दैनिक माग ३ सय टन हो । मागअनुसार सहजै आपूर्ति भइरहेको छ । दसैं र चाडबाडको मुख्य दिन गरी करिब १० दिन औसत माग ३ सय टन हो । उपत्यकाको हकमा दसैंलगायत मुख्य चाडबाडमा जनसंख्या कम हुने हुँदा आपूर्तिमा कुनै समस्या हुँदैन । 'दसैंमा प्यार्टी प्यालेस र होटलबाट माग हुँदैन, अन्य पसलमा पनि खसीबाहेक कुखुराको माग कमै हुन्छ,' राष्ट्रिय कुखुरा व्यवसायी संघका अध्यक्ष जगवहादुर वीसीले भने, 'माग नबढ्ने भएकाले अभावको सम्भावना पनि हुँदैन ।' विभागका अनुसार दसैंका लागि उपत्यकामा दैनिक २१० राँगा आपूर्ति भइरहेको छ ।

जिउँदो माछा व्यवसायी संघका अध्यक्ष जंगवहादुर साहका अनुसार हाल उपत्यकामा माछाको औसत माग जिउँदो दैनिक ५३ सय किलो, छडी माछा ३२ सय केजी र फ्रोजन माछा १८ सय किलो हो । 'समग्रमा माछाको कुल माग दैनिक १० हजार ३ सय किलो हो । दैनिक ११ हजार ५ सय किलो आपूर्ति भइरहेको छ,' साहले भने, 'दसैंलगायत अन्य चाडबाडमा जनसंख्या कम हुने हुँदा मागअनुसार आपूर्ति गर्न सक्छौं । माछा अभाव हुँदैन ।'

खाद्य व्यवस्था कम्पनीले ३ हजार बेच्ने

चाडबाडलाई लक्षित गरेर सरकारले खसी-बोका र च्याङ्ग्रा गरी ३ हजारवटा बिक्री गर्ने जनाएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका महाप्रबन्धक योगेन्द्र गौचनका अनुसार दसैंका लागि एक हजार खसी र २ हजार च्याङ्ग्रा खरिद गर्ने योजना छ । कम्पनीले गत वर्ष दुई हजार खसी खरिद गर्ने योजना बनाएको थियो तर लक्ष्य भेट्टाउन सकेन । अहिले खसीको संख्या घटाएर च्याङ्ग्रामा जोड दिएको महानिर्देशक गौचनले बताए । च्याङ्ग्रा मुस्ताङबाट खरिद गरिने बताए । यसका लागि जिल्ला प्राथमिक खरिद समिति गठन गरिएको छ ।

K. L. DUGAR GROUP

SKYWORTH

SKYWORTH GRAND ॥छुट उत्सव॥

SKYWORTH सँग सबै दङ्ग
30% सम्म छुट पाइ सबै फुरुङ्ग



यो दशैं तिहारमा हरेक SKYWORTH स्वरिद गर्दा ३०%* सम्मको छुट पाइ छुटको उत्सव मनाउनुहोस् ।

SKYWORTH LED TV

24 W3 FHD 24″
MRP: Rs. 22,900
Offer Price Rs. 18,500

32 E2 FHD 32″
MRP: Rs. 33,500
Offer Price Rs. 25,500

43 E3 (NEW) FHD 43″
MRP: Rs. 49,600
Offer Price Rs. 43,600

SKYWORTH SMART TV

32 TB4000 HD 32″
MRP: Rs. 36,900
Offer Price Rs. 30,000

43S3A31T FHD 43″
MRP: Rs. 54,600
Offer Price Rs. 49,140

43 TB4000 FHD 43″
MRP: Rs. 62,900
Offer Price Rs. 61,900

OLED + Google Android TV

55 XA9000 4K 55″
MRP: Rs. 4,00,000
Offer Price Rs. 3,40,000

SKYWORTH GOOGLE ANDROID TV

32E6 FHD 32″
MRP: Rs. 40,300
Offer Price Rs. 32,000

43 U5 4K 43″
MRP: Rs. 84,500
Offer Price Rs. 76,050

50G2 4K 50″
MRP: Rs. 99,900
Offer Price Rs. 87,500

55G2 4K 55″
MRP: Rs. 1,25,000
Offer Price Rs. 99,000

55 G6 4K 55″
MRP: Rs. 1,21,900
Offer Price Rs. 1,10,000

58G2 4K 58″
MRP: Rs. 1,30,900
Offer Price Rs. 1,04,900

AI + Google Android TV

65Q3C 4K 65″
MRP: Rs. 2,10,000
Offer Price Rs. 169,000

T70A02N
MRP: Rs. 36,600
Offer Price Rs. 34,770

F70209SUC
MRP: Rs. 51,900
Offer Price Rs. 49,305

F80209MU
MRP: Rs. 57,900
Offer Price Rs. 55,005

F90411NBC
MRP: Rs. 72,600
Offer Price Rs. 68,970

F80233NCY
MRP: Rs. 80,600
Offer Price Rs. 72,540

TL9DD
MRP: Rs. 57,500
Offer Price Rs. 40,250

*सर्तहरू लागू हुनेछन् ।

Smart Appliances (P) Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

घर जाने हतारो

घटस्थापना अगावैदेखि राजधानीका बसपार्कमा चहलपहल सुरू भइसकेको छ । टिकट बुकिङ खुला भएकै समयबाट फाट्टफुट्ट स्वमा यात्रु घर जान थालेका छन् । धेरैले टिकट बुकिङ गरिसकेका छन् । दसैंमा करिब २० लाख सर्वसाधारण उपत्यकाबाट बाहिरिने गरेको तथ्यांक छ ।









विमल खतिवडा



जाजरकोटको कुशे गाउँपालिका ४ का २१ वर्षीय नवराज शाही ठकुरी काठमाडौं बस्न थालेको ५ वर्ष भयो । पढाइको सिलसिलामा राजधानी पसेका उनी अघिपछि घर जान पाउँदैनन् । राजधानीबाट घर पुग्न दुई दिन लाग्छ । त्यो पनि कच्ची बाटो छिचोल्दै जानुपर्छ । पानी परे पुग्नै सकस हुन्छ । अघिपछि जे-जस्तो भए पनि दसैंमा घर जान भने छुटाउँदैनन् । बसमा मुडामा बसेर हुन्छ कि बर्नरमा- उनी प्रत्येक वर्ष गएकै छन् ।

यसपटक १६ गते जाँदै छन् । दसैंमा गएर तिहारपछि मात्र फर्कने उनको योजना छ । 'वर्षमा एकपटक आउने चाडमा घर नगएर भएन,' उनी भन्छन्, 'दसैं भनेको परिवारका सबै भेला हुने चाड पनि हो । एक दिन बसमा सदरमुकामसम्म पुग्छौं । अर्को दिन जिप पाइए त्यसैमा, नपाए मोटरसाइकल चढेर जाने हो ।'

रत्नराज्य लक्ष्मी क्याम्पस काठमाडौंमा स्नातक तेसो वर्ष अध्ययनरत उनी चाडबाडमा घरको सम्झना बढी आउने बताउँछन् । 'घरबाट कहिले आउने हो भन्दै फोन आउन थालिसक्यो,' उनी भन्छन्, 'टिकट नपाए बसमा उभिएरै भए पनि १६ गते आउँछु भनेको छु ।'

उनी मात्र होइन, पूर्व-पश्चिम सबैतिर घर फर्कनेको लर्को लाग्न थालिसकेको छ । गाडी र टिकट काउन्टरमा यात्रुको भीड छ । केही यात्रु गाडी रिजर्भ गरेर घर हिँड्न थालिसकेका छन् । 'कहिले १३ गते आउला र घर पुगौंजस्तो भएको छ,' संखुवासभा तामाखोकी सुमित्रा जिमी भन्छिन्, 'काठमाडौंको धुलोधुवाँबाट केही दिन भए पनि मुक्ति पाइन्छ ।' उनीसहित ४ जना दसैंमा गाउँ जाँदै छन् । दसैंले उत्साह थप्ने काम गरेको छ । कीर्तिपुरमा बसेर स्नातकोत्तर पढिरहेकी उनी वर्ष दिनपछि घर जान लागेकी हुन् । काठमाडौंबाट घर पुग्न दुई दिन लाग्छ ।

'ठूलो बसमा धरानसम्म जान्छौं,' उनी भन्छिन्, 'त्यहाँ आफन्त हुनुहुन्छ, एक रात त्यहीँ बसेर उहाँहरूसँगै जिप रिजर्भ गरेर जान्छौं ।' पढाइकै लागि उनी राजधानी बसकी छन् । सबैजना दसैं आउने दिन गन्दै बाटो हेरेर बसेको उनी सुनाउँछिन् । 'गाउँमा दसैं रमाइलो हुन्छ, सबैसँग भेट हुन्छ,' उनी भन्छिन्, 'घरमै फलेका खानेकुरा खान पाइन्छ, मान्यजनबाट आशीर्वाद थाप्ने अवसर मिल्छ ।'

धेरै मान्छे बाहिरिने भएकाले दसैंमा राजधानी सुनसानजस्तै बन्छ । सडकमा सवारी साधनको संख्या पातलिन्छ । यात्रुको चहलपहल कम हुन्छ । करिब २० लाख सर्वसाधारण उपत्यकाबाट दसैं मान्नका लागि बाहिरिने तथ्यांक छ ।

टिकट बुक गर्नेहरू घटस्थापनापछि घर जान थालिसकेका छन् । १६ देखि १९ गतेसम्म घर जाने यात्रुको चाप सबैभन्दा बढी हुन्छ । यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव सरोज सिटौलाका अनुसार यी चार दिनमा दैनिक ७ हजारभन्दा बढी गाडी राजधानी भित्रिने र बाहिरिने गर्छन् ।

असोज ५ गतेबाट टिकट बुकिङ खुला भएको हो । टिकट बुकिङ खुला भएकै समयबाट फाट्टफुट्ट रूपमा दसैंका लागि यात्रु घर जान सुरु गरेका हुन् । घटस्थापनादेखि दैनिक करिब ५ हजार यात्रु उपत्यकाबाट बाहिरिइरहेको उनले बताए । यातायात व्यवस्था विभागले यात्रुलाई सहजता प्रदान गर्ने उद्देश्यले १२ देखि १९ गतेसम्म सार्वजनिक सवारी साधनका लागि इजाजत पत्र (रुट परमिट) खुला गरेको छ । यो समय पूर्वका गाडी पश्चिम, सुदूरपश्चिमसम्म यात्रु बोकेर जान पाउँछन् । काठमाडौं भित्रिने लामा सवारी साधनलाई आवागमनमा रोक लगाइएको छ । १८/२० चक्के सवारी साधन सामान लिएर भारतबाट आउँदा मुख्य राजमार्गमा जाम हुने भएकाले त्यहीअनुसारको तयारी गरिएको यातायात व्यवस्था विभागका महानिर्देशक गोगनबहादुर हमाल बताउँछन् ।

उपत्यकाका कोटेश्वर, गौशाला, चाबहिल, कलंकी, नयाँ बसपार्कलगायत १४ स्थानमा नागरिक सहायता कक्ष सञ्चालन गरिएको छ । त्यहाँ ट्राफिक प्रहरी, यातायात व्यवस्था विभागका कर्मचारी र उपभोक्ता समाजका प्रतिनिधि बस्छन् । व्यवसायीले गाडी भाडा बढाएर लिन पाउने छैनन् । अहिले जति भाडादर छ, त्यही दरमा यात्रु गन्तव्यसम्म पुग्छन् । केही गाडी कम्पनीले अनलाइनबाट टिकट बुकिङ गर्ने व्यवस्था मिलाएका छन् । करिब डेढ दर्जन कम्पनीले यो सुविधा दिएका छन् । घरमै बसेर टिकट बुक गर्न सकिने भए पनि यात्रुका लागि यो सेवा प्रभावकारी बन्न सकेको छैन । आफूले खोजेको ठाउँको टिकट अनलाइनमा नपाएको गुनासो यात्रुको छ । जसले गर्दा घण्टौं लाइन लागेर टिकट काट्नुको विकल्प छैन । विभागले अर्को वर्ष अनलाइनबाट टिकट बुकिङ सेवालाई प्रभावकारी बनाउने दावी गरेको छ । 'टिकट बुकिङ खुलेकै दिन असोज ५ गते ६ घण्टा लाइनमा बसेर टिकट लिएँ,' बझाडका कमलकुमार थापा भन्छन्, 'वर्ष दिन भयो घर नगएको, सधैं दसैंमै जाने हो, यही बेला टिकट लिन कष्ट झेल्नुपर्छ ।' उनले १३ गतेका लागि टिकट लिएका छन् । सबैलाई कहिले घर पुगौं भन्ने हुटहुटी छ । घर जानेले पहिल्यै टिकट लिइसकेका छन् ।

यात्रुलाई ठगिन नदिन सादा पोसाकमा प्रहरी परिचालन गरिएको छ । 'यात्रुलाई कसैले ठग्न पाउने छैन, सबैले सहज रूपमा सिटमा बसेर घर पुग्न पाउँछन्,' महानिर्देशक हमाल भन्छन्, 'कसैले कालोबजारी गरेर टिकट बिक्री गरेको, बढी भाडा लिएको पाइएमा ठाउँको ठाउँ कारबाही हुन्छ ।' भाडादर बसमा टाँसिएको उनले सुनाए । गाडी र टिकट अभावले यात्रु घरजानबाट वञ्चित नभएको उनी बताउँछन् ।

सबैभन्दा ठूलो समस्या सडकको छ । पानी पर्ने क्रम नरोकिएकाले यसपालि यात्रुलाई घरसम्म पुग्न सकस हुने अवस्था छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता राजेश्वर ज्ञवाली सडककै कारण यात्रु नरोकिने दावी गर्छन् । 'सडक विभागले मर्मत गराएको छ,' उनी भन्छन्, 'त्यसैले सडकले चाडबाडमा असर गर्ने छैन ।' तर, ढिलो घर जाने तयारीमा रहेका यात्रु चिन्तित छन् । पहिला जस्तो अहिले एक दिन गाडीमा र दुई दिन हिँडेर घर जानुपर्ने अवस्था छैन । गाउँगाउँमा सडक सञ्जाल छ । तीन दिनमा घर पुग्ने समय एक दिनमा छोट्टिएको छ ।

'कोही आत्तिनुपर्दैन, सबैलाई घर पुऱ्याउने काम हाम्रो भयो,' महासचिव सिटौला भन्छन्, 'वर्षाले सडक बिग्रिएका छन्, खाल्डाखुल्डी पुरिएन र समयमै गाडी आइपुगेन भने यसको जिम्मा हामी लिन सक्दैनौं ।' जहाँ सडक जोखिमयुक्त छ, त्यहीँ सामान बोकेर हुटमा बस्ने यात्रुको भीड हुन्छ । यस्ता दृश्य सडक छेउछाउमा बस्नेका लागि नौला लाग्दैनन् । ट्राफिक प्रहरीले भने सिटमा मात्रै बसेर यात्रा गर्ने वातावरण मिलाइएको दावी गरेको छ ।



कंगना भन्छिन्-
'सन्तानलाई यौन सिकाउनुस्' । १२



एस्टर वर्ष खेलाडी
तेस्रो क्रापा स्पोर्टस् अवार्ड । १९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २२५ विराटनगर | १४ असोज २०७६ मंगलबार आश्विन शुक्लपक्ष तृतीया | नेपाल संवत् ११३९ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 1, 2019 | पृष्ठ १२+८+८ | १० रुपैयाँ

सभामुखमाथि यौन दुर्व्यवहारको आरोप

सचिवालयद्वारा खण्डन



काठमाडौं (कास)- सभामुख कृष्णबहादुर महरामाथि संसद् सचिवालयमा कार्यरत एक महिलाले यौन दुर्व्यवहार गरेको आरोप लगाएकी छन् भने सभामुखको निजी सचिवालयले त्यसको खण्डन गरेको छ। सचिवालयमा कार्यरत ती महिला कर्मचारीले आइतबार राति आफ्नै निवासमा आएर सभामुख महराले आफूमाथि यौन दुर्व्यवहार गरेको आरोप लगाएकी थिइन्। आफूलाई दुर्व्यवहार गरेको घटनाबारे प्रहरीलाई जानकारी गराएपछि सभामुख महरा निवासबाट बाहिरिएको उनको भनाइ छ। त्यसकै आधारमा सोमबार साँझ अनलाइनहरूमा समाचार आएपछि सभामुख महराका प्रेस सल्लाहकार डिल्ली मल्लले राति विज्ञप्ति जारी गरी खण्डन गरेका हुन्। अनलाइन सञ्चारमाध्यमले सम्प्रेषण गरेका समाचार भ्रामक रहेको उनको दाबी छ। 'सभामुखज्यूले कसैलाई पनि दुर्व्यवहार गरेको कुरा कल्पनासमेत गर्न सकिँदैन। हिजो आइतबार घटना भएको भनी जसरी सभामुखज्यूको चरित्र हत्या गर्ने दुष्प्रयास भइरहेको छ, त्यसमा कुनै पनि सत्यता नभएको म सम्पूर्ण मिडिया र सञ्चारकर्मी साथीहरूमा जानकारी गराउँछु,' मल्लले जारी गरेको विज्ञप्तिमा भनिएको छ। बाँकी पृष्ठ ८

खुलामै शौच, हचुवामा घोषणा

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्ड नै पूरा नगरी मुलुकलाई दक्षिण एसियामै पहिलो 'खुला दिसामुक्त राष्ट्र' घोषणा गरेको छ । सरकारी तथ्यांकहरूअनुसार मुलुकमा १ करोड ४८ लाख ५० हजारभन्दा बढी घरपरिवार रहेकामा करिब ५६ लाख ६० हजार मात्र शौचालय छन् ।

■ **दीपेन्द्र तिष्ट** (काठमाडौं)

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्डसमेत पूरा नगरी मुलुकलाई 'खुला दिसामुक्त राष्ट्र घोषणा' गरेको छ। ०६८ मा 'एक घर एक चर्पी' नारासहित सुरु गरिएको खुला दिसामुक्त घोषणा अभियान ८ वर्षपछि पूरा भएको दाबी सरकारले सोमबार गरेको हो। दक्षिण एसियामै खुला दिसामुक्त घोषणा गर्ने नेपाल पहिलो मुलुक भएको दाबी सरकारको छ।

सरकारी निकायहरूले सार्वजनिक गरेका तथ्यांकले भने 'एक घर एक चर्पी' को लक्ष्य र पूर्ण सरसफाइका मापदण्ड पूरा नभएको देखाएका छन्। खानेपानी विभागले उपलब्ध गराएको पछिल्लो तथ्यांकअनुसार हाल मुलुकभर करिब ५६ लाख ६० हजार २ सय १४ वटा शौचालय छन्। यो संख्या जम्मा घरपरिवार संख्याको एक तिहाइभन्दा केही बढी मात्रै हो। तथ्यांक विभागले सार्वजनिक गरेको ०७४ को जनसंख्या र घरपरिवारसम्बन्धी प्रक्षेपित तथ्यांकीय विवरणमा मुलुकमा १ करोड ४८ लाख ५० हजार ३२ घरपरिवार रहेको उल्लेख छ। ०६८ मा यो संख्या १ करोड ३६ लाख ४५ हजार ४ सय ६३ थियो।

खानेपानी विभागका अनुसार मुलुकभर करिब २८ सय सार्वजनिक शौचालय छन्। तर मुख्य राजमार्ग र सहरी क्षेत्रमा पर्याप्त शौचालय छैनन्। भएका पनि प्रयोगमैत्री, अपांगमैत्री र बालमैत्री छैनन्। मापदण्डअनुसार तराईमा ५० किमिको फरकमा राजमार्गमा एउटा शौचालय हुनुपर्छ। पहाडमा करिब ३० किमि फरकमा शौचालय हुनुपर्छ। तर, पेट्रोलपम्प भएका स्थानबाहेक अन्यत्र सार्वजनिक शौचालय रहेको पाइँदैन। ०६८ मा कास्की जिल्लालाई खुला दिसामुक्त घोषणा गर्दै सुरु गरिएको अभियान यही असोज ४ गते भोजपुर जिल्लालाई दिसामुक्त घोषणा गरेपछि समापन भएको दाबी गरिएको थियो। तत्कालीन राष्ट्रपति रामवरण यादवले अभियानको सुरुवात गरेपछि तत्कालीन जिल्ला विकास समिति, गैरसरकारी संस्था र जिल्ला खानेपानी कार्यालयले भटाभट खुला दिसामुक्त जिल्ला घोषणा गर्ने प्रतिस्पर्धा चलाए। तर अधिकांश स्थानमा सरसफाइका न्यूनतम मापदण्ड पनि पूरा गरिएनन्। निर्माण भएका शौचालयमा अत्यावश्यक पानीको सुविधासमेत राखिएन। अहिले पनि त्यस्तै अवस्था छ। खानेपानीलगायत पूर्ण सरसफाइका सूचकांकहरूसमेत गाउँ-गाउँमा उपलब्ध नभएको सरकारकै प्रतिनिधिहरूले बताएका छन्। चर्पीको नियमित प्रयोग, साबुन पानी र रुमालको प्रयोग तथा हातधुने बानी, स्वच्छ खानेपानी, स्वच्छ खानेकुरा, घरायसी सरसफाइ र वातावरणीय सरसफाइलगायत पूर्ण सफाइका सूचकांकमा पर्छन्।



दीपक गौतम

कागजमा खुला दिसामुक्त, सडक-सडकमा मलमूत्र

महानगरकै खोला किनारमा खुला शौच गर्नेको ताँती

पृष्ठ ८

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णालीका एक गाउँमा खानेपानीको धारा नै नरहेको बताए। 'पानी भए पो शौचालय सफा हुन्छ, एक घर एक धारा कहिले पूरा हुन्छ भन्न सकिन्न, कतै त पूरै गाउँमा समेत खानेपानीको धारा छैन,' उनले काठमाडौंमा आयोजित कार्यक्रममा भने।

विभागका अनुसार ८९ प्रतिशत जनताको खानेपानीमा पहुँच छ तर २१ प्रतिशतले मात्रै स्वच्छ खानेपानी पिउने गरेका छन्। अधिकांश सार्वजनिक शौचालयमा पानीको समस्या छ। 'पानी शौचालयको न्यूनतम सूचकांक हो, त्यो छैन भने खुला दिसामुक्त घोषणा गरेको कुनै अर्थ छैन,' पूर्ववातावरणमन्त्री एवं पानी संरक्षण अभियन्ता गणेश साहले भने, 'तैपनि यसलाई सकारात्मक कदमका रूपमा लिनुपर्छ, किनभने केही त भएको छ।' उनका अनुसार पानी, साबुन, शौचालयको सरसफाइ सामग्री र सुरक्षालगायत शौचालयका न्यूनतम सूचकांक हुन्। बाँकी पृष्ठ ११

भित्र

सी भ्रमणमा चीनबाटै दुई जहाज र 'एरोहेड कारकेड सेट' ल्याइने

भारतीय नेताहरू खुर्सिद र शास्त्री काठमाडौं आउँदै

कतारमा घाइते नेपालीलाई पौने ३ करोड क्षतिपूर्ति

चन्द समूहले लुकाइराखेको २५ केजी विस्फोटक पदार्थ बरामद

नेकपामा अझै पूर्वएमाले र माओवादी केन्द्र

सरकारले बेच्ने खसीबोका सय रुपैयाँ सस्तो

'डुइङ बिजनेस' सुधार्ने २० राष्ट्रमा परेन नेपाल

आज

८ पृष्ठको विशेषांक



गजब छ बा !

- अविन -



अंकल ! कागत दिनु न अलि !... पुछ्नु परो !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि



दिरुपा पाण्डे

अनि उनले संसार देखे

■ **जनकराज सापकोटा** (काठमाडौं)

२१ वर्षको उमेरसम्म उनले कालो रङ मात्रै चिनेका थिए। रंगीन संसारबारे सुनेका मात्र थिए। त्यो संसार कस्तो होला भनेर एकाधपल्ट कल्पना पनि गरेका थिए। जब त्यो दिन आयो अनि उनले थाहा पाए, संसार साँच्चै रंगीबिरंगी पो रहेछ। कल्पनाभन्दा फरक, सोचेभन्दा अलग।

यो उमेरमा उनले पहिलोपल्ट आकाशको रङ चिने। त्यो नीलो थियो। बादलको रङ चिने। सेतो थियो। रूख हरियो हुन्छ भन्ने सुनेका थिए। तर एउटै रूखका पातहरूमा पनि कैयौं थरी हरियो रङ हुँदा रहेछन् भन्ने चिने। शनैः शनैः रातो, पहेँलो, खैरो, बैजनी, गुलाबी र अरू-अरू रङ पनि चिने। उनले देखे, संसार अनेकन रङहरूले पोतिएको रहेछ। यो सरकारी कागजातमा टोपप्रसाद शर्मा नाम भएका सल्यान दमाचौरका ४५ वर्षीय नरहरिको कथा हो। २१ वर्षअघि र पछि गरी दुई भागमा बाँडिएको उनको जिन्दगीको पहिलो भागमा दुःख, सास्ती र हैरानीको पल्ला छ भने दोस्रो भागमा खुसी, उत्साह र आत्मविश्वासको पल्ला। जोखेर उनले हेरेका छैनन्, जिन्दगीमा केको पल्ला भारी छ। तर उनको निष्कर्ष छ, 'म संसारका विरलै भाग्यमानी मान्छेमध्ये एक हुँ।'

जन्मँदै दृष्टि गुमाएका नरहरि बायाँ आँखाको चेपबाट मसिनो सेतो धर्कोजस्तो उज्यालो मात्रै देख्थे। मुस्किलले दिन र रात खुट्टचाउँथे। उनको दृष्टिक्षमता अक्षर चिन्न, बाटो पहिल्याउन, रङहरू ठम्याउन, मान्छे चिन्नजस्ता कुनै पनि अत्यावश्यक कामका लागि पर्याप्त थिएन। चिना टिप्पन हेर्दै अरूको भाग्य र भविष्य बताउने ज्योतिषी मेघराज शर्मा आफ्ना छोराको भविष्यबारे जानकार थिएनन्। उनकी जेई अर्थात् आमा गुप्तीकुमारी भने साइँलो छोरालाई दैवले ठगेको ठान्थिन्। आँखा नदेख्ने भएकै कारण उनले आठ वर्षको उमेरमा मात्र घरदेखि आधा घण्टाको दूरीमा रहेको भानुभक्त माविं टेके। छोरालाई स्कुल जान सजिलो होस् भनेर बाले काइँलो भाइसँगै उनलाई विद्यालय हाल्दिएका थिए। साथीहरू बेफिक्री दौडिन्थे। उनी पनि त्यसैगरी दौडिन खोज्थे। साथीहरू पुराना कपडा मोजामा कोचेर बनाइएको गोला खेल्थे। उनी पनि खेल्न खोज्थे। तर, प्रत्येकपल्ट ठेस लागेर लड्थे। त्यति बेलै उनले थाहा पाए, म अरूभन्दा फरक छु।

'फरक छु भन्ने त महसुस थियो। तर कति फरक छु भन्ने पत्तो थिएन,' उनले भने। सहपाठीहरू उनको शारीरिक क्षमतालाई गिज्याउने विषय बनाउँथे। उनले भने, 'हिँड्ने बाटोमा सिस्नो राखिदिन्थे। मलाई पोलेपछि उनीहरू खितखिताउँदै हाँस्थे। म रुँदै-रुँदै बाटो लाग्थे। देख्न सक्दैन भनेर बाटोमा काँडा राखिदिन्थे। पैतालामा बिझेपछि म मूर्छा पर्थें तर साथीहरू हाँस्दै गिल्ला गर्थे।' बाँकी पृष्ठ १०

CELEBRATE DASHAIN WITH MI
mi.com/np

GREATEST SALE EVER !

Xiaomi

Redmi 7A
Smart Desh Ko Smartphone



· 12MP AI Sony IMX486 Rear Camera
· Qualcomm® Snapdragon™ 439

2GB + 32GB
~~Rs: 11,499/-~~ Rs: 10,999/-

Redmi 7
Fastest in class. Power that Lasts.



· 12MP + 2MP Rear Dual Camera
· Qualcomm® Snapdragon™ 632

2GB + 32GB
~~Rs: 14,999/-~~
Rs: 13,999/-

3GB + 32GB
~~Rs: 16,999/-~~
Rs: 15,999/-

Redmi Y3
32MP Super Selfie



· 12MP + 2MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 632

3GB + 32GB
~~Rs: 17,999/-~~
Rs: 16,999/-

4GB + 64GB
~~Rs: 20,999/-~~
Rs: 19,999/-

Redmi Note 7
Capture all with 48MP



· 48MP + 5MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 660

3GB + 32GB
~~Rs: 21,999/-~~ Rs: 19,999/-

बन्ने भयो 'वेयर हाउस'

कान्तिपुर संवाददाता (विराटनगर)

सुनसरीको गढी गाउँपालिका २ मा आधुनिक अन्न भण्डार बनाउन सुरु भएको छ। किसानले उत्पादन गरेर ल्याएका अन्नलाई सफा गरेर निश्चित तापक्रमसहित वैज्ञानिक व्यवस्थापनसहित सुरक्षित राख्ने प्रबन्धसहित सो वेयरहाउस (अन्न भण्डारण बैंक) सञ्चालन गर्न लागिएको नेपाल वेयरहाउजिङ कम्पनी लिमिटेडले जनाएको छ।

आइतबार अन्न भण्डारको शिलान्यास गरिएको छ। किसानहरूलाई आफ्नो उत्पादनको सुरक्षित भण्डारण गर्ने, त्यसको वित्तीयकरण गरी त्यसको निस्सासमेत उपलब्ध गराउने हुँदा किसानले भण्डारण गरेको अन्नलाई पुँजीका रूपमासमेत प्रयोग गर्नसक्ने छन्। शिखर इन्स्योरेन्स कम्पनी, प्रोबायोटेक प्रालि, निम्बस होलिडस्, श्रीनगर एग्रो फार्मस्, टिएनए इन्भेस्मेन्ट, र एनएमबि बैंकको संयुक्त लगानीमा वेयरहाउस निर्माण हुन लागेको हो।

परियोजनाले विभिन्न बैंकसँगको साझेदारीमा वेयरहाउजिङ रसिद प्रदान गर्ने र रसिदबाट किसानले कुल मूल्यांकनको ७० प्रतिशतसम्म कर्जा लिनसक्ने छन्। यो अवधारणा कार्यान्वयन गर्न सुनसरी, पर्सा र कपिलवस्तुमा ५५ हजार मेट्रिकटन अन्न भण्डार गर्नसक्ने गरी वेयरहाउस निर्माण अघि बढाएको कम्पनीले जनाएको छ। वेयर हाउस सञ्चालनमा आएपछि किसानले सस्तोमा अन्न बेच्न बाध्य हुनु पर्दैन। अन्नको व्यापारमा बिचौलियाहरूको प्रभावलाई न्यूनीकरण गर्न र किसानलाई माइक्रो बैंकिङ सेवा उपलब्ध गराई अन्न बजारको क्षमता बढाउन वेयरहाउस महत्त्वपूर्ण हुने जनाइएको छ।

तीन दिनमा २१२ मिलिमिटर वर्षा

धनकुटा (कास)- धनकुटामा तीन दिनको अवधिमा २ सय १२ मिलिमिटर वर्षा भएको छ। सेप्टेम्बर महिनामा यति धेरै वर्षा हालसम्मकै सबैभन्दा उच्च रहेको जल तथा मौसम विज्ञान विभागअन्तर्गत हावापानी कार्यालय धनकुटाले जनाएको छ। कार्यालयका अनुसार शनिबारदेखि सोमबारसम्मको अवधिमा २१२ दशमलव ७ मिलिमिटर वर्षा भएको छ। शनिबार एकै दिन १६५ मिलिमिटर वर्षा भएको छ। आइतबार २७ दशमलव ३ र सोमबार २० दशमलव ४ मिलिमिटर वर्षा भएको नायब मौसम विज्ञान सहायक राकेश श्रेष्ठले बताए। यो महिना औसत भन्दा ६१ प्रतिशत बढी वर्षा भएको उनले बताए। सामान्यत: असोजमा यस्तो वर्षा हुनुलाई अस्वाभाविक रूपमा लिइने अर्का प्राविधिक केदार श्रेष्ठको भनाइ छ। चार दिनदेखि लगातार वर्षा हुँदा जिल्लाको जनजीवन प्रभावित बनेको छ। ग्रामीण सडक हिलाम्य हुँदा चाडपर्व मान्न आउजाउ गर्ने यात्रुलाई समस्या भएको छ। सोमबार मध्याह्नदेखि मौसममा सुधार आएको छ।

लगातार वर्षाले सडक हिलाम्य

कान्तिपुर संवाददाता (तेह्रथुम)

केही दिनयता निरन्तर वर्षाको कारण वसन्तपुर-म्याङलुङ २६ किमि सडक हिलाम्य भएको छ। ०४२/४३ साल बाट ट्र्याक खन्न थालिएको यो सडकको अवस्था सुधार नगरिएकाले अझै गतिलो बन्न सकेको छैन।

सदरमुकामलाई कोसी राजमार्ग हुँदै पूर्वी तराईसँग जोड्ने २६ किमि यो सडक हिलाम्य हुँदा सवारी ओहोर-दोहोरमा समस्या भएको छ। निर्माण सुरु भएको साढे तीन दशकसम्म पनि सडकको अवस्था थप बिग्रिएर सवारी गुढ्न नसक्ने अवस्थामा पुगेको छ।

पटक-पटक कालोपत्रे भइसकेको जिल्लालाई पूर्वी तराई सँग जोड्ने यो एक मात्र सडक लगातारको वर्षाले सवारी गुड्न नसक्ने गरी भत्किएको छ।

सडक सुधार, कालोपत्रे, ग्राभेल र भत्किएको स्थानमा टालटुलको नाममा बर्सेनि करोडौं रुपैयाँ खर्च भइरहेको भए पनि सडकको गुणस्तर सुधार हुन नसकेको रेडक्रस सभापति श्रीकृष्ण दाहालले बताए।

छोटो दूरीको सडकमा गरिएको बर्सेनिको लगानी बालुवामा पानी सरह भएको वसन्तपुर बजारका पूर्व निर्माण व्यवसायी उदय पौडेलले बताए। सडक कालोपत्रे, मर्मत, स्तरोन्नति, ग्राभेल, टालटुल, मोड सुधार लगायतका काम देखाएर यो सडकमा बर्सेनि करोडौं रुपैयाँ बजेट भ्रष्टाचार भइरहँदा पनि सम्बन्धित निकाय मौन रहेको स्थानीयको आरोप छ।

सडकमा पानी जमेर हिलो भएका कारण २६ किमि सडक पार गर्न ६ घण्टाभन्दा बढी समय लाग्ने गरेको सवारी चालक चेतनाथ सापकोटाले बताए। वर्षौंदेखि निरन्तर मर्मतको काम भइरहेको यो सडकमा दिनहुँ सवारी फसेर घण्टौं जाम हुने गरेको सापकोटाको भनाइ छ। जसले गर्दा यात्रु समयमा गन्तव्यमा पुग्न सक्दैनन् भने सवारीको समेत पार्टपुर्जा बिग्रिने गरेको यातायात व्यवसायीको भनाइ छ।

यो सडकको मर्मतका लागि सडक डिभिजन कार्यालय धनकुटाले गत वर्षसम्म करोडौं रुपैयाँ खर्च गर्दै आएको थियो। चालु आर्थिक वर्षदेखि भने यो सडक मध्यपहाडी सडक आयोजनाले निर्माणका लागि सम्झौता गरेको छ।

अहिले यो सडक स्तरोन्नतिका लागि तीन खण्डमा ठेक्का सम्झौता भएर काम भइरहेको मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयका पूर्वी खण्डका इन्जिनियर सुरेशकुमार तुम्बाहाम्फेले बताए। 'सडक हिलाम्मे हुँदा पैदल यात्रुलाई समेत ओहोर दोहोरमा समस्या छ,' सुङनामको तीनजुरे माविका प्रअ खगेन्द्र रानामगरले भने। सडक मर्मत गर्ने ठेकेदार र त्यसको अनुगमन निरीक्षण गर्ने जिम्मा पाएका सडक विभागका इन्जिनियरहरूको लापरवाहीले सडकको अवस्थामा सुधार नभएको स्थानीयले भनाइ छ।



वसन्तपुर-म्याङलुङ जोड्ने २६ किमि सडकको लसुने फिर्के खण्डको हिलाम्मे सडक। *तस्विर : चन्द्र/कान्तिपुर*

भत्किएको सडक कालोपत्रे, टालटुल, मर्मत सुधार, ग्राभेल, ढलान लगायतका काम गर्न गत आवमा मात्र ७ करोड रुपैयाँ बढी रकम सडक डिभिजन कार्यालयले खर्च गरेको जनाएको छ। तर कुनै पनि स्थानमा भरपर्दो काम भएको छैन। पहिले नै कालोपत्रे भैसकेको सडक भत्किएको र सो सडकमा पुन: कालोपत्रे गर्न भन्दै ठेकेदारले सडकमा बिच्छ्याइएका ढुंगा खोतलेर निकालेपछि सडकमा हिलो भएर सवारी गुढ्न नसक्ने अवस्था छ। च्याक्चे, फिर्के, लसुने, पिगुवा खोला, कांडे, सुर्के लगायतका स्थानमा कालोपत्रे सडक उप्किएर हिलाम्मे भएको छ। यी स्थानमा दिनहु सवारी फस्ने गरेकाले यात्रु समयमा गन्तव्यमा नपुग्ने गरेको ट्राफिक प्रहरी भरत निरौलाले बताए।

सडक निर्माणको जिम्मा पाएको सडक डिभिजन कार्यालयले भने हावापानी, भूबनोट तथा निर्माण सामग्री सडक सुहाउँदो नभएकाले गुणस्तरीय काम गर्न नसकिएको जनाउँदै आएको छ। यो क्षेत्र बाह्रै महिना चिसो रहने भएकाले कालोपत्रे गर्दा तापक्रम नपुग्ने गरेको डिभिजनका इन्जिनियर अनुप सावदेनले बताए। कालोपत्रे जम्मलाई चिसो ठाउँ भएकाले तापक्रम पुग्दैन,' उनले भने।

पहिरोले आउजाउ ठप्प

उदयपुर (कास)- लगातारको वर्षाका कारण पहाडी क्षेत्रका सडक अवरुद्ध छन्। ठाउँ-ठाउँमा झरेको पहिरोले गाडी चल्न सक्ने अवस्था छैन। बाटो बिग्रिएपछि दसैंमा मुलुकका विभिन्न स्थानबाट आउने र जाने यात्रुलाई सास्ती भएको छ।

पहाडी क्षेत्रका लिम्चडवुङ, ताप्ली, रौतामाई र उदयपुरगढी गाउँपालिकाका अधिकांश सडक अवरुद्ध छन्। ती गाउँपालिकालाई सदरमुकाम गाईघाट र व्यापारिक केन्द्र कटारी बजारसँग जोड्ने सडक अवरुद्ध हुँदा समस्या भएको हो। असार अन्तिम साताको वर्षासँगैको पहिरोले अवरुद्ध भएको सडक लाखौं खर्चेर पुन: सञ्चालन गरिएको थियो। तर, सातायताको वर्षाले फेरि पहिरो झरेर अवरुद्ध भएको छ। सडक अवरुद्ध हुँदा दसैका लागि चाहिने सामान ल्याउन समस्या भएको स्थानीयले बताए।

सिद्धिचरण र सगरमाथा राजमार्गमा ठाउँ/ठाउँ सडक अवरुद्ध हुँदा खोटाङ र ओलखढुंगाका लागि आवगमनमा समस्या भएको छ। २ दिनदेखि लगातार झरीसँगै पहिरो जाने क्रम बढेसँगै माथिल्लो पहाडी क्षेत्रमा सञ्चालन हुने सवारी साधन सञ्चालन हुन सकेका छैनन्। निर्माणाधीन मदन भण्डारी राजमार्गका बीच बीचमा पर्ने खोलामा पुल बनिननसक्दा यो राजमार्गमा पनि सवारी साधन सञ्चालन ठप्प भएको प्रहरीले जनाएको छ। ग्रामीण सडक अवरुद्ध हुँदा दसैंका लागि मुलुकका विभिन्न स्थान र विदेशबाट घर जानका लागि हिँडेका सर्वसाधारण दुई दिनयता कटारी र गाईघाट बजारमै रोकिएका छन्।

सडक अवरुद्ध हुँदा पहाडी क्षेत्रमा दसैंका लागि अवश्यक पर्ने खाद्यान्य लगायत दैनिक उपभोग्य वस्तु पठाउन समस्या भएको उदयपुर उद्योग वाणिज्य संघ कटारीका महासचिव जमानसिह बस्नेतले बताए। 'सातायता पहाडी क्षेत्रमा सवारी अवगमन अवरुद्ध छ,' उनले भने, 'ग्रामीण क्षेत्रका प्राय: सडक अवरुद्ध छन्, वर्षात रोकिएको छैन।' लगातारको वर्षातसँगै पहाडी क्षेत्रका कच्ची सडक हिलाम्मे भएको र ठाउँ ठाउँमा पहिरो गएकाले यातायातका साधन सञ्चालनमा कठिनाइ भएको उनले बताए।

कटारी नगरपालिकको बेतेनीदेखि ताप्ली गाउँपालिकको विभिन्न क्षेत्रलाई जोड्ने सडकमा पहिरोले सवारी साधन सञ्चालनमा कठिनाइ छ। त्यसैगरी रौतामाई गाउँपालिकको मुर्कुची हुँदै खोटाडको हलेसी जोड्ने सडकको ठाउँठाउँमा पहिरो जाँदा आवगमन ठप्प भएको लिम्चुडवु गाउँपालिका प्रमुख मेजर राईले बताए।

झरीमा रुझ्दै भत्ता लिनेको घुइँचो

दसैंमा ७ हजार प्रहरी परिचालन

विराटनगर (कास)- प्रदेश १ प्रहरी कार्यालयले बडादसैंलाई लक्षित गरेर ७ हजारभन्दा बढी प्रहरी परिचालन गरेको छ। प्रदेश प्रहरी कार्यालय विराटनगरले चाडपर्वलाई लक्षित गरेर प्रदेश १ मा ६ जना एसपीसहित ७ हजार ७ सय ७१ जना प्रहरी परिचालन गरेको हो। प्रदेश प्रहरी कार्यालय विराटनगरका एसएसपी शेखर कोइरालाले चाडपर्वलाई लक्षित गरेर प्रहरी परिचालन गरिएको बताए। परिचालन गरिएका प्रहरीलाई विभिन्न योजना बनाएरे खटाइएको उनले बताए। प्रदेश प्रहरी कार्यालयले प्रदेशका १४ जिल्ला मध्ये झापा, मोरङ, सुनसरी, इलाम, धनकुटा र उदयपुरमा एसपीको कमान्डमा र अन्य जिल्लामा डीएसपीको कमान्डमा प्रहरी परिचालन गरेको उनले जानकारी दिए।

खुला सीमाका कारण आपराधिक गतिविधि बढी हुने भएकाले प्रदेशको राजधानी रहेको मोरङ जिल्लासहित अन्य सीमा जोडिएका जिल्लामा सुरक्षा व्यवस्था कडा पारिएको प्रहरीले जनाएको छ।

डुबेर २ को मृत्यु

विराटनगर (कास)- इलाम र सुनसरीमा पानीमा डुबेर दुई जनाको मृत्यु भएको छ। इलामको सुनमाइ नगरपालिका १३ मलिम बस्ने ५६ वर्षीया दिलमाया राईको घरनजिकै खाल्डाको पानीमा डुबेर आइतबार मृत्यु भएको प्रहरीले जनाएको छ। यसैगरी सुनसरीको रामधुनी नगरपालिका ५ का ४७ वर्षीय गोपाल गौतमको गाउँनजिकको नालामा डुबेर मृत्यु भएको प्रदेश १ प्रहरी कार्यालयले जनाएको छ।

■ **पर्वत पोर्तेल** (काँकडभिट्टा)

मेचीनगर ६ की एकल महिला मनकुमारी उप्रेती बिहानको ९ बज्नु अगावै नेपाल बैंक पुगिन्। उनी पुग्दा भत्ता लिन पुगेका वृद्धवृद्धाको लाइन लामो थियो। कोही झरीमा रुझ्दै त कोही छाता ओडेर भत्ताको पर्खाइमा बसेका थिए।

मनमायाले भनिन्, 'तीन दिनदेखि झरी परेर आउनै सकिनँ। झरी नरहने छाँट नदेखेपछि आएँ।' दसैं नजिकिँदै छ। मनमाया जस्ता एकल, दलित र ७० वर्ष नाघेका वृद्धवृद्धा तीन दिनदेखि झरीमा रुझ्दै भत्ता थाप्न लाइनमा छन्। भत्ता थापेर दसैंमा मिठो मसिनो खाने योजनामा वृद्धवृद्धा छन्। मेचीनगर नकलबन्दाकी पावनी राजवंशी ढिला आएकाले लाइनको अन्तिममा छिन्। उनलाई आज दिनभरिमा भत्ता थाप्न सक्छु भन्ने आशा छ।

सरकारले पाका वृद्धवृद्धा दलित, एकल महिलालगायतलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ। तर, भत्ता थाप्न उनीहरूलाई ठूलै युद्ध जितेजस्तो हुने गरेको छ। कहिले चर्को घाम त, कहिले दर्के झरीमा वृद्धवृद्धा वडो कष्टका साथ भत्ता थाप्न बाध्य छन्। 'स्थानीय सरकारले पाकालाई घरमै भत्ता पुऱ्याउने प्रबन्ध गर्न जरुरी देखिन्छ,' रिडर्स झापाका सदस्य सौरभ मैनाली भन्छन्, 'यस्तो सास्ती कतिन्जेलसम्म ?' सरकारले जेष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति, लोपोन्मुख समुदाय र दलित बालबालिकालाई सामाजिक सुरक्षा भत्ता दिँदै आएको छ। मेचीनगर नगरपालिकाका अनुसार पहिलो चौमासिकको भत्ता असोज पहिलो साता, दोस्रो चौमासिकको माघ पहिलो साता र तेस्रो चौमासिकको भत्ता जेठ पहिलो साता वितरण गर्दै आएको छ।



मेचीनगर ६ को नेपाल बैंक शाखा कार्यालय अघि झरीमा रुझ्दै भत्ता थाप्न लामबद्ध महिला। *तस्विर: पर्वत/कान्तिपुर*

यो वर्ष करिब ४० करोड हाराहारीमा सामाजिक भत्ता वितरण गर्ने जनाएको छ। नगरका १५ वटै वडासहित १३ हजार ३ सय २९ जनालाई भत्ता उपलब्ध गराइएको जनाएको छ। सामाजिक विकास अधिकृत अनन्तप्रकाश वस्तीले प्रथम चौमासिकमा १४ करोड १२ लाख ९८ हजार ४ सय रुपैयाँ वितरण गरिने जनाए। ७० वर्ष नाघेका जेष्ठ नागरिकले मासिक ३ हजार, ७० वर्ष नाघेका जेष्ठ दलितले मासिक ३ हजार, ६० वर्ष माथिकाले मासिक २ हजार, ७० वर्ष नाघेका एकल महिलाका हकमा मासिक ३ हजार, ७० मुनिकाले मासिक २ हजार, पूर्ण अपांगता भएका व्यक्तिले मासिक ३ हजार, आंशिक अपाङले मासिक १ हजार ६ सय, ५ वर्ष मुनिका दलित बालबालिकाले मासिक ४ सय, ७० नाघेका लोपोन्मुख समुदायका व्यक्तिले मासिक ४ हजार र ७० वर्ष कमका लोपोन्मुखले मासिक ३ हजार रुपैयाँ सरकारले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ।

विगतमा नगरपालिका र वडा कार्यालयबाट वितरण हुने भत्ता केही वर्षयता सम्बन्धित वडा नजिकको नेपाल बैंकबाट वितरण हुँदै आएको छ। तर, संघीय संरचनापछि स्थानीय सरकारले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ मार्फतसम्बन्धित व्यक्तिको नाममा खोलिएको बैंक खातामा नगरले सोझै रकम जम्मा गर्दै आएको छ। मेचीनगरले नेपाल बैंक र धुलाबारी शाखा, एक्सल विकास बैंक काँकडभिट्टा, एनआइसी एसिया बैंक धुलाबारी, ग्लोबल आईएमई बैंक धुलाबारी र चारआलीमा रकम पठाउने गरेको छ।

वृद्धवृद्धालाई घरमै


धनकुटा (कास)- घटस्थापनाको दिन बिहानै सामाजिक सुरक्षा भत्ता हात परेपछि धनकुटा ४ छारागाउँकी ९४ वर्षीया लीलादेवी थापा दंग परिन्। गाउँ पुगेका कर्मचारीले रकम वितरण गरेपछि ५ सय दरका १२ हजार रुपैयाँ दोहोऱ्याएर गनिन्। भनिन्, 'भत्ताले मन लागेको कुरा किनेर खान्छु।'

देब्रेबासका ७७ वर्षीय भोजनिधि भण्डारी पनि उस्तै खुसी देखिए। दुवै आँखा देख्न नसक्ने उनले पूर्ण अपांगता वापत चौमासिक रकम १६ हजार प्राप्त गरे। दसैं भित्रैदै गर्दा धनकुटा नगरपालिकाले वृद्धवृद्धा तथा अन्यलाई सामाजिक सुरक्षा भत्ता घरदैलोमा वितरण गरेको नगरपालिकाका प्रबन्धक नृपराज श्रेष्ठले बताए। माघा गाउँकी ७१ वर्षीया राजेश्वरी राई (आठपहरिया) पनि हातमा वृद्धभत्ता गन्दै खुसीले मुस्कुराइन्। 'एकै पटकमा यत्ति धेरै पैसा त कहिल्यै पाएको थिइन,' उनले भनिन्, 'मीठो खानेकुरा किनि खान्छु नि।' अशक्त व्यक्तिका परिवारका सदस्यले रकम बुझिदिए। तर, आफ्नो रकम आफैं बुझ्न भेला भएका वृद्धवृद्धाको उल्लेख्य भीड देखिन्थ्यो। टोलको निश्चित स्थानमा कर्मचारी गएर रकम वितरण गरेका छन्। भत्ता बुझ्ने अधिकांश जेष्ठ नागरिकले भत्ताले राम्रो लुगा र धार्मिकस्थल भ्रमण गर्ने बताए।

अशक्त नागरिकलाई सामाजिक सुरक्षा भत्ता घरमै उपलब्ध गराएको ४ का वडाध्यक्ष जम्शेर राईले बताए। 'अशक्त बाहेककालाई पनि सहज होस् भनेर टोलटोलमा भत्ता वितरण थालिएको छ,' राईले भने, 'दसैं मनाउन र मनले चाहेको खानेकुरा किन्न यसले मद्दत पुग्नेछ।' धनकुटा ४ का वडा सचिव उदिप घिमिरेले वृद्धवृद्धा र अपांग नागरिकको मुस्कान देखेर आफूलाई पनि खुसी मिलेको बताए।



धनकुटा ४ माघा गाउँमा भत्ता पाएपछि खुसी हुँदै वृद्धा। *रोमाञ्च श्रेष्ठ/कान्तिपुर*









तपाईंको आज

मेष	प्रियजन भेट	तुला	कार्य सिद्धि
वृष	कान्ति क्षय	वृश्चिक	अधिक खर्च
मिथुन	मनोकांक्षा पूर्ण	धनु	नयाँ कार्य आरम्भ
कर्कट	द्विविधा बढ्ने	मकर	कर्म प्राप्ति
सिंह	शत्रु नाश	कुम्भ	भाग्य वृद्धि
कन्या	वैभव प्राप्ति	मीन	आलश्यता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल आश्विन १५ गते बुधबार तदनुरुप २ अक्टोबर २०१९ आश्विन शुक्लपक्ष चतुर्थी तिथि दिनको ४:२४ बजेसम्म उप्रान्त पञ्चमी तिथि, विशाखा नक्षत्र साँझको ६:२१ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, बिष्कुम्भ योग प्रात: ११:२२ बजेसम्म उप्रान्त प्रीति योग ,भद्रा करण दिनको ४:२४ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँज (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू थ्रएड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोर्टेड
१:००	कान्तिपुर न्युज रिपोर्टेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट १)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, घनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कामुनी बहस र परामर्श (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (ग्लिसा)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड वेल्नेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रिंयका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्डी गोल्डी (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (गोपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

दमकल

विराटनगर	०२१-४२००००
इटहरी	०२५-५८०१०१
धरान	०२५-५२०१९९
इनरुवा	०२५-५६०१०१
दमक	०२३-५८०१०१
भद्रपुर	०२३-५१०१०१
धनकुटा	९८५२०६१२०१
कोसी अञ्चल अस्पताल विराटनगर	५३०१०३/५२४२३६
मेची अञ्चल अस्पताल, भद्रपुर	०२३-५२००२४
वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	०२५-५२५५५५
रक्तसञ्चार केन्द्र, विराटनगर	०२१-५२३३२६
विराटनगर आँखा अस्पताल	०२१-४३६३६०
रक्तसञ्चार केन्द्र, धरान	०२५-५२०९६८

एम्बुलेन्स

विराटनगर सेन्टर	०२१-५३७००१
लाइफ्गार्ड अस्पताल, विराटनगर	९७४२०४२३३३
दुहबी जेसिज, सुनसरी	०२५-५४०४३५
शव बाहन, विराटनगर	०२१-५२५८७४

प्रहरी

जिल्ला प्रहरी कार्यालय, मोरङ	९००/९८५२०२६७५०
इलाका प्रहरी कार्यालय, उर्लाबारी	५४०९००/९८५२०२०७३६
इलाका प्रहरी कार्यालय, रंगेली	५८०१३०/९८५२०२०१४४
क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी	०२५-५८०१०५/९८५२०२०१६१/९०३

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६६
टेकु अस्पताल	४२५३३०९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
नेपाल मेडिसिटी अस्पताल	११३४, ४२१७७६६६, ४२१७७५५
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शवबाहन	४४२८०३५
सुलेज एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९८५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर नि:शुल्क अवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्यावर्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

कंगना भन्छिन्-
'सन्तानलाई यौन सिकाउनुस्' । १२



एस्टर वर्ष खेलाडी
तेस्रो क्रापा स्पोर्टस् अवार्ड । १९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २२५ जनकपुर | १४ असोज २०७६ मंगलबार आश्विन शुक्लपक्ष तृतीया | नेपाल संवत् ११३९ | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 1, 2019 | पृष्ठ १२+८+८ | १० रुपैयाँ

सभामुखमाथि यौन दुर्व्यवहारको आरोप

सचिवालयद्वारा खण्डन



काठमाडौं (कास)- सभामुख कृष्णबहादुर महरामाथि संसद् सचिवालयमा कार्यरत एक महिलाले यौन दुर्व्यवहार गरेको आरोप लगाएकी छन् भने सभामुखको निजी सचिवालयले त्यसको खण्डन गरेको छ। सचिवालयमा कार्यरत ती महिला कर्मचारीले आइतबार राति आफ्नै निवासमा आएर सभामुख महराले आफूमाथि यौन दुर्व्यवहार गरेको आरोप लगाएकी थिइन्। आफूलाई दुर्व्यवहार गरेको घटनाबारे प्रहरीलाई जानकारी गराएपछि सभामुख महरा निवासबाट बाहिरिएको उनको भनाइ छ। त्यसकै आधारमा सोमबार साँझ अनलाइनहरूमा समाचार आएपछि सभामुख महराका प्रेस सल्लाहकार डिल्ली मल्लले राति विज्ञप्ति जारी गरी खण्डन गरेका हुन्। अनलाइन सञ्चारमाध्यमले सम्प्रेषण गरेका समाचार भ्रामक रहेको उनको दाबी छ। 'सभामुखज्यूले कसैलाई पनि दुर्व्यवहार गरेको कुरा कल्पनासमेत गर्न सकिँदैन। हिजो आइतबार घटना भएको भनी जसरी सभामुखज्यूको चरित्र हत्या गर्ने दुष्प्रयास भइरहेको छ, त्यसमा कुनै पनि सत्यता नभएको म सम्पूर्ण मिडिया र सञ्चारकर्मी साथीहरूमा जानकारी गराउँछु,' मल्लले जारी गरेको विज्ञप्तिमा भनिएको छ। बाँकी पृष्ठ ८

खुलामै शौच, हचुवामा घोषणा

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्ड नै पूरा नगरी मुलुकलाई दक्षिण एसियामै पहिलो 'खुला दिसामुक्त राष्ट्र' घोषणा गरेको छ । सरकारी तथ्यांकहरूअनुसार मुलुकमा १ करोड ४८ लाख ५० हजारभन्दा बढी घरपरिवार रहेकामा करिब ५६ लाख ६० हजार मात्र शौचालय छन् ।

■ **दीपेन्द्र तिष्ट** (काठमाडौं)

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्डसमेत पूरा नगरी मुलुकलाई 'खुला दिसामुक्त राष्ट्र घोषणा' गरेको छ। ०६८ मा 'एक घर एक चर्पी' नारासहित सुरु गरिएको खुला दिसामुक्त घोषणा अभियान ८ वर्षपछि पूरा भएको दाबी सरकारले सोमबार गरेको हो। दक्षिण एसियामै खुला दिसामुक्त घोषणा गर्ने नेपाल पहिलो मुलुक भएको दाबी सरकारको छ।

सरकारी निकायहरूले सार्वजनिक गरेका तथ्यांकले भने 'एक घर एक चर्पी' को लक्ष्य र पूर्ण सरसफाइका मापदण्ड पूरा नभएको देखाएका छन्। खानेपानी विभागले उपलब्ध गराएको पछिल्लो तथ्यांकअनुसार हाल मुलुकभर करिब ५६ लाख ६० हजार २ सय १४ वटा शौचालय छन्। यो संख्या जम्मा घरपरिवार संख्याको एक तिहाइभन्दा केही बढी मात्रै हो। तथ्यांक विभागले सार्वजनिक गरेको ०७४ को जनसंख्या र घरपरिवारसम्बन्धी प्रक्षेपित तथ्यांकीय विवरणमा मुलुकमा १ करोड ४८ लाख ५० हजार ३२ घरपरिवार रहेको उल्लेख छ। ०६८ मा यो संख्या १ करोड ३६ लाख ४५ हजार ४ सय ६३ थियो।

खानेपानी विभागका अनुसार मुलुकभर करिब २८ सय सार्वजनिक शौचालय छन्। तर मुख्य राजमार्ग र सहरी क्षेत्रमा पर्याप्त शौचालय छैनन्। भएका पनि प्रयोगमैत्री, अपांगमैत्री र बालमैत्री छैनन्। मापदण्डअनुसार तराईमा ५० किमिको फरकमा राजमार्गमा एउटा शौचालय हुनुपर्छ। पहाडमा करिब ३० किमि फरकमा शौचालय हुनुपर्छ। तर, पेट्रोलपम्प भएका स्थानबाहेक अन्यत्र सार्वजनिक शौचालय रहेको पाइँदैन। ०६८ मा कास्की जिल्लालाई खुला दिसामुक्त घोषणा गर्दै सुरु गरिएको अभियान यही असोज ४ गते भोजपुर जिल्लालाई दिसामुक्त घोषणा गरेपछि समापन भएको दाबी गरिएको थियो। तत्कालीन राष्ट्रपति रामवरण यादवले अभियानको सुरुवात गरेपछि तत्कालीन जिल्ला विकास समिति, गैरसरकारी संस्था र जिल्ला खानेपानी कार्यालयले भटाभट खुला दिसामुक्त जिल्ला घोषणा गर्ने प्रतिस्पर्धा चलाए। तर अधिकांश स्थानमा सरसफाइका न्यूनतम मापदण्ड पनि पूरा गरिएनन्। निर्माण भएका शौचालयमा अत्यावश्यक पानीको सुविधासमेत राखिएन। अहिले पनि त्यस्तै अवस्था छ। खानेपानीलगायत पूर्ण सरसफाइका सूचकांकहरूसमेत गाउँ-गाउँमा उपलब्ध नभएको सरकारकै प्रतिनिधिहरूले बताएका छन्। चर्पीको नियमित प्रयोग, साबुन पानी र रुमालको प्रयोग तथा हातधुने बानी, स्वच्छ खानेपानी, स्वच्छ खानेकुरा, घरायसी सरसफाइ र वातावरणीय सरसफाइलगायत पूर्ण सफाइका सूचकांकमा पर्छन्।



दीपक गौतम

कागजमा खुला दिसामुक्त, सडक-सडकमा मलमूत्र

महानगरकै खोला किनारमा खुला शौच गर्नेको ताँती

पृष्ठ ८

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णालीका एक गाउँमा खानेपानीको धारा नै नरहेको बताए। 'पानी भए पो शौचालय सफा हुन्छ, एक घर एक धारा कहिले पूरा हुन्छ भन्न सकिन्न, कतै त पूरै गाउँमा समेत खानेपानीको धारा छैन,' उनले काठमाडौंमा आयोजित कार्यक्रममा भने।

विभागका अनुसार ८९ प्रतिशत जनताको खानेपानीमा पहुँच छ तर २१ प्रतिशतले मात्रै स्वच्छ खानेपानी पिउने गरेका छन्। अधिकांश सार्वजनिक शौचालयमा पानीको समस्या छ। 'पानी शौचालयको न्यूनतम सूचकांक हो, त्यो छैन भने खुला दिसामुक्त घोषणा गरेको कुनै अर्थ छैन,' पूर्ववातावरणमन्त्री एवं पानी संरक्षण अभियन्ता गणेश साहले भने, 'तैपनि यसलाई सकारात्मक कदमका रूपमा लिनुपर्छ, किनभने केही त भएको छ।' उनका अनुसार पानी, साबुन, शौचालयको सरसफाइ सामग्री र सुरक्षालगायत शौचालयका न्यूनतम सूचकांक हुन्। बाँकी पृष्ठ ११

भित्र

सी भ्रमणमा चीनबाटै दुई जहाज र 'एरोहेड कारकेड सेट' ल्याइने

भारतीय नेताहरू खुर्सिद र शास्त्री काठमाडौं आउँदै

कतारमा घाइते नेपालीलाई पौने ३ करोड क्षतिपूर्ति

चन्द समूहले लुकाइराखेको २५ केजी विस्फोटक पदार्थ बरामद

नेकपामा अझै पूर्वएमाले र माओवादी केन्द्र

सरकारले बेच्ने खसीबोका सय रुपैयाँ सस्तो

'डुइङ बिजनेस' सुधार्ने २० राष्ट्रमा परेन नेपाल

आज

८ पृष्ठको विशेषांक



गजब छ बा !

- अविन -



अंकल ! कागत दिनु न अलि !... पुछ्नु परो !



दिव्या पाण्डे

अनि उनले संसार देखे

■ **जनकराज सापकोटा** (काठमाडौं)

२१ वर्षको उमेरसम्म उनले कालो रङ मात्रै चिनेका थिए। रंगीन संसारबारे सुनेका मात्र थिए। त्यो संसार कस्तो होला भनेर एकाधपल्ट कल्पना पनि गरेका थिए। जब त्यो दिन आयो अनि उनले थाहा पाए, संसार साँच्चै रंगीबिरंगी पो रहेछ। कल्पनाभन्दा फरक, सोचेभन्दा अलग।

यो उमेरमा उनले पहिलोपल्ट आकाशको रङ चिने। त्यो नीलो थियो। बादलको रङ चिने। सेतो थियो। रूख हरियो हुन्छ भन्ने सुनेका थिए। तर एउटै रूखका पातहरूमा पनि कैयौं थरी हरियो रङ हुँदा रहेछन् भन्ने चिने। शनैः शनैः रातो, पहेँलो, खैरो, बैजनी, गुलाबी र अरू-अरू रङ पनि चिने। उनले देखे, संसार अनेकन रङहरूले पोतिएको रहेछ। यो सरकारी कागजातमा टोपप्रसाद शर्मा नाम भएका सल्यान दमाचौरका ४५ वर्षीय नरहरिको कथा हो। २१ वर्षअघि र पछि गरी दुई भागमा बाँडिएको उनको जिन्दगीको पहिलो भागमा दुःख, सास्ती र हैरानीको पल्ला छ भने दोस्रो भागमा खुसी, उत्साह र आत्मविश्वासको पल्ला। जोखेर उनले हेरेका छैनन्, जिन्दगीमा केको पल्ला भारी छ। तर उनको निष्कर्ष छ, 'म संसारका विरलै भाग्यमानी मान्छेमध्ये एक हुँ।'

जन्मँदै दृष्टि गुमाएका नरहरि बायाँ आँखाको चेपबाट मसिनो सेतो धर्कोजस्तो उज्यालो मात्रै देख्थे। मुस्किलले दिन र रात खुट्टचाउँथे। उनको दृष्टिक्षमता अक्षर चिन्न, बाटो पहिल्याउन, रङहरू ठम्याउन, मान्छे चिन्नजस्ता कुनै पनि अत्यावश्यक कामका लागि पर्याप्त थिएन। चिना टिप्पन हेर्दै अरूको भाग्य र भविष्य बताउने ज्योतिषी मेघराज शर्मा आफ्ना छोराको भविष्यबारे जानकार थिएनन्। उनकी जेई अर्थात् आमा गुप्तीकुमारी भने साइँलो छोरालाई दैवले ठगेको ठान्थिन्। आँखा नदेख्ने भएकै कारण उनले आठ वर्षको उमेरमा मात्र घरदेखि आधा घण्टाको दूरीमा रहेको भानुभक्त माविं टेके। छोरालाई स्कुल जान सजिलो होस् भनेर बाले काइँलो भाइसँगै उनलाई विद्यालय हाल्दिएका थिए। साथीहरू बेफिक्री दौडिन्थे। उनी पनि त्यसैगरी दौडिन खोज्थे। साथीहरू पुराना कपडा मोजामा कोचेर बनाइएको गोला खेल्थे। उनी पनि खेल्न खोज्थे। तर, प्रत्येकपल्ट ठेस लागेर लड्थे। त्यति बेलै उनले थाहा पाए, म अरूभन्दा फरक छु।

'फरक छु भन्ने त महसुस थियो। तर कति फरक छु भन्ने पत्तो थिएन,' उनले भने। सहपाठीहरू उनको शारीरिक क्षमतालाई गिज्याउने विषय बनाउँथे। उनले भने, 'हिँड्ने बाटोमा सिस्नो राखिदिन्थे। मलाई पोलेपछि उनीहरू खितखिताउँदै हाँस्थे। म रुँदै-रुँदै बाटो लाग्थे। देख्न सक्दैन भनेर बाटोमा काँडा राखिदिन्थे। पैतालामा बिझेपछि म मूर्छा पर्थें तर साथीहरू हाँस्दै गिल्ला गर्थे।'

बाँकी पृष्ठ १०

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

CELEBRATE DASHAIN WITH MI
mi.com/np

GREATEST SALE EVER !

Xiaomi

Redmi 7A
Smart Desh Ko Smartphone



· 12MP AI Sony IMX486 Rear Camera
· Qualcomm® Snapdragon™ 439

2GB + 32GB
~~Rs: 11,499/-~~ Rs: 10,999/-

Redmi 7
Fastest in class. Power that Lasts.



· 12MP + 2MP Rear Dual Camera
· Qualcomm® Snapdragon™ 632

2GB + 32GB
~~Rs: 14,999/-~~
Rs: 13,999/-

3GB + 32GB
~~Rs: 16,999/-~~
Rs: 15,999/-

Redmi Y3
32MP Super Selfie



· 12MP + 2MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 632

3GB + 32GB
~~Rs: 17,999/-~~
Rs: 16,999/-

4GB + 64GB
~~Rs: 20,999/-~~
Rs: 19,999/-

Redmi Note 7
Capture all with 48MP



· 48MP + 5MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 660

3GB + 32GB
~~Rs: 21,999/-~~
Rs: 19,999/-

पाँच महिनापछि छोटी भन्सार सञ्चालनमा

कान्तिपुर संवाददाता (रौतहट)

बौधिमाई नगरपालिकाको बंकुलस्थित छोटी भन्सार कार्यालय पाँच महिनापछि सञ्चालनमा आएको छ। जनयुद्धका बेला केही समय बन्द भई सञ्चालनमा आए पनि लामो समयदेखि कर्मचारी बसेका थिएनन्। त्यस क्षेत्रका व्यापारीले भारतबाट समान आयात गरे पनि राजस्व काट्न नपाएर हैरान थिए। स्थानीय प्रशासनको दबाबपछि कर्मचारी बस्न थालेका हुन्। यसमा एक सतादेखि कर्मचारी बस्न थालेका हुन्।

चोरी तस्करी बढेको भन्दै प्रशासनको दबाबपछि गौर भन्सार कार्यालयले कर्मचारी पठाएर कार्यालय सञ्चालन गरेको हो। बंकुलमा पालैपालो कार्यालय सहायक बस्ने गरेपनि पछिल्लो ५ महिनादेखि एकजना पनि कर्मचारी बसेका थिएनन्। कर्मचारी नभएपछि भन्सार राजस्व प्रभावित भएको सुरक्षाकर्मीको ठम्याई थियो। यो इलाकामा प्रहरीले तस्करीलाई कडाइ गरेको छ। कार्यालय २४ सै घण्टा खुला रहे पनि कर्मचारी नबसेपछि प्रहरीलाई तस्करी रोक्न हम्मेहम्मे परेको थियो।

प्रदेश २ का प्रहरी प्रमुख डीआईजी प्रद्युम्न कार्कीले छोटी भन्सार सञ्चालनमा नआएकै कारण तस्करलाई फाइदा पुगेको बताए। 'समान बरामद गछौं। भन्सार राजस्व काट्ने कर्मचारी हुँदैनन्। व्यापारीहरू राजस्व काट्नुस् भनेर आउँछन् भन्सार कर्मचारी बस्दैनन्,' उनले भने, 'छोटी भन्सार सञ्चालनमा नआएकै कारण समस्या परेको हो।' विगतमा बंकुल बजारमा भाडाको घरमा भन्सार कार्यालय खोलिए पनि सञ्चालनमा थिएन। अहिले दुईजना कर्मचारी निरन्तर बस्न थालेका छन्। भन्सार अधिकृत आशुतोष राईले कर्मचारी अभावले बंकुल छोटी भन्सार सञ्चालन हुन ढिला भएको बताए। 'हामी अर्को घर खोजिरहेका थियौं,' उनले भने, 'बंकुलमा कार्यालय सञ्चालनमा आएपछि राजस्व अशुली बढ्नेछ। अब समस्या छैन।' स्थानीय व्यापारीले भन्सार बन्द भएकाले समान ल्याउन समस्या परेको प्रमुख जिल्ला अधिकारी किरण थापालाई गुनासो पोखेका थिए।

अझै बन्द

तत्कालीन माओवादी जनयुद्धका बेला सुरक्षाको कारण देखाउँदै 'मर्ज' गरिएका छोटी भन्सार कार्यालय अझै सञ्चालनमा आएको छैनन्। सुरक्षा थ्रेट बढेपछि विस्थापित यहाँका ४ वटा छोटी भन्सार सुनसान छन्। अहिले सदरमुकाम गौर भन्सार र बंकुल छोटी भन्सारबाहेक अरू सञ्चालनमा छैनन्। यसले राजस्व प्रभावित भएको छ। झन्डै १५ वर्षदेखि छोटी भन्सार बन्द छन्।

भारतसित सीमा जोडिएको रामपुरखाप, औरैया, ब्रह्मपुरी र मठिया छोटी भन्सार कार्यालय डेढ दशकदेखि बन्द भएको हो। यी कार्यालय सुनसान जस्तै छन्। गौरस्थित मुख्य भन्सारबाहेक भारतबाट निकासी हुने समान बापत राजस्व संकलन गर्दै आएको छोटीलाई जनयुद्धका बेला सुरक्षाको कारण देखाएर 'मर्ज' गरिएको थियो। अधिकृत राईले छोटी भन्सार सञ्चालन गर्दा तस्करहरूले चलखेल गर्ने मौका पाउने हुनाले बन्दै गर्ने मनस्थितिमा पुगेको बताए। भारतीय बैरगनिया बजार हुँदै नेपाल भित्रिने समानको गौर भन्सारले राजस्व लिने गरेको छ। केही वर्ष अघिसम्म भन्सारको आफ्नै सुरक्षादस्ता थियो। उसकै दस्ताले गस्ति गर्थ्यो। पछि हटाइएको छ। अहिले सशस्त्र र नेपाल प्रहरीको सहयोगमा गस्ति गरिँदै आएको अधिकृत राईले सुनाए। गौर भन्सारले दैनिक ५/६ लाख राजस्व अशुल्दै आएको छ। छोटी सञ्चालनमा आएको भए राजस्व बढ्थ्यो।

तस्करले छोटीबाट समान पास गराउने र यसको प्रभाव गौर भन्सारलाई पर्ने हुनाले सञ्चालनमा जोड नदिएको पाइएको छ। भन्सार सञ्चालन हुँदा स्थानीय व्यापारीलाई गौर पुग्नु पर्दैनथ्यो। अहिले व्यापारीले भारतको बैरगनिया हुँदै गौर भन्सारबाट समानको राजस्व काट्ने गरेका छन्। गौर कार्यालयमा पनि दरबन्दी अनुसारको कर्मचारी नहुँदा समस्या परेको अधिकृत राईले बताए। मन्त्रालयले भन्सार कार्यालयमा दरबन्दी अनुसारको कर्मचारी पठाउनुको साटो काजमा कर्मचारी अन्यत्र पठाउने गरेकाले समस्या भएको भन्सार अधिकारीको गुनासो छ।



सामान्य वर्षामा पनि जनकपुरको प्रख्यात तरकारी बिक्री केन्द्र पेठिया बजार हिलाम्मे हुने गरेको छ। यहाँ भारत र नेपालका विभिन्न ठाउँबाट तरकारी ल्याएर बिक्री गरिन्छ। चाडवाडको समयमा वर्षाद र आयातको कमीले मूल्य आकासिएको छ।

तस्बिर : शाहीमान राई/कान्तिपुर



ठेक्कामा वन-नगर जुहारी

पूर्व-पश्चिम राजमार्गभन्दा उत्तरको चुरे क्षेत्रमा ढुङ्गा, बालुवा र गिटी उत्खनन् तथा ओसार-पसार गर्न नपाइने

■ **शिव पुरी** (रौतहट)

चन्द्रपुर नगरपालिकाले नियम मिचेर चुरे क्षेत्रमा नदीजन्य वस्तुको निकासीको ठेक्का लगाउँदा दुई वर्षयता वन कार्यालय र नगरपालिकाबीच मनमुटाव बढेको छ। डिभिजन वनले राष्ट्रिय वन र राजमार्ग उत्तरको चुरे क्षेत्रमा ढुंगा, बालुवा, गिटी उत्खनन र ओसार-पसार गर्न नपाइने पत्र पठाए पनि नगरपालिकाले त्यसको बेवास्ता गर्दै भखैरै ठेक्का लगाएको हो।

अघिल्लो वर्ष पनि यसरी नै ठेक्का लगाउँदा नगरपालिका, वन र प्रहरीबीच चर्को द्वन्द्व भएको थियो। त्यस बेला नगरपालिकाले ठेक्का लगाउने वन र प्रहरीले रोक्ने अनि सवारी नियन्त्रणमा लिने क्रम झन्डै ६ महिनासम्म चल्यो।

चुरेक्षेत्रबाट नदीजन्य वस्तु निकासी गर्न नमिल्ने भन्दै पछिल्लो केही समय वन र प्रहरीले ट्याक्टर लगायतका सवारी नियन्त्रणमा लिँदै आएपछि नगरपालिका सितको सम्बन्ध चिसिएको हो। यहाँको चाँदी नदीको उत्तरी क्षेत्रमा नगरपालिकाले ठेक्का लगाएको छ। पटक-पटक ठेक्का लगाएकाले त्यस क्षेत्रको ढुंगा पातलिँदै गएको छ।

नगरपालिकाले ठेक्का लगाउनु अघि नै केही मानिस लगाएर रकम अशुलेको थियो। वनले दुई दिन अघि ५ वटा ट्याक्टर चुरेक्षेत्रमा ढुंगा लिन जाँदा नियन्त्रणमा लिएको थियो। नगरपालिकाले रसिद काटेर पठाएको ट्याक्टर नियन्त्रणमा लिइएको भन्दै स्थानीयले विरोध जनाए। वनले नियन्त्रणमा लिएका ट्याक्टर नगरपालिकामै बुझाएको थियो।

यस्तै नदीजन्य पदार्थको निकासी गर्न नगरपालिकाले दिएको म्याद सकिए पनि खोलमा उत्खननमा प्रयोग भएका केही सवारी र मानिसलाई यही शनिबार इलाका प्रहरीले नियन्त्रणमा लिइएको थियो। म्याद थपिएको नगरपालिकाले प्रहरीलाई पत्र पठाएर नियन्त्रणमा लिएका मानिस र सवारी छाड्न दबाब दियो। त्यसपछि प्रहरी समेत चिढिएको छ।

नदीमा सवारी जाना साथ स्थानीयले वन र प्रहरीलाई खबर गर्थे। त्यसपछि नियन्त्रणमा लिएर नगरपालिकालाई बुझाउँथे। आफैंले ठेक्का लगाएको क्षेत्रबाट नियन्त्रणमा लिइएका सवारीको नगरपालिकाले ३० हजारका दरले जरिवाना लिने गर्थ्यो। नियम मिचेर ठेक्का लगाएको थाहा पाए पनि जिल्ला समन्वय समिति चुप छ। डिभिजन वन अधिकृत विनोद सिंहले राष्ट्रिय वन र राजमार्गबाट उत्तरको क्षेत्रमा नदीजन्य वस्तुको निकासी उत्खननको ठेक्का नलगाउन अनुरोध सहितको पत्र पाठइसकेको बताए।

'हामीले नियम मिचेर नगर्न भनेर पत्र पठाइसकेका छौं। नगरपालिकाले किन नियम मिचेर ठेक्का लगाइरहेको छ थाहा भएन,' उनले भने, 'जबरजस्ती गर्नु राम्रो होइन। स्थानीयतहले आफ्नो अधिकार भनेर नियमविपरीत काम गर्न छुट दिएको छैन्।' नगरपालिकाले दुई दिनअघि जनकपुरका ठेकेदारलाई २ करोड ६१ लाखमा चाँदी नदीबाट नदीजन्य वस्तुको निकासीको ठेक्का लगाएको छ। गत वर्ष यही क्षेत्रमा ठेक्का लगाउँदा अदालतमा मुद्दा परेको थियो।

अहिले मुद्दाको किनारा लागिसकेको छैन। चुरे क्षेत्रमा नगरपालिकाले जथाभावी ठेक्का लगाएको भन्दै स्थानीयले विरोध गरेका थिए। वन र स्थानीय प्रशासनले समेत निकासीमा रोक लगाएको थियो। ठेक्का लगाएको क्षेत्र बाहिर नगरपालिकाले नाटकीय ढंगले संवेदनशील क्षेत्र भनेर रातो झन्डा गाड्ने गरेको छ।

ठेकेदारले आफ्नो अनकुलता हेरी झण्डा कहिले यता कहिले उता सार्ने गरेको पाइएको छ। ठेक्काकै आडमा ठेकेदारले यसअघि पनि चुरेक्षेत्रबाट रातारात ढुंगा संकलन गरिराखेको थियो। अहिले त्यही रबैया र प्रवृत्ति दोहोरिने स्थानीय समाजसेवी बाबुराम दाहालले बताए।

नगरपालिकाका मेयर रामचन्द्र चौधरीले प्रदेश २ को सरकारले वन र चुरेक्षेत्रमा कुनै किसिमको उत्खनन् र नदीजन्य वस्तुको ठेक्का नलगाउन भनेकाले सोही अनुसार छलफल भइरहेको बताए। 'हामीले वातावारणीय प्रभाव मूल्याङ्कन गरेरै ठेक्का लगाएका हौं,' उनले भने, 'अब कसरी चुरे जोगाउन सकिन्छ त्यतातिर हाम्रो ध्यान केन्द्रित हुनेछ। यसमा हामी पनि संवेदनशील छौं।' उनले नियम मिचेर ठेक्का नलगाएको दावी गरे। मेयरलाई समेत गुमराहमा राखी केही कर्मचारीले ठेक्का लगाउने इच्छा देखाएकाले समस्या आएको स्थानीयको भनाइ छ। चुरे क्षेत्रको रुख, ढुंगा जथभावि निकाल्ने गरिएका कारण बाढी पहिरोको समस्या बढेको वन अधिकृत सिंहले सुनाए।

गत वर्ष प्रजिअ किरण थापा सहितको टोलीले चन्द्रपुर १ स्थित वाग्मती नदीको पौराइमा अनुगमन गर्दा ठेकेदारले सम्झौताविपरीत जथभावी खाडल बनाई उत्खनन् गरेको फेला पारेको थियो। ठेकेदारले ठूला खाडल बनाएको र जथाभावी उत्खनन गरेपछि व्यापक विरोध भएको थियो। त्यस बेला तत्काल खाडल पुरेका थिए। यस पटक पनि नगरपालिकाले वाग्मती नदीमा ठेक्का लगाएको छ।

छोटकरी

विस्फोटमा परी एकको मृत्यु

सिमरा (कास)- बाराको सिम्रौनगढ नगरपालिका ६ सिम्रौनगढ बजारको मोटरसाइकल रिपेयरिङ सेन्टरमा सोमबार भएको हावा ट्यांकी विस्फोटमा परी एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही पसलका मिस्त्री सिम्रौनगढ नगरपालिका ४ हरिहरपुर निवासी फैजुल मिया रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डीएसपी रंजित सिंह राठौरले जानकारी दिए। ट्यांकीमा हावा भर्ने क्रममा विस्फोट हुँदा मियाको टाउको र अनुहारमा गम्भीर चोट लागेको थियो। घाइते मियाको कलैया अस्पतालमा मृत्यु भएको राठौरले बताए।

पत्रकार महासंघलाई ५ थान कम्प्युटर

जनकपुर (कास)- संघीय सांसद जुली कुमारी महतोले नेपाल पत्रकार महासंघ धनुषा शाखालाई पाँच थान कम्प्युटर, टेबुल तथा कुर्सी सहयोग गरेकी छन्। महासंघको पुरानो बाजारमा आयोजित एक कार्यक्रम बीच सांसद महतोले उक्त सामान महासंघका अध्यक्ष अनिल मिश्रलाई हस्तान्तरण गरेकी हुन्।

लागूऔषधसहित पक्राउ

सिरहा (कास)- अवैध लागूऔषधसहित प्रहरीले सिरहाको पडरियाबाट एकजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार प्रहरीले जाँचका क्रममा लहान नगरपालिका ५ का शेख मियालाई लागूऔषध प्रोमाथाजिड ४० एम्पुल, नोर्फिन ४० र डाइजेल्याप ४० एम्पुलसहित पडरियाबाट पक्राउ गरेको हो। स९प ६०९४ नम्बरको मोटरसाइकलमा सवार मियालाई प्रहरीले जाँचका क्रममा पक्राउ गरेको हो।

किर्ते गरी रकम निकाल्ने पक्राउ

धनुषा (कास)- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् प्रदेश कार्यालयको खाताबाट किर्ते गरी बैंकबाट रुपैयाँ निकाल्ने प्राविधिकलाई प्रहरीले पक्राउ गरेका गरेको छ। परिषद्को प्रदेश कार्यालय प्रदेश २ अन्तर्गत सञ्चालित बीपी मेमोरियल पोलिटेक्निकल इनस्टिच्युट लक्ष्मीनिया-४ सपही, धनुषाका चेक चोरी गरी विभिन्न बैंकबाट विभिन्न मितिमा किर्ते गरी १ करोड ७८ लाख १ हजार ९ सय रुपैयाँ निकाल्ने प्रवीणकुमार ठाकुरलाई पक्राउ गरि एको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

ठाकुरले परिषद् प्रदेश कार्यालय प्रदेश २ अन्तर्गत सञ्चालित बीपी मेमोरियल पोलिटेक्निकल इनस्टिच्युट लक्ष्मीनियाबाट ६२ लाख ५६ हजार ९ सय र जनकपुरको रामानन्द चोकमा सञ्चालित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् प्रदेश कार्यालयबाट १ करोड १५ लाख ४५ हजार गरी १ करोड ७८ लाख १ हजार ९ सय रुपैयाँ बैंकबाट कर्ते गरी निकालेको प्रहरीले जनाएको छ। परिषद् कार्यालयका पदाधिकारीले जिल्ला प्रहरी कार्यालय धनुषामा साउन १४ गते लिखित जाहेरी दिएपछि प्रहरीले चोरी तथा लिखतसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी अनुसन्धानको क्रममा प्रहरीले पक्राउ गरेको हो।





तपाईंको आज

मेष	प्रियजन भेट	तुला	कार्य सिद्धि
वृष	कान्ति क्षय	वृश्चिक	अधिक खर्च
मिथुन	मनोकांक्षा पूर्ण	धनु	नयाँ कार्य आरम्भ
कर्कट	द्विविधा बढ्ने	मकर	कर्म प्राप्ति
सिंह	शत्रु नाश	कुम्भ	भाग्य वृद्धि
कन्या	वैभव प्राप्ति	मीन	आलश्यता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल आश्विन १५ गते बुधबार तदनुरुप २ अक्टोबर २०१९ आश्विन शुक्लपक्ष चतुर्थी तिथि दिनको ४:२४ बजेसम्म उप्रान्त पञ्चमी तिथि, विशाखा नक्षत्र साँझको ६:२१ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, बिष्कुम्भ योग प्रातः ११:२२ बजेसम्म उप्रान्त प्रीति योग ,भद्रा करण दिनको ४:२४ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँज (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू थ्रण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कामुनी बहस र परामर्श (कमला)
०८:००	डेलिभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (ग्लिसा)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	गृह श्रृंगार (सुजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	कान्तिपुर नाच्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रिंयका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्डी ज्योल्डी (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (गुप्तेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

धनुषा

प्रहरी	०४१५२४१००
एम्बुलेन्स रेडक्रस	१००
बारुण यन्त्र	५२००११
जनकपुर अञ्चल अस्पताल	५२६२३८
एम्बुलेन्स महावीर चुवा कमिटी	५२५१८०
एम्बुलेन्स मारवाडी सेवा समिति	५२१७८४
रक्त सञ्चार रेडक्रस	५२०८७०
धनुषा अस्पताल	५२५८००
केयर मेडिकल सेन्टर	५२०२३०
जानकी आँखा अस्पताल	५२०३९७
जानकी हेल्थ केयर सेन्टर	५२५३४१
अञ्चल प्रहरी कार्यालय	५२०३६५
एयरपोर्ट	५२००४४
बुद्ध एयर	५२५०२२
यति एयरलाइन्स	५२४४६०
जानकी मन्दिर	५२०१७६
राष्ट्रिय मानव अधिकार आयोग	०४१-५२७८१२/५२७८९१

महोत्तरी

जिल्ला अस्पताल	५२००७०
वारुण यन्त्र	५२००९७
प्रहरी	५२०१२२
प्रहरी	५२०००२
रेडक्रस एम्बुलेन्स	५२०१००
बलदना हस्पिटल प्रा.लि. जौराहा	९८५४०२५५२७/९८५४०२३५२७
विद्युत् फ्युज शाखा	५२००६६
जलेश्वर अस्पताल	५२००७०
ईलाका हेल्थ पोष्ट बलवा	एम्बुलेन्स ९८४४२७१५७७
छिन्नमस्ता ज्ञाण	५२०६१२
ई.प्र.का. बर्दिबास	५५५००६
जिल्ला प्रहरी कार्यालय	५२०१२२
प्रहरी कन्ट्रोल	५२०००२
जिल्ला अस्पताल	५२००७०
ईलाका प्रहरी कार्यालय जौराहा	५५१००/५२२०७२

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२३४४४
नेपाल आँखा बैंक	४४०३६८४
नेपाल आँखा अस्पताल	४२५०६०१
तिलगंगा आँखा अस्पताल	४४०३६८४
वीर अस्पताल	४२२९८८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२०६
टेकु अस्पताल	४२५३२०६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६
मानसिक अस्पताल	५५२२३३३
कान्ति बाल अस्पताल	४४१४०९८/४४२७४५२
काठमाडौं मोडल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
नेपाल मेडिसिटी अस्पताल	९९३४, ४२१५०६६, ४२१५०५५
मेडीकेयर नेसनल अस्पताल	४४६०८६७
मेडीकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६०८६७
फ्रेन्डस अफ शान्ता भवन	४४०२१८१
नेपाल अर्थोडिक अस्पताल	४४२३०२५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज	४३७५६०३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१९१२५७/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९२०
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन	४४१८०३५
सुलेक एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९८५५०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४१२१९
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्मर नि:शुल्क सवबाहन सेवा	४४३४०१३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६००६
नेपाल मिठर दवाव्सी संघ	४२०४३७४

कंगना भन्छिन्-
'सन्तानलाई यौन सिकाउनुस्' । १२



एस्टर वर्ष खेलाडी
तेस्रो झापा स्पोर्टस् अवार्ड । १९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २२५ पोखरा | १४ असोज २०७६ मंगलबार आश्विन शुक्लपक्ष तृतीया | नेपाल संवत् ११३९ | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 1, 2019 | पृष्ठ १२+८+८ | १० रुपैयाँ

सभामुखमाथि यौन दुर्व्यवहारको आरोप

सचिवालयद्वारा खण्डन



काठमाडौं (कास)- सभामुख कृष्णबहादुर महरामाथि संसद् सचिवालयमा कार्यरत एक महिलाले यौन दुर्व्यवहार गरेको आरोप लगाएकी छन् भने सभामुखको निजी सचिवालयले त्यसको खण्डन गरेको छ। सचिवालयमा कार्यरत ती महिला कर्मचारीले आइतबार राति आफ्नै निवासमा आएर सभामुख महराले आफूमाथि यौन दुर्व्यवहार गरेको आरोप लगाएकी थिइन्। आफूलाई दुर्व्यवहार गरेको घटनाबारे प्रहरीलाई जानकारी गराएपछि सभामुख महरा निवासबाट बाहिरिएको उनको भनाइ छ। त्यसकै आधारमा सोमबार साँझ अनलाइनहरूमा समाचार आएपछि सभामुख महराका प्रेस सल्लाहकार डिल्ली मल्लले राति विज्ञप्ति जारी गरी खण्डन गरेका हुन्। अनलाइन सञ्चारमाध्यमले सम्प्रेषण गरेका समाचार भ्रामक रहेको उनको दाबी छ। 'सभामुखज्यूले कसैलाई पनि दुर्व्यवहार गरेको कुरा कल्पनासमेत गर्न सकिँदैन। हिजो आइतबार घटना भएको भनी जसरी सभामुखज्यूको चरित्र हत्या गर्ने दुष्प्रयास भइरहेको छ, त्यसमा कुनै पनि सत्यता नभएको म सम्पूर्ण मिडिया र सञ्चारकर्मी साथीहरूमा जानकारी गराउँछु,' मल्लले जारी गरेको विज्ञप्तिमा भनिएको छ। बाँकी पृष्ठ ८

खुलामै शौच, हचुवामा घोषणा

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्ड नै पूरा नगरी मुलुकलाई दक्षिण एसियामै पहिलो 'खुला दिसामुक्त राष्ट्र' घोषणा गरेको छ । सरकारी तथ्यांकहरूअनुसार मुलुकमा १ करोड ४८ लाख ५० हजारभन्दा बढी घरपरिवार रहेकामा करिब ५६ लाख ६० हजार मात्र शौचालय छन् ।

■ **दीपेन्द्र तिष्ट** (काठमाडौं)

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्डसमेत पूरा नगरी मुलुकलाई 'खुला दिसामुक्त राष्ट्र घोषणा' गरेको छ। ०६८ मा 'एक घर एक चर्पी' नारासहित सुरु गरिएको खुला दिसामुक्त घोषणा अभियान ८ वर्षपछि पूरा भएको दाबी सरकारले सोमबार गरेको हो। दक्षिण एसियामै खुला दिसामुक्त घोषणा गर्ने नेपाल पहिलो मुलुक भएको दाबी सरकारको छ।

सरकारी निकायहरूले सार्वजनिक गरेका तथ्यांकले भने 'एक घर एक चर्पी' को लक्ष्य र पूर्ण सरसफाइका मापदण्ड पूरा नभएको देखाएका छन्। खानेपानी विभागले उपलब्ध गराएको पछिल्लो तथ्यांकअनुसार हाल मुलुकभर करिब ५६ लाख ६० हजार २ सय १४ वटा शौचालय छन्। यो संख्या जम्मा घरपरिवार संख्याको एक तिहाइभन्दा केही बढी मात्रै हो। तथ्यांक विभागले सार्वजनिक गरेको ०७४ को जनसंख्या र घरपरिवारसम्बन्धी प्रक्षेपित तथ्यांकीय विवरणमा मुलुकमा १ करोड ४८ लाख ५० हजार ३२ घरपरिवार रहेको उल्लेख छ। ०६८ मा यो संख्या १ करोड ३६ लाख ४५ हजार ४ सय ६३ थियो।

खानेपानी विभागका अनुसार मुलुकभर करिब २८ सय सार्वजनिक शौचालय छन्। तर मुख्य राजमार्ग र सहरी क्षेत्रमा पर्याप्त शौचालय छैनन्। भएका पनि प्रयोगमैत्री, अपांगमैत्री र बालमैत्री छैनन्। मापदण्डअनुसार तराईमा ५० किमिको फरकमा राजमार्गमा एउटा शौचालय हुनुपर्छ। पहाडमा करिब ३० किमि फरकमा शौचालय हुनुपर्छ। तर, पेट्रोलपम्प भएका स्थानबाहेक अन्यत्र सार्वजनिक शौचालय रहेको पाइँदैन। ०६८ मा कास्की जिल्लालाई खुला दिसामुक्त घोषणा गर्दै सुरु गरिएको अभियान यही असोज ४ गते भोजपुर जिल्लालाई दिसामुक्त घोषणा गरेपछि समापन भएको दाबी गरिएको थियो। तत्कालीन राष्ट्रपति रामवरण यादवले अभियानको सुरुवात गरेपछि तत्कालीन जिल्ला विकास समिति, गैरसरकारी संस्था र जिल्ला खानेपानी कार्यालयले भटाभट खुला दिसामुक्त जिल्ला घोषणा गर्ने प्रतिस्पर्धा चलाए। तर अधिकांश स्थानमा सरसफाइका न्यूनतम मापदण्ड पनि पूरा गरिएनन्। निर्माण भएका शौचालयमा अत्यावश्यक पानीको सुविधासमेत राखिएन। अहिले पनि त्यस्तै अवस्था छ। खानेपानीलगायत पूर्ण सरसफाइका सूचकांकहरूसमेत गाउँ-गाउँमा उपलब्ध नभएको सरकारकै प्रतिनिधिहरूले बताएका छन्। चर्पीको नियमित प्रयोग, साबुन पानी र रुमालको प्रयोग तथा हातधुने बानी, स्वच्छ खानेपानी, स्वच्छ खानेकुरा, घरायसी सरसफाइ र वातावरणीय सरसफाइलगायत पूर्ण सफाइका सूचकांकमा पर्छन्।



दीपक गौतम

कागजमा खुला दिसामुक्त, सडक-सडकमा मलमूत्र

महानगरकै खोला किनारमा खुला शौच गर्नेको ताँती

पृष्ठ ८

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णालीका एक गाउँमा खानेपानीको धारा नै नरहेको बताए। 'पानी भए पो शौचालय सफा हुन्छ, एक घर एक धारा कहिले पूरा हुन्छ भन्न सकिन्न, कतै त पूरै गाउँमा समेत खानेपानीको धारा छैन,' उनले काठमाडौंमा आयोजित कार्यक्रममा भने।

विभागका अनुसार ८९ प्रतिशत जनताको खानेपानीमा पहुँच छ तर २१ प्रतिशतले मात्रै स्वच्छ खानेपानी पिउने गरेका छन्। अधिकांश सार्वजनिक शौचालयमा पानीको समस्या छ। 'पानी शौचालयको न्यूनतम सूचकांक हो, त्यो छैन भने खुला दिसामुक्त घोषणा गरेको कुनै अर्थ छैन,' पूर्ववातावरणमन्त्री एवं पानी संरक्षण अभियन्ता गणेश साहले भने, 'तैपनि यसलाई सकारात्मक कदमका रूपमा लिनुपर्छ, किनभने केही त भएको छ।' उनका अनुसार पानी, साबुन, शौचालयको सरसफाइ सामग्री र सुरक्षालगायत शौचालयका न्यूनतम सूचकांक हुन्। बाँकी पृष्ठ ११

भित्र

सी भ्रमणमा चीनबाटै दुई जहाज र 'एरोहेड कारकेड सेट' ल्याइने

भारतीय नेताहरू खुर्सिद र शास्त्री काठमाडौं आउँदै

कतारमा घाइते नेपालीलाई पौने ३ करोड क्षतिपूर्ति

चन्द समूहले लुकाइराखेको २५ केजी विस्फोटक पदार्थ बरामद

नेकपामा अझै पूर्वएमाले र माओवादी केन्द्र

सरकारले बेच्ने खसीबोका सय रुपैयाँ सस्तो

'डुइङ बिजनेस' सुधार्ने २० राष्ट्रमा परेन नेपाल

आज

८ पृष्ठको विशेषांक



गजब छ बा !

- अविन -



अंकल ! कागत दिनु न अलि !... पुछ्नु परो !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि



दिरुबा पाण्डे

अनि उनले संसार देखे

■ **जनकराज सापकोटा** (काठमाडौं)

२१ वर्षको उमेरसम्म उनले कालो रङ मात्रै चिनेका थिए। रंगीन संसारबारे सुनेका मात्र थिए। त्यो संसार कस्तो होला भनेर एकाधपल्ट कल्पना पनि गरेका थिए। जब त्यो दिन आयो अनि उनले थाहा पाए, संसार साँच्चै रंगीबिरंगी पो रहेछ। कल्पनाभन्दा फरक, सोचेभन्दा अलग।

यो उमेरमा उनले पहिलोपल्ट आकाशको रङ चिने। त्यो नीलो थियो। बादलको रङ चिने। सेतो थियो। रूख हरियो हुन्छ भन्ने सुनेका थिए। तर एउटै रूखका पातहरूमा पनि कैयौं थरी हरियो रङ हुँदा रहेछन् भन्ने चिने। शनैः शनैः रातो, पहेँलो, खैरो, बैजनी, गुलाबी र अरू-अरू रङ पनि चिने। उनले देखे, संसार अनेकन रङहरूले पोतिएको रहेछ। यो सरकारी कागजातमा टोपप्रसाद शर्मा नाम भएका सल्यान दमाचौरका ४५ वर्षीय नरहरिको कथा हो। २१ वर्षअघि र पछि गरी दुई भागमा बाँडिएको उनको जिन्दगीको पहिलो भागमा दुःख, सास्ती र हैरानीको पल्ला छ भने दोस्रो भागमा खुसी, उत्साह र आत्मविश्वासको पल्ला। जोखेर उनले हेरेका छैनन्, जिन्दगीमा केको पल्ला भारी छ। तर उनको निष्कर्ष छ, 'म संसारका विरलै भाग्यमानी मान्छेमध्ये एक हुँ।'

जन्मँदै दृष्टि गुमाएका नरहरि बायाँ आँखाको चेपबाट मसिनो सेतो धर्कोजस्तो उज्यालो मात्रै देख्थे। मुस्किलले दिन र रात खुट्टचाउँथे। उनको दृष्टिक्षमता अक्षर चिन्न, बाटो पहिल्याउन, रङहरू ठम्याउन, मान्छे चिन्नजस्ता कुनै पनि अत्यावश्यक कामका लागि पर्याप्त थिएन। चिना टिप्पन हेर्दै अरूको भाग्य र भविष्य बताउने ज्योतिषी मेघराज शर्मा आफ्ना छोराको भविष्यबारे जानकार थिएनन्। उनकी जेई अर्थात् आमा गुप्तीकुमारी भने साइँलो छोरालाई दैवले ठगेको ठान्थिन्। आँखा नदेख्ने भएकै कारण उनले आठ वर्षको उमेरमा मात्र घरदेखि आधा घण्टाको दूरीमा रहेको भानुभक्त माविं टेके। छोरालाई स्कुल जान सजिलो होस् भनेर बाले काइँलो भाइसँगै उनलाई विद्यालय हाल्दिएका थिए। साथीहरू बेफिक्री दौडिन्थे। उनी पनि त्यसैगरी दौडिन खोज्थे। साथीहरू पुराना कपडा मोजामा कोचेर बनाइएको गोला खेल्थे। उनी पनि खेल्न खोज्थे। तर, प्रत्येकपल्ट ठेस लागेर लड्थे। त्यति बेलै उनले थाहा पाए, म अरूभन्दा फरक छु।

'फरक छु भन्ने त महसुस थियो। तर कति फरक छु भन्ने पत्तो थिएन,' उनले भने। सहपाठीहरू उनको शारीरिक क्षमतालाई गिज्याउने विषय बनाउँथे। उनले भने, 'हिँड्ने बाटोमा सिस्नो राखिदिन्थे। मलाई पोलेपछि उनीहरू खितखिताउँदै हाँस्थे। म रुँदै-रुँदै बाटो लाग्थे। देख्न सक्दैन भनेर बाटोमा काँडा राखिदिन्थे। पैतालामा बिझेपछि म मूर्छा पर्थें तर साथीहरू हाँस्दै गिल्ला गर्थे।' बाँकी पृष्ठ १०

CELEBRATE DASHAIN WITH MI
mi.com/np

GREATEST SALE EVER !

Xiaomi

Redmi 7A
Smart Desh Ko Smartphone



· 12MP AI Sony IMX486 Rear Camera
· Qualcomm® Snapdragon™ 439

2GB + 32GB
~~Rs: 11,499/-~~ Rs: 10,999/-

Redmi 7
Fastest in class. Power that Lasts.



· 12MP + 2MP Rear Dual Camera
· Qualcomm® Snapdragon™ 632

2GB + 32GB
~~Rs: 14,999/-~~
Rs: 13,999/-

3GB + 32GB
~~Rs: 16,999/-~~
Rs: 15,999/-

Redmi Y3
32MP Super Selfie



· 12MP + 2MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 632

3GB + 32GB
~~Rs: 17,999/-~~
Rs: 16,999/-

4GB + 64GB
~~Rs: 20,999/-~~
Rs: 19,999/-

Redmi Note 7
Capture all with 48MP



· 48MP + 5MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 660

3GB + 32GB
~~Rs: 21,999/-~~
Rs: 19,999/-

चन्दा उठाएर विद्यालय भवन

म्यादी (कास)- अन्नपूर्ण गाउँपालिका- ६ घारको मुक्तिमार्ग माविको १२ कोठे आरसीसी भवन निर्माण भएको छ। २०२४ मा निर्मित विद्यालयका पुराना भवन भूकम्पले चर्किएर जीर्ण भएपछि समुदायको सक्रियतामा सहयोग जुटाई १ करोड ४५ लाख ४६ हजारको लागतमा भवन बनाइएको हो।

२ सय ५० भन्दा बढी विद्यार्थी अध्ययनरत विद्यालयमा स्नातक तहसम्म शिक्षा विषयको पढाइ हुन्छ। भवन निर्माणका लागि तत्कालीन शिक्षा कार्यालयको ६० लाख, स्थानीय देव खड्का आबद्ध इस्टन नेपाल जर्मनको ३५ लाख ८७ हजार, प्रसान्तमोहन रेग्मी आबद्ध जर्मनकै हिमालय फ्रेन्ड्सको १६ लाख ७७ हजार ५ सय, मोना जापानबाट ७५ हजार, घार कतार समाजबाट ६३ हजार, स्थानीय घार युवाक्लबको ८ लाख, वन समितिले ४५ हजार सहयोग गरेका थिए। प्रधानाध्यापक मेखबहादुर खड्काका अनुसार नवनिर्मित भवनमा साविक घार गाविस ५ लाख, अन्नपूर्ण गाउँपालिकाको १० लाख, जापान, बेल्जियममा रहेका स्थानीयबाट १ लाख ५० हजार र गाउँबासीले संकलन गरेको १० लाख रुपैयाँ चन्दा पनि खर्च भएको छ। समुदायले पछिल्लो दशकमा ११ र १२ कक्षा सञ्चालन गर्न तत्कालीन अवस्थामा ६० लाख र क्याम्पस सञ्चालन गर्न महायज्ञ लगाई १ करोड ५० लाख रुपैयाँ जोहो गरेका थिए।

विद्यालयको भौतिक तथा शैक्षिक वातावरण संरक्षण गर्न घेराबार गर्न प्रतिनिधिसभा सदस्य भूपेन्द्रबहादुर थापाले क्षेत्र विकास कोषबाट यसै वर्ष १० लाख विनियोजन गर्ने भएका छन्। भवनको उनैले बिहीबार उद्घाटन गरेका हुन्। संविधानसभा सदस्य रेशमबहादुर बानियाँले घार स्वास्थ्यचौकी, जिल्ला समन्वय समितिका अध्यक्ष देवेन्द्र केसीले वडा कार्यालय भवन र वडाध्यक्ष कृष्ण बरुवालले सामुदायिक भवनको उद्घाटन गरे। 'एउटै कोठामा कार्यालय, बिरामी, गर्भवती जाँच, प्रसूति, औषधि स्टोर राखेर काम गर्दा समस्या थियो,' स्वास्थ्य केन्द्र प्रमुख रिसव पाण्डेले भने, 'नवनिर्मित भवनले स्वास्थ्य सेवा उपलब्ध गराउन सहज भएको छ।' नेकपाका सांसद, जिसस प्रमुख र कांग्रेसका पूर्व सभासद र वडाध्यक्ष एकसाथ सबै कार्यक्रममा सहभागी भए।

छोटकरी

दुर्घटनामा नाबालिकाको मृत्यु

नवलपरासी (कास)- दल्दले बजारमा सामान बोक्ने गाडीले किचेर देबचुली नगरपालिका-१३ की ३ वर्षीया मनीषा महतोको सोमबार मृत्यु भएको छ। ना३च३७२१ नम्बरको गाडीले उनलाई किचेको थियो। गाडीमा आएर लुक्ने क्रममा मनीषालाई गाडी अगाडि बढाउने क्रममा किचेपछि चितवनको पुरानो मेडिकल कलेजमा उपचारका लागि लैजाँदै गर्दा मृत्यु भएको हो।

विप्लवका ३ विद्यार्थी नेता पक्राउ

नवलपरासी (कास)- प्रहरीले नेत्रविक्रम चन्द नेतृत्वको नेकपाका ३ विद्यार्थी नेतालाई पक्राउ गरेको छ। अनेरास्ववियु क्रान्तिकारी नवलपरासी अध्यक्ष शारदा भण्डारी, जिल्ला सदस्य वीरेन्द्र विक र नैनसिं खड्कालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

कच्ची सडक अस्तव्यस्त

अजिरकोट गाउँपालिकाको उदाहरणीय काम, सडक मर्मतमा ६५ श्रमिक

■ **हरिराम उप्रेती** (गोरखा)



गोरखाको पालुङटार नगरपालिकाअन्तर्गत सातदोबाटो ठाटीपोखरी सडक खण्ड। *तस्बिर : कान्तिपुर*

बेमौसमी झरीले जिल्लाका ग्रामीण कच्ची सडक अस्तव्यस्त बनेका छन्। दसैं लागिसक्दा पनि यहाँ सहज तवरले आउजाउ हुन सकेको छैन। कतिपय ग्रामीण सडकमा बलजफ्ती चलेका बोलेरो जिपले महँगो भाडा असुलेर यात्रु ओसारेका छन्। गोरखा-आरुघाट र लुईटेल-भच्चेक सडक कालोपत्रे भए पनि अन्य ग्रामीण सडक सबै कच्ची छन्।

बारपाकबाट धार्चे गाउँपालिकाको लाप्राकदेखि गुम्दासम्म हिउँदमा साना सवारी चल्थे। यस वर्ष दसैं लाग्दासम्म बारपाक-लाप्राक सडकमै सवारी चल्न सकेका छैनन्। बारपाकबाट ४ घण्टा पैदल हिँडेर लाप्राक पुग्न बाध्य छन्। 'गाडी चले एकै दिनमा पुग्ने बाटो हो, राडरुडसम्म बस जान्छ,' स्थानीय सुमिना गुरुङले भनिन्, 'अहिले बर्खाले बाटो बिगार्दा राडरुडबाटै हिँड्नुपर्छ।' दसैंका यात्रु समस्यामा परेका छन् नै चाहिने उपभोग्य सामग्री ढुवानीसमेत प्रभावित बनेको छ।

बेनिघाट आरुघाट सडक खण्डअन्तर्गत पिपलटार-आरुघाट सडकमा असार यता सवारी चल्न सकेका छैनन्। पिपलटारबाट गाडी अघि बढ्न नसकेको भिमसेन थापा गाउँपालिका-८ बोर्लाङका शिवप्रसाद सापकोटाले बताए। 'ग्राभेल भएको सडक हो, पानी परेपछि गाडी हिँड्न नसक्ने कस्तो ग्राभेल हाले,' उनले भने, 'अहिले ग्राभेल देखिदैन, बर्खाले सबै बगायो।'

भीमसेन थापा गाउँपालिकाअन्तर्गत बोर्लाङ, धावा, तान्द्राङ, आरुघाट गाउँपालिकाको आरुघाट, आर्खेत आरुपोखरीबासी सोही सडक भएर चितवन काठमाडौं र गोरखा सदरमुकाम आउजाउ गर्दै आएका थिए। बर्खाले सडकमा पहिरो जाँदा र खाल्डाखुल्डी पर्दा असारदेखि सवारी चल्न नसकेको उनले बताए। घाटवेसी आरुघाट सडक खण्डअन्तर्गत तान्द्राङ खोलाको पहिरो पन्छाएर पैदल आउजाउका लागि सहज बनाएको उनले बताए। दसैंका यात्रुलाई धादिङको सल्यानटार सडक भएर आउजाउ गर्नुपर्ने बाध्यता रहेको उनले सुनाए।

झिगटे-अश्राङ बोर्लाङ सडकमा पनि सहज आउजाउ हुन नसकेको स्थानीयले बताए। जोखिम मोलेर साना बोलेरो र जिपले यात्रु र दसैंलाई चाहिने आवश्यक सामग्री ओसारेका छन्। पालुङटार नगरपालिकाको सातदोबाटो-ठाटीपोखरी सडक पनि हिलाम्मे छ। साना गाडीलाई आउजाउमा सकस परेको स्थानीयले बताए। चोरकाटे छोप्राक सडकमा पनि सवारी चल्न सक्ने अवस्था नरहेको स्थानीय सुमन नेपालीले बताए। भने, 'गाडी फस्छ ट्याक्टरले तानेर उकाल्नुपर्ने अवस्था छ।' फुजेल, ताकुकोट, घैरुङ लगायत अधिकांश कच्ची सडकमा सहज सवारी आउजाउ नहुँदा यात्रु तथा उपभोग्य सामग्री ढुवानी हुन सकेको छैन।

बर्खाले बाटो बिगार्दा आउजाउ गर्ने यात्रुको संख्यामा पनि कमी आएको दरौंदी यातायात प्रालिका कार्यालय प्रमुख एकराज उपाध्यायले बताए। 'आइतबारसम्म पानी परेको छ, क्यू थप गरेका पनि छन् तर यात्रु कम छन्,' उनले भने, 'अधिकांश ग्रामीण कच्ची सडकमा सवारी चलेका छैनन्। केहीमा जबरजस्ती चलाइरहेका छौं।' सबै स्थानीय तहलाई सडक मर्मतका लागि भनिएको जिल्ला समन्वय समितिका सदस्य मानप्रसाद धितालले बताए।

सडक मर्मतमा बेरोजगार

'श्रमको सम्मान, अजिरकोटको अभियान' नारासाथ अजिरकोट गाउँपालिकाले श्रममूलक आयोजनालाई प्राथमिकताका साथ सञ्चालन गरिने नीति तथा कार्यक्रममा समेटेको थियो। प्राविधिकको विशेष सिफारिसबाहेक हेभी इक्विपमेन्ट प्रयोगमा रोक लगाउदै डोजर निषेधित आयोजनाको रूपमा परिणत गर्ने गाउँपालिकाको निति छ।

गाउँपालिकामा रहेका बेरोजगार जनशक्तिलाई बर्खाले बिगारेको सडक मर्मतमा खटाएको छ। गाउँपालिकाभित्रका ९ कच्ची सडकको मर्मत गर्न कामदार खटाएको प्रमुख प्रशासकीय अधिकृत लोकेन्द्र ज्ञवालीले बताए। '६५ कामदार १० दिन काममा खटिन्छन्, जिल्ला दररेटअनुसार प्रतिदिन ७७० ज्याला पाउँछन्,' उनले भने। श्रममूलक आयोजनाका लागि चालु आर्थिक वर्ष ३० लाख रकम छुट्याइएको छ। 'गाउँपालिकाका बेरोजगारको सुचि दर्ता गरेका छौं, उहाँहरूलाई नै हामीले यस पटक सडक मर्मतमा खटायौं,' उनले भने।

बेनीमा पदमार्ग

म्यादी (कास)- सदरमुकाम रहेको बेनी नगरपालिका-२ खबराको डिल लभ मेकिङ स्पट लम्लीहिल पुग्ने पदमार्ग निर्माण गरिएको छ। बेनीबाट २ सय ५० मिटर माथि रहेको खबराको पाखो अहिले लभर्स हिलको नामले परिचित छ।

बेनी-लम्लीहिल पुग्न ७४ लाख ७३ हजार ६ सय ९ रुपैयाँ लागानीमा ६ सय ३० मिटर उकालो सिंढीसहितको मोना लम्लीहिल पदमार्ग निर्माण गरिएको हो। बेनी नगरले तन्नेरी पुस्ताका लागि लभ मेकिङ स्पट घोषणा गरी प्रेमिल पर्यटकीय गन्तव्यमा पूर्वाधार निर्माण थालेको हो।

म्यादी प्रवासी नेपाली संघ (मोना) का अन्तराष्ट्रिय समिति अध्यक्ष चक्रबहादुर थापाले लभर्स हिलमा आर्कषक पार्क बन्ने विश्वासमा पदमार्ग बनाइएको बताए। बेनी नगरपालिका, मोना र म्यादी उद्योग वाणिज्य संघको साझेदारीमा पदमार्ग निर्माण भएको हो। पदमार्ग निर्माण समितिकी कोषाध्यक्ष सुनिता केसीका अनुसार पदमार्ग बनाउन नगरपालिकाले ३७ लाख ३६ हजार ८ सय ५, मोनाको २९ लाख ८९ हजार ४ सय ४४ र संघको ७ लाख ४७ हजार ३ सय ६० रुपैयाँ खर्च भएको छ।

लम्लीहिललाई पर्यटकिय गन्तव्य बनाउन ध्रुवराज कार्कीको अध्यक्षतामा छुट्टै पूर्वाधार विकास समिति पनि सक्रिय छ। समितिले विभिन्न क्षेत्रबाट सहयोग जुटाएर रेलिङ राख्नुका साथै घामपानीबाट ओत लाग्ने गोलघर बनाएको छ। १५ कुर्ची राखेको छ। केहीवर्ष अघिसम्म डाँडाप्रति कसैको ध्यान पुगेन। अहिले युवाको आकर्षण बढेपछि पर्यटकीय गन्तव्य बनाउन लागिएको हो। 'लभर्स हिलको पर्यटन विकासका लागि डिपीआर बनाउने क्रममा छौं,' कार्कीले भने, सामुदायिक रूपमा काम गर्ने कि निजी क्षेत्रलाई दिने छलफलमा छौं।'

लभर्स हिललाई फुर्सदको उपयोग गर्ने थलो मात्र (लभ मेकिङ स्पट) बनाउन चाहेको बेनीको युवा तथा भौतिक पूर्वाधार समिति संयोजक कृष्णकुमार विकले भने, 'नगरमा पार्क आवश्यक छ। बालउद्यान, प्रेम बगैंचा, वृद्धवृद्धाका लागि भजन चौतारीजस्ता पार्क निर्माण योजनामा काम भइरहेको छ।' लभर्स हिलबाट धौलागिरि हिमशृंखला, हरिया फाँट, कालीगण्डकी र म्यादीखोला देख्न सकिन्छ। संघका महासचिव राजेश शाक्यले सहरीकरणले सार्वजनिक स्थल मासिएका बेला लभर्स हिल पार्कले त्यसको पूरा गरेको बताए।

कुश्मामा स्वास्थ्य बिमा

■ **अगन्धर तिवारी** (पर्वत)

यसअघि ४२ जिल्लामा सञ्चालित स्वास्थ्य बिमा कार्यक्रम जिल्लाको कुश्मा नगरपालिकामा सुरु हुने भएको छ। स्वास्थ्य बिमा बोर्डको गण्डकी प्रदेश शाखाले बिमाबारे जानकारी गराउँदै कुश्माका सबै वडामा एकसाथ बिमा सुरु गर्ने बताएको हो।

पहिलो चरणमा कुश्मा नगरपालिकाबाट सुरु गर्ने तयारी गरेको बोर्डले हरेक परिवारको स्वास्थ्य बिमा अनिवार्य गर्न जनप्रतिनिधिलाई प्रशिक्षण दिँदै सबै वडामा स्वास्थ्य बिमाकर्ता छनोट गर्न पनि आग्रह गरेको छ। गण्डकीका स्वास्थ्य बिमा प्रमुख जीवलाल कँडेलले बिमाबारे नीतिगत व्यवस्था, बीमितले पाउने सुविधा, सूचीकृत अस्पतालले दिने सेवा लगायतबारे प्रस्ट्याए।

कुश्माको प्रभावपछि अरु स्थानीय तहमा लगत्तै सुरु गरिने बताउँदै खरेलले सबै वडाध्यक्षलाई बिमाकर्ता छनोट गरी प्रभावकारी रूपमा बिमा घरघरै पुऱ्याउन आग्रह गरे। 'यहाँको प्रभावले अरू तहमा लैजाँदा सहज हुनुपर्छ,' खरेलले भने, 'यसमा मुख्य भुमिका वडाध्यक्षको हुन्छ।' बिमाकर्ता छनोट गरि पठाएपछि प्रदेशले आवश्यक तालिमसहित बिमाका कागजात पठाएपछि दसैंलगत्तै घरघरै बिमा कार्यक्रम सुरु हुने उनले बताए।

बिमा गरेको बढीमा ४ देखि कम्तीमा १ महिनाभित्रबाट सेवा सुरु हुने खरेलले बताए। उनका अनुसार सेवा अवधि सकिएको एक वर्षमा नविकरण गर्नुपर्छ। स्थानीय तहमा गाउँ/नगरपालिका प्रमुखको संयोजकत्वमा स्वास्थ्य बिमा संयोजन समिति गठन हुनेछ।

समितिले बीमित परिवारको संख्या लगायत विवरण सम्बन्धित निकायमा पठाउनुपर्छ। स्वास्थ्य बिमा नियमावली २०७५ अनुसार ५ जनासम्मको परिवारले वार्षिक ३५ सय रुपैयाँ तिर्नुपर्छ। त्यसबापत उक्त परिवारले एक लाख सम्मको औषधोपचार सेवा पाउँछ। ७० वर्ष माथिका जेष्ठ नागरिक भएमा ज्येष्ठ नागरिकलाई छुट्टै परिवार मानि ३५ सय बराबरकै बिमा गर्नुपर्ने व्यवस्था छ। ज्येष्ठ नागरिक र अति बिपन्न परिवारले बिमा शुल्क बुझाउन नपर्ने व्यवस्था छ। नियमावलीमा अति अशक्त, कुष्ठरोगी, एचआईभी र जटिल खालका रोगीको परिवारलाई समेत निःशुल्क बिमा हुन्छ। त्यस्तै महिला स्वास्थ्य स्वयंसेविकाको परिवारलाई ५० प्रतिशत छुटको व्यवस्था छ। सूचीकृत अस्पतालमा सरकारले निःशुल्क गरेका सेवाबाहेक अन्तरङ्ग, बहिरङ्ग, आकस्मिक सेवासहित ११ सय १८ प्रकारका औषधि बिमा कार्यक्रममा समावेश छन्।

पछिल्लो समय बिमाको प्रभावकारिता र विश्वसनीयता माथि पनि प्रश्न उठ्न थालेको छ। 'यसअघि सञ्चालित जिल्लाका बीमितले सेवा नपाएको धेरै गुनासो छ नि,' कुश्मा-११ वडाध्यक्ष शिवप्रसाद पौडेलले भने, 'हामीकहाँ पनि उस्तै हुने भए कार्यक्रमको औचित्य के हुन्छ।' कुश्मा-१० अध्यक्ष सुजन बिकले सरकारले निःशुल्क उपलब्ध गराउने सेवासमेत बिमा कार्यक्रममा समेटेर कतिपय अस्पतालले ठग्नेगरेको गुनासो आएको बताए।

बिमा गरेको परिवारले सबै जिल्लाका सरकारी स्वास्थ्य संस्थामा प्याकेजको सुविधा छ। गण्डकी प्रदेशका बीमितले पोखरामा गण्डकी र मणिपाल शिक्षण अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको पश्चिमाञ्चललगायत १२ अस्पतालमा यो सेवाबारे सम्झौता भएको छ। कुश्मा नगरपालिकाले बिमा प्रक्रिया सुरु भएको जनाएको छ। 'हामीले सबै वडामा बिमाकर्ता छनोट गर्न भनेका छौं,' नगरप्रमुख रामचन्द्र जोशीले भने, 'केही दिनमै छनोट गरेर तालिममा पठाएर दसैंपछि काम सुरु गर्छौं।'

च्याङ्ग्रा ल्याउने बाटो फेरियो

कान्तिपुर संवाददाता (लमजुङ)

दसैंका लागि पहाडी भेगमा हिमाली क्षेत्रबाट च्याङ्ग्रा ल्याइन्छ। केही वर्षयता लमजुङमा च्याङ्ग्रा ल्याउने बाटो फेरिएको छ।

पहिले तिब्बतको सीमाक्षेत्र गोरखा साथै मनाङको फू गाउँबाट ल्याउने गरिएकोमा पछिल्लो समय मुस्ताङबाट च्याङ्ग्रा ल्याउने गरिएको छ। मुस्ताङबाट म्याग्दी, पर्वत, कास्की र तनहुँ हुँदै बेंसीसहरमा च्याङ्ग्रा ल्याइएको छ। तिब्बत सीमाक्षेत्रबाट मनाङ हुँदै मुस्किलले १ सातामा बेंसीसहर ल्याइने च्याङ्ग्रा मुस्ताङबाट २ रात २ दिनमै बेंसीसहर ल्याइपुऱ्याइन्छ। ढुवानी खर्च, सडकको विकराल अवस्था र केही वर्षअघि ठाउँठाउँमा युवाले चन्दा असुली गर्न थालेपछि मुस्ताङमा सवारी साधन लगेर त्यसैबाट च्याङ्ग्रा ल्याउन थालिएको व्यवसायी कुलप्रसाद भुषालले बताए। जोमसोममा २३ हजार रुपैयाँसम्म खरिद गरेर ल्याइएको च्याङ्ग्रा यहाँ २७/२८ हजारसम्म बिक्री गरिएको छ।



मुस्ताङको जोमसोमबाट ल्याएको च्याङ्ग्रा बेंसीसहर बजारमा। *तस्बिर : आश गुरुङ/कान्तिपुर*

च्याङ्ग्राको तौल २५ किलोग्राम वरपर छ। गएको वर्ष १८ हजारमा खरिद गरेर ल्याएको च्याङ्ग्रा २४ हजार रुपैयाँसम्म बिक्री गरिएको थियो। 'लमजुङमा च्याङ्ग्राको माग बढ्दो छ। गएका वर्ष एक्लै च्याङ्ग्रा ल्याएकोमा यस वर्ष ३ जना मिलेर ल्याएको भुसालले बताए।

भुजुङ महोत्सव सुरु

कान्तिपुर संवाददाता (लमजुङ)

पर्यटकीय गाउँ भुजुङमा तीन दिने पर्यटन महोत्सव सोमबार सुरु भएको छ। २०६४ देखि यहाँ महोत्सव मनाउन थालिएको हो। संघीय संरचनाअघि एक गाउँ, एक गाविसले चिनिएको भुजुङ महोत्सवलाई प्रदेश सरकारको आन्तरिक भ्रमण वर्ष २०१९ र संघीय सरकारको नेपाल भ्रमण वर्ष २०२० सँग जोडिएको छ।

मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले महोत्सव उद्घाटन गर्दै पर्यटनबाटै समृद्धि हासिल गर्न सकिने भन्दै गण्डकी प्रदेश सरकारले समृद्धिको पहिलो पर्यटन तय गरेको बताए। भुजुङ क्व्होलासोंथर गाउँपालिका-४ मा पर्छ। पर्यटनबाट समृद्धि खोज्न गण्डकी प्रदेशका २ सय ७४ होमस्टे गाउँ पहिचान गरी सहयोग गरिएको मुख्यमन्त्री गुरुङले बताए। गुरुङ महोत्सव उद्घाटनका लागि पोखराबाट हेलिकोप्टरमा आएका थिए।




भुजुङ पर्यटन महोत्सवमा सम्मानित चमेली गुरुङ (दायाँ) र रामबहादुर गुरुङ। *तस्बिर : आश गुरुङ/कान्तिपुर*

भुजुङमा पनि होमस्टे छ। महोत्सव मुल आयोजक समितिका संयोजक एवं पर्यटन व्यवस्थापन उपसमिति अध्यक्ष तुलबहादुर गुरुङका अनुसार महोत्सवमा सांस्कृतिक झाँकी, स्थानीय हस्तकलाका सामाग्री, स्थानीय स्तरमा उत्पादित कृषि प्रदर्शनी, स्थानीय खाना र परिकारको चमेना गृह संचालन गरिएको छ। स्थानीय लोपुन्मुख संस्कृतिमा घाँटु, कृष्ण चरित्र, सारंगी नाच र आमा समूहको झ्याउरे नाच देखाइने छ। एको छ।

कान्तिपुरकर्मी गुरुङ सम्मानित

पत्रकारिताको माध्यमबाट ग्रामीण पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याएको भन्दै कान्तिपुर दैनिकका लमजुङ संवाददाता आश गुरुङलाई सम्मान गरिएको छ।

नेपाल पत्रकार महासंघ लमजुङका अध्यक्ष समेत रहेका उनलाई भुजुङ पर्यटन महोत्सवको उद्घाटन अवसर पारेर सम्मान गरिएको हो। मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले सम्मानपत्र हस्तान्तरण गरे। क्व्होलासोंथर गाउँपालिका उपाध्यक्ष कुमारीमुनी गुरुङले केगी (फेटा) गुथाएर सम्मान गरिन्।









तपाईंको आज

मेष	प्रियजन भेट	तुला	कार्य सिद्धि
वृष	कान्ति क्षय	वृश्चिक	अधिक खर्च
मिथुन	मनोकांक्षा पूर्ण	धनु	नयाँ कार्य आरम्भ
कर्कट	द्विविधा बढ्ने	मकर	कर्म प्राप्ति
सिंह	शत्रु नाश	कुम्भ	भाग्य वृद्धि
कन्या	वैभव प्राप्ति	मीन	आलश्यता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल आश्विन १५ गते बुधबार तदनुरुप २ अक्टोबर २०१९ आश्विन शुक्लपक्ष चतुर्थी तिथि दिनको ४:२४ बजेसम्म उप्रान्त पञ्चमी तिथि, विशाखा नक्षत्र साँझको ६:२१ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, बिष्कुम्भ योग प्रातः ११:२२ बजेसम्म उप्रान्त प्रीति योग ,भद्रा करण दिनको ४:२४ बजेसम्म उप्रान्त बव करण, तुला राशिमा चन्द्रमा दिनको १२:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
७:३०	ग्रुडमर्निङ नेपाल
८:००	कान्तिपुर न्युज
८:३०	कान्तिपुर न्युज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमननँजा (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू एण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कानुनी बहस र परामर्श (कमला)
०८:००	डेलालपलेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धनिसा)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज जिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (परिमला)
१६:००	हेल्थ एन्ड ह्याप्पिनेस डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्डी गोल्डी (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (भूपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरू (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

पोखराका महत्वपूर्ण नम्बरहरू

रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस	०६१-५२१०२१
कास्की रेडक्रस	०६१-५२०३४०
दमकल सेवा	०६१-५२०२२२
शव बाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३२०८०
परिचमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२०८६६/६०
मणिपाल शिक्षण अस्पताल	०६१-५२६१९६/१०/१८
गण्डकी मेडिकल कलेज	०६१-५४०५१३
हिमालय आँखा अस्पताल	०६१-६६१९६८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-५६१०४६/५६१५१६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १९१९/०६१-४६१८४१
क्षेत्रीय प्रहरी कार्यालय	०६१-४६२५००/९८५६०२८३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५१२
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०४१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२७२०४०

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०१८८/५२०२८८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका मगावती गुल्मी एम्बुलेन्स	९८४६२१७६५००
गोरखा अस्पताल	०६४ ४२०२०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३२
स्याङ्जा रेडक्रस एम्बुलेन्स	०६३ ४२०१५४
पर्वत जिल्ला अस्पताल	०६७ ४२०११०/४२०४१४
पर्वत रेडक्रस एम्बुलेन्स	०६७ ४२०१४२
पर्वत प्रहरी/वाकणचन्त्र	०६७ ४२०१००/४२०१९२
लमजुङ जिल्ला अस्पताल	०६६ ५२०१९५/५२०५५७
लमजुङ सामुदायिक अस्पताल	०६६ ५२०१८३
म्याग्दी जिल्ला अस्पताल	०६९ ५२०१०८
दमौली अस्पताल	०६५ ५६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३
स्याङ्जा बाग्लुङ	०६३ ४२०४०८
जिल्ला प्रहरी बाग्लुङ	०६८ ५२०१९२ र ५२०२९२
जिल्ला प्रहरी गोरखा	०६४ ४२०२३७
जिल्ला प्रहरी लमजुङ	०६६ ५२०१९८ र ५२०१९२
जिल्ला प्रहरी मनाङ	०६६ ४४०१९२
जिल्ला प्रहरी मुस्ताङ	०६२ ४४०१९६ र ४४००९८
जिल्ला प्रहरी म्याग्दी	०६२ ५२०१९२ र ५२०२९२
जिल्ला प्रहरी पर्वत	०६७ ४२०१९२
जिल्ला प्रहरी स्याङ्जा	०६३ ४२०४००/४२०१९२/४२०२८४
जिल्ला प्रहरी तनहुँ	०६५ ५६०१९२
झपा आँइरेनी	०६५ ५४०००२
जिल्ला प्रहरी नवलपरासी	०७८ ५४

कंगना भन्छिन्-
'सन्तानलाई यौन सिकाउनुस्' । १२



एस्टर वर्ष खेलाडी
तेस्रो झापा स्पोर्टस् अवार्ड । १९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २२५ बुटवल | १४ असोज २०७६ मंगलबार आश्विन शुक्लपक्ष तृतीया | नेपाल संवत् ११३९ | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 1, 2019 | पृष्ठ १२+८+८ | १० रुपैयाँ

सभामुखमाथि यौन दुर्व्यवहारको आरोप

सचिवालयद्वारा खण्डन



काठमाडौं (कास)- सभामुख कृष्णबहादुर महरामाथि संसद् सचिवालयमा कार्यरत एक महिलाले यौन दुर्व्यवहार गरेको आरोप लगाएकी छन् भने सभामुखको निजी सचिवालयले त्यसको खण्डन गरेको छ। सचिवालयमा कार्यरत ती महिला कर्मचारीले आइतबार राति आफ्नै निवासमा आएर सभामुख महराले आफूमाथि यौन दुर्व्यवहार गरेको आरोप लगाएकी थिइन्। आफूलाई दुर्व्यवहार गरेको घटनाबारे प्रहरीलाई जानकारी गराएपछि सभामुख महरा निवासबाट बाहिरिएको उनको भनाइ छ। त्यसकै आधारमा सोमबार साँझ अनलाइनहरूमा समाचार आएपछि सभामुख महराका प्रेस सल्लाहकार डिल्ली मल्लले राति विज्ञप्ति जारी गरी खण्डन गरेका हुन्। अनलाइन सञ्चारमाध्यमले सम्प्रेषण गरेका समाचार भ्रामक रहेको उनको दाबी छ। 'सभामुखज्यूले कसैलाई पनि दुर्व्यवहार गरेको कुरा कल्पनासमेत गर्न सकिँदैन। हिजो आइतबार घटना भएको भनी जसरी सभामुखज्यूको चरित्र हत्या गर्ने दुष्प्रयास भइरहेको छ, त्यसमा कुनै पनि सत्यता नभएको म सम्पूर्ण मिडिया र सञ्चारकर्मी साथीहरूमा जानकारी गराउँछु,' मल्लले जारी गरेको विज्ञप्तिमा भनिएको छ। बाँकी पृष्ठ ८

खुलामै शौच, हचुवामा घोषणा

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्ड नै पूरा नगरी मुलुकलाई दक्षिण एसियामै पहिलो 'खुला दिसामुक्त राष्ट्र' घोषणा गरेको छ । सरकारी तथ्यांकहरूअनुसार मुलुकमा १ करोड ४८ लाख ५० हजारभन्दा बढी घरपरिवार रहेकामा करिब ५६ लाख ६० हजार मात्र शौचालय छन् ।

■ **दीपेन्द्र तिष्ट** (काठमाडौं)

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्डसमेत पूरा नगरी मुलुकलाई 'खुला दिसामुक्त राष्ट्र घोषणा' गरेको छ। ०६८ मा 'एक घर एक चर्पी' नारासहित सुरु गरिएको खुला दिसामुक्त घोषणा अभियान ८ वर्षपछि पूरा भएको दाबी सरकारले सोमबार गरेको हो। दक्षिण एसियामै खुला दिसामुक्त घोषणा गर्ने नेपाल पहिलो मुलुक भएको दाबी सरकारको छ।

सरकारी निकायहरूले सार्वजनिक गरेका तथ्यांकले भने 'एक घर एक चर्पी' को लक्ष्य र पूर्ण सरसफाइका मापदण्ड पूरा नभएको देखाएका छन्। खानेपानी विभागले उपलब्ध गराएको पछिल्लो तथ्यांकअनुसार हाल मुलुकभर करिब ५६ लाख ६० हजार २ सय १४ वटा शौचालय छन्। यो संख्या जम्मा घरपरिवार संख्याको एक तिहाइभन्दा केही बढी मात्रै हो। तथ्यांक विभागले सार्वजनिक गरेको ०७४ को जनसंख्या र घरपरिवारसम्बन्धी प्रक्षेपित तथ्यांकीय विवरणमा मुलुकमा १ करोड ४८ लाख ५० हजार ३२ घरपरिवार रहेको उल्लेख छ। ०६८ मा यो संख्या १ करोड ३६ लाख ४५ हजार ४ सय ६३ थियो।

खानेपानी विभागका अनुसार मुलुकभर करिब २८ सय सार्वजनिक शौचालय छन्। तर मुख्य राजमार्ग र सहरी क्षेत्रमा पर्याप्त शौचालय छैनन्। भएका पनि प्रयोगमैत्री, अपांगमैत्री र बालमैत्री छैनन्। मापदण्डअनुसार तराईमा ५० किमिको फरकमा राजमार्गमा एउटा शौचालय हुनुपर्छ। पहाडमा करिब ३० किमि फरकमा शौचालय हुनुपर्छ। तर, पेट्रोलपम्प भएका स्थानबाहेक अन्यत्र सार्वजनिक शौचालय रहेको पाइँदैन। ०६८ मा कास्की जिल्लालाई खुला दिसामुक्त घोषणा गर्दै सुरु गरिएको अभियान यही असोज ४ गते भोजपुर जिल्लालाई दिसामुक्त घोषणा गरेपछि समापन भएको दाबी गरिएको थियो। तत्कालीन राष्ट्रपति रामवरण यादवले अभियानको सुरुवात गरेपछि तत्कालीन जिल्ला विकास समिति, गैरसरकारी संस्था र जिल्ला खानेपानी कार्यालयले भटाभट खुला दिसामुक्त जिल्ला घोषणा गर्ने प्रतिस्पर्धा चलाए। तर अधिकांश स्थानमा सरसफाइका न्यूनतम मापदण्ड पनि पूरा गरिएनन्। निर्माण भएका शौचालयमा अत्यावश्यक पानीको सुविधासमेत राखिएन। अहिले पनि त्यस्तै अवस्था छ। खानेपानीलगायत पूर्ण सरसफाइका सूचकांकहरूसमेत गाउँ-गाउँमा उपलब्ध नभएको सरकारकै प्रतिनिधिहरूले बताएका छन्। चर्पीको नियमित प्रयोग, साबुन पानी र रुमालको प्रयोग तथा हातधुने बानी, स्वच्छ खानेपानी, स्वच्छ खानेकुरा, घरायसी सरसफाइ र वातावरणीय सरसफाइलगायत पूर्ण सफाइका सूचकांकमा पर्छन्।



दीपक गौतम

कागजमा खुला दिसामुक्त, सडक-सडकमा मलमूत्र

महानगरकै खोला किनारमा खुला शौच गर्नेको ताँती

पृष्ठ ८

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णालीका एक गाउँमा खानेपानीको धारा नै नरहेको बताए। 'पानी भए पो शौचालय सफा हुन्छ, एक घर एक धारा कहिले पूरा हुन्छ भन्न सकिन्न, कतै त पूरै गाउँमा समेत खानेपानीको धारा छैन,' उनले काठमाडौंमा आयोजित कार्यक्रममा भने।

विभागका अनुसार ८९ प्रतिशत जनताको खानेपानीमा पहुँच छ तर २१ प्रतिशतले मात्रै स्वच्छ खानेपानी पिउने गरेका छन्। अधिकांश सार्वजनिक शौचालयमा पानीको समस्या छ। 'पानी शौचालयको न्यूनतम सूचकांक हो, त्यो छैन भने खुला दिसामुक्त घोषणा गरेको कुनै अर्थ छैन,' पूर्ववातावरणमन्त्री एवं पानी संरक्षण अभियन्ता गणेश साहले भने, 'तैपनि यसलाई सकारात्मक कदमका रूपमा लिनुपर्छ, किनभने केही त भएको छ।' उनका अनुसार पानी, साबुन, शौचालयको सरसफाइ सामग्री र सुरक्षालगायत शौचालयका न्यूनतम सूचकांक हुन्। बाँकी पृष्ठ ११



दिपेश पाण्डे

अनि उनले संसार देखे

■ **जनकराज सापकोटा** (काठमाडौं)

२१ वर्षको उमेरसम्म उनले कालो रङ मात्रै चिनेका थिए। रंगीन संसारबारे सुनेका मात्र थिए। त्यो संसार कस्तो होला भनेर एकाधपल्ट कल्पना पनि गरेका थिए। जब त्यो दिन आयो अनि उनले थाहा पाए, संसार साँच्चै रंगीबिरंगी पो रहेछ। कल्पनाभन्दा फरक, सोचेभन्दा अलग।

यो उमेरमा उनले पहिलोपल्ट आकाशको रङ चिने। त्यो नीलो थियो। बादलको रङ चिने। सेतो थियो। रूख हरियो हुन्छ भन्ने सुनेका थिए। तर एउटै रूखका पातहरूमा पनि कैयौं थरी हरियो रङ हुँदा रहेछन् भन्ने चिने। शनैः शनैः रातो, पहेँलो, खैरो, बैजनी, गुलाबी र अरू-अरू रङ पनि चिने। उनले देखे, संसार अनेकन रङहरूले पोतिएको रहेछ। यो सरकारी कागजातमा टोपप्रसाद शर्मा नाम भएका सल्यान दमाचौरका ४५ वर्षीय नरहरिको कथा हो। २१ वर्षअघि र पछि गरी दुई भागमा बाँडिएको उनको जिन्दगीको पहिलो भागमा दुःख, सास्ती र हैरानीको पल्ला छ भने दोस्रो भागमा खुसी, उत्साह र आत्मविश्वासको पल्ला। जोखेर उनले हेरेका छैनन्, जिन्दगीमा केको पल्ला भारी छ। तर उनको निष्कर्ष छ, 'म संसारका विरलै भाग्यमानी मान्छेमध्ये एक हुँ।'

जन्मँदै दृष्टि गुमाएका नरहरि बायाँ आँखाको चेपबाट मसिनो सेतो धर्कोजस्तो उज्यालो मात्रै देख्थे। मुस्किलले दिन र रात खुट्टचाउँथे। उनको दृष्टिक्षमता अक्षर चिन्न, बाटो पहिल्याउन, रङहरू ठम्याउन, मान्छे चिन्नजस्ता कुनै पनि अत्यावश्यक कामका लागि पर्याप्त थिएन। चिना टिप्पन हेर्दै अरूको भाग्य र भविष्य बताउने ज्योतिषी मेघराज शर्मा आफ्ना छोराको भविष्यबारे जानकार थिएनन्। उनकी जेई अर्थात् आमा गुप्तीकुमारी भने साइँलो छोरालाई दैवले ठगेको ठान्थिन्। आँखा नदेख्ने भएकै कारण उनले आठ वर्षको उमेरमा मात्र घरदेखि आधा घण्टाको दूरीमा रहेको भानुभक्त माविं टेके। छोरालाई स्कुल जान सजिलो होस् भनेर बाले काइँलो भाइसँगै उनलाई विद्यालय हाल्दिएका थिए। साथीहरू बेफिक्री दौडिन्थे। उनी पनि त्यसैगरी दौडिन खोज्थे। साथीहरू पुराना कपडा मोजामा कोचेर बनाइएको गोला खेल्थे। उनी पनि खेल्न खोज्थे। तर, प्रत्येकपल्ट ठेस लागेर लड्थे। त्यति बेलै उनले थाहा पाए, म अरूभन्दा फरक छु।

'फरक छु भन्ने त महसुस थियो। तर कति फरक छु भन्ने पत्तो थिएन,' उनले भने। सहपाठीहरू उनको शारीरिक क्षमतालाई गिज्याउने विषय बनाउँथे। उनले भने, 'हिँड्ने बाटोमा सिस्नो राखिदिन्थे। मलाई पोलेपछि उनीहरू खितखिताउँदै हाँस्थे। म रुँदै-रुँदै बाटो लाग्थे। देख्न सक्दैन भनेर बाटोमा काँडा राखिदिन्थे। पैतालामा बिझेपछि म मूर्छा पर्थें तर साथीहरू हाँस्दै गिल्ला गर्थे।'

बाँकी पृष्ठ १०

भित्र

सी भ्रमणमा चीनबाटै दुई जहाज र 'एरोहेड कारकेड सेट' ल्याइने

भारतीय नेताहरू खुर्सिद र शास्त्री काठमाडौं आउँदै

कतारमा घाइते नेपालीलाई पौने ३ करोड क्षतिपूर्ति

चन्द समूहले लुकाइराखेको २५ केजी विस्फोटक पदार्थ बरामद

नेकपामा अझै पूर्वएमाले र माओवादी केन्द्र

सरकारले बेच्ने खसीबोका सय रुपैयाँ सस्तो

'डुइङ बिजनेस' सुधार्ने २० राष्ट्रमा परेन नेपाल

आज



८ पृष्ठको विशेषांक

गजब छ बा !

- अविन -



अंकल ! कागत दिनु न अलि !... पुछ्नु परो !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

CELEBRATE DASHAIN WITH MI
mi.com/np

GREATEST SALE EVER !

Xiaomi

Redmi 7A
Smart Desh Ko Smartphone



· 12MP AI Sony IMX486 Rear Camera
· Qualcomm® Snapdragon™ 439

2GB + 32GB
~~Rs: 11,499/-~~ Rs: 10,999/-

Redmi 7
Fastest in class. Power that Lasts.



· 12MP + 2MP Rear Dual Camera
· Qualcomm® Snapdragon™ 632

2GB + 32GB
~~Rs: 14,999/-~~
Rs: 13,999/-

3GB + 32GB
~~Rs: 16,999/-~~
Rs: 15,999/-

Redmi Y3
32MP Super Selfie



· 12MP + 2MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 632

3GB + 32GB
~~Rs: 17,999/-~~
Rs: 16,999/-

4GB + 64GB
~~Rs: 20,999/-~~
Rs: 19,999/-

Redmi Note 7
Capture all with 48MP



· 48MP + 5MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 660

3GB + 32GB
~~Rs: 21,999/-~~
Rs: 19,999/-

स्थानीय तह

महिलाका मर्का ओझेलमा

रोल्पा (कास)- लुंग्री गाउँपालिका उपाध्यक्ष भीमकला बुढाथोकीलाई सहकर्मी, गाउँसभा र कार्यपालिकाबाट सहयोग प्राप्त भए महिला अधिकार, संरक्षणलगायत विषयमा छलफल गर्न मन छ। यस्ता सवाल उठाउँदा एक्ल्याउने गरिएको छ। 'मलाई एक्लो बनाइएको छ। महिला र अन्य महत्त्वपूर्ण विषयमा समर्थन छैन,' उनले भनिन्, 'सरोकारवालालाई बोलाएर मनका सबै पीडा व्यक्त गर्ने योजना बनाएकी छु।'

अन्तरजातीय विवाह गरेकी उनको गाउँघरमा महिला थिचिएर र पछाडि परेर बसेको देख्दा मन कुँडिन्छ। स्थानीय तहलाई प्राप्त क्षेत्राधिकार र संविधानले प्रदान गरेको अधिकार प्रयोगमा सहकर्मीबीच विवाद भइरहेको उनको दुखेसो छ। लुंग्रीमा विगत लामो समयदेखि गाउँपालिका अध्यक्ष दुर्गाबहादुर खड्का र उपाध्यक्ष बुढाथोकीबीच क्षेत्राधिकारको प्रयोग र योजना निर्माण गर्ने सवालमा विवाद हुँदै आएको छ। सम्बन्ध बिग्रिएकाले कार्यपालिका बैठक र गाउँसभासमेत प्रभावित हुने गरेको छ। उपाध्यक्ष बुढाथोकीले आफू महिला भएकाले उनीहरूका पक्षमा कुरा उठाउँदा सुनुवाइ नभएको गुनासो सुनाइन्।

लुंग्रीमा अध्यक्ष खड्का र उपाध्यक्ष बुढाथोकीसहित बहुमत सदस्य कांग्रेसबाट निर्वाचित हुन्। जिल्लाकै दुर्गम गाउँपालिकाभित्र दलित, एकल, असहाय, अपांग, अल्पसंख्यक र जनजाति महिलाका थुप्रै समस्या छन्। बुढाथोकीका अनुसार महिलाका लागि सशक्तीकरण योजना आवश्यक छ। त्यसैले यस्ता विषयमा छलफल चलाउन र योजना बनाउन खोज्दा अध्यक्षसहितका जनप्रतिनिधिसँग सल्लाह नमिलेको हो। 'सबै विषयमा अध्यक्षको मनोमानी चल्छ,' उनले भनिन्, 'यस विषयमा कार्यपालिका र पार्टीभित्र समेत गुनासो गरेकी छु। तर, कतै सुनुवाइ भएन।' सदरमुकाम लिबाङबाट ४० किमि पूर्वमा रहेको गाउँपालिकामै पत्रकार, नागरिक समाज र पार्टीका नेतालाई बोलाएर आफ्नो दुखेसो सार्वजनिक गर्ने योजना बनाइरहेको उनले बताइन्।

छिमेकी सुनछहरी गाउँपालिकामा पनि महिला जागरण र चेतनाको स्तर कमजोर छ। गाउँपालिका उपाध्यक्ष पवित्रा घर्तीमगरले सबै वडामा महिला लक्षित चेतना, व्यवहार सुधार, सरसफाइ र आय आर्जनका विषयमा छलफल र बैठकलगायत कार्यक्रम आयोजना गर्ने गरिएको बताइन्। 'काम गर्दै जाने क्रममा सिक्दै महिला सवालबारे सचेत हुने प्रयासमा छौं,' उनले भनिन्, 'महिलामा जागरण बढाउन गाउँमा आमा समूह र विद्यालयमा किशोरी समूहबीच अन्तर्क्रिया र छलफल गर्दै आएका छौं।'

महिलाको अवस्था कमजोर रहेको निष्कर्षसहित माडी गाउँपालकाले पनि महिला सशक्तीकरण र जागरणका योजना सञ्चालन गर्दै आएको छ। उक्त गाउँपालिकाकी उपाध्यक्ष घनीकला घर्तीमगरले स्थानीय न्यायिक समितिमा प्राप्त गुनासा/निवेदनका आधारमा महिलासम्बन्धी योजना निर्माण गर्ने गरिएको बताइन्। 'महिलाको आवश्यकता र समस्या समाधानका सवालबारे गम्भीर रूपमा सोचेर मात्रै योजना बनाउने गरेका छौं,' उनले भनिन्, 'महिला सवालबारे कार्यपालिकामा योजना प्रस्ताव गर्दा मलाई साथ र समर्थन मिलेको छ।' गाउँपालिकाभित्र महिलाका निम्ति सचेतना, रोजगारी र घरायसी समस्याप्रति केन्द्रित योजना बनाउँदा प्रभावकारी हुने गरेको उनको अनुभव छ।

पश्चिम रोल्पास्थित त्रिवेणी गाउँपालिकामा भने बालविवाह, घरायसी झगडा, पारिवारिक विग्रह र घरेलु हिंसा वृद्धि भएकाले मुख्य चुनौती देखिएका छन्। उपाध्यक्ष सावित्रा बुढामरले महिला सवालबारे कार्यपालिका र नियमित बैठकमा छलफल हुने गरेको बताइन्। 'महिला सवालबारे म आफैंले र अन्य जनप्रतिनिधिले एजेन्डा उठाउने गर्नुभएको छ,' उनले भनिन्। उनका अनुसार महिला सवालबारे गाउँपालिका अध्यक्ष शान्तकुमार वलीसमेत गम्भीर भएकाले यसबारे सबैको समर्थन र साथ छ। महिला सशक्तीकरण कार्यक्रमसम्बन्धी योजना निर्माण गर्दा निश्चित परिमाणको बजेट नछुट्याए पनि आवश्यकताअनुसार खर्च जुटाउने गरेको उनले सुनाइन्।

रोल्पा नगरपालिका उपप्रमुख मनकुमारी घर्तीमगरले महिला सचेतना, आर्थिक उपार्जन र सामाजिक सहभागिताका लागि नगर र वडापालिकाले बेग्लाबेग्लै बजेट छुट्याएको बताइन्। महिलाको सवाल उजागर गर्न नेतृत्वको विकास क्षमता वृद्धि गर्नु आवश्यक भएको उनले सुनाइन्। 'महिलाको नेतृत्व विकास गर्न आवश्यक भएकाले बालविवाह र सबै प्रकारका हिंसा कम गर्नु आवश्यक छ,' उनले भनिन्, 'महिलाका सवाल र अवस्थाबारे योजना बनाउन र लक्षित कार्यक्रम सम्पन्न गर्न रोल्पा नगरले वार्षिक ४० लाख बजेट विनियोजना गर्दै आएको छ।'

महिला, दलित, असहायलगायतका पक्षमा ठोस योजना बनाउन र प्रभावकारी कार्यान्वय गर्न सबै स्थानीय तहले समान योजना बनाउनु आवश्यक भएको जिसस प्रमुख राजबहादुर बुढामगरले बताए। 'पिछडिएका, असहाय, दलित र महिलाका लागि योजना बनाउन सुझाव दिएका छौं,' उनले भने, 'सकारात्मक नतिजा पाउन कार्यक्रमको उचित कार्यान्वयनका निम्ति स्थानीय तहलाई निर्देशन पनि दिदै आएका छौं।'



रूपन्देहीको सियारी गाउँपालिका ७, अमुवा भर्थापुरमा खेतबाट वस्तुभाउका लागि घाँस काटेर ल्याउँदै स्थानीय महिला। थारू समुदायका विपन्न महिला टाउकोमा भारी बोकेर खाली खुट्टा घण्टौं हिंड्ने गर्छन्। *तस्बिर : घनश्याम गौतम/कान्तिपुर*

छोटकरी

प्रदेश योजना आयोगको दरबन्दी स्वीकृत

रूपन्देही (कास)- प्रदेश ५ सरकारको सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश योजना आयोगको अस्थायी संगठन संरचना तथा दरबन्दी स्वीकृत गरेको छ। बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पेस गरेको १० कर्मचारीको दरबन्दी स्वीकृत गरेको हो। स्वीकृत दरबन्दीअनुसार अधिकृत दर्सौं तहको नेतृत्वमा २ कार्यालय सहयोगी र २ हलुका सवारी चालकसहित आठौं तहको अधिकृत १, छैटौं तहको लेखापाल, पाँचौं तहको सहयक लेखापाल र विकास व्यवस्थापन शाखातर्फ आठौं तहको इञ्जिनियर रहने गरी दरबन्दी स्वीकृत गरेको हो। बैठकले भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत रहेका जिल्ला तहका कार्यालयको संख्या थप र नाम परिवर्तन गर्ने निर्णय गरेको छ। त्यस्तै अर्घाखाँची, पाल्पा, रुकुम पूर्व र बर्दियामा स्थायी सडक पूर्वाधार विकास कार्यालय स्थापना गर्ने र रूपन्देहीको कार्यक्षेत्र नवलपरासी पश्चिमसमेत कायम गरिएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री लीला गिरीले बताए। त्यस्तै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पेस गरेको डिभिजन वन कार्यालयका लागि इञ्जिनियर र सब इञ्जिनियरका लागि सात पदको अस्थायी दरबन्दी स्वीकृत गरेको छ।

बस दुर्घटनामा दुईको मृत्यु

रोल्पा (कास)- पूर्वी रोल्पास्थित लुंग्री खोलामा यात्रुसहितको बस खस्दा चालकसहित दुईको मृत्यु भएको छ। ग.१ख ५५७३ नम्बरको बस सोमबार लुंग्री खोलामा खसेको हो। घटनामा चालक लुंग्री ३, जुतुङखोलाका २२ वर्षीय यामबहादुर घर्ती र बसमा सवार लुंग्री २, सिपंका १९ वर्षीय सूर्यलाल जीएमको मृत्यु भएको प्रहरीले जनाएको छ।

४ सय ६० लिटर मदिरा नष्ट

रुकुम पूर्व (कास)- एउटै वडाबाट प्रहरीले ४ सय ६० लिटर अवैध मदिरा बरामद गरेको छ। दुई दिनसम्म प्रहरी र प्रशासनले गरेको अनुगमनमा सिस्ने गाउँपालिकाका-५ र ६ का विभिन्न होटलबाट अवैध मदिरा बरामद गरिएको सहायक प्रजिअ श्रवणकुमार शाहले बताए।

घूससहित प्रहरी पक्राउ

रुपन्देही (कास)- अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको टोलीले १५ हजार घुस रकमसहित प्रहरीलाई पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय मंगलापुर रूपन्देहीमा कार्यालय प्रमुखका रुपमा कार्यरत प्रहरी नायब निरिक्षक खिमबहादुर जिसीलाई सोमबार कार्यालयबाटै पक्राउ गरिएको हो। बिमाको लागि सिफारिस गरिदिने भन्दै सेवाग्राहीसँबाट घुस लिँदै गर्दा रंगेहात पक्राउ गरि थप अनुसन्धान सुरु गरिएको आयोगको बुटवल कार्यालयका प्रवक्ता सुरेश भुसालले बताए।

दसैं सुरक्षा

चौबीसै घण्टा सजग

प्रहरीले नेपाल आएका प्रत्येक भारतीय नम्बरका सवारीसाधनको चालकसहितको लगत अलग्गै राख्न सुरु गरेको छ

■ **माधव दुंगाना** (भैरहवा)

चाडपर्वका बेला यात्रा गर्दा समस्या परेको र असुरक्षित महसुस गरिरहनुभएको छ भने अब आत्तिनु पर्दैन। समस्या परे गाडी रोकेर प्रहरी चौकी पनि खोज्नु नपर्ने भएको छ। यात्राका क्रममा सुरक्षाकर्मीको टोली पनि तपाईंसँगसँगै परिचालन हुने भएको छ।

दसैं, तिहार र छठका बेला यात्राका क्रममा भीड हुन्छ। त्यस्तो मौका छोपेर विभिन्न अपराधजन्य गतिविधि पनि हुने गर्छन्। यात्रु सास्ती र हैरानी खेप्दै यात्रा गन बाध्य हुन्छन्। बैंक तथा वित्तीय संस्था र गहना पसलमा आउने ग्राहकलाई लुट्न लुटेराले अनेक योजना बुनिरहेका हुन्छन्। यिनै कुरालाई मध्यनजर गर्दै अहिले प्रदेशका विभिन्न जिल्लामा चाडपर्व लक्षित विशेष सुरक्षा योजना कार्यक्रम सञ्चालन गरिएको छ।

यहाँस्थित संघीय प्रहरी एकाइ कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक मोहन आचार्यले चाडपर्वका बेलामा यात्रुमाथि हुन सक्ने असुरक्षालाई ध्यानमा राख्दै विभिन्न जिल्लामा सुरक्षा कार्यक्रम लागू गरिएको बताए। 'समस्या पर्नासाथ सुनुवाइ र समाधान हुने गरी सुरक्षा व्यवस्था मिलाएका छौं,' उनले भने, 'समस्यामा परेको जोकोही यात्रुले जुनसुकै स्थानमा भेटिएका सुरक्षाकर्मीलाई निर्धक्कसाथ आफ्ना समस्या राख्न सक्छन्।' यहाँका हरेक बसपार्क, भारतसँगको नाका र राजमार्ग क्षेत्रमा यात्रुको सुविधाका लागि हेल्प डेस्क स्थापना गरिएका छन्। चौबीसै घण्टा सुरक्षाकर्मीको तैनाथी रहने डेस्कमा गाडीवाला, रिक्सावाला, अटोवालाले बढी भाडा लिएको, गाडीमा कोचाकोच गरेर यात्रा गराएको, दुर्व्यवहार गरेको, पकेटमारी, चोरीलगायत समस्या राख्न सक्छन्। यात्रुको समस्या जानकारीमा आउनासाथ तत्कालै त्यही स्थानका सुरक्षाकर्मी पारिचालित हुनेछन्। त्यसबाहेक माथिल्लो तहको जवाफदेही टिमको पनि गठन गरिएको छ। चाडपर्वलाई लक्षित गरेर सीमा नाका र बजारमा हुन सक्ने विभिन्न अनियमितता रोक्न बजार अनुगमनलाई तीव्र बनाइएको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी महादेव पन्थले बताए। 'चोरी, पाकेटमारी, नसालु पदार्थको प्रयोग गरी यात्रुलाई लठ्याएर लुट्ने, निर्धारित दरभन्दा बढी भाडा असुल्ने, दलाल र गाडीवालाले यात्रुको इच्छाविपरीत जबरजस्ती तानातान गर्ने, बसको टिकट दिंदा एउटै सिटको दोहोऱ्याएर टिकट काट्ने र बीच बाटोमा मिलाईदिने भन्दै उभ्याएर कष्टकर यात्रा गराउने काम तुरुन्तै रोकिनेछ,' उनले भने, 'झोलाको अलग्गै भाडा असुल्ने, सिटभन्दा धेरै यात्रु राख्ने, तीव्र गतिमा गाडी चलाउने र गुनासो गरेमा यात्रुलाई गालीगलौज र दुर्व्यवहार गर्नेलाई पनि ठाउँको ठाउँ कारबाही गरिनेछ।'

रूपन्देहीमा चाडपर्वका लागि ७ सय ९१ जना नेपाल प्रहरीतर्फका सुरक्षाकर्मीको परिचालन गरिएको छ। दसैंको बढ्दो चहलपहलसँगै ठाउँठाउँमा सुरक्षाकर्मी भेटिन्छन्। भारतसँगको खुला सिमाना र बेलहिया नाकामा सुरक्षा सजगता बढी अपनाइएको छ। विगतका धेरै आपराधिक घटनामा भारतीय नम्बरका सवारीसाधनको संलग्नता भएको पाइएकाले नेपाल आउने त्यस्ता सवारीसाधनमाथि बढी निगरानी गर्न थालिएको रूपन्देहीका एसपी हेमकुमार थापाले बताए। बैंक र गहना पसल आसपास क्षेत्रमा बसिरहने व्यक्तिको सादा पोसाकमा परिचालित सुरक्षाकर्मीले रेकी गर्ने व्यवस्था मिलाइएको उनले बताए।

'खुला सिमानाको फाइदा उठाउँदै भारतीय नम्बरका सवारीसाधनबाट हुन सक्ने अपराधप्रति सजगता अपनाएका छौं,' एसपी थापाले भने, 'नेपाल आएका प्रत्येक भारतीय नम्बरका सवारीसाधनको चालकसहितको लगत अलग्गै राख्न सुरु गरेका छौं।' बेलहियाका अतिरिक्त धकधही, लुम्बिनी र मर्चवार क्षेत्रबाट नेपाल आउने गरेका भारतीय सवारी साधनको लगत राख्न थालिएको उनले जनाए। भारतीय मोटरसाइकलप्रति सुरक्षा निगरानी बढाइएको छ। भन्सार सुविधा बनाएपछि २४ घण्टासम्मका लागि नेपाल नजिकका बजारसम्म भारतीय सवारीसाधन आउन पाउने प्रावधानले नेपालतर्फ सुरक्षा चुनौती बढ्न थालेको छ। आपराधिक घटनामा भारतीय मोटरसाइकलको प्रयोग बढ्दो छ।

भारतीय सवारी साधनको लगत राख्न थालिएपछि बेलहिया नाका हुँदै नेपाल आउने भारतीय मोटरसाइकलमा कमी आउन थालेको छ। दैनिक पाँच हजारभन्दा धेरैको संख्यामा भारतीय मोटरसाइकल बेलहिया नाकाबाट नेपालतर्फ आउने गरेकामा अहिले ६० प्रतिशतले कमी आएको एसपी थापाको दावी छ।

चाडपर्वका बेलामा राजमार्गमा चल्ने लामो दूरीका रात्रिबस र अन्य सवारी साधनलाई पनि सुरक्षित बनाउन हतियारसहितका सुरक्षाकर्मीको परिचालन गर्न थालिएको छ। थापाका अनुसार जंगल र सुनसान क्षेत्रमा पेट्रोलिङ गस्ती सञ्चालन गरिएको छ। हतियारसहितका सुरक्षाकर्मी एउटा बसबाट यात्रा गर्दै अर्को स्थानमा पुग्ने र अर्को बसबाट फिर्ता आउनेछन्। रातभरि यो प्रक्रिया दोहोरिइरहनेछ।




बेलहिया नाकाबाट नेपाल आएका भारतीय नम्बरका मोटरसाइकल जाँचसँगै लगत राख्दै सुरक्षाकर्मी। *तस्बिर : माधव/कान्तिपुर*

यात्रु-चालकलाई फूल र अबिर

पाल्पा (कास)- जिल्ला ट्राफिक प्रमुख पृथ्वीनारायण काफ्ले सोमबार बिहान तानसेन बसपार्कमा भेटिए। बुटवलबाट गुल्मीतर्फ गइरहेको बस रोकेर यात्रु र चालकलाई ट्राफिक जानकारी दिन थाले। त्यसपछि चालकलाई अबिर लगाइदिए। हातमा फूल थमाएपछि भने, 'दसैंमा घर फर्किने यात्रुलाई सुरक्षित रूपमा घर पुऱ्याउनुहोला।' साथमा अन्य यात्रुलाई पनि सम्झाए। ट्राफिक नियमको पालना गर्न आग्रह गरे। सहयोगी ट्राफिकले पर्चा, पम्पलेट बाँडे। उनीहरूले भने, 'यात्रा गर्दा सिटमा बस्नु होला र टिकट अनिवार्य लिनुहोला।'

ट्राफिकले दसैंको शुभकामना दिएर गन्तव्यतर्फ बस लैजान चालकलाई आग्रह गरे। 'दसैंका बेलामा हुन सक्ने दुर्घटनालाई ख्याल अभियान चलाएका हौं,' ट्राफिक प्रहरी प्रमुख काफ्लेले भने, 'अझै तीन दिन यसै गरी ट्राफिक शिक्षा दिनेछौं। चालक र यात्रुलाई सम्झाएर पठाउने हो।' जिल्ला प्रहरी र प्रशासनले आइतबारदेखि यो अभियान सुरु गरेको हो। यसमा ट्राफिक प्रहरी मुख्य जिम्मेवार निकाय हो। सडकमा यात्रा गर्ने यात्रुको सुरक्षाका लागि पनि यो अभियानले सकारात्मक सन्देश दिने प्रशासन कार्यालयकी अधिकृत रमा श्रेष्ठले बताइन्।

दसैंका बेला दुर्घटना हुन नदिन यो अभियान सार्थक बन्नसक्ने उनले बताइन्। 'चाडबाडका बेलामा हुन सक्ने सम्भावित दुर्घटना कम गर्न मद्दत पुग्छ भन्ने लाग्छ,' उनले भनिन्, 'जसले गर्दा यो अभियान प्रभावकारी बनाउनुपर्छ।' अझै पनि सिट क्षमताभन्दा बढी यात्रु बोक्ने। छतमा यात्रा गर्ने। छतमा अत्यधिक मालसामान राख्ने चलन छ। त्यसैले यो अभियानले यस वर्ष ट्राफिक नियम उल्लंघन गर्नेमा कमी आउने विश्वास उनको छ। प्रहरी नायव उपरीक्षक कृष्णप्रसाद सापकोटाले अभियानले चालक र यात्रु दुवैलाई सचेत गराउने र दुर्घटनामा कमी हुने बताए। सादा पोसाकका ट्राफिक टोपबहादुर श्रेष्ठका अनुसार टिकट अनिवार्य काटेर मात्र यात्रुलाई लैजानुपर्ने नियम बनाउनुपर्छ। 'धेरै यात्रु टिकट नदिएका कारण ठगिएका छन्,' उनले भने, 'यस्ता कुरामा नागरिक, प्रहरी, प्रशासनको ध्यान पुगेको देखिएको छैन।' उनले कानुनी कारबाही नभएकाले नै अराजकता मौलाएको बताए।









तपाईंको आज

मेष	प्रियजन भेट	तुला	कार्य सिद्धि
वृष	कान्ति क्षय	वृश्चिक	अधिक खर्च
मिथुन	मनोकांक्षा पूर्ण	धनु	नयाँ कार्य आरम्भ
कर्कट	द्विविधा बढ्ने	मकर	कर्म प्राप्ति
सिंह	शत्रु नाश	कुम्भ	भाग्य वृद्धि
कन्या	वैभव प्राप्ति	मीन	आलश्यता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल आश्विन १५ गते बुधबार तदनुरुप २ अक्टोबर २०१९ अश्विन शुक्लपक्ष चतुर्थी तिथि दिनको ८:२४ बजेसम्म उप्रान्त पञ्चमी तिथि, विशाखा नक्षत्र साँझको ६:२१ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, बिष्कुम्भ योग प्रातः ११:२२ बजेसम्म उप्रान्त प्रीति योग ,भद्रा करण दिनको ८:२४ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
७:३०	गुडमर्निङ नेपाल
८:००	कान्तिपुर न्युज
८:३०	कान्तिपुर न्युज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसञ्जिञ (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	लाइसेन्स टु इश्क (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू एण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु इश्क (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट १)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कामुनी बहस र परामर्श (कमला)
०८:००	डेलिलमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धलिसा)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड एजुकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रिंयका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्डी गोल्डी (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (अुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१४८०२००
बुद्ध सामुदायिक मृदु अस्पताल	०७१४६४१९७
महिला तथा बाल अस्पताल-आठदा	०७१४८८४४०
चुनिमर्सल कलेज अफ मेडिकल साचन्सेस भैरहवा	०७१४०८०३०
मीम अस्पताल भैरहवा	०७१४२०१९३
पृथ्वी चन्द्र अस्पताल परासी	०७८४२०१९८
अर्घाखाँची जिल्ला अस्पताल	०७७४२०२४७
गुल्मी जिल्ला अस्पताल	०७८४२०१९८
कपिलवस्तु जिल्ला अस्पताल	०७४४६०२००
रेडक्रस इमर्जेन्स भैरहवा	०७१-४२०२६३, ९७४७०२१५७
रेडक्रस, रक्त संचार भैरहवा	०७१-४२०२६३, ९८६७२६४४०
रेडक्रस, रक्त संचार, बुटवल	०७१-४४१०८
संचुक्त इमर्जेन्स चालक संघ बुटवल	९८५७०२३०९९
मीम अस्पताल भैरहवा	०७१-४२०१९३
चुनिमर्सल शिक्षण अस्पताल भैरहवा	०७१-४०६०९२, ४०६०४२
जिल्ला ट्राफिक प्रहरी कार्यालय	०७१-४२२८७४, ९८४७०२७३९०
इलाका प्रहरी कार्यालय बेलहिया	०७१-४९८०८४
अध्यागमन कार्यालय बेलहिया	०७१-४१८०२०
गौतम बुद्ध विमानस्थल कार्यालय	०७१-४०७०८६
दमकल सिद्धार्थनगर नगरपालिका	०७१-४२०२१४
दमकल बुटवल उपमहानगरपालिका	०७१-४४०१९९
माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा	०७१-४२३५३४
जिल्ला प्रशासन कार्यालय	४६०१३३
जिल्ला प्रहरी कार्यालय	४६०१९९
रात्री उपक्षेत्रीय अस्पताल घोराही	४६२३६४
रात्री अञ्चल अस्पताल तुलसीपुर	४२०११९
लमही अस्पताल	४४००१९
रात्री आँखा अस्पताल तुलसीपुर	४२०१६४
आँखा अस्पताल लमही	४१७००८
घोराही उपमहानगरपालिका	४६०६००
तुलसीपुर उपमहानगरपालिका	४२०२३३
लमही नगरपालिका	४४००५०
उच्च अदालत तुलसीपुर	४२००२४
जिल्ला अदालत	४६०२४४
रात्री प्राबिधिक शिक्षालय लालमाटिया	४१३००१
इमर्जेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर	९८४७८२३५२३
इमर्जेन्स परिवार निर्योजन संघ घोराही	४६००२३/९८४७८६२३४८
दमकल घोराही	४६०४९९
दमकल तुलसीपुर	४२०३०४
रेडक्रस सोसाइटी घोराही ब्लड बैंक	४६१४६०
रेडक्रस सोसाइटी तुलसीपुर ब्लड बैंक	४२३१४०
घोराही बसपार्क	४६०४१४
तुलसीपुर बसपार्क	४२०५०४
लमही बसपार्क	४४००४०
जिल्ला प्रहरी कार्यालय बाँके	४२०२११/४२०६४८/१००
ईलाका प्रहरी कार्यालय कोहलपुर	४४०४२०/४४०११३
वडा प्रहरी कार्यालय नेपालगन्ज	४२०२९९
क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज	४४०००३/ १०३
जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज	४२०८४३
नेपाल रेडक्रस सोसाईटी	४२०१०४
इमर्जेन्स/ब्लड बैंक नेपालगन्ज	४२०१०४
दमकल नेपालगन्ज	४२०१११
दमकल कोहलपुर	९८४८५१४१८०
मेरी अन्चल अस्पताल नेपालगन्ज	४२०१२०
नेपालगन्ज मेडिकल कलेज	४२०४४८
कोहलपुर मेडिकल	४४०४०८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४४/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२२२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निः शुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुशेक एम्बुलेन्स सेवा	०१ ५५५५५०,९८५४०४४५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९
देव कर्नर नि: शुल्क अवताहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खो



कंगना भन्छिन्-
'सन्तानलाई यौन सिकाउनुस्' । १२

एस्टर वर्ष खेलाडी
तेस्रो झापा स्पोर्टस् अवार्ड । १९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २२५ सुर्खेत | १४ असोज २०७६ मंगलबार आश्विन शुक्लपक्ष तृतीया | नेपाल संवत् ११३९ | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 1, 2019 | पृष्ठ १२+८+८ | १० रुपैयाँ

सभामुखमाथि यौन दुर्व्यवहारको आरोप

सचिवालयद्वारा खण्डन



काठमाडौं (कास)- सभामुख कृष्णबहादुर महरामाथि संसद् सचिवालयमा कार्यरत एक महिलाले यौन दुर्व्यवहार गरेको आरोप लगाएकी छन् भने सभामुखको निजी सचिवालयले त्यसको खण्डन गरेको छ। सचिवालयमा कार्यरत ती महिला कर्मचारीले आइतबार राति आफ्नै निवासमा आएर सभामुख महराले आफूमाथि यौन दुर्व्यवहार गरेको आरोप लगाएकी थिइन्। आफूलाई दुर्व्यवहार गरेको घटनाबारे प्रहरीलाई जानकारी गराएपछि सभामुख महरा निवासबाट बाहिरिएको उनको भनाइ छ। त्यसकै आधारमा सोमबार साँझ अनलाइनहरूमा समाचार आएपछि सभामुख महराका प्रेस सल्लाहकार डिल्ली मल्लले राति विज्ञप्ति जारी गरी खण्डन गरेका हुन्। अनलाइन सञ्चारमाध्यमले सम्प्रेषण गरेका समाचार भ्रामक रहेको उनको दाबी छ। 'सभामुखज्यूले कसैलाई पनि दुर्व्यवहार गरेको कुरा कल्पनासमेत गर्न सकिँदैन। हिजो आइतबार घटना भएको भनी जसरी सभामुखज्यूको चरित्र हत्या गर्ने दुष्प्रयास भइरहेको छ, त्यसमा कुनै पनि सत्यता नभएको म सम्पूर्ण मिडिया र सञ्चारकर्मी साथीहरूमा जानकारी गराउँछु,' मल्लले जारी गरेको विज्ञप्तिमा भनिएको छ। बाँकी पृष्ठ ८ ▸▸

खुलामै शौच, हचुवामा घोषणा

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्ड नै पूरा नगरी मुलुकलाई दक्षिण एसियामै पहिलो 'खुला दिसामुक्त राष्ट्र' घोषणा गरेको छ । सरकारी तथ्यांकहरूअनुसार मुलुकमा १ करोड ४८ लाख ५० हजारभन्दा बढी घरपरिवार रहेकामा करिब ५६ लाख ६० हजार मात्र शौचालय छन् ।

■ **दीपेन्द्र तिष्ट** (काठमाडौं)

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्डसमेत पूरा नगरी मुलुकलाई 'खुला दिसामुक्त राष्ट्र घोषणा' गरेको छ। ०६८ मा 'एक घर एक चर्पी' नारासहित सुरु गरिएको खुला दिसामुक्त घोषणा अभियान ८ वर्षपछि पूरा भएको दाबी सरकारले सोमबार गरेको हो। दक्षिण एसियामै खुला दिसामुक्त घोषणा गर्ने नेपाल पहिलो मुलुक भएको दाबी सरकारको छ।

सरकारी निकायहरूले सार्वजनिक गरेका तथ्यांकले भने 'एक घर एक चर्पी' को लक्ष्य र पूर्ण सरसफाइका मापदण्ड पूरा नभएको देखाएका छन्। खानेपानी विभागले उपलब्ध गराएको पछिल्लो तथ्यांकअनुसार हाल मुलुकभर करिब ५६ लाख ६० हजार २ सय १४ वटा शौचालय छन्। यो संख्या जम्मा घरपरिवार संख्याको एक तिहाइभन्दा केही बढी मात्रै हो। तथ्यांक विभागले सार्वजनिक गरेको ०७४ को जनसंख्या र घरपरिवारसम्बन्धी प्रक्षेपित तथ्यांकीय विवरणमा मुलुकमा १ करोड ४८ लाख ५० हजार ३२ घरपरिवार रहेको उल्लेख छ। ०६८ मा यो संख्या १ करोड ३६ लाख ४५ हजार ४ सय ६३ थियो।

खानेपानी विभागका अनुसार मुलुकभर करिब २८ सय सार्वजनिक शौचालय छन्। तर मुख्य राजमार्ग र सहरी क्षेत्रमा पर्याप्त शौचालय छैनन्। भएका पनि प्रयोगमैत्री, अपांगमैत्री र बालमैत्री छैनन्। मापदण्डअनुसार तराईमा ५० किमिको फरकमा राजमार्गमा एउटा शौचालय हुनुपर्छ। पहाडमा करिब ३० किमि फरकमा शौचालय हुनुपर्छ। तर, पेट्रोलपम्प भएका स्थानबाहेक अन्यत्र सार्वजनिक शौचालय रहेको पाइँदैन। ०६८ मा कास्की जिल्लालाई खुला दिसामुक्त घोषणा गर्दै सुरु गरिएको अभियान यही असोज ४ गते भोजपुर जिल्लालाई दिसामुक्त घोषणा गरेपछि समापन भएको दाबी गरिएको थियो। तत्कालीन राष्ट्रपति रामवरण यादवले अभियानको सुरुवात गरेपछि तत्कालीन जिल्ला विकास समिति, गैरसरकारी संस्था र जिल्ला खानेपानी कार्यालयले भटाभट खुला दिसामुक्त जिल्ला घोषणा गर्ने प्रतिस्पर्धा चलाए। तर अधिकांश स्थानमा सरसफाइका न्यूनतम मापदण्ड पनि पूरा गरिएनन्। निर्माण भएका शौचालयमा अत्यावश्यक पानीको सुविधासमेत राखिएन। अहिले पनि त्यस्तै अवस्था छ। खानेपानीलगायत पूर्ण सरसफाइका सूचकांकहरूसमेत गाउँ-गाउँमा उपलब्ध नभएको सरकारकै प्रतिनिधिहरूले बताएका छन्। चर्पीको नियमित प्रयोग, साबुन पानी र रुमालको प्रयोग तथा हातधुने बानी, स्वच्छ खानेपानी, स्वच्छ खानेकुरा, घरायसी सरसफाइ र वातावरणीय सरसफाइलगायत पूर्ण सफाइका सूचकांकमा पर्छन्।



दीपक गौतम

कागजमा खुला दिसामुक्त, सडक-सडकमा मलमूत्र

महानगरकै खोला किनारमा खुला शौच गर्नेको ताँती

पृष्ठ ८

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णालीका एक गाउँमा खानेपानीको धारा नै नरहेको बताए। 'पानी भए पो शौचालय सफा हुन्छ, एक घर एक धारा कहिले पूरा हुन्छ भन्न सकिन्न, कतै त पूरै गाउँमा समेत खानेपानीको धारा छैन,' उनले काठमाडौंमा आयोजित कार्यक्रममा भने।

विभागका अनुसार ८९ प्रतिशत जनताको खानेपानीमा पहुँच छ तर २१ प्रतिशतले मात्रै स्वच्छ खानेपानी पिउने गरेका छन्। अधिकांश सार्वजनिक शौचालयमा पानीको समस्या छ। 'पानी शौचालयको न्यूनतम सूचकांक हो, त्यो छैन भने खुला दिसामुक्त घोषणा गरेको कुनै अर्थ छैन,' पूर्ववातावरणमन्त्री एवं पानी संरक्षण अभियन्ता गणेश साहले भने, 'तैपनि यसलाई सकारात्मक कदमका रूपमा लिनुपर्छ, किनभने केही त भएको छ।' उनका अनुसार पानी, साबुन, शौचालयको सरसफाइ सामग्री र सुरक्षालगायत शौचालयका न्यूनतम सूचकांक हुन्। बाँकी पृष्ठ ११ ▸▸

भित्र

सी भ्रमणमा चीनबाटै दुई जहाज र 'एरोहेड कारकेड सेट' ल्याइने

भारतीय नेताहरू खुर्सिद र शास्त्री काठमाडौं आउँदै

कतारमा घाइते नेपालीलाई पौने ३ करोड क्षतिपूर्ति

चन्द समूहले लुकाइराखेको २५ केजी विस्फोटक पदार्थ बरामद

नेकपामा अझै पूर्वएमाले र माओवादी केन्द्र

सरकारले बेच्ने खसीबोका सय रुपैयाँ सस्तो

'डुइङ बिजनेस' सुधार्ने २० राष्ट्रमा परेन नेपाल

आज



गजब छ बा !

- अविन -



अंकल ! कागत दिनु न अलि !... पुछ्नु परो !

हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक

समृद्ध नेपालको लागि



विरेन्द्र पाण्डे

अनि उनले संसार देखे

■ **जनकराज सापकोटा** (काठमाडौं)

२१ वर्षको उमेरसम्म उनले कालो रङ मात्रै चिनेका थिए। रंगीन संसारबारे सुनेका मात्र थिए। त्यो संसार कस्तो होला भनेर एकाधपल्ट कल्पना पनि गरेका थिए। जब त्यो दिन आयो अनि उनले थाहा पाए, संसार साँच्चै रंगीबिरंगी पो रहेछ। कल्पनाभन्दा फरक, सोचेभन्दा अलग।

यो उमेरमा उनले पहिलोपल्ट आकाशको रङ चिने। त्यो नीलो थियो। बादलको रङ चिने। सेतो थियो। रूख हरियो हुन्छ भन्ने सुनेका थिए। तर एउटै रूखका पातहरूमा पनि कैयौं थरी हरियो रङ हुँदा रहेछन् भन्ने चिने। शनैः शनैः रातो, पहेँलो, खैरो, बैजनी, गुलाबी र अरू-अरू रङ पनि चिने। उनले देखे, संसार अनेकन रङहरूले पोतिएको रहेछ। यो सरकारी कागजातमा टोपप्रसाद शर्मा नाम भएका सल्यान दमाचौरका ४५ वर्षीय नरहरिको कथा हो। २१ वर्षअघि र पछि गरी दुई भागमा बाँडिएको उनको जिन्दगीको पहिलो भागमा दुःख, सास्ती र हैरानीको पल्ला छ भने दोस्रो भागमा खुसी, उत्साह र आत्मविश्वासको पल्ला। जोखेर उनले हेरेका छैनन्, जिन्दगीमा केको पल्ला भारी छ। तर उनको निष्कर्ष छ, 'म संसारका विरलै भाग्यमानी मान्छेमध्ये एक हुँ।'

जन्मँदै दृष्टि गुमाएका नरहरि बायाँ आँखाको चेपबाट मसिनो सेतो धर्कोजस्तो उज्यालो मात्रै देख्थे। मुस्किलले दिन र रात खुट्टचाउँथे। उनको दृष्टिक्षमता अक्षर चिन्न, बाटो पहिल्याउन, रङहरू ठम्याउन, मान्छे चिन्नजस्ता कुनै पनि अत्यावश्यक कामका लागि पर्याप्त थिएन। चिना टिप्पन हेर्दै अरूको भाग्य र भविष्य बताउने ज्योतिषी मेघराज शर्मा आफ्ना छोराको भविष्यबारे जानकार थिएनन्। उनकी जेई अर्थात् आमा गुप्तीकुमारी भने साइँलो छोरालाई दैवले ठगेको ठान्थिन्। आँखा नदेख्ने भएकै कारण उनले आठ वर्षको उमेरमा मात्र घरदेखि आधा घण्टाको दूरीमा रहेको भानुभक्त माविं टेके। छोरालाई स्कुल जान सजिलो होस् भनेर बाले काइँलो भाइसँगै उनलाई विद्यालय हाल्दिएका थिए। साथीहरू बेफिक्री दौडिन्थे। उनी पनि त्यसैगरी दौडिन खोज्थे। साथीहरू पुराना कपडा मोजामा कोचेर बनाइएको गोला खेल्थे। उनी पनि खेल्न खोज्थे। तर, प्रत्येकपल्ट ठेस लागेर लड्थे। त्यति बेलै उनले थाहा पाए, म अरूभन्दा फरक छु।

'फरक छु भन्ने त महसुस थियो। तर कति फरक छु भन्ने पत्तो थिएन,' उनले भने। सहपाठीहरू उनको शारीरिक क्षमतालाई गिज्याउने विषय बनाउँथे। उनले भने, 'हिँड्ने बाटोमा सिस्नो राखिदिन्थे। मलाई पोलेपछि उनीहरू खितखिताउँदै हाँस्थे। म रुँदै-रुँदै बाटो लाग्थे। देख्न सक्दैन भनेर बाटोमा काँडा राखिदिन्थे। पैतालामा बिझेपछि म मूर्छा पर्थें तर साथीहरू हाँस्दै गिल्ला गर्थे।'

बाँकी पृष्ठ १० ▸▸

CELEBRATE DASHAIN WITH MI

mi.com/np

GREATEST SALE EVER !

Xiaomi

Redmi 7A
Smart Desh Ko Smartphone



· 12MP AI Sony IMX486 Rear Camera
· Qualcomm® Snapdragon™ 439

2GB + 32GB
~~Rs: 11,499/-~~ Rs: 10,999/-

Redmi 7
Fastest in class. Power that Lasts.



· 12MP + 2MP Rear Dual Camera
· Qualcomm® Snapdragon™ 632

2GB + 32GB
~~Rs: 14,999/-~~
Rs: 13,999/-

3GB + 32GB
~~Rs: 16,999/-~~
Rs: 15,999/-

Redmi Y3
32MP Super Selfie



· 12MP + 2MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 632

3GB + 32GB
~~Rs: 17,999/-~~
Rs: 16,999/-

4GB + 64GB
~~Rs: 20,999/-~~
Rs: 19,999/-

Redmi Note 7
Capture all with 48MP



· 48MP + 5MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 660

3GB + 32GB
~~Rs: 21,999/-~~ Rs: 19,999/-

छोटकरी

प्रशासकीय अधिकृतमाथि कुटपिट

मुगु (कास)- सोरु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत परशुराम उपाध्यायलाई नेत्रविक्रम चन्द नेतृत्वको नेकपाका कार्यकर्ताले कुटपिट गरेका छन् । गमगढीबाट गाउँपालिका कार्यालय सोरुकोट जाने क्रममा सोमबार उनीमाथि कुटपिट भएको हो । तारापानी, सिप गाउँमा उपाध्यायमाथि कुटपिट भएको हो । चन्द समूहका कार्यकर्ताले कुटपिट गरेको भन्ने खवर आएपछि प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी प्रमुख (डीएसपी) भुवनेश्वरप्रसाद शाहले बताए । उनका अनुसार कुटपिट गर्नेहरूको पहिचान भएको छैन । कुटपिटपछि घाइते उपाध्यायलाई उपचारका लागि जिल्ला अस्पतालमा पुऱ्याइएको छ । गाउँपालिकाको कामकाज सन्तोषजनक नभएको र आर्थिक अनियमित गरिएको भन्दै उनीमाथि कुटपिट भएको जनाइएको छ ।

मदिरा तथा कच्चा पदार्थ नष्ट

सल्यान (कास)- जिल्ला प्रहरी कार्यालयले शारदा नगरपालिकाको श्रीनगर र खलंगा बजारबाट मदिरा र कच्चा पदार्थ बरामद गरेको छ । प्रहरीले बरामद गरिएको ११ सय ५० लिटर घरेलु मदिरा सोमबार नष्ट गरेको हो । साथै मदिरा बनाउन प्रयोग गरिने ४ किलो औषधिसमेत नष्ट गरिएको प्रहरीले जनाएको छ । डीएसपी ढकेन्द्र खतिवडाले बजारका होटलमा छापा मार्दा केही थान मदिरा बनाउने भाँडाकुडासमेत बरामद गरिएको जानकारी दिए ।

भँडेल जोडीले जित्यो उपाधि

जाजरकोट (कास)- जिल्लास्तरीय खुला पुरुष ब्याडमिन्टन प्रतियोगिताको उपाधि भेरी नगरपालिका ४, गैरीखालीका राजु भँडेल र प्रणाम भँडेलले जितेका छन् । दसैंका अवसरमा चेम्बर अफ कमर्सले प्रतियोगिताको आयोजना गरेको हो । प्रतियोगितामा १७ समूहले सहभागिता जनाएका थिए । विश्वविक्रम शाह र निराजनविक्रम शाहीको जोडीले दोस्रो स्थानमा चित्त बुझायो । जिल्ला प्रहरी प्रमुख श्यामबहादुर खत्री, प्रहरी सहायक निरीक्षक मनिष गुरुङ र नारायण भडेल तथा साजन शाक्यको जोडीले तेस्रो स्थान हात पारेका छन् ।

बेवारिस शव भेटियो

सल्यान (कास)- बन्गाडकुपिण्डे नगरपालिका २, आरुघाट नजिकै भेरी नदी किनारमा बेवारिस शव फेला परेको छ । स्थानीयले शव भेटाएपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरीका अनुसार शवको पहिचान हुन सकेको छैन ।

प्रादेशिक तहमा संरचनागत चुनौती

वीरेन्द्रनगर (कास)- प्रादेशिक संरचनाअन्तर्गत स्थापित सीमित कार्यालयले मात्र प्रदेशको आवश्यकता पुरा गर्न नसक्ने एक प्रतिवेदनले जनाएको छ । डेमोक्रेसी रिसोर्स सेन्टरले गरेको अनुसन्धान प्रतिवेदनमा यस्तो पाइएको हो । वीरेन्द्रनगरमा एक कार्यक्रम गरी डीआरसीएनले संघीय संरचनामा प्रादेशिक निकायको स्थापना र कार्यसञ्चालन अध्ययन प्रतिवदेन प्रस्तुत गरेको हो । प्रतिवेदनले हालको संरचनामा स्थानीय तहसँग जोड्ने कुनै संयन्त्र नभएको उल्लेख गरेको छ । 'सल्यान र रुकुम पश्चिम हेर्ने गरी कृषि ज्ञान केन्द्र रुकुम पश्चिममा स्थापित छ,' प्रतिवेदनमा भनिएको छ, 'यसले सल्यानका सेवाग्राहीलाई समस्या भएको पाइयो ।'

प्रहरीलाई मोबाइल

सल्यान (कास)- छत्रेश्वरी गाउँपालिकाले प्रहरी चौकीलाई ४ थान मोबाइल र सिम प्रदान गरेको छ । प्रहरी सूचना तथा सञ्चार व्यवस्थालाई प्रभावकारी बनाउन मोबाइल वितरण गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाअन्तर्गत दमाचौर, लान्ती, जयचौर र रागो हान्ने ठाउँमा प्रहरी चौकी छन् ।

काठेपुलबाटै गाडी वारपार

पुल निर्माणका लागि ४ वर्षअघि ठेक्का दिइए पनि २ वर्षदेखि भने निर्माण अलपत्र



दुनै-जुफाल खण्डमा पर्ने डोल्पाको रुपगाड खोलामा जिप वारपार गर्न निर्माण गरिएको काठेपुल । *तस्विर : विष्णुलाल/कान्तिपुर*

■ **विष्णुलाल बुढा** (डोल्पा)

दुनै-जुफाल खण्डमा पर्ने रुपगाड खोलामा यातायातका साधन वारपार गर्न काठको पुल निर्माण गरिएको छ । दुई साताअघि आएको बाढीले यसअघि बनाइएको काठेपुल भत्किएपछि जिप सञ्चालनमा समस्या थियो ।

पुल बगाउँदा जिप वारपारमा सास्ती भएपछि नगरपालिकाले अस्थायी काठेपुल निर्माण गरेको हो । पुल बगाएपछि दुई खण्डमा यातायातका साधन सञ्चालनमा थिए । उक्त सडकखण्डमा सात वर्षदेखि आन्तरिक रुपमा यातायातका साधन सञ्चालन भइरहेका छन् । रुपगाडमा पुल निर्माण गर्न चार वर्षअघि ठेकेदार कम्पनीलाई जिम्मा दिइएको भए पनि काम अझै अलपत्र छ । डिजाइन फेरिएपछि पुल निर्माणको काम अलपत्र परेको हो ।

अस्थायी काठेपुल निर्माण गरी जिप सिधै दुनैबाट जुफाल जाने व्यवस्था मिलाइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लोकबहादुर रानाले बताए । 'पहिले पनि काठेपुलबाटै जिप वारपार हुने गरेका थिए, दुई साताअघि पुल भत्किएपछि यातायातका साधन अवरुद्ध बनेका थिए,' उनले भने, 'अब काठको पुलबाटै जिप आवतजावत गर्न सहज भएको छ ।'

साविक जिल्ला विकास समितिले पुल निर्माणको जिम्मा ठेकेदार हिमबहादुर बुढालाई दिएको थियो । जिल्ला समन्वय समितिका सदस्य प्रेमलाल बिकले जिविसको खारेजीपछि पुल निर्माणको जिम्मा कुन निकायले लिएको छ भन्ने जानकारी नभएको बताए । उनका अनुसार चार वर्षअघि ठेक्का दिइए पनि दुई वर्षदेखि पुल निर्माणको काम अलपत्र छ ।

निर्माण गरिएका संरचनासमेत जीर्ण बन्दै गएका छन् । पुल निर्माणको जिम्मा लिएका ठेकेदार बुढाले डिजाइन फेरिएकाले निर्माणमा ढिलाइ भएको दाबी गरे । 'पुलमा ढलान नभएर डेक राख्नेगरी फेरि स्टिमेट गरियो,' उनले भने, 'डेक ल्याउन समस्या भएकाले पुरानै डिजाइन पुल निर्माण गर्न माग गरेका थियौं, तर बेवास्ता भएकाले काममा समस्या भएको हो ।'

ठूलीभेरी नगरपालिका प्रमुख गणेशबहादुर शाहीले पक्की पुल निर्माण नहुँदा यात्रुले वर्षौंदेखि जोखिमपूर्ण यात्रा गरिरहेको बताए । 'अहिले डोल्पा राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ, संघीय र प्रदेश सरकारले पुल निर्माणका लागि ध्यान दिन जरुरी छ,' उनले भने, 'स्थानीय सरकारको बजेटबाट पक्की पुल निर्माण गर्न असम्भव छ, त्यसैले माथिल्ला सरकारको ध्यानाकर्षण गराइरहेका छौं ।' उनले नगरपालिकाले आकस्मिक कोषबाट खर्च हुनेगरी काठको साँघु निर्माण गरिएको जनाए ।

चाडको मुखैमा चर्को भाडा

■ **विप्लव महर्जन** (सल्यान)



सल्यान सदरमुकाम खलंगाबाट विभिन्न स्थानमा जान यात्रु कुरिरहेका अटोरिक्सा । *तस्विर : विप्लव/कान्तिपुर*

बन्गाडकुपिण्डे नगरपालिकास्थित धारापानी बजारमा सञ्चालित अटोरिक्साले चर्को भाडा असुल्न थालेपछि स्थानीयबासी मर्कामा परेका छन् । स्थानीय सरकार र प्रहरीको बेवास्ताका कारण अटोरिक्सा व्यवसायीले महँगो भाडा असुल्दै आएका हुन् ।

स्थानीय अटो व्यावसायीले बन्गाडकुपिण्डेदेखि सुर्खेतका विभिन्न स्थानसम्म यात्रु ओसार्छन । स्थानीय रुटमा ठूला सवारी साधन नचल्दा अटोरिक्सा व्यवसायीको मनोमानी बढिरहेको हो । चाडपर्व नजिकिएसँगै स्थानीयको आवतजावत बढेपछि अटो व्यवसायीको मनोमानी बढेको हो । व्यवसायीले रिजर्वका नाममा ठगी गरिरहेको स्थानीयको गुनासो छ । छिन्चु-चौरजहारी सडकअन्तर्गत सुर्खेतको गुर्भाकोट नगरपालिकास्थित बोटेचौर हुँदै धारापानी आउने यात्रुबाट प्रतिव्यक्ति दुई सय रुपैयाँसम्म भाडा असुल्ने गरिएको स्थानीय दलबहादुर बिकले बताए । 'बिहान र साँझ लामो दूरीका सवारी साधनसमेत चल्दैनन्,' उनले भने, 'त्यसको मौका उठाउँदै अटोरिक्सावालाले यात्रु ठग्ने गरेका हुन् ।' उनका अनुसार एक किलोमिटर दूरीमा समेत ५० रुपैयाँ भाडा लिइने गरिएको छ ।

धारापानीदेखि बोटेचौरसम्मको दूरी १० किलोमिटर छ । सुरुमा ५० रुपैयाँ लिने गरेका अटो व्यवसायीले मनोमानी भाडा लिने गरेको यात्रुको गुनासो छ । सल्यानको रैकरदेखि सल्लीबजारसम्म १२ किलोमिटर दूरीमा दुई सय रुपैयाँसम्म भाडा लिइने गरिएको हो ।

गाउँमा अटो सञ्चालनमा आएपछि सजिलो भए पनि जथाभावी भाडा तोकिदा समस्या भएको रैकरका निर्मल रोकाले बताए । 'महँगो भाडाका कारण बरु हिडेरै आउजाउ गर्छौं,' उनले भने, 'सुरुमा भाडा ठिकै थियो, अटो चढ्न मन लाग्थ्यो, अहिले अटो देख्यो की रिस उठ्छ ।' बेलुकीको समयमा रिर्जवमा मात्र अटोव्यवसायी हिड्ने गरेको उनको गुनासो छ ।

छिन्चु-चौरजहारी सडकअन्तर्गत सल्लीबजार खण्डमा करिब ४० अटोरिक्सा चल्दै आएका छन् । 'दूरी एक किलोमिटर हुन्छ, एक सय रुपैयाँ भाडा माग्छन्,' रैकरका रेशमबहादुर घर्तीले भने, 'अटोले बढी भाडा लिन थालेपछि ठूला गाडीमा कोचाकोच गरेरै भए पनि चढ्नुपर्ने बाध्यता छ ।' ठूला गाडीले स्थानीय रुटका यात्रु राख्न नमान्दा थप सास्ती भएको उनको गुनासो छ ।

सुर्खेतको गुर्भाकोट नगरपालिकाले प्रतिकिलोमिटर आठ रुपैयाँ अटोरिक्सा भाडा तोकेको छ । तर बन्गाडकुपिण्डेले भाडा निर्धारण नगर्दा यात्रु मारमा परेको स्थानीय युवा टेकेन्द्र खड्काले बताए । उनले पटकपटक भाडा कायम गर्न आग्रह गरे पनि स्थानीय सरकारले बेवास्ता गरिरहेको जनाए । सदरमुकाम खलंगा सञ्चालन हुने अटोरिक्सासमेत रुटभन्दा बाहिर जानुपरे मनोमानी भाडा असुल्ने गरेको स्थानीयको गुनासो छ । अटो व्यवसायीले भने स्थानीय सरकारले तोकेको भाडा नै लिने गरेको दावी गरिरहेका छन् ।

वीरेन्द्रनगरको सपना 'साइकल सिटी'

■ **ज्योति कटुवाल** (वीरेन्द्रनगर, सुर्खेत)

कर्णाली प्रदेश राजधानी वीरेन्द्रनगरलाई साइकल सिटीको रुपमा चिनाउन अभियान्ता सक्रिय बनेका छन् । २०२५ सम्म वीरेन्द्रनगरलाई साइकल तथा पैदलयात्रीमैत्री बनाउनेगरी अभियान्ताको सक्रियता बढेको हो ।

अभियान्ताको पहलपछि भौतिक विकास मन्त्रालय, सडक विभाग र वीरेन्द्रनगर नगरपालिकाले साइकल र पैदलमार्गसम्बन्धी डिपिआर काम अगाडि बढाएका छन् । एक वर्षभित्रै डिपिआरको काम सक्ने योजना छ । विभिन्न स्थानमा साइकल स्ट्यान्ड र साइकल पार्क बनाउन भौतिक पूर्वाधार विकास मन्त्रालय र वीरेन्द्रनगर नगरपालिकाले डिपिआर थालेका हुन् । साइकल पार्कका लागि कुइनेपानीलाई प्रस्ताव गरिएको नगरपालिकाले जनाएको छ । जसका लागि ५० लाख लागत अनुमान गरिएको छ ।

वीरेन्द्रनगरलाई चिनाउनेगरी साइकल सिटी अभियानका लागि अभियान्ताको समूह कर्णाली राइडर्स क्लबले पाँच लाख रुपैयाँ विनियोजन गरेको जनाएको छ । साइकल र यसको प्रयोगसम्बन्धी कानुनी व्यवस्था करिब १० लाख रुपैयाँ खर्च हुने अभियान्ता बताउँछन् । उनीहरूका अनुसार सुव्वाकुनादेखि बाँगेसिमलसम्म साइकल लेन बनाउन प्रस्ताव गरिएको हो । अभियान्ता एवं कर्णाली प्रदेशका मुख्यसचिव केवलप्रसाद भण्डारीले साइकल सिटीको रुपमा विकास गर्न वीरेन्द्रनगर उपयुक्त सहर भएको बताए । भन्डारीले प्रदेश सरकार मातहतका कर्मचारीलाई नियमित साइकल प्रयोग गर्न प्रोत्साहित गरिरहेको जनाए । 'कर्णाली प्रदेश सरकारको निती र कार्यक्रमको बुँदा नं २७.७ मा पनि यो कार्यक्रम समेटिएको छ,' उनले भने, 'राजधानी सहरलाई धुलो र धुँवामुक्त बनाउन पनि साइकललाई प्राथमिकता दिन जरुरी छ ।' सहर व्यस्थित भए पैदलयात्री ढुक्कले हिड्न सक्ने उनी बताउँछन् । उनले प्रदेशमा संरचना बनाउने बेला यही भएकाले आफूहरूले 'साइकल सिटी'को सपना बुनेको जानकारी दिए ।

वीरेन्द्रनगरलाई हयापिनिङ सिटी, इभिनिक लाइट, एकतर्फी सवारीसाधन चल्नेलगायतले व्यवस्थित बनाउन सकिने भण्डारीले जनाए । 'राजा वीरेन्द्रले सुर्खेतको व्यवस्थित योजना बनाइदिएका थिए,' उनले भने, 'तर योजनालाई निरन्तरता नदिँदा सहर अव्यवस्थित भयो, साइकल सिटी बने यहाँको विकासले मुहार फेर्नेछ ।'

नगर क्षेत्रभित्र अपांगमैत्री तथा साइकलमैत्री सडक बनाउन सरोकारवाला निकायसँग समन्वय भइरहेको साइकल अभियान्ता निभेष दुगरले बताए । 'काठमाडौंका अभियान्तासमेत वीरेन्द्रनगरलाई साइकल सिटी बनाउन जुटेका छौं,' उनले भने, 'हाम्रो सपना पुरा भए सुर्खेत उपत्यकाको पहिचान फेरिनेछ ।' भौतिक पूर्वाधार विकास मन्त्रालयले चालु आर्थिक वर्षमा सुब्बाकुनादेखि बाँगेसिमलसम्म साइकल ट्र्याक र डिपिआर तयार गर्न दुई करोड रुपैयाँ विनियोजन गरेको छ । सडकका लागि संघीय सरकारका विभिन्न निकाय र पेटी व्यवस्थापनका लागि वीरेन्द्रनगर नगरपालिकालाई जिम्मा दिइएको छ । वीरेन्द्रनगर नगरपालिकाले पनि नीति र बजेटमा साइकल सिटीको अवधारणा अगाडि सारेको छ ।


नगरपालिकाले साइकल तथा विद्युतीय साइकलको प्रयोगलाई प्रोत्साहन गरिरहेको नगर प्रमुख देवकुमार सुवेदी बताउँछन् । 'चालु आर्थिक वर्षमा पार्क संग्रहालय र मुख्य सडकमा बजेट लक्षित गरेका छौं,' उनले भने, 'योजना कार्यान्वयनको क्रममा साइकल सिटीको अवधारणालाई व्यवस्थित गरिनेछ ।' साइकल स्ट्यान्ड बनाउन पहिलो चरणमा नगरका दुई सय ५० स्थानलाई छनौट गरिएको नगर प्रमुख सुवेदीले जानकारी दिए । नगरक्षेत्रको सडकमा दुवैतिर ९ मिटर संरचना भएको सडकपछि तीन मिटर हरित क्षेत्र, ३ मिटर दुईतर्फी साइकल लेन र ३ मिटर पैदल मार्ग बनाइने उनले सुनाए ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयसहित विभिन्न मन्त्रालयले महिनाको एक दिन साइकल यात्रालाई प्राथमिकतामा राखेका छन् । मुख्यमन्त्री कार्यालयले कर्मचारीका लागि १० साइकल कर्मचारीलाई वितरण गरिसकेको छ । तर सडकमा साइकल लेन नहुँदा सञ्चालनमा समस्या भएको छ । दिगो र लोकतान्त्रिक सहरको परिकल्पना अनुसार वीरेन्द्रनगरलाई साइकल सिटीको रुपमा विकास गर्न जोड दिइएको अर्का अभियान्ता शौरभ ढकालले बताए । 'अभियानकै कारण नेपालकै पहिलो साइकलमैत्री सहर बन्ने अवसर कर्णाली प्रदेशले प्राप्त गरेको छ,' उनले भने, '६ सय ५० देखि ७ सय ५० मिटरको उचाइको सहर भएकाले भौगोलिक र प्राविधिक दुवै हिसाबले वीरेन्द्रनगर उपयुक्त छ ।'


आर्थिक वर्ष २०७४/७५ मा सुर्खेतमा मात्रै एक हजार ९ सय १० किलोलिटर पेट्रोलियम पदार्थ खपत भएको क्लबले गरेको एक अध्ययनमा देखिएको छ । सोही आधारमा प्रतिव्यक्ति १६ लिटर र प्रति वर्ष १८ करोड रुपैयाँ इन्धनमा खर्च भइरहेको अध्ययनमा देखिएको हो । अध्ययन अनुसार प्रतिदिन पाँच लाख रुपैयाँको तेल खर्च भइरहेकोले साइकल सिटी बनाउन सके इन्धन खर्च घट्ने देखिन्छ । वीरेन्द्रनगरको मुख्य सडकलाई साइकलमैत्री बनाउन १८ मिटर क्षेत्रफल थप गरी ३८ मिटरको बनाउन अभियान्ताले प्रस्ताव गरेका छन् । जसका लागि प्रतिकिलोमिटर ६ करोडका दरले ५४ करोड बजेट प्रस्ताव गरिएको अभियान्ताको भनाइ छ ।



सुर्खेतको वीरेन्द्रनगरलाई साइकल सिटीका रूपमा विकास गर्न सक्रिय अभियन्ता । *फाइल तस्विर : ज्योति/कान्तिपुर*









तपाईंको आज

मेष	प्रियजन भेट	तुला	कार्य सिद्धि
वृष	कान्ति क्षय	वृश्चिक	अधिक खर्च
मिथुन	मनोकांक्षा पूर्ण	धनु	नयाँ कार्य आरम्भ
कर्कट	द्विविधा बढ्ने	मकर	कर्म प्राप्ति
सिंह	शत्रु नाश	कुम्भ	भाग्य वृद्धि
कन्या	वैभव प्राप्ति	मीन	आलश्यता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल आश्विन १५ गते बुधबार तदनुरुप २ अक्टोबर २०१९ आश्विन शुक्लपक्ष चतुर्थी तिथि दिनको ४:२४ बजेसम्म उप्रान्त पञ्चमी तिथि, विशाखा नक्षत्र साँझको ६:२१ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, बिष्कुम्भ योग प्रातः ११:२२ बजेसम्म उप्रान्त प्रीति योग, भद्रा करण दिनको ४:२४ बजेसम्म उप्रान्त बव करण, तुला राशिमा चन्द्रमा दिनको १२:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा । ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिमिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमार्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसञ्जा (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू ण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोर्टेड
१:००	कान्तिपुर न्युज रिपोर्टेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कानुनी बहस र परामर्श (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमार्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
९:२०	मेरो जब करिअर कनेक्ट (धनिसा)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड ह्युकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रिंयका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्ड गोल्डी (रश्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (अुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरू (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	४२०१९९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१३५८
जिल्ला प्रशासन कार्यालय	५२१९०९

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१५५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१६००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५४०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१११९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२११०९/५२२८०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००
सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय होटी	४२०१३३
जिल्ला प्रहरी होटी कन्ट्रोल	९८५८४४०१९०/४२०२०५
जिल्ला अस्पताल	४२००१०
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५१५०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९०

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-अस्पताल-एम्बुलेन्स	०८९-४३०१३९, ९८५८०४५५५५ ०८९४३०१८८ ९८१५५०२४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४६००२९४६

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००१३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९८४८२९१६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८१६५४८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२४७, ०८८५३०१५५
एम्बुलेन्स	९८०४८५८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००९२
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०७३०५२

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९२
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२१६६६

सल्यान

प्रहरी	०८८-५२००६०, ९८५८४५५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४८२२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४१२४५/४२४१४२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुनेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९८५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२९
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३२०१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्मर नि:शुल्क अन्तवाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२८०८६
नेपाल मिटर ट्याक्सी संघ	४२२३७०४

कंगना भन्छिन्-
'सन्तानलाई यौन सिकाउनुस्' । १२



एस्टर वर्ष खेलाडी
तेस्रो झापा स्पोर्टस् अवार्ड । १९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २२५ गोदावरी | १४ असोज २०७६ मंगलबार आश्विन शुक्लपक्ष तृतीया | नेपाल संवत् ११३९ | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 1, 2019 | पृष्ठ १२+८+८ | १० रुपैयाँ

सभामुखमाथि यौन दुर्व्यवहारको आरोप

सचिवालयद्वारा खण्डन



काठमाडौं (कास)- सभामुख कृष्णबहादुर महरामाथि संसद् सचिवालयमा कार्यरत एक महिलाले यौन दुर्व्यवहार गरेको आरोप लगाएकी छन् भने सभामुखको निजी सचिवालयले त्यसको खण्डन गरेको छ। सचिवालयमा कार्यरत ती महिला कर्मचारीले आइतबार राति आफ्नै निवासमा आएर सभामुख महराले आफूमाथि यौन दुर्व्यवहार गरेको आरोप लगाएकी थिइन्। आफूलाई दुर्व्यवहार गरेको घटनाबारे प्रहरीलाई जानकारी गराएपछि सभामुख महरा निवासबाट बाहिरिएको उनको भनाइ छ। त्यसकै आधारमा सोमबार साँझ अनलाइनहरूमा समाचार आएपछि सभामुख महराका प्रेस सल्लाहकार डिल्ली मल्लले राति विज्ञप्ति जारी गरी खण्डन गरेका हुन्। अनलाइन सञ्चारमाध्यमले सम्प्रेषण गरेका समाचार भ्रामक रहेको उनको दाबी छ। 'सभामुखज्यूले कसैलाई पनि दुर्व्यवहार गरेको कुरा कल्पनासमेत गर्न सकिँदैन। हिजो आइतबार घटना भएको भनी जसरी सभामुखज्यूको चरित्र हत्या गर्ने दुष्प्रयास भइरहेको छ, त्यसमा कुनै पनि सत्यता नभएको म सम्पूर्ण मिडिया र सञ्चारकर्मी साथीहरूमा जानकारी गराउँछु,' मल्लले जारी गरेको विज्ञप्तिमा भनिएको छ। बाँकी पृष्ठ ८

खुलामै शौच, हचुवामा घोषणा

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्ड नै पूरा नगरी मुलुकलाई दक्षिण एसियामै पहिलो 'खुला दिसामुक्त राष्ट्र' घोषणा गरेको छ । सरकारी तथ्यांकहरूअनुसार मुलुकमा १ करोड ४८ लाख ५० हजारभन्दा बढी घरपरिवार रहेकामा करिब ५६ लाख ६० हजार मात्र शौचालय छन् ।

■ **दीपेन्द्र तिष्ट** (काठमाडौं)

सरकारले पूर्ण सरसफाइका सामान्य मापदण्डसमेत पूरा नगरी मुलुकलाई 'खुला दिसामुक्त राष्ट्र घोषणा' गरेको छ। ०६८ मा 'एक घर एक चर्पी' नारासहित सुरु गरिएको खुला दिसामुक्त घोषणा अभियान ८ वर्षपछि पूरा भएको दाबी सरकारले सोमबार गरेको हो। दक्षिण एसियामै खुला दिसामुक्त घोषणा गर्ने नेपाल पहिलो मुलुक भएको दाबी सरकारको छ।

सरकारी निकायहरूले सार्वजनिक गरेका तथ्यांकले भने 'एक घर एक चर्पी' को लक्ष्य र पूर्ण सरसफाइका मापदण्ड पूरा नभएको देखाएका छन्। खानेपानी विभागले उपलब्ध गराएको पछिल्लो तथ्यांकअनुसार हाल मुलुकभर करिब ५६ लाख ६० हजार २ सय १४ वटा शौचालय छन्। यो संख्या जम्मा घरपरिवार संख्याको एक तिहाइभन्दा केही बढी मात्रै हो। तथ्यांक विभागले सार्वजनिक गरेको ०७४ को जनसंख्या र घरपरिवारसम्बन्धी प्रक्षेपित तथ्यांकीय विवरणमा मुलुकमा १ करोड ४८ लाख ५० हजार ३२ घरपरिवार रहेको उल्लेख छ। ०६८ मा यो संख्या १ करोड ३६ लाख ४५ हजार ४ सय ६३ थियो।

खानेपानी विभागका अनुसार मुलुकभर करिब २८ सय सार्वजनिक शौचालय छन्। तर मुख्य राजमार्ग र सहरी क्षेत्रमा पर्याप्त शौचालय छैनन्। भएका पनि प्रयोगमैत्री, अपांगमैत्री र बालमैत्री छैनन्। मापदण्डअनुसार तराईमा ५० किमिको फरकमा राजमार्गमा एउटा शौचालय हुनुपर्छ। पहाडमा करिब ३० किमि फरकमा शौचालय हुनुपर्छ। तर, पेट्रोलपम्प भएका स्थानबाहेक अन्यत्र सार्वजनिक शौचालय रहेको पाइँदैन। ०६८ मा कास्की जिल्लालाई खुला दिसामुक्त घोषणा गर्दै सुरु गरिएको अभियान यही असोज ४ गते भोजपुर जिल्लालाई दिसामुक्त घोषणा गरेपछि समापन भएको दाबी गरिएको थियो। तत्कालीन राष्ट्रपति रामवरण यादवले अभियानको सुरुवात गरेपछि तत्कालीन जिल्ला विकास समिति, गैरसरकारी संस्था र जिल्ला खानेपानी कार्यालयले भटाभट खुला दिसामुक्त जिल्ला घोषणा गर्ने प्रतिस्पर्धा चलाए। तर अधिकांश स्थानमा सरसफाइका न्यूनतम मापदण्ड पनि पूरा गरिएनन्। निर्माण भएका शौचालयमा अत्यावश्यक पानीको सुविधासमेत राखिएन। अहिले पनि त्यस्तै अवस्था छ। खानेपानीलगायत पूर्ण सरसफाइका सूचकांकहरूसमेत गाउँ-गाउँमा उपलब्ध नभएको सरकारकै प्रतिनिधिहरूले बताएका छन्। चर्पीको नियमित प्रयोग, साबुन पानी र रुमालको प्रयोग तथा हातधुने बानी, स्वच्छ खानेपानी, स्वच्छ खानेकुरा, घरायसी सरसफाइ र वातावरणीय सरसफाइलगायत पूर्ण सफाइका सूचकांकमा पर्छन्।



दीपक गौतम

कागजमा खुला दिसामुक्त, सडक-सडकमा मलमूत्र

महानगरकै खोला किनारमा खुला शौच गर्नेको ताँती

पृष्ठ ८

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णालीका एक गाउँमा खानेपानीको धारा नै नरहेको बताए। 'पानी भए पो शौचालय सफा हुन्छ, एक घर एक धारा कहिले पूरा हुन्छ भन्न सकिन्न, कतै त पूरै गाउँमा समेत खानेपानीको धारा छैन,' उनले काठमाडौंमा आयोजित कार्यक्रममा भने।

विभागका अनुसार ८९ प्रतिशत जनताको खानेपानीमा पहुँच छ तर २१ प्रतिशतले मात्रै स्वच्छ खानेपानी पिउने गरेका छन्। अधिकांश सार्वजनिक शौचालयमा पानीको समस्या छ। 'पानी शौचालयको न्यूनतम सूचकांक हो, त्यो छैन भने खुला दिसामुक्त घोषणा गरेको कुनै अर्थ छैन,' पूर्ववातावरणमन्त्री एवं पानी संरक्षण अभियन्ता गणेश साहले भने, 'तैपनि यसलाई सकारात्मक कदमका रूपमा लिनुपर्छ, किनभने केही त भएको छ।' उनका अनुसार पानी, साबुन, शौचालयको सरसफाइ सामग्री र सुरक्षालगायत शौचालयका न्यूनतम सूचकांक हुन्।

बाँकी पृष्ठ ११

भित्र

सी भ्रमणमा चीनबाटै दुई जहाज र 'एरोहेड कारकेड सेट' ल्याइने

भारतीय नेताहरू खुर्सिद र शास्त्री काठमाडौं आउँदै

कतारमा घाइते नेपालीलाई पौने ३ करोड क्षतिपूर्ति

चन्द समूहले लुकाइराखेको २५ केजी विस्फोटक पदार्थ बरामद

नेकपामा अझै पूर्वएमाले र माओवादी केन्द्र

सरकारले बेच्ने खसीबोका सय रुपैयाँ सस्तो

'डुइङ बिजनेस' सुधार्ने २० राष्ट्रमा परेन नेपाल

आज

८ पृष्ठको विशेषांक



गजब छ बा !

- अविन -



अंकल ! कागत दिनु न अलि !... पुछ्नु परो !



दिव्या पाण्डे

अनि उनले संसार देखे

■ **जनकराज सापकोटा** (काठमाडौं)

२१ वर्षको उमेरसम्म उनले कालो रङ मात्रै चिनेका थिए। रंगीन संसारबारे सुनेका मात्र थिए। त्यो संसार कस्तो होला भनेर एकाधपल्ट कल्पना पनि गरेका थिए। जब त्यो दिन आयो अनि उनले थाहा पाए, संसार साँच्चै रंगीबिरंगी पो रहेछ। कल्पनाभन्दा फरक, सोचेभन्दा अलग।

यो उमेरमा उनले पहिलोपल्ट आकाशको रङ चिने। त्यो नीलो थियो। बादलको रङ चिने। सेतो थियो। रूख हरियो हुन्छ भन्ने सुनेका थिए। तर एउटै रूखका पातहरूमा पनि कैयौं थरी हरियो रङ हुँदा रहेछन् भन्ने चिने। शनैः शनैः रातो, पहेँलो, खैरो, बैजनी, गुलाबी र अरू-अरू रङ पनि चिने। उनले देखे, संसार अनेकन रङहरूले पोतिएको रहेछ। यो सरकारी कागजातमा टोपप्रसाद शर्मा नाम भएका सल्यान दमाचौरका ४५ वर्षीय नरहरिको कथा हो। २१ वर्षअघि र पछि गरी दुई भागमा बाँडिएको उनको जिन्दगीको पहिलो भागमा दुःख, सास्ती र हैरानीको पल्ला छ भने दोस्रो भागमा खुसी, उत्साह र आत्मविश्वासको पल्ला। जोखेर उनले हेरेका छैनन्, जिन्दगीमा केको पल्ला भारी छ। तर उनको निष्कर्ष छ, 'म संसारका विरलै भाग्यमानी मान्छेमध्ये एक हुँ।'

जन्मँदै दृष्टि गुमाएका नरहरि बायाँ आँखाको चेपबाट मसिनो सेतो धर्कोजस्तो उज्यालो मात्रै देख्थे। मुस्किलले दिन र रात खुट्टचाउँथे। उनको दृष्टिक्षमता अक्षर चिन्न, बाटो पहिल्याउन, रङहरू ठम्याउन, मान्छे चिन्नजस्ता कुनै पनि अत्यावश्यक कामका लागि पर्याप्त थिएन। चिना टिप्पन हेर्दै अरूको भाग्य र भविष्य बताउने ज्योतिषी मेघराज शर्मा आफ्ना छोराको भविष्यबारे जानकार थिएनन्। उनकी जेई अर्थात् आमा गुप्तीकुमारी भने साइँलो छोरालाई दैवले ठगेको ठान्थिन्। आँखा नदेख्ने भएकै कारण उनले आठ वर्षको उमेरमा मात्र घरदेखि आधा घण्टाको दूरीमा रहेको भानुभक्त माविं टेके। छोरालाई स्कुल जान सजिलो होस् भनेर बाले काइँलो भाइसँगै उनलाई विद्यालय हाल्दिएका थिए। साथीहरू बेफिक्री दौडिन्थे। उनी पनि त्यसैगरी दौडिन खोज्थे। साथीहरू पुराना कपडा मोजामा कोचेर बनाइएको गोला खेल्थे। उनी पनि खेल्न खोज्थे। तर, प्रत्येकपल्ट ठेस लागेर लड्थे। त्यति बेलै उनले थाहा पाए, म अरूभन्दा फरक छु।

'फरक छु भन्ने त महसुस थियो। तर कति फरक छु भन्ने पत्तो थिएन,' उनले भने। सहपाठीहरू उनको शारीरिक क्षमतालाई गिज्याउने विषय बनाउँथे। उनले भने, 'हिँड्ने बाटोमा सिस्नो राखिदिन्थे। मलाई पोलेपछि उनीहरू खितखिताउँदै हाँस्थे। म रुँदै-रुँदै बाटो लाग्थे। देख्न सक्दैन भनेर बाटोमा काँडा राखिदिन्थे। पैतालामा बिझेपछि म मूर्छा पर्थें तर साथीहरू हाँस्दै गिल्ला गर्थे।'

बाँकी पृष्ठ १०

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

CELEBRATE DASHAIN WITH MI
mi.com/np

GREATEST SALE EVER !

Xiaomi

Redmi 7A
Smart Desh Ko Smartphone



· 12MP AI Sony IMX486 Rear Camera
· Qualcomm® Snapdragon™ 439

2GB + 32GB
~~Rs: 11,499/-~~ Rs: 10,999/-

Redmi 7
Fastest in class. Power that Lasts.



· 12MP + 2MP Rear Dual Camera
· Qualcomm® Snapdragon™ 632

2GB + 32GB
~~Rs: 14,999/-~~
Rs: 13,999/-

3GB + 32GB
~~Rs: 16,999/-~~
Rs: 15,999/-

Redmi Y3
32MP Super Selfie



· 12MP + 2MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 632

3GB + 32GB
~~Rs: 17,999/-~~
Rs: 16,999/-

4GB + 64GB
~~Rs: 20,999/-~~
Rs: 19,999/-

Redmi Note 7
Capture all with 48MP



· 48MP + 5MP AI Dual Rear Camera
· Qualcomm® Snapdragon™ 660

3GB + 32GB
~~Rs: 21,999/-~~
Rs: 19,999/-

वारि चाड, पारि किनमेल

बैतडी (कास)- गंगाराम धामी सोमबार दिउँसो नेपाल-भारत सीमानाका बैतडीको झुलाघाटबाट घर फर्किँदै थिए। बझाङको वित्थडचिर गाउँपालिका ५ घर भएका उनी चाडबाडको खर्च जुटाउन डेढ महिनाअघि भारतको पिथौरागढ गएका हुन्।

'पारि नगई खर्चै जुट्दैन,' उनले भने 'घरमा छोराछोरी र वृद्ध आमा छन्। चाडबाड आउन थालेपछि परिवारको घरखर्च जुटाउन उतै जाने गरेको छु।' ३० वर्षीय उनी यसरी भारतीय बजार गएर काम गर्न थालेको वर्षौं भइसक्यो। अलि जान्ने भएबाटै उनी त्यतातिर जान लागेको बताउँछन्। नेपालमा रोजगारीको अवसर नभएकाले उतै जाने र घरपरिवार पाल्ले गरेको उनले सुनाए।

गंगाराम जस्तै झुलाघाट नाकामा रोजागारीका लागि पारि जाने र फर्कनेहरूको हिजोआज लर्को नै लागेको हुन्छ। यहाँका धेरैजसोको कमाइखाने थलो नै भारतीय बजार बनेको छ।

ज्याला मजदुरी गरेर फर्किनेबाहेक चाडपर्वको बेला घरायसी सरसामान किन्न पनि सीमापारिकै बजार जाने चलन छ। चामल, नुन, तेल, पीठो, मसलासँगै भाँडाकुडा, कपडा किन्न गएकाहरूको यतिबेला घुँइचो छ।

'चाडपर्व यता भए पनि चहलपहल भारतीय बजार झुलाघाट र पिथौरागढमा बढेको छ,' सुर्नया गाउँपालिका २ ग्वानीका नरेन्द्रबहादुर विष्टले भने, 'दसैँतिहारका लागि घरायसी सामान किनमेल गर्न उतै जाने गरेका छौं।' स्थानीय बजारभन्दा भारतीय बजारमा केही सस्तो पर्ने भएकोले उतै घुँइचो हुने गरेको उनले बताए। उनले भने, 'अहिले नेपालमा प्याजको भाउ छुनै नसकिने भएको छ। अन्य दैनिक उपभोग्य वस्तुको मूल्य पनि बढेको बढ्यै छ।' दशरथचन्द नगरपालिका ४ की प्रेमकला राना पनि भारतबाट ल्याएको सामान गाडीमा राख्दै थिइन्। उनी चिनी, चियापत्ती, तेल, दाललगायत दैनिक उपभोग्य सामानहरू ल्याउन पारिको बजार गएकी हुन्।

चाडपर्व आए पनि स्थानीय बजारमा भने खासै व्यापार हुँदैन। अघिपछिको तुलनामा यस बेला व्यापार बढ्नुपर्ने भए पनि त्यसो हुन नसकेको स्थानीय व्यापारी लक्ष्मणसिंह भण्डारीले बताए। 'यताको पर्व भए पनि व्यापार उताकै बढ्छ,' उनले भने।

बलात्कार आरोपमा पक्राउ

बझाङ (कास)- भान्जीलाई बलात्कार गरेको आरोपमा शुक्रवार प्रहरीले एकजनालाई पक्राउ छन्। मामाघर बस्दै आएकी बालिकालाई केही वर्ष अघिदेखि नै मामाले बलात्कार गरेको आएको खुल्न आएको प्रहरीले जनाएको छ।

पालनपोषण गर्ने र पढाइ दिने भन्दै घरमा राखेकी भान्जीलाई केही वर्षदेखि नै उनले पटक-पटक बलात्कार गरे को जिल्ला प्रहरी कार्यालयका डिएसपी गणेश बमले जानकारी दिए। उनीमाथि जबरर्जस्ती करणीमा मुद्दा दर्ता गरी जिल्ला अदालतबाट म्याद थपसहित आवश्यक अनुसन्धान भइरहेको छ। कक्षा ९ मा अध्ययनरत बालिकामाथि बलात्कार गर्ने मामा ६३ वर्षका छन्। उनी २०७२ मंसिरमा पनि बालिका बलात्कारकै अभियोगमा पक्राउ परेका थिए। त्यसबेला उनले छिमेकी छोरी नाता पर्ने साबिक भैरवनाथ गाविसकी ६ कक्षामा पढ्ने बालिकालाई बलात्कार गरेका थिए। उनी सोही अभियोगमा १६ महिना कैद भुक्तान गरी २०७४ मा छुटेका थिए। उच्च अदालत दिपायलले उनलाई ४ वर्ष थप सजायको फैसला गरेको थियो। यो मुद्दा अहिले पनि सर्वोच्चमा विचाराधीन छ।

हराउँदै अँगिया र घगरिया

- रानाथारु समुदायको संस्कृति जोगाउनै गाह्रो
- नयाँ पुस्ताले सिउन त के लगाउन पनि जन्दैनन्

■ भवानी भट्ट (कञ्चनपुर)





परम्परागत पहिरन अंगिया र घंगरिया सिउने तयारी गर्दै कञ्चनपुरको वेदकोट नगरपालिका १० रानागाउँकी नत्थु राना (माथि) र आफ्नो मौलिक पहिरनमा सजिएकी सोही ठाउँकी एक बालिका। *तस्बिर : भवानी/कान्तिपुर*

२२ वर्षीया रबिना रानाले आफ्नो परम्परागत पहिरन बाकसमा थन्क्याएकी छिन्। त्यो उनीहरूको मौलिक पहिरन लगाउन उनलाई होली वा गाउँमा हुने विवाह आदि पर्खिनुपर्छ। त्यही बेला मात्रै उनी अँगिया, घगरिया लगाएर साथीभाइसँगै रमाउन पाउँछिन्। अरू बेला भने उनी बजारमा पाउने कुर्ता-सुरुवाल लगाउने गर्छिन्।

अँगिया र घगरिया राना थारू महिलाको प्रमुख पहिरन हो। १०/१५ वर्ष अघिसम्म पनि राना थारू गाउँमा महिलाहरू यही पहिरनमा देखिन्थे। तर पछिल्ला वर्षमा नयाँ पुस्ताका महिलाहरूले आधुनिक पहिरन लगाउन थालेपछि परम्परा लोप हुन थालेको हो। नयाँ पुस्ताले मात्रै होइन पुरानो पुस्ताका महिलाहरूले पनि अँगिया र घगरिया तथा अन्य पहिरनहरू लगाउन छाडिसकेका छन्।

लुगा कपडासँगै परम्परागत चाँदीका गहनाहरू खुट्टामा लगाउने पैंडा, हातमा लगाउने चुरा र साम पनि हराउन थालेका छन्। रानाथारू गाउँमा एक/दुई बुढापाकाबाहेक अरुले यी सामग्री लगाउन पनि जान्दैनन्। 'लुगा कपडादेखि हात खुट्टामा लगाउन सबै सामान बाकसमै थन्क्याएर राखेका छौं,' कञ्चनपुरको वेदकोट नगरपालिका १० राना गाँउकी रबिनाले भनिन्, 'अब होली वा कसैको विवाह भए त्यसमा लगाइन्छ।'

अँगिया र घगरिया थारू महिलाहरूले हातले नै सिउने गर्छन्। अहिलेको पुस्ताले यो कपडा सिउन पनि जान्दैन। बुढापाका महिलाहरूले कहीं-कतै मात्रै सिउने गर्छन्। कपडा, ऊन, सितारा, ऐना, र अन्य सजावटका सामग्री मिलाएर उक्त पहिरन बनाइने गरिन्छ। नियमित काम गरे एक महिनामा एक जोर पहिरन बनाउन सकिने वेदकोट नगरपालिका १० राना गाउँकी ६० वर्षीया नत्थु राना बताउँछिन्। घर परिवारमा रहेका बुहारी र नातिनीका लागि उनैले नै अँगिया र घगरिया बनाउने गर्छिन्। खेतीपातीको काम सकिएपछि उनी हरेक सिजनमा एक जोर लुगा बनाएर राख्छिन्। एक जोर पहिरन बनाउन ३ हजारजति खर्च हुने र किन्नुपरे ५ हजार रुपैयाँ पर्ने उनले बताइन्।

१५ वर्षअघिसम्म राना गाउँका सबै महिलाले चाड पर्व होस वा अन्य खाली समय जतिबेला पनि अँगिया र घगरिया नै लगाउँथे। नत्थुले पनि त्यही पहिरन लगाउने गर्थिन्। जब बिस्तारै सबैले उक्त पहिरन छाडे उनले पनि धोती र ब्लाउज लगाउन थालिन्। अब त एक्लै लगाउन पनि उनलाई अप्ठेरो लाग्न थालेको छ। उनका अनुसार विगतभन्दा अहिले कामको चाप बढी छ। अँगिया र घगरिया तथा अन्य पहिरन लगाएर काम गर्न गाह्रो हुने गरेको उनले बताइन्।

महिला मात्रै होइन पुरुषको पहिरन पनि हराइसकेको छ। पश्चिम नेपालको कैलाली र कञ्चनपुरमा मात्रै बसोबास भएका यो समुदायका पुरुषहरूले धोती र चौबन्दी लगाउने गर्थे। तर अचेल धोती र चोबन्दी लगाउने पुरुष भेट्नै गाह्रो हुन्छ। 'धोती र चौबन्दी त लोप भइसक्यो, अब अँगिया र घगरिया पनि लोप हुने अवस्थामा पुगेको छ,' राना गाउँकै केशवसिंह रानाले भने, 'लगाउन मात्रै छाडेका छैनन्, बनाउन जान्ने पनि सीमित छन्।'

बस्तीभरि एकनाश देखिने माटो र काठका घरहरू। देख्दा जो कोहीको मन पनि लोभिन्थ्यो। काठ प्रयोग गरी बनाइएका र माटोले आकर्षक रुपमा लिपपोत गरिएको घर सिमेन्टले बनाइएका घरभन्दा कम्ती देखिँदैनन्। लुगा कपडासहितका पहिरन जस्तै रानाथारू बस्तीमा अचेल यस्ता घर पनि विस्थापित हुन थालेका छन्। गर्मी र चिसो कम हुने यस्ता घरहरू विस्थापित गरी अचेल धमाधम आधुनिक पक्की घरहरू बन्न थालेका छन्।

'संस्कृति संरक्षण आफैंमा चुनौती छ, अझ राज्यबाट कुनै सहयोग नभए झनै समस्या हुन्छ,' अगुवा कृपाराम रानाले भने। उनका अनुसार विगतमा महिलाहरू कामका लागि बाहिर जाँदैनथे। तर अहिले घर बाहिरसँगै बैदेशिक रोजगारीमा पनि जान लागेका छन्। परम्परागत पहिरन काममा लगाउन नसकिने हुँदा पनि हराउँदै गएको उनले बताए।

दसैं पनि मनाउन थालियो

रानाथारूले के ही वर्षअघिसम्म दसैं मनाउँदैनथे। तर अहिले यो समुदायमा पनि दसैं मनाउन सुरु गरिएको छ। कतिपयले घरमै जमरा राखेर टीका लगाउने गर्छन्। दसैंमामा घर घरमा जमरा राख्ने र टीकाको दिन कुभिन्डो काटेर पूजा गर्ने चलन रहेको नत्थु बताउँछिन्। 'टीकाको दिन बोका काटनुपर्ने हो, तर हरेक वर्ष किन्न सकिँदैन र सधैं पाउन पनि गाह्रो हुन्छ,' उनले भनिन्, 'त्यही भएर कुभिन्डो काटेर पूजा गर्छौं।' उनका अनुसार घरमा खानका लागि कुखुराको मासु खोज्ने गरिन्छ।

खेतीपाती र पशुपालन मुख्य पेसा भएका रानाथारू समुदायको प्रमुख चाड होली हो। यो समुदायका महिला-पुरुष सबैले धुमधामले होली खेल्ने गर्छन्। होलीमा रानाथारू गाउँको रौनक बेग्लै हुन्छ। होलीको विधिवत समापन गर्ने दिनलाई तराई भन्ने गरिन्छ। यो वनभोज जस्तै गरी मनाइन्छ। होली मथुराबाट आएकाले समापनका दिन मथुरा नै पठाउने भन्दै तराईका रुपमा मनाउने गरिएको रानाथारू समुदायका अगुवा कृपाराम राना बताउँछिन्।

हसनपुर-स्याउले सडक

एम्बुलेन्स ल्याउनै सकिँदैन

धनगढी (कास)- पूर्व-पश्चिम राजमार्गलाई जोड्ने वैकल्पिक मार्ग हसनपुर-स्याउले खण्डमा परेका खाल्डाखुल्डीले सवारीसाधन आउजाउमा समस्या भएको छ।

सडकको दुरावस्थाले स्थानीय बासिन्दाले एम्बुलेन्स सेवासमेत पाउन नसक्ने अवस्थामा छन्। यो खण्डमा दिनहुँ दुर्घटना भइरहेका छन्। सडकको स्तरोन्नतिका लागि स्थानीय स्तरबाट स्थानीय, प्रदेश र संघीय सरकारका सरोकार निकाय, मन्त्रालय र जनप्रतिनिधिलाई बारम्बार ध्यानाकर्षण गराउने काम भएको स्थानीय भरतविक्रम शाह बताउँछन्। '२०६३ मा ओटासिल प्रविधिबाट डबल लेन सडक कालोपत्रे गरिएको थियो,' उनले भने, '३ महिना नुपर्दै कालोपत्रे भत्किन सुरु भयो। सडक बिभागले टालटुल गरी १ वर्ष जति सञ्चालनमा ल्यायो। त्यसपछि बेवारिसे जस्तै भयो। सडकको सुधारमा कसैको ध्यान पुगेन।'



उनले सरकारी निकाय उदासीन भएपछि स्थानिय स्तरबाट खाल्डाखुल्डी भर्ने काम भइरहेको बताए। अहिले पनि ग्राभेलका लागि आवश्यक रकम जुटाउने अभियान सुरु गरेको शाह बताउँछन्। 'उक्त सडकको अवस्था सुधार नगर्दा स्थानियले एम्बुलेन्स सेवा पनि नपाउने अवस्था आयो,' स्थानिय हेमन्त मल्लले भने, 'त्यसैले स्थानीय तवरमा सहयोग जुटाएर सडकको अवस्था सुधार गर्ने अभियान आरम्भ गरेका छौं।'

धनगढी-दिपायल द्रुत मार्गअन्तर्गतको यो सडक निर्माणमा धनगढी उपमहानगरपालिका र गोदावरी नगरपालिकाले चासो दिएको छैन। द्रुत मार्ग कहिले प्रदेश, कहिले संघअन्तर्गत परेकोले निर्माणको कामले गति पाउन सकेको छैन।

संघीय सरकारले धनगढी-दिपायल द्रुत मार्ग योजना गत मंसिरमा प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो। पुनः संघीय सरकारले उक्त योजना आफैले तानेको छ। सडक निर्माणको जिम्मा सडक डिभिजन कार्यालय महेन्द्रनगरलाई दिएको छ। उक्त योजना अलपत्र जस्तै परेको छ।

धनगढी महानगरपालिका प्रमुख नृपबहादुर बडले द्रुत मार्गमा परेकोले हसनपुर-स्याउले-खुटिया सडकको स्तरोन्नती हुन नसकेको बताए। 'प्रदेश र संघ सरकारको योजनामा स्थानीय तहले पैसा हाल्न सक्दैन,' उनले भने, 'द्रुत मार्गको काममा भएको ढिलाईले स्थानीयले सास्ती भोग्नुपरेको छ।'

अत्तरिया-धनगढीभन्दा धनगढी-हसनपुर-स्याउले खण्डबाट पूर्व-पश्चिम राजमार्गको दूरी छोटो पनि छ। अत्तरिया धनगढी ६ लेन सडक निर्माण भइरहेकाले हाललाई उक्त सडकको अवस्था सुधार गर्न आवश्यक भएको धनगढीका व्यवसायी रुपेश स्वाँर बताउँछन्।

बत्ती छैन कामकाज ठप्प

कान्तिपुर संवाददाता (बझाङ)

राष्ट्रिय प्रशारण लाइन जिल्लामा पुगे पनि बिजुली अवरुद्ध हुने समस्या नहटेपछि जिल्लाका बासिन्दा समस्यामा छन्। एक वर्षअघि राष्ट्रिय प्रशारण लाइनमा जोडिएको बझाङमा सुरुदेखि नै विद्युत् सेवा अवरुद्ध हुदै आएको छ।

पछिल्लो पटक शुक्रबारदेखि अवरुद्ध भएको विद्युत् सोमबारसम्म पनि सुचारु हुन सकेको छैन। मौसममा सामान्य गडबढी हुदाँसमेत अवरुद्ध हुने समस्या एक वर्षसम्म पनि हटन सकेको छैन। बादल लाग्दा, हावा चल्दा र पानी पर्दासमेत यहाँको विद्युत् अवरुद्ध हुने गर्छ। 'अब राष्ट्रिय लाइन आयो, बिजुलीका दुःख हट्ने भयो भनेर खुसी भयौं,' भोपुरका ईश्वरनाथ जोशीले भने, 'झन पहिलाभन्दा बढी अवरुद्ध हुन थाल्यो। देश लोडसेडिङ मुक्त भनेर घोषणा भएको छ। हामी भने हप्तौंसम्म अन्धकारमै बस्नुपरेको छ।'

राष्ट्रिय प्रशारण लाइन पुगनुभन्दा पहिला यहाँका बासिन्दालाई विद्युत् प्राधिकरणले नै निर्माण गरेको २ सय किलोवाट क्षमताको सुर्मादेवी साना जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् वितरण गर्ने गरिएको थियो।

बिजुली बन्द भएपछि यहाँका व्यापारदेखि कार्यालय र घरायसी कामकाजसमेत प्रभावित भएका छन्। यसको सबैभन्दा ठूलो मार कार्यालय, होटल, मासु पसल र दुग्ध व्यवसाय गर्नेहरूलाई परेको छ। बिजुली नहुँदा बिक्री नभएको मासुलाई भण्डारण गर्ने व्यवस्था नहुँदा अधिकांश मासु पसलले दैनिक ठूलो घाटा व्यहोर्नु परिरहेको छ। यस्तै दुध जन्य पदार्थ पनि भण्डारण गर्न समस्या भएका कारण खेर फाल्नुपरेको डेरी सञ्चालक जोकला बोहराले बताइन्। बझाङ सदरमुकाम चैनपुरमा मात्र ३० भन्दा बढी मासु पसल र ५ डेरी छन्। यस्तै विद्युत् सेवा नियमित नभएका कारण यहाँका कार्यालय, घर, पसल, प्रभावित भएका छन्। ग्रिल उद्योग, कुटानी पिसानी मिल, फर्निचर उद्योग, बेकरी उद्योगको काम पनि ठप्प हुने गरेको छ। ग्रिल उद्योग सञ्चालक रमेश जोशीले भने 'चार दिनदेखि बिजुली आएको छैन। उद्योग बन्द गरेर बसेका छौं।'

जयपृथ्वी नगरपालिका र आसपासका ५ हजार भन्दा बढी घर परिवार, कार्यालय र उद्योग धन्दा लामो समयसम्म प्रभावित हुने विद्युत् अनियमित हुन थालेपछि स्थानीयहरू आक्रोसित हुन थालेका छन्। अधिकांश स्थानीयले राष्ट्रिय प्रशारण लाइन विस्तारका क्रममा विद्युत् प्राधिकरणका कर्मचारीको मिलेमतोमा ठेकेदारले कमसल सामानहरूको प्रयोग गरेको आरोप लगाएका छन्।

यता नेपाल विद्युत् प्राधिकरणको बझाङ वितरण केन्द्रका निमित्त प्रमुख रुपक थापाले उपकरणमा समस्या भएको बताए। पोलमा जडान गरिएका डिस इन्सुलेटर र पिन इन्सुलेटरमा सामान्य बदली हुँदा पनि खराबी देखिने गरेका कारण विद्युत् अवरुद्ध हुने गरेको उनले बताए। 'इन्सुलेटरमा सियो जत्रो प्वाल रहेछ भने पनि त्यहाँ पानी पस्छ र विद्युत् अवरुद्ध हुने गरेको छ' उनले भने 'कुन पोलमा रहेको इन्सुलेटरमा समस्या आयो भन्ने कुरा पत्ता लगाउन पनि समस्या हुने भएकोले पुन सुचारु गर्न समय लाग्ने गरेको छ।'

९ घण्टामा आउँछ पालो

पानीको दुःख

■ मेनुका ढुंगाना (अछाम)




मंगलसैन नगरपालिका १३, गस्ती गाउँमा पानी लिन जम्मा भएका महिला र बालबालिका। *तस्बिर : मेनुका/कान्तिपुर*

हरेक दिन बिहान झिसमिसेदेखि नै पानीको जोहो गर्न मंगलसैन नगरपालिका १३ का महिलाको दौडधुप सुरु हुन्छ। ५० परिवार रहेको यो गाउँमा धारा एउटा मात्रै छ। यही धारामा दिनभर गाउँलेको भीड लाग्छ। 'पालो कुर्दाकुर्दै घरको अरु काम गर्ने भ्याईदैन,' स्थानीय पशुपति थापाले भनिन्, 'घरमा एकजना खाना पकाउने र पानीको लागि लाइन बस्नुपर्ने अर्कोको बाध्यता छ।' रातभर मुहानको ट्यांकीमा जम्मा गरेको पानी वितरण हुने भएकाले दिउँसो भने धारा सुक्छ।

खडेरीले बर्सेनि पानीको स्रोत सुक्दै गएको छ। सदियौंदेखिको खोल्साखोल्सी र जरुवा मुहान सुक्दै गएपछि ५० घर रहेको बस्तीमा सास्ती बढेको हो। पानीकै अभावले शौचालयमा दुर्गन्ध बढेर हुने अवस्थामा छ। स्थानीयको दैनिकी पानीको जोहोमै बित्छ। महिलाहरूलाई झन धेरै कष्ट छ। विद्यार्थीहरूको पढाइमा उस्तै समस्या हुन्छ। 'बालबच्चाहरू नियमित विद्यालय जान पाउँदैनन्,' स्थानीय मैना थापाले भनिन्, 'एक गाग्रो पानी थाप्न बिहान ४ देखि दिउँसो १ बजेसम्म मुहानमा लाइन लाग्नुपर्ने समस्या छ।'

उनले घरायसी कामकाज, केटाकेटीको हेरविचार र गाईबस्तुको झन्झटले झन तनाव उत्पन्न गराएको बताइन्। 'महिनावारी भएका बेला ७ दिनसम्म दैनिक नुहाउने, लुगाकपडा धुन टाढाको खोलामा जानु पर्दा पढाइ छुट्छ,' स्थानीय सीता ढुंगाना बताउँछिन्। दशकअघि एक गैरसरकारी संस्थाले गाउँमा खानेपानीको धारा बनाइदिए पनि पानी नआउने स्थानीय सरा थापाको भनाइ छ। 'गाउँको विकासको चिन्ता कसैलाई छैन। अलिअलि हुनेखाने भए तराईतिर बसाइ सर्छन्,' उनले भनिन्। गाउँका बासिन्दाले नगरपालिका भएको महसुससमेत गर्न पाएका छैनन्। ५ हजार बढी जनसंख्या भएको यो वडामा खानेपानीसँगै स्वास्थ्य र शिक्षाको समस्या पनि उस्तै छ। 'हामीबाट लिनुपर्ने कर भने लिएकै हुन्छन्, तर सेवा सुविधामा भने कसैलाई मतलब छैन,' सरा भन्छिन्, 'हाम्रो मर्का बुझ्दिदिने कोही भएनन्।'

यस्तै यहाँ कुटानी-पिसानीको पनि समस्या रहेको बाँडा गाउँकी गोमा धामी बताउँछिन्। 'गाउँमा सडक, बिजुली, स्वास्थ्यसँगै शिक्षाका लागि विद्यालय पनि नजिक छैन,' उनले भनिन्। वडा सदस्य सरु धामीको गुनासो पनि उस्तै छ। उनले भनिन्, 'बाँडा, डाँडीगडेका महिलालाई प्रसूति सेवाका लागि टाढा जानुपर्छ, सजिलो छैन भनेर पटकपटक वडाको बैठकमा पनि कुरा राख्छु। तर सुनुवाइ भएको छैन।'









तपाईंको आज

मेष	प्रियजन भेट	तुला	कार्य सिद्धि
वृष	कान्ति क्षय	वृश्चिक	अधिक खर्च
मिथुन	मनोकांक्षा पूर्ण	धनु	नयाँ कार्य आरम्भ
कर्कट	द्विविधा बढ्ने	मकर	कर्म प्राप्ति
सिंह	शत्रु नाश	कुम्भ	भाग्य वृद्धि
कन्या	वैभव प्राप्ति	मीन	आलश्यता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल आश्विन १५ गते बुधबार तदनुरुप २ अक्टोबर २०१९ अश्विन शुक्लपक्ष चतुर्थी तिथि दिनको ४:२४ बजेसम्म उप्रान्त पञ्चमी तिथि, विशाखा नक्षत्र सा□झको ६:२१ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, बिष्कुम्भ योग प्रातः ११:२२ बजेसम्म उप्रान्त प्रीति योग ,भद्रा करण दिनको ४:२४ बजेसम्म उप्रान्त बब करण, तुला राशिमा चन्द्रमा दिनको १२:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:०० भक्तिसुर	८:०० कान्तिपुर समाचार
५:३० आध्यात्मिक सन्देश	८:३० लाइसेन्स दु ड्राइभ (रिपिट)
६:०० जीवन विज्ञान	९:०० कल कान्तिपुर
६:३० मार्गदर्शन (लाइभ)	९:३० कान्तिपुर न्यूज
७:०० कान्तिपुर समाचार	१०:०० कान्तिपुर समाचार
७:३० गृहमन्त्रि नेपाल	१०:३० प्रदेश विशेष (लाइभ)
८:०० कान्तिपुर न्यूज	११:०० कान्तिपुर समाचार
८:३० लाइसेन्स दु ड्राइभ (रिपिट)	११:३० कान्तिपुर समाचार
९:०० फायरसाइड (रिपिट)	१२:०० कल कान्तिपुर रिपोटेड
१०:०० कान्तिपुर समाचार	१:०० कान्तिपुर न्यूज रिपोटेड
१०:३० सुमनसञ्जा (रिपिट)	१:३० मनी टक्स (रिपिट)
११:०० कान्तिपुर न्यूज	२:०० कान्तिपुर समाचार (रिपीट ९)
११:३० लाइसेन्स दु ड्राइभ (रिपिट)	२:३० मार्गदर्शन (रिपिट)
१२:०० कान्तिपुर समाचार	३:०० कल कान्तिपुर (रिपिट)
१:३० रजतपट (रिपिट)	४:०० सरोकार (रिपिट)
२:०० कान्तिपुर समाचार	
२:३० यू ण्ड आई (रिपिट)	
३:०० फायरसाइड (रिपिट)	

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:०० भक्ति अनुष्ठान (अच्युत)	१५:०० कान्तिपुर डायरी
०६:३० कान्तिपुर डायरी	१५:५५ नेपालय (रश्मिला)
०७:०० द हेडलाइनर्स	१६:०० हेल्थ एन्ड इजुकेसन डायरी
७:३० कामुनी बहस र परामर्श (कमला)	१६:०५ कान्तिपुर मञ्च (महेश)
०८:०० डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी	१७:०० डिस्ट्रिक्ट डायरी
०८:०५ द ग्रुडमर्निङ शो	१७:०५ हेल्थ हटलाइन (कमला)
०८:३० ओल्ड इज गोल्ड	१८:३० कान्तिपुर डायरी
०९:०० कान्तिपुर डायरी	१९:०० कनेक्ट (प्रिंयका)
०९:१० ट्राफिक अपडेट	२०:०० सेक्युरिटी एन्ड क्राइम डायरी
०९:१५ राष्ट्रिय गीत	२०:०५ ओल्ती ज्योल्ती (रश्मीता)
०९:२० मेरो जब करिअर कनेक्ट (धलिसा)	२१:०० कान्तिपुर डायरी
१०:०० स्पोर्टस् डायरी	२१:२५ न्युज मेकर अफ द डे
१०:०५ गृह श्रृंगार (सृजना देवकोटा)	२१:३० इन्द्रेनी
११:०० आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी	२२:०० कालजयी गीत संगीत (अुपेन्द्र)
११:०५ मनका कुरा	२३:०० पुराना हिन्दी गीतहरु (दृष्टि अर्चाल)
१२:०० कान्तिपुर डायरी	००:०० फिल्मी परेड (रिपिट)
१२:१० फिल्मी परेड (दीपकराज गिरी)	०१:०० कालजयी गीत संगीत (रिपिट)
१३:०० डिस्ट्रिक्ट डायरी	०२:०० नेपाली गीतहरु लगातार
१३:०५ के छ नेपाल (दिपाञ्जली)	०३:०० हिन्दी गीतहरु लगातार
१४:०० इन्टरनेसनल डायरी	०४:०० भजनहरु लगातार
१४:०५ के छ नेपाल (दिपाञ्जली)	

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२०१९९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२१९०९

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१५५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१६००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५६०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१९९९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२१९०२/५२२४०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१९९/४२०२०४
जिल्ला अस्पताल	४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५१५०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९९

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३१, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८५४५०४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४६७००२४६

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९७४८२४९६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८१६५६८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२४७, ०८८५३०२९५
जिल्ला प्रशासन कार्यालय	९८०५८५८१८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००९
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०८३२५२

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९९
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२०४६६

सल्यान

प्रहरी	०८८-५२००६०, ९८५८४५५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७